# नयनराज पाण्डेका उपन्यासमा शक्तिसम्बन्ध

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत

नेपाली केन्द्रीय विभागद्वारा सञ्चालित दर्शनाचार्य तह

तेस्रो सत्रको पाठ्यांश ६०९ र ६१० को

प्रयोजनका लागि

प्रस्तुत

## शोधप्रबन्ध

शोधार्थी

आदित्यकुमारी चौधरी

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौँ

२०८१

नयनराज पाण्डेका उपन्यासमा शक्तिसम्बन्ध - आदित्यकुमारी चौधरी २०८१

# नयनराज पाण्डेका उपन्यासमा शक्तिसम्बन्ध

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत

नेपाली केन्द्रीय विभागद्वारा सञ्चालित दर्शनाचार्य तह

तेस्रो सत्रको पाठ्यांश ६०९ र ६१० को

प्रयोजनका लागि

प्रस्तुत

## शोधप्रबन्ध

शोधार्थी

आदित्यकुमारी चौधरी

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौं

२०८१

# शोधनिर्देशकको सिफारिसपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली दर्शनाचार्य तह (शैक्षिक सत्र २०७६/२०७७) का विद्यार्थी आदित्यकुमारी चौधरीले *नयनराज पाण्डेका उपन्यासमा शक्तिसम्बन्ध* शीर्षकको शोधकार्य मेरा निर्देशनमा सम्पन्न गर्नुभएको हो । उहाँको यो शोधकार्य सन्तोषजनक भएकाले म यसको आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभागसमक्ष सिफारिस गर्दछु ।

मितिः २०८१/१२/२१

..............................

**प्रा.डा. महादेव अवस्थी**

(शोधनिर्देशक)

नेपाली केन्द्रीय विभाग

त्रि.वि., कीर्तिपुर

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

**नेपाली केन्द्रीय विभाग, कीर्तिपुर**

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभागअन्तर्गत दर्शनाचार्य तहकी छात्रा आदित्यकुमारी चौधरीले पाठ्यांश सङ्केत ६०९ र ६१० को प्रयोजनका निम्ति तयार पारेको *नयनराज पाण्डेका उपन्यासमा शक्तिसम्बन्ध* शीर्षकको शोधप्रबन्ध आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

| **शोधप्रबन्ध मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
|---|---|
| १. प्रा.डा.कृष्णप्रसाद न्यौपाने<br>(विभागीय प्रमुख) | ................... |
| २. प्रा.डा.महादेव अवस्थी<br>(शोधनिर्देशक) | .................... |
| ३. प्रा.डा नारायणप्रसाद गड्तौला<br>(आन्तरिक शोधविशेषज्ञ) | ................... |
| ४. प्रा.डा. षडानन्द पौड्याल<br>(बाह्य शोधविशेषज्ञ) | ................... |

मिति : २०८१/१२/२७

# कृतज्ञताज्ञापन

*नयनराज पाण्डेका उपन्यासमा शक्तिसम्बन्ध* शीर्षकको प्रस्तुत शोधप्रबन्ध मैले त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभागअन्तर्गत दर्शनाचार्य तह, तेस्रो सत्रको पाठ्यांश ६०९ र ६१० को  परिपूर्तिका लागि आदरणीय गुरु प्रा.डा. महादेव अवस्थीज्यूको प्राज्ञिक सल्लाह तथा कुशल निर्देशनमा तयार पारेकी हुँ । यो शोधकार्य गर्दा कुशल निर्देशनका साथै सही पथप्रदर्शन गराउनुभएकोमा श्रद्धेय गुरुज्यूप्रति म हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

मलाई यस अनुसन्धानका क्रममा विभिन्न सल्लाह, सुझाव र निर्देशन दिई लेखनलाई पूर्णता दिनमा सहजता प्रदान गर्नुहुने आदरणीय विभागीय प्रमुख तथा गुरु प्रा.डा.कृष्णप्रसाद न्यौपानेज्यूप्रति म हार्दिक आभार प्रकट गर्दछु ।

मेरो शोधप्रबन्धको आन्तरिक मूल्याङ्कन गरी शोधपरिमार्जनका निम्ति महत्त्वपूर्ण सुझाव दिनुहुने आदरणीय गुरु प्रा.डा. नारायणप्रसाद गड्तौलाज्यूप्रति म हार्दिक कृतज्ञता प्रकट गर्दछु । यसै गरी यस शोधलाई परिपूर्ण बनाउन महत्त्वपूर्ण प्राज्ञिक परामर्श प्रदान गर्नुहुने बाह्य शोधविशेषज्ञ मेरा आदरणीय गुरु प्रा.डा. षडानन्द पौड्यालप्रति म हृदयतः कृतज्ञता व्यक्त गर्दछु ।

मलाई शैक्षिक उन्नयनका लागि सधैँ प्रेरित गर्नुहुने मेरा प्रिय श्रीमान् कैलाशसिंह थारू र छोरी ओजस्वी चौधरीलाई म धन्यवाद भन्छु । यसै गरी शोध सामग्रीहरू उपलब्ध गराई आवश्यक सहयोग र सल्लाह प्रदान गर्ने मित्र यसोदा राईलाई पनि मेरो धन्यवाद छ । दर्शनाचार्य अध्ययन गर्ने कार्य सम्पन्न गर्नका लागि आवश्यक सामग्री उपलब्ध गराउने त्रि.वि. केन्द्रीय पुस्तकालय तथा नेपाली केन्द्रीय विभागको पुस्तकालयप्रति धन्यवाद व्यक्त गर्नु पनि मेरो कर्तव्य नै हो । यो शोधकार्य सम्पन्न गर्नका लागि आवश्यक सामग्री उपलब्ध गराई अमूल्य सहयोग गर्नुहुने उपन्यासकार आदरणीय नयनराज पाण्डेज्यूप्रति म हृदयदेखि नै कृतज्ञताज्ञापन गर्दछु ।

अन्त्यमा प्रस्तुत शोधप्रबन्धलाई आवश्यक मूल्याङ्कनका लागि म त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभागका दर्शनाचार्य कार्यक्रमको शोधप्रबन्ध मूल्याङ्कन समितिसमक्ष पेस गर्दछु ।

शैक्षिक सत्र : २०७६/२०७७
त्रि.वि.दर्ता.नं.:  २०४९७-९४
क्रमाङ्क : २२
मिति : २०८१/१२/२१

आदित्यकुमारी चौधरी
दर्शनाचार्य तह, तेस्रो सत्र
नेपाली केन्द्रीय विभाग
त्रि.वि., कीर्तिपुर, काठमाडौँ

# शोधसार

नयनराज पाण्डेका उपन्यासमा पाइने शक्तिसम्बन्धको विश्लेषण गर्नु नै प्रस्तुत शोधको मुख्य विषय हो । नयनराज पाण्डे (२०२३) आधुनिक नेपाली साहित्यका विकास प्रक्रियामा देखा परेका एक महत्त्वपूर्ण आख्यानकार हुन् । उनको आख्यानकारिताको महत्त्वपूर्ण सिर्जनात्मक उपलब्धि उनैले रचेका उपन्यास हुन् । 'मलाई सन्चै छ' (२०३९) शीर्षकको कविता प्रकाशन गरी नेपाली साहित्यका क्षेत्रमा देखापरेका पाण्डेका *नाङ्गो मान्छेको डायरी* (२०४४), *विक्रमादित्य एउटा कथा सुन !* (२०४४), *अतिरिक्त* (२०५०), *उलार* (२०५५), *लू* (२०६८), *घामकिरी* (२०७०) र *सल्लीपिर* (२०७२) गरी जम्मा सातओटा उपन्यासहरू प्रकाशित छन् । उनले लेखेका यी उपन्यासहरू साहित्यशास्त्रका विभिन्न सिद्धान्त र वादका साथै विधासिद्धान्तका दृष्टिले पनि अध्ययनीय छन् भने अन्तर्विषयक अध्ययनका सन्दर्भमा यिनको सांस्कृतिक अध्ययन पनि गर्न सकिने नै देखिन्छ । प्रस्तुत शोधमा चाहिँ उनका उपन्यासबारे भएका पूर्वकार्यहरूको सर्वेक्षण गर्दा सांस्कृतिक अध्ययनअन्तर्गतको शक्तिसम्बन्धसम्बन्धी मान्यताका आधारमा तिनको विश्लेषण भएको नपाइएकाले त्यसैको अध्ययन गर्नुलाई मुख्य विषय बनाइएको छ । त्यस क्रममा शक्तिसम्बन्धको सबल अभिव्यक्ति भएका उनका *नाङ्गो मान्छेको डायरी* (२०४४), *उलार* (२०५५), *लू* (२०६८) र *सल्लीपिर* (२०७२) गरी चारओटा उपन्यासहरूको मात्र विश्लेषण यस शोधमा गरिएको छ ।

प्रस्तुत शोध साहित्यिक अध्ययनसँग सम्बन्धित भएकाले यसका निम्ति आवश्यक सम्पूर्ण सामग्रीहरू पुस्तकालयीय अध्ययन कार्यका आधारमा सङ्कलन गरिएको छ । त्यसक्रममा प्राथमिक तथा द्वितीयक स्रोतका सामग्रीको सङ्कलन र उपयोग गरी यो शोधकार्य सम्पन्न गरिएको छ । यस शोधका सामग्री नयनराज पाण्डेले रचेका सबै सातओटै उपन्यास हुन् तापनि ती सबैलाई सांस्कृतिक अध्ययनको शक्तिसम्बन्धका दृष्टिले हेर्दा ती मध्येका जम्मा चारओटा उपन्यासमा वर्गीय, जातीय र लैङ्गिक शक्तिसम्बन्ध विशेष सघन एवम् सबल रूपमा व्यक्त भएको पाइन्छ । तसर्थ प्रस्तुत शोधकार्यमा उठाइएका शोधसमस्याको समाधानार्थ सामग्रीको सोद्देश्य छनौट गर्ने विधिका आधारमा पाण्डेका *नाङ्गो मान्छेको डायरी* (२०४४), *उलार* (२०५५), *लू* (२०६८), र *सल्लीपिर* (२०७२) गरी चारओटा उपन्यासहरूलाई विश्लेषणका निम्ति चयन गरिएको छ । यस शोध्यविषयसँग सम्बन्धित समालोचनात्मक ग्रन्थ, लेख, रचना र शोधपत्रबाट प्रस्तुत शोधका निम्ति आवश्यक द्वितीयक स्रोत सामग्रीको सङ्कलन गरिएको छ । यसमा शक्तिसम्बन्धसम्बन्धी सैद्धान्तिक मान्यता पनि द्वितीयक स्रोतबाटै सङ्कलन गरी उपयोग गरिएको छ ।

प्रभुत्वशाली र अधीनस्थ वर्ग, कथित उपल्लो जाति र तल्लो जाति तथा महिला र पुरुषबिचको सम्बन्धको अध्ययन गर्न मिसेल फुकोको शक्तिसम्बन्धसम्बन्धी मान्यता र ग्राम्सीको हैकमसम्बन्धी मान्यताको आधारमा कृति विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनमा उल्लिखित सिद्धान्तका आधारमा समस्यालाई व्याख्यात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरी निष्कर्षमा पुगिएको छ ।

समग्रमा हेर्दा नयनराज पाण्डेका उपन्यासहरूमा शक्तिसम्बन्धको प्रस्तुति सघन रूपले गरिएको देखिन्छ । उनका उपन्यासमा प्रभुत्वशाली वर्गले सीमान्तीकृत वर्गलाई, कथित उच्च जातिले कथित निम्न जातिलाई, पुरुषले महिलालाई विभिन्न प्रक्रियाबाट शोषण, उत्पीडन, अन्याय, अत्याचार र दमन गरी सीमान्त अवस्थामा पुऱ्याएको पाइन्छ । ती निम्नवर्गीय पात्रहरूमध्ये केही नारीपात्र आफ्नो पहिचानका लागि सङ्घर्षरत छन् भने अधिकांश नारीपात्र आवाजविहीन अवस्थामा रहेका छन् । सीमान्त समुदायका केही जाति र वर्गका पात्रहरूमा प्रतिरोधी चेतना उच्च रहेका कारण तिनमा शक्तिप्राप्तिका लागि सङ्घर्ष गर्ने प्रवृत्ति देखा परेको छ तापनि धेरैजसो पात्रहरू आवाजविहीन र अधिकारविहीन अवस्थामा बाँच्न विवश देखिन्छन् । सीमान्त समुदायका एकाध पात्रहरू आफ्नो पहिचान बनाउनका निमित्त शक्तिसङ्घर्ष गर्न सक्षम रहेका छन् । ती उपन्यासका धेरैजसो सीमान्तीकृत पात्रहरू प्रभुत्वशाली वर्ग, जाति र पितृसत्ताबाट शोषण र दमन सहेर पहिचानविहीन अवस्थामा बाँच्न बाध्य भएका छन् । यी सबै कुराहरू नेपाली समाजमा रहेको शक्तिसम्बधगत यथार्थका प्रतिविम्ब हुन् । यसै सामाजिक यथार्थको चित्रणद्वारा शक्तिसङ्घर्षका दृष्टिले नेपाली समाजमा वर्गीय, जातीय र लैङ्गिक किसिमका विभेद रहेको देखाई यस्ता विभेदको अन्त्य गर्नुपर्ने अभिप्राय नयनराज पाण्डेका उपन्यासमा परोक्ष रूपमा व्यक्त भएको छ । पाण्डेका उपन्यासहरूलाई शक्तिसङ्घर्षको परिप्रेक्ष्यबाट विश्लेषण गर्दा उनले रचेका समग्र उपन्यासहरूमध्ये *नाङ्गो मान्छेको डायरी, लू, उलार, सल्लीपिर* जस्ता चारओटा उपन्यासहरू निकै सबल रहेको निष्कर्ष यस अध्ययनबाट प्राप्त भएको छ । उनले नेपाली समाजमा विद्यमान वर्गीय, जातीय र लैङ्गिक विभेदको असङ्गत यथार्थलाई आफ्ना उपन्यासमा कथानकीय घटनाक्रम, पात्रका कार्यव्यापार एवम् परिवेश योजनाको बुनोटका साथै विषयवस्तुगत योजनाबाट व्यक्त हुने अभिप्राय तथा उद्देश्यलाई औपन्यासिक पात्रका दृष्टिविन्दुमार्फत व्यक्त गरी कलात्मक मार्मिकता प्रदान गरेका छन् भने त्यस शक्तिसम्बन्धगत सामाजिक यथार्थको कलात्मक प्रतिविम्बन गर्ने कौशलद्वारा उनले आफ्ना उपन्यासलाई शक्तिशाली र प्रभावकारी पनि बनाएका छन् भन्ने निष्कर्ष नै यस शोधको मुख्य प्राप्ति हो ।

# विषयसूची


शोधनिर्देशकको सिफारिसपत्र — क

स्वीकृतिपत्र — ख

कृतज्ञताज्ञापन — ग

शोधसार — घ

**पहिलो परिच्छेद : शोधपरिचय — १-१४**

१.१ विषयपरिचय — १

१.२ समस्याकथन — ३

१.३ शोधको उद्देश्य — ३

१.४ पूर्वकार्यको समीक्षा — ३

१.५ शोधको औचित्य र महत्त्व — ११

१.६ शोधको सीमाङ्कन — १२

१.७ शोधविधि — १२

१.७.१ सामग्री सङ्कलनविधि — १२

१.७.२ सैद्धान्तिक आधार र विश्लेषणको ढाँचा — १३

१.८ शोधप्रबन्धको रूपरेखा — १४

**दोस्रो परिच्छेद : नयनराज पाण्डेका उपन्यासमा वर्गीय शक्तिसम्बन्धको अवस्था — १५-८३**

२.१ विषयपरिचय — १५

२.२ वर्गीय शक्तिसम्बन्धको सैद्धान्तिक अवधारणा — १६

२.३ नयनराज पाण्डेका उपन्यासमा वर्गीय शक्तिसम्बन्ध — २२

२.३.१ *नाङ्गो मान्छेको डायरी* उपन्यासमा वर्गीय शक्तिसम्बन्धको अवस्था — २३

२.३.२ *उलार* उपन्यासमा वर्गीय शक्तिसम्बन्धको अवस्था — ३५

२.३.३ *लू* उपन्यासमा वर्गीय शक्तिसम्बन्धको अवस्था — ४६

२.३.४ *सल्लीपिर* उपन्यासमा वर्गीय शक्तिसम्बन्धको अवस्था — ५५

२.४ निष्कर्ष — ८२

**तेस्रो परिच्छेद : नयनराज पाण्डेका उपन्यासमा जातीय शक्तिसम्बन्धको अवस्था** **८४-११२**
३.१ विषयपरिचय ८४
३.२ जातीय शक्तिसम्बन्धको सैद्धान्तिक अवधारणा ८४
३.३ नयनराज पाण्डेका उपन्यासमा जातीय शक्तिसम्बन्धको अवस्था ८७
३.३.१ *उलार* उपन्यासमा जातीय शक्तिसम्बन्धको अवस्था ८७
३.३.२ *लू* उपन्यासमा जातीय शक्तिसम्बन्धको अवस्था ९६
३.३.३ *सल्लीपिर* उपन्यासमा जातीय शक्तिसम्बन्धको अवस्था १०२
३.४ निष्कर्ष १११
**चौथो परिच्छेद : नयनराज पाण्डेका उपन्यासमा लैङ्गिक शक्तिसम्बन्धको अवस्था** **११३-१३४**
४.१ विषयपरिचय ११३
४.२ लैङ्गिक शक्तिसम्बन्धको सैद्धान्तिक अवधारणा ११३
४.३ नयनराज पाण्डेका उपन्यासमा लैङ्गिक शक्तिसम्बन्धको अवस्था ११७
४.३.१ *उलार* उपन्यासमा लैङ्गिक शक्तिसम्बन्धको अवस्था ११७
४.३.२ *लू* उपन्यासमा लैङ्गिक शक्तिसम्बन्धको अवस्था १२२
४.३.३ *सल्लीपिर* उपन्यासमा लैङ्गिक शक्तिसम्बन्धको अवस्था १२८
४.४ निष्कर्ष १३४
**पाँचौं परिच्छेद : सारांश तथा निष्कर्ष** **१३५-१३९**
५.१ सारांश १३५
५.२ निष्कर्ष १३६
**सन्दर्भ सामग्रीसूची** **१४०-१४२**

# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

नयनराज पाण्डेका उपन्यासमा पाइने शक्तिसम्बन्धको विश्लेषण गर्नु नै प्रस्तुत शोधको मुख्य विषय हो । नयनराज पाण्डे (२०२३) आधुनिक नेपाली साहित्यका विकास प्रक्रियामा देखा परेका एक महत्त्वपूर्ण आख्यानकार हुन् । उनको आख्यानकारिताको महत्त्वपूर्ण सृजनात्मक उपलब्धि उनैले रचेका उपन्यास हुन् । 'मलाई सन्चै छ' (२०३९) शीर्षकको कविता प्रकाशन गरी नेपाली साहित्यका क्षेत्रमा देखा परेका पाण्डेका *नाङ्गो मान्छेको डायरी* (२०४४), *विक्रमादित्य एउटा कथा सुन !* (२०४४), *अतिरिक्त* (२०५०), *उलार* (२०५५), *लू* (२०६८), *घामकिरी* (२०७०) र *सल्लीपिर* (२०७२) गरी जम्मा सातओटा उपन्यासहरू प्रकाशित छन् । उनले लेखेका यी उपन्यासहरू साहित्यशास्त्रका विभिन्न सिद्धान्त र वादका साथै विधासिद्धान्तका दृष्टिले पनि अध्ययनीय छन् भने अन्तर्विषयक अध्ययनका सन्दर्भमा यिनको सांस्कृतिक अध्ययन पनि गर्न सकिने नै देखिन्छ । प्रस्तुत शोधमा चाहिँ उनका उपन्यासबारे भएका पूर्वकार्यहरूको सर्वेक्षण गर्दा सांस्कृतिक अध्ययनअन्तर्गतको शक्तिसम्बन्धसम्बन्धी मान्यताका आधारमा तिनको विश्लेषण भएको नपाइएकाले त्यसैको अध्ययन गर्नुलाई मुख्य विषय बनाइएको छ ।

उपन्यास साहित्यिक विधामध्ये जीवनजगत्को विस्तृत चित्रण गरिएको आख्यान विधा हो । उपन्यासमा मानव जीवनको यथार्थलाई चरित्र एवम् घटनाको सुन्दर संयोजनद्वारा समाजको विद्यमान अवस्था, रहनसहन, व्यवहार, मूल्यमान्यताजस्ता पक्षहरूको कलात्मक चित्रण गरिएको हुन्छ । तसर्थ वर्तमान परिप्रेक्ष्यमा पनि उपन्यास सशक्त विधाको रूपमा स्थापित छ । उपन्यासमा सामाजिक यथार्थको प्रतिविम्ब भएकाले यसमा शक्तिसम्बन्धका विविध पक्षको प्रत्यक्ष र परोक्ष दुवै रूपमा प्रस्तुतीकरण गरिएको हुन्छ । नयनराज पाण्डेका उपन्यासमा पनि तत्कालीन समाजको यथार्थ प्रतिविम्ब पाइन्छ । वर्गीय, जातीय, लैङ्गिक र क्षेत्रगत शक्ति/सत्ता सम्बन्धको कारण सिर्जित उत्पीडनकारी अवस्थाको मार्मिक चित्रण पाण्डेका उपन्यासमा गरिएको पाइन्छ ।

शक्तिसम्बन्ध सांस्कृतिक अध्ययनको महत्त्वपूर्ण विषय हो । मानव समाजमा रहेको व्यक्तिको अस्तित्व नै उसको शक्ति हो । सामाजिक संरचनामा शक्तिको केन्द्र जाति, वर्ग, लिङ्ग, क्षेत्र तथा राष्ट्रसमेत हुने गर्दछ । नेपाली समाजमा पनि वर्गीय, जातीय तथा लैङ्गिकजस्ता विभिन्न प्रकारका शक्तिहरू रहँदै आएका छन् । समाजमा विद्यमान वर्ग, जाति, लिङ्ग र क्षेत्रका दृष्टिले प्रभुत्वशाली/बलशाली र अधीनस्थ/कमजोर व्यक्ति, जाति, समुदाय र क्षेत्र हुने गर्छन् र तिनै वर्गीय दृष्टिले, जातीय दृष्टिले, लैङ्गिक दृष्टिले र क्षेत्रगत दृष्टिले प्रभुत्वशाली र अधीनस्थ व्यक्ति तथा समुदायबिच रहने शक्ति, सामर्थ्य, क्षमता वा बलका आधारमा विद्यमान सम्बन्धलाई सांस्कृतिक अध्ययनमा शक्तिसम्बन्ध भनिन्छ । तसर्थ समाजमा भएका शक्तिहरू बिचको द्वन्द्व नै शक्तिसम्बन्ध हो र शक्तिसम्बन्धको द्वन्द्व नै समाज विकासको आधार पनि हो । सत्ता वा शक्ति दमितहरूलाई नियन्त्रण गर्ने एउटा अस्त्र हो । एउटा समूहले अर्को समूह वा एउटा व्यक्तिले अर्को व्यक्तिलाई नियन्त्रण वा दमन गर्ने क्रममा नै सत्ता अर्थात् शक्तिको जन्म भएको हो । सांस्कृतिक अध्ययनमा सत्ता/शक्ति भन्नाले दमित वा अधीनस्थ समूहहरू जस्तै वर्ग, जाति, लिङ्ग, राष्ट्र, उमेरसमूह आदिलाई दमन गर्ने आधार हो । फुकोका अनुसार प्रत्येक सामाजिक सम्बन्ध सत्ता सम्बन्ध हो र यसमा कुनै न कुनै रूपमा बल प्रयोगको भूमिका रहेकै हुन्छ । परम्परागत अर्थमा सत्ता/शक्ति थोपरिने प्रक्रिया हो भने फुकोको अर्थमा सत्ता/शक्ति अभ्यास हो । सत्ता/शक्ति प्रभुत्वशाली वर्गद्वारा अधीनस्थहरूलाई दमन गर्ने आधार भएको हुनाले जहाँ दमन हुन्छ त्यहाँ प्रतिरोध हुन्छ । समग्रमा शक्तिसम्बन्धका कारण सिर्जित दमन, उत्पीडन, शोषण, अन्याय, अत्याचार र थिचोमिचोका विरुद्ध पिछडिएका तथा अधीनस्थ जाति, वर्ग र लिङ्गले गर्ने विरोधको चेतना नै प्रतिरोधी चेतना हो । सांस्कृतिक अध्ययनमा शक्तिकेन्द्र वा सत्ता र अधीनस्थहरूको वर्गगत संरचना र त्यसले निर्माण गर्ने सामाजिक सम्बन्धको अध्ययनलाई महत्त्वपूर्ण मानिन्छ । शक्तिसम्बन्धको मान्यताअनुसार उपन्यासमा चित्रित पात्रहरूका उपस्थिति, कार्य तथा व्यवहारबाट वर्गीय, जातीय र लैङ्गिक पहिचान गरी उपन्यासमा ती पात्रहरूको वर्ग, जाति र लैङ्गिक रूपमा शक्तिसम्बन्धगत अवस्था सन्तुलित वा असन्तुलित केकस्तो छ भन्ने पक्षको विश्लेषण गरिन्छ । यस कोणबाट नयनराज पाण्डेका उपन्यासको सूक्ष्म अध्ययन नभएको कुरा पूर्ववर्ती अध्ययनले देखाएका छन् । त्यसैले यस शोधमा सांस्कृतिक अध्ययनको एउटा मुख्य अध्ययनीय क्षेत्रका रूपमा रहेको शक्तिसम्बन्धको सैद्धान्तिक मान्यताका आधारमा नयनराज पाण्डेका उपन्यासहरूको विश्लेषण गरिएको छ ।

## १.२ समस्याकथन

नेपाली समाजमा विद्यमान सामाजिक, सांस्कृतिक, वर्गीय र जातीय विभेदहरूलाई नयनराज पाण्डेले आफ्ना उपन्यासका विषयवस्तु बनाएका छन् र त्यसलाई शक्तिसम्बन्धका दृष्टिले विश्लेषण गर्नु महत्त्वपूर्ण प्राज्ञिक कार्य हो । उनले आफ्ना उपन्यासमा राज्यसत्ताबाट बेवास्ता गरिएका किनारीकृतहरूको साझा पीडालाई जीवन्तरूपमा प्रस्तुतीकरण गरेका छन् र त्यसबारे गहन पूर्वाध्ययन पनि नभएको हुँदा ती उपन्यासमा शक्तिसम्बन्धको अवस्था केकस्तो रहेको छ भन्ने प्राज्ञिक जिज्ञासालाई नै प्रस्तुत अध्ययनको मुख्य शोधसमस्याका रूपमा लिइएको छ । यस मुख्य समस्याको एकीकृत समाधान पहिल्याउनका निमित्त निम्नानुसारका शोधप्रश्नहरू निर्धारण गरिएका छन् :

(१) नयनराज पाण्डेका उपन्यासमा वर्गीय शक्तिसम्बन्धको अवस्था केकस्तो रहेको छ ?

(२) नयनराज पाण्डेका उपन्यासमा जातीय शक्तिसम्बन्धको अवस्थाको चित्रण केकसरी गरिएको छ ?

(३) नयनराज पाण्डेका उपन्यासमा लैङ्गिक शक्तिसम्बन्धलाई केकसरी प्रस्तुत गरिएको छ ?

## १.३ शोधको उद्देश्य

शक्तिसम्बन्धसम्बन्धी सैद्धान्तिक मान्यताका आधारमा नयनराज पाण्डेका उपन्यासमा शक्तिसम्बन्धको अध्ययन तथा विश्लेषण गर्नु नै प्रस्तुत शोधकार्यको मुख्य उद्देश्य हो । यस शोधकार्यको मुख्य उद्देश्यसँग सम्बद्ध अन्य उद्देश्यहरू निम्नानुसार रहेका छन् :

(१) नयनराज पाण्डेका उपन्यासमा वर्गीय शक्तिसम्बन्धको अवस्थाको पहिचान गर्नु,

(२) नयनराज पाण्डेका उपन्यासमा जातीय शक्तिसम्बन्धको अवस्थाको समीक्षा गर्नु,

(३) नयनराज पाण्डेका उपन्यासमा लैङ्गिक शक्तिसम्बन्धको अवस्थाको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

नयनराज पाण्डे सशक्त उपन्यासकार हुन् । उनले आफू बाँचेका युगका यथार्थ घटनाहरूलाई आफ्ना उपन्यासहरूमा समेटेका छन् । यस क्रममा उनी सीमान्त समुदायमाथि भएका उत्पीडनहरूलाई अनावृत गर्ने उपन्यासकारका रूपमा परिचित छन् । नेपाली साहित्यको अध्ययनका सन्दर्भमा पनि शक्तिसम्बन्धको कोणबाट पछिल्लो समयमा धेरै अध्ययन, अनुसन्धानका कार्यहरू भएका छन् । प्रस्तुत शोधकार्यमा शक्तिसम्बन्धको

कोणबाट नयनराज पाण्डेका उपन्यासहरूको अध्ययन र विश्लेषण गरिएको छ । नयनराज पाण्डेका उपन्याससँग सम्बन्धित विभिन्न पुस्तकाकार कृतिहरू, समालोचनात्मक कृतिहरू, पत्रपत्रिकाका लेखहरू, अप्रकाशित शोधपत्रहरू, शोधप्रबन्धहरूको व्यवस्थित अध्ययन गरी कालक्रमिक रूपमा पूर्वकार्यको समीक्षालाई प्रस्तुत गरिएको छ :

बिन्दु शर्मा (२०६५) ले 'उलार उपन्यासको समाजपरक समालोचना' शीर्षक लेखमा *उलार* उपन्यासलाई टेनको प्रमुख मान्यता जाति, क्षण र परिवेशका आधारमा विश्लेषण गरेकी छन् । उपन्यासकार पाण्डे आफ्नो जाति, आफू बाँचेको युग तथा यसको भौगोलिक र सामाजिक परिवेशप्रति अत्यन्त सचेत रहेको कुरा शर्माले उल्लेख गरेकी छन् । सामाजिक शोषण, अन्याय, जातीय भेदभावको  प्रमुख कारण चेतनाहीनता नै भएको तथ्य प्रस्तुत गर्दै उपन्यासकार पाण्डेले शोषण र जातीय विभेदरहित समाज निर्माण गर्न चाहेको तर्क शर्माले प्रस्तुत गरेकी छन् । प्रस्तुत अध्ययन शक्तिसम्बन्धमै केन्द्रित नभए तापनि उपन्यासमा वर्णित सामाजिक परिवेशबाट शक्तिसङ्घर्षको अवस्थालाई विश्लेषण गर्नमा महत्त्वपूर्ण आधार भने प्रदान गरेको छ ।

रत्नमणि नेपाल (२०६७) ले 'नेपाली उपन्यासको बजार र प्रतिनिधि सन्दर्भ' शीर्षक लेखमा *उलार*ले २०४६ सालका केही वर्षपछि हुर्केको संसदीय संस्कृतिको राष्ट्रिय चरित्र बोकेको सन्दर्भलाई प्रस्तुत गरेका छन् । *उलार* उपन्यासले मधेसमाथि हाबी भएको राजनीतिक संस्कार र त्यसले ल्याएका निरन्तर विघटनहरूको परिणाममाथि आख्यान बुनेको साथै यो आञ्चलिक उपन्यास नभएर समग्र नेपाली राजनीतिलाई समेट्ने प्रतिनिधि उपन्यास भएको तर्क नेपालले प्रस्तुत गरेका छन् । प्रस्तुत लेखले मधेसमा हाबी भएको राजनीतिक सत्ताको स्थितिलाई उजागर गरेको भए तापनि शक्तिसम्बन्ध कै कोणबाट भने विश्लेषण गरिएको छैन । प्रस्तुत अध्ययनबाट नेपालको राजनीतिमा विद्यमान शक्तिसम्बन्ध विश्लेषणको लागि भने आधार प्रदान गरेको छ ।

मुरारिप्रसाद रेग्मी (२०६८) ले 'उलार उपन्यासको मनोवैज्ञानिक विश्लेषण' शीर्षकको लेखमा नयनराज पाण्डेलाई स्वदेशी तथा पाश्चात्य साहित्यकारहरूसँग तुलना गर्दै नयनराज पाण्डे निम्नवर्गीय पात्रहरूको व्यथा पोख्न सफल रहेको तर्क प्रस्तुत गरेका छन् । प्रस्तुत उपन्यासमा शोषकहरूबाट प्रेमललवा पटक पटक ठगिनुले उसमा प्रतिरोधी चेतना उत्पन्न भई शोषकहरूप्रति विद्रोहको भावना जागृत भएको कुरा उल्लेख गरेका छन् । साथै उपन्यासकार पाण्डेले बादीहरूका बर्षौंदेखिका समस्या र शारीरिक शोषणको उल्लेख गरेका

छन् । जसबाट बादीहरूको दासता, हीनता, दीनता, परनिर्भरता र दुःखपूर्ण जीवनबारे थाहा पाउन सकिन्छ । प्रस्तुत लेखमा रेग्मीले शोषितको पक्षमा आवाज उठाएका छन् । प्रस्तुत अध्ययन शक्तिसम्बन्धमा केन्द्रित नभए तापनि प्रभुत्वशाली वर्गहरूको उत्पीडनबाट शोषितहरूमा उत्पन्न विद्रोही भावनालाई अभिव्यक्त गर्न सफल रहेको छ । अतः प्रस्तुत लेख शक्तिसम्बन्धसँग सम्बन्ध राख्ने हुनाले यो अध्ययन प्रस्तुत शोधकार्यको शक्तिसम्बन्धको अध्ययनका लागि भने उपयोग गरिएको छ ।

महेश क्षितिज (२०७१) ले 'नयनराज पाण्डेको उलार उपन्यासको सांस्कृतिक अध्ययन' शीर्षक लेखमा *उलार* उपन्यासको विश्लेषण गरेका छन् । यस उपन्यासमा राजेन्द्र बाबु र शान्तिराजा जस्ता राजनीतिज्ञले साधारण जनतालाई गरेको उपेक्षा र शोषणका कारण नेपालगञ्जमा बसोबास गर्ने तराई मूलका सीमान्तीकृत समुदायको अवस्था झन् झन् दयनीय बन्दै गएको तथ्य उनले प्रस्तुत गरेका छन् । शासनसत्ताको विरोधमा बोल्नु सामाजिक अपराध मानिने तत्कालीन परिवेशमा पनि प्रेमललवाले अधिकार र न्यायको लागि आवाज उठाउन प्रयत्न गरेकोले अधीनस्थ वर्गको पहिचानको सन्दर्भमा प्रेमललवाको भूमिका महत्त्वपूर्ण र सकारात्मक रहेको तर्क क्षितिजले उल्लेख गरेका छन् । यसले नयाँ संस्कृति निमार्णको सङ्केत गरेको छ । प्रस्तुत अध्ययनले प्रभुत्वशाली वर्ग र तराईमूलका शोषित वर्गबिचको शक्तिसङ्घर्षलाई विश्लेषण गर्न महत्त्वपूर्ण आधार प्रदान गरेको छ ।

राजेन्द्र सुवेदी (२०७२'क') ले 'उलार उपन्यास आञ्चलिक धरातलको जिउँदो चित्र' शीर्षक लेखमा *उलार* उपन्यास र यसले समेटेको विषयलाई प्रस्तुत गरेका छन् । उनले २०४६ पछिको राजनीतिक क्षेत्रमा देखा परेको शोषण, दमन र उत्पीडनलाई  वर्गीय दृष्टिले प्रस्तुत गरेका छन् । नेपालको राजनीतिक क्षेत्रमा निम्नवर्गका जनताको सार्वभौमिक मताधिकारसमेत शोषण गरेर शान्तिराजा र राजेन्द्रबाबु जस्ता अवसरवादी राजनीतिक चरित्रहरू सत्तासीन बन्न पुगेको कुरा उल्लेख गर्दै अधीनस्थ वर्गहरू शोषण, दुराचार र उत्पीडनमा परेको यथार्थलाई प्रस्तुत गर्न पाण्डे सफल रहेको तर्क सुवेदीले प्रस्तुत गरेका छन् । प्रस्तुत लेख शक्तिसम्बन्ध मै केन्द्रित नभए तापनि वर्गीय शक्तिसम्बन्ध विश्लेषणको लागि भने आधार प्रदान गरेको छ ।

राजेन्द्र सुवेदी (२०७२'ख') ले 'लू : आञ्चलिक जीवनको सजीव चित्रण' शीर्षक लेखमा  रूपैडिहा, नानपारा र बहराइचसम्मको भारतीय क्षेत्रद्वारा प्रभावित सीमावर्ती क्षेत्रले भोग्नु परेको पीडालाई उल्लेख गरेका छन् । *लू* उपन्यासले नेपालको तराईमा भारतीय खुला

सीमाबाट सामाजिक, आर्थिक र राजनीतिक क्षेत्रमा पारेको नराम्रो असरले नेपालको सीमावर्ती क्षेत्रलाई प्रदूषित र अस्वस्थ्यकर बनाएको तर्क सुवेदीले उल्लेख गरेका छन् । प्रस्तुत लेखले नेपालको आर्थिक पक्ष र राजनीतिमाथि भारतीय सत्तापक्षको हस्तक्षेपप्रति सङ्केत गरेको छ । यसले नेपालको राजनीतिक शक्तिसम्बन्धमा बाह्यशक्तिको प्रभाव र असरबारे विश्लेषण गर्न सहयोग गरेको छ ।

महेश कार्की (२०७२) ले *नयनराज पाण्डेका उपन्यासमा सबाल्टन* शीर्षकको दर्शनाचार्य तहको अप्रकाशित शोधप्रबन्धमा समाजमा पुरुषप्रधान समाजले आफू अनूकूल बनाएको सङ्कथनले महिलाहरू सीमान्तीकृत बन्नुपरेको, प्रभुत्वशाली समूहले बनाएको अधिरचनाको कारण निम्नवर्गका मानिसहरू सदैव सीमान्तीकृत बन्न विवश भएको र अभिजात्य संस्कृतिले निमार्ण गरेको सङ्कथनले कथित तल्लो जातिका मानिसहरू सीमान्तीकृत बन्न बाध्य भएको निष्कर्ष प्रस्तुत गरेका छन् । प्रस्तुत अध्ययनमा क्षितिजले सीमान्तीकृत वर्गको प्रतिनिधित्व र पहिचानमा केन्द्रित भएर उपन्यासको विश्लेषण गरे तापनि शक्तिसम्बन्धको आधारमा भने विश्लेषण गरेका छैनन् । यस अध्ययनले उपन्यासमा प्रस्तुत वर्गीय, जातीय र लैङ्गिक सम्बन्धलाई शक्तिसङ्घर्षको दृष्टिले विश्लेषण गर्न महत्त्वपूर्ण आधार प्रदान गरेको छ ।

श्यामल (२०७२) ले 'सीमान्त तहका जनताको सङ्घर्षको कथा' शीर्षकको भूमिकामा *उलार* उपन्यासलाई उपेक्षित योद्धाहरूको वास्तविकताको कथा भएको विचार प्रस्तुत गरेका छन् । यसमा उनले दमक र दमितबिचको सम्बन्धलाई प्रस्तुत गर्दै दमक अर्थात् प्रभुत्वशाली वर्गबाट प्रेमललवा जस्ता व्यक्तिहरू दमित बन्न बाध्य भएको र अन्त्यमा प्रेमललवामा दमकविरुद्ध विद्रोही चेतनाको विकास भएको छ भन्ने कुरो औंल्याएका छन् । प्रस्तुत भूमिका शक्तिसम्बन्धका मान्यताबाट निर्दिष्ट रही नलेखिएको भए पनि उनले *उलार* उपन्यासमा रहेको दमक र दमितबिचको सम्बन्ध र दमकविरुद्ध विद्रोही चेतनाको उठान गरिएको कुराबारे प्रकाश पारेको हुनाले यो अध्ययन प्रस्तुत उपन्यासमा पाइने शक्तिसम्बन्ध र प्रतिरोधी चेतनाको स्थितिको पहिचान गर्न सहयोगी भएको छ ।

दीपक सापकोटा (सन् २०१३) द्वारा लिइएको 'साहित्यकार नयनराज पाण्डेसँगको कुराकानी' शीर्षकको अन्तर्वार्तामा मधेसको समाजलाई त्यसको भित्री तहसम्म गएर बुझ्ने र लेख्ने काम कम भएको कुरा उल्लेख गरेका छन् । उपन्यासमा चित्रित जातीय, वर्गीय र क्षेत्रीय रूपमा सीमान्तीय बनेका मधेसीहरू भारतबाट समेत पीडित रहेको कुरा पाण्डेले

बताएका छन् । सीमा समस्या, भारतले ठाउँ ठाउँमा निमार्ण गरेको बाँधका कारण डुबानलगायत सीमा सुरक्षाका लागि खटिएका भारतीय प्रहरीद्वारा गरिएको उत्पीडन जस्ता अनेकौं समस्याबाट मधेसीहरू पीडित रहेको कुरा पाण्डेले अन्तर्वार्ताकै क्रममा बताएका छन् । हाम्रो सीमा रक्षक भएर उभिएका मधेसी समुदाय अहिले आफ्नो पहिचान खोज्नु जायज रहेको कुरा लेखक पाण्डेले उठाएका छन् । यसबाट *उलार* र *लू* उपन्यासमा प्रस्तुत गर्न खोजिएको मधेसका मुद्दाहरू र मधेसले अपेक्षा गरेको परिवर्तन जस्ता शक्तिसम्बन्धलाई विश्लेषण गर्न सहयोग पुगेको छ ।

विमल कोइराला (२०७३) ले 'सल्लीपिरमा अर्थराजनीतिक चेत' शीर्षक लेखमा प्रस्तुत उपन्यासमा चित्रित गरिबीबारे चर्चा गरेका छन् । सम्पत्तिमाथिको भेदभाव, राज्यसत्ताको हेपहा प्रवृति र आधारभूत क्षेत्रहरू (शिक्षा, स्वास्थ्य) मा विभेदपूर्ण पहुँच आदिका कारण गरिबी बढेको तर्क प्रस्तुत गरेका छन् । नेपालजस्तो मुलुकमा सामाजिक, सांस्कृतिक र शासकीय परिवेशको कारण गरिबी पुस्तान्तरण हुँदै गएको निष्कर्ष कोइरालाले निकालेका छन् । प्रस्तुत लेखमा केन्द्रीय सत्ताको वर्चस्वशाली दमनका कारण गरिबहरू पीडित बन्न पुगेको तर्क कोइरालाले प्रस्तुत गरेका छन् । प्रस्तुत लेख शक्तिसम्बन्धमै केन्द्रित नभए तापनि भौगोलिक र वर्गीय शक्तिसम्बन्ध विश्लेषण गर्नमा महत्त्वपूर्ण आधार भने प्रदान गरेको छ ।

विष्णुप्रसाद शर्मा (सन् २०२०) ले 'उलार उपन्यासमा सीमान्तीयता' शीर्षक लेखमा सीमान्तीकृतहरू आफ्नो अधिकारको लागि सङ्गठित हुन नसक्नु र भए पनि तिनका आवाजलाई महत्त्व नदिने राज्य सरकार र सामाजिक संस्कारका कारण सीमान्तीकृतहरूको अवस्थामा परिवर्तन आउन समय लाग्ने र त्यसको लागि निरन्तर सङ्घर्ष गर्नुपर्ने तर्क शर्माले प्रस्तुत गरेका छन् । उपन्यासमा प्रेमललवा र द्रौपदी प्रतिनिधि सीमान्तीय पात्र भएको र यिनीहरू सीमान्तीय भएकै कारण राज्यबाट उपेक्षित बन्न पुगेको विचार उनले व्यक्त गरेका छन् । शिलाबाबु, शान्तिराजा जस्ता प्रभुत्वशाली वर्गले प्रभुत्व आफ्नो हातमा लिइ निम्नवर्गमाथि शासन गरेकाले निम्नवर्गहरू सधैं उच्चवर्गका साधनमात्र बनेको तर्क शर्माले प्रस्तुत गरेका छन् । प्रस्तुत अध्ययन शक्तिसम्बन्धमै केन्द्रित भएर गरिएको नभए पनि उल्लिखित अध्ययन वर्गीयता अध्ययनको लागि भने महत्त्वपूर्ण आधार प्रदान गरेको छ ।

रमेशप्रसाद भट्टराई (२०७७) ले *सांस्कृतिक-वर्गीय, लैङ्गिक र जातीय अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ* नामक पुस्तकमा वर्गीय, लैङ्गिक र जातीय अध्ययनका विषयमा उल्लेख गरेका छन् । सामन्त शब्द अङ्ग्रेजी 'फ्यूडालिजम' को नेपाली अनुवाद हो । अङ्ग्रेजी फ्यूडको तात्पर्य सामन्ती भूसम्पत्ति भन्ने हुन्छ । पश्चिमी युरोपमा यसको अर्थ उच्च पदमा रहने भूस्वामीद्वारा हस्तान्तरित विशाल भूसम्पत्ति हो । भट्टराईको उपर्युक्त अध्ययनबाट वर्गीय शक्तिसम्बन्धको प्रक्रियाबाट प्रभुत्वशाली र अधीनस्थ समुदायको अध्ययनका लागि गहन आधार प्राप्त भएको छ । त्यही आधारमा लैङ्गिक समालोचनाले पनि लिङ्गको भिन्नताजन्य अवधारणाको विश्लेषण गर्छ र साहित्यिक कार्यका मूल्याङ्कनमा लेखन, ग्रहण, विषयवस्तुमा तिनीहरूको भूमिकाको खोजी भन्ने धारणा उनले पेस गरेका छन् । भट्टराईको धारणाअनुसार लैङ्गिक विभेदको आधार पितृसत्तात्मक सामाजिक संरचना हो । उनको यो अध्ययनले प्रस्तुत शोधमा लैङ्गिक अवधारणा बुझ्न र विश्लेषण गर्नलाई सहयोग गरेको छ ।

रन्जुकुमारी देव (२०७८) ले *लैनसिंह बाङ्देलका उपन्यासमा शक्तिसम्बन्ध* शीर्षकको अप्रकाशित शोधपत्रमा बाङ्देलका उपन्यासलाई जातीय, वर्गीय र लैङ्गिक शक्तिसम्बन्धको आधारमा विश्लेषण गरेकी छन् । उनले यस शोधकार्यमा सांस्कृतिक अध्ययनको महत्त्वपूर्ण पक्ष शक्तिसम्बन्धको अवधारणाअनुसार उपन्यासमा अभिव्यक्त वर्गीय, जातीय र लैङ्गिक शक्तिसम्बधको अध्ययन गरेकी छन् । वर्गीय अवस्था, पुरुषप्रधान समाज र पुरुषवादी सोचकै कारण अधीनस्थतामूलक शक्तिसम्बन्धको अवस्था सिर्जना हुन पुगेको कारण शक्तिसम्बन्ध असन्तुलित रहेको निष्कर्ष उनले निकालेकी छन् । उनको यो अध्ययन विशेष गरी पाण्डेको कृतिमा केन्द्रित नभए पनि वर्गीय, जातीय र लैङ्गिक अन्तःसम्बन्धको विश्लेषणमा केन्द्रित भएकाले प्रस्तुत अध्ययनले शक्तिसम्बन्धसम्बन्धी सैद्धान्तिक विश्लेषण ढाँचा तयार गर्न सहयोग गरेको छ ।

विदुला घिमिरे (२०७८) ले *समकालीन नेपाली उपन्यासमा सांस्कृतिक प्रभुत्व* शीर्षक लेखमा वर्गीय, लैङ्गिक र जातीय प्रभुत्वलाई आधार मानेर विश्लेषण गरेकी छन् । सांस्कृतिक प्रभुत्वको परिप्रेक्ष्यमा समकालीन नेपाली उपन्यासको सर्वेक्षण गर्ने क्रममा *लू* उपन्यासको पनि विश्लेषण गरेकी छन् । *लू* उपन्यासमा क्षेत्रगत तथा धर्मगत सन्दर्भमा पश्चिम तराईको सीमान्त क्षेत्रका नेपाली र तिनमा पनि मुसलमान समुदायले राज्यबाट भोग्नुपरेको उपेक्षा र सीमापारिबाट भोग्नुपरेको वर्गीय तथा लैङ्गिक तहको सांस्कृतिक प्रभुत्वलाई चिरफार गर्न सफल रहेको निष्कर्ष प्रस्तुत गरेकी छन् । वर्तमान नेपाली

समाजिक संरचनामा मूलधारमा रहेका प्रभुत्वशाली वर्गद्वारा महिला, दलित, जनजाति, मधेसी, मुसलमान आदि समुदाय उत्पीडनमा परेको, विद्यमान सांस्कृतिक प्रभुत्वका वर्गीय, लैङ्गिक र जातीय सन्दर्भहरू परस्पर समन्वयात्मक रहेको, क्षेत्रगत तथा धर्मगत तहमा सांस्कृतिक उत्पीडनको स्तर अझ उच्च रहेको निष्कर्ष निकालेकी छन् । सांस्कृतिक प्रभुत्वका विरुद्ध विस्तारै उत्पीडित समुदायबाट प्रतिरोध पनि प्रकट भइरहेको समसामयिक सन्दर्भलाई देखाइएको कुरा उल्लेख गरेकी छन् । उनको यो अध्ययन वर्गीय, लैङ्गिक र जातीय प्रभुत्वको अन्तःसम्बन्धको विश्लेषणमा केन्द्रित भएकाले प्रस्तुत अध्ययनले यस शोधकार्यमा शक्तिसम्बन्धसम्बन्धी सैद्धान्तिक आधारको पहिचान गर्न र विश्लेषण ढाँचा बनाउन सहयोग गरेको छ ।

नेत्र एटम (सन् २०२२) ले समसमायिक नेपाली उपन्यासको शिक्षण  प्रक्रिया शीर्षक लेखमा *उलार* उपन्यासलाई नमुना पाठका रूपमा लिई समसामयिक नेपाली उपन्यासको शिक्षण प्रक्रियाको विश्लेषण गरेका छन् । यस लेखमा उनले प्रेमललवाजस्ता श्रमजीवी र सत्तामा रहेका शान्तिराजा, राजेन्द्रराज जस्ता धूर्त राजनीतिक खेलाडीहरूको शक्तिसम्बन्धले नेपाली प्रजातन्त्रको विडम्बना बुझ्न सहयोग गरेको निष्कर्ष प्रस्तुत गरेका छन् । यस अध्ययनबाट  प्रेमललवा र उसको वर्गमाथि सामन्तहरूको रजाइँ, उपन्यासमा आएका स्थान, पात्रहरूको अवस्था, चुनावी परिघटना, तराईको परिवेश बुझी विश्लेषण गर्न सहयोग गरेको छ ।

यसोदा राई (२०७९) ले *गणतन्त्रोत्तर नेपाली कथाको समाजशास्त्रीय अध्ययन* शीर्षकमा अनुसन्धान गरेकी छन् । उनले यस अनुसन्धानमा गणतन्त्रोत्तर नेपाली कथामा वर्गद्वन्द्वको अभिव्यक्ति, लैङ्गिक अन्तःसम्बन्धको अभिव्यक्ति र जातीय अन्तःसम्बन्ध र उत्पीडनको अभिव्यक्तिको विश्लेषण गरेकी छन् । उनले कथामा चित्रित उत्पीडित वर्गीय, जातीय र लैङ्गिक समुदायका सीमान्तीकृत पात्रहरू विद्रोही चेतनाका साथ प्रतिरोध गरिरहेका छन् भन्ने सन्दर्भको उल्लेख गरेकी छन् । यसै सन्दर्भमा कथामा उच्चवर्गले निम्नवर्गलाई, कथित उच्चजातिले निम्नजातिलाई, पुरुषले महिलालाई, पहँच हुनेले नहुनेलाई विशिष्ट प्रक्रियाबाट शोषण, उत्पीडन, अन्याय, अत्याचार र दमन गरिरहेको सन्दर्भलाई देखाइएको छ भन्ने निष्कर्ष निकालिएको छ । उनको यो अध्ययन विशेष गरी पाण्डेको कृतिमा केन्द्रित नभएर समग्र गणतन्त्रोत्तर कथासँग सम्बद्ध रहेको छ तथापि राईको यो अध्ययन वर्गीय, जातीय र लैङ्गिक अन्तःसम्बन्धको विश्लेषणमा केन्द्रित भएकाले प्रस्तुत

अध्ययनले यस शोधकार्यमा शक्तिसम्बन्धसम्बन्धी सैद्धान्तिक आधारको पहिचान गर्न र विश्लेषण ढाँचा बनाउन सहयोग गरेको छ ।

गुरुप्रसाद पोखरेल (२०८०) ले *वीरेकी आमा कथामा जातीय शक्तिसम्बन्ध* शीर्षक लेखमा वर्णभेदी समाजको माथिल्लो जात मानिने ब्राह्मण र तल्लो जात मानिने दलितबिचको श्रेणीक्रममा आधारित जातीय शक्तिसम्बन्धको विश्लेषण गरेका छन् । तत्कालीन नेपाली समाजको वर्णाश्रमयुक्त व्यवस्थामा आधारित कथित उच्च जातीय आर्थिक सम्बन्ध र त्यसका आडमा कथित निम्नजातिमाथि गरिएको विभेदजन्य तथा उत्पीडनकारी जातीय शक्तिसम्बन्धलाई प्रस्तुत गरेका छन् । तत्कालीन समाजमा सामन्तवादी/वर्णवादी समाज र सामाजिक संरचना भएकै कारणले त्यसबेलाको विमर्शात्मक संरचना नै निम्न जातमाथि सत्ता र शक्तिको पहुँचका कारण शोषण गर्न क्रियाशील रहेको निष्कर्ष उनले प्रस्तुत गरेका छन् । उनको यो अध्ययन विशेष गरी पाण्डेको कृतिमा केन्द्रित नभए पनि जातीय शक्तिसम्बन्धको विश्लेषणमा केन्द्रित भएकोले प्रस्तुत अध्ययनले यस शोधकार्यमा शक्तिसम्बन्धसम्बन्धी सैद्धान्तिक आधारको पहिचान गर्न र विश्लेषण ढाँचा बनाउन सहयोग गरेको छ ।

दुर्गाबहादुर घर्ती (२०८०) ले *लू उपन्यासमा विडम्बना* शीर्षक लेखमा यस उपन्यासमा प्रयुक्त विडम्बनालाई आधार मानेर विश्लेषण गरेका छन् । सीमा क्षेत्रका जनताहरू अशिक्षा, अज्ञानता, गरिबीले ग्रस्त छँदैछन् साथै छिमेकी देशका प्रशासन र अन्य व्यक्तिद्वारा हिंसा, बलात्कार, अपमान, असुरक्षाका कारण उनीहरूको जीवन विसङ्गतिपूर्ण बनेकाले सीमावर्ती समाजमा व्याप्त विरोधाभास र विसङ्गतिप्रति उपन्यासले तीव्र कटाक्ष गरेको निष्कर्ष उनले प्रस्तुत गरेका छन् । उनको यो अध्ययनले प्रस्तुत शोधमा सीमा क्षेत्रका जनताको जीवन भोगाइ बुझ्न र विश्लेषण गर्नलाई सहयोग गरेको छ ।

उल्लिखित पूर्वकार्यहरूमा नयनराज पाण्डेका उपन्यासका बारेमा पूर्वअध्येताहरूले आआफ्ना कोणबाट विश्लेषण गरेका छन् । प्रायजसो अध्ययनहरू पाण्डेका *उलार* र *लू* उपन्यासमा केन्द्रित भएर गरिएका छन् । उपर्युक्त अध्ययनहरूलाई हेर्दा प्रतिनिधित्व र पहिचान तथा जाति, क्षण र परिवेशको आधारमा पाण्डेका उपन्यासहरूको अध्ययन भए पनि तिनको अध्ययन शक्तिसम्बन्धमै केन्द्रित भएर गरिएको पाईंदैन । त्यसैले उनका उपन्यासहरू सांस्कृतिक अध्ययनअन्तर्गतका शक्तिसम्बन्धसम्बन्धी मान्यताको आधारमा अध्ययनीय रहेको

कुरा प्रस्तुत पूर्वकार्यको अध्ययनबाट स्पष्ट भएको छ । प्रस्तुत शोधमा शक्तिसम्बन्धको अभावको पूर्ति गर्ने उद्देश्य रहेको छ ।

उपर्युक्त पूर्वकार्यहरूका अध्ययन गर्दा विभिन्न पूर्ववर्ती समालोचक तथा अनुसन्धाताहरूले नयनराज पाण्डेका उपन्यासका बारेमा विभिन्न उद्देश्यले अध्ययन गरी आआफ्ना मत तथा दृष्टिकोणहरू प्रस्तुत गरेका छन् । ती सबै पूर्वकार्यहरू पाण्डेका उपन्यासका प्रवृत्ति वा विशेषता र उनका उपन्यासका विश्लेषणसँग सम्बन्धित रहेका छन् । विभिन्न कोणबाट नयनराज पाण्डेका उपन्यासहरूको अध्ययन, अनुसन्धान, समालोचना र समीक्षा गरिएको भए तापनि सांस्कृतिक अध्ययनभित्र पर्ने शक्तिसम्बन्धसम्बन्धी मान्यताको आधारमा उनका उपन्यासहरूको अध्ययन र विश्लेषण नभएको तथ्य उल्लिखित पूर्वकार्यहरूको समीक्षाबाट स्पष्ट हुन्छ । यही अभावपूर्ति गर्नका लागि माथिका पूर्वकार्यहरूलाई आधार मानेर यस अध्ययनमा शक्तिसम्बन्धसम्बन्धी सिद्धान्तका आधारमा नयनराज पाण्डेका उपन्यासहरूको विश्लेषण गरिएको छ ।

## १.५ शोधको औचित्य र महत्त्व

नयनराज पाण्डेका उपन्यासहरू सांस्कृतिक अध्ययनका दृष्टिले आफैँमा महत्त्वपूर्ण रहेका छन् । माथि गरिएका पूर्वकार्यको अध्ययनबाट के स्पष्ट हुन्छ भने सांस्कृतिक अध्ययनकै दृष्टिले पाण्डेका उपन्यासहरूको अध्ययन सीमित र अपर्याप्त रहेको छ । शक्तिसम्बन्धसम्बन्धी सैद्धान्तिक मान्यताका आधारमा ती उपन्यासको विश्लेषण हालसम्म नभएको कुरा पूर्वकार्यबाट स्पष्ट भएको छ । प्रस्तुत अध्ययनमा निर्धारण गरिएका शोधप्रश्नहरूको सम्यक् समाधान अहिलेसम्म नभएकाले र प्रस्तुत शोधकार्यबाट चाहिँ सो कार्य सम्पन्न गरिएकाले यस अध्ययनको औचित्य रहेको कुरा सिद्ध हुन्छ । प्रस्तुत शोधकार्यमा पाण्डेका उपन्यासले प्राप्त गरेको सांस्कृतिक महत्त्व र कलात्मक गुणावत्ताको अध्ययन शक्तिसम्बन्धसम्बन्धी सैद्धान्तिक मान्यताका आधारमा गरिएको हुँदा प्रस्तुत शोधकार्यको प्राज्ञिक एवम् अनुसन्धानात्मक औचित्य छ भन्ने कुरा प्रमाणित हुन्छ । यस विषयको अध्ययनबाट पाण्डेका उपन्यासमा अभिव्यक्त शक्तिसम्बन्धसम्बन्धी ज्ञानको नयाँ तथा मौलिक प्रतिपादन पनि गरिएकाले पाण्डेका उपन्यासहरूमा पाइने शक्तिसम्बन्धको अवस्थालाई बुझ्न चाहने अध्येता, जिज्ञासु र विद्यार्थीलाई समेत सहयोग पुग्ने हुँदा प्रस्तुत अध्ययन औचित्यपूर्ण भएको छ ।

## १.६ शोधको सीमाङ्कन

प्रस्तुत अध्ययन नयनराज पाण्डेका उपन्यासमा शक्तिसम्बन्धको विश्लेषणमा मात्र केन्द्रित रहेको छ । पाण्डेद्वारा लिखित *नाङ्गो मान्छेको डायरी* (२०४४), *विक्रमादित्य एउटा कथा सुन !* (२०४४), *अतिरिक्त* (२०५०), *उलार* (२०५५), *लू* (२०६८), *घामकिरी* (२०७०) र *सल्लीपिर* (२०७२) गरी सातओटा उपन्यासहरू विभिन्न विषयवस्तुमा आधारित छन् । सांस्कृतिक अध्ययन आफैँमा विस्तृत क्षेत्र भएको हुनाले उपन्यासभित्रको बृहत् समाज र संस्कृतिभित्रको व्यापक चिन्तनलाई समेट्न कठिन हुन्छ । सांस्कृतिक अध्ययनअन्तर्गत विभिन्न आधारमा उपन्यासको अध्ययन र विश्लेषण गर्न सकिने भए पनि प्रस्तुत शोधकार्यमा पाण्डेका *नाङ्गो मान्छेको डायरी* (२०४४), *उलार* (२०५५), *लू* (२०६८), र *सल्लीपिर* (२०७२) गरी चारओटा उपन्यासहरूमा वर्गीय, जातीय र लैङ्गिक दृष्टिले हेर्दा शक्तिसम्बन्धको सबल प्रस्तुति रहेको पाइन्छ । तसर्थ शोध शीर्षकको उद्देश्यअनुसार शक्तिसम्बन्धको सघनता र प्रबलताको आधारमा सोद्देश्य छनोट गरी शक्तिसम्बन्धसम्बन्धी सैद्धान्तिक मान्यताको आधारमा वर्गीय, जातीय र लैङ्गिक छुट्टाछुट्टै शीर्षक बनाई अलग-अलग परिच्छेदमा अध्ययन र विश्लेषण गरिएको छ । अतः पाण्डेका उल्लिखित चारओटा उपन्यासमा अभिव्यक्त वर्गीय, जातीय र लैङ्गिक शक्तिसम्बन्धको मात्र खोजी गर्नु प्रस्तुत शोधको सीमा हो ।

## १.७ शोधविधि

शोधविधिअन्तर्गत सामग्री सङ्कलन कार्य र सामग्री विश्लेषणको सैद्धान्तिक आधार र विश्लेषण ढाँचालाई अलग-अलग शीर्षकमा यसप्रकार उल्लेख गरिएको छ :

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोध साहित्यिक अध्ययनसँग सम्बन्धित भएकाले यसका निम्ति आवश्यक सम्पूर्ण सामग्रीहरू पुस्तकालयीय अध्ययन कार्यका आधारमा सङ्कलन गरिएको छ । त्यसक्रममा प्राथमिक तथा द्वितीयक स्रोतका सामग्रीको सङ्कलन र उपयोग गरी यो शोधकार्य सम्पन्न गरिएको छ । यस शोधका सामग्री नयनराज पाण्डेले रचेका सबै सातओटै उपन्यास हुन् तापनि ती सबैलाई सांस्कृतिक अध्ययनको शक्तिसम्बन्धका दृष्टिले हेर्दा ती मध्येका जम्मा चारओटा उपन्यासमा वर्गीय, जातीय र लैङ्गिक शक्तिसम्बन्ध विशेष सघन एवम् सबल रूपमा व्यक्त भएको पाइन्छ । तसर्थ प्रस्तुत शोधकार्यमा उठाइएका

शोधसमस्याको समाधानार्थ सामग्रीको सोद्देश्य छनौट गर्ने विधिका आधारमा पाण्डेका *नाङ्गो मान्छेको डायरी* (२०४४), *उलार* (२०५५), *लू* (२०६८), र *सल्लीपिर* (२०७२) गरी चारओटा उपन्यासहरूलाई विश्लेषणका निम्ति चयन गरिएको छ । यस शोध्यविषयसँग सम्बन्धित समालोचनात्मक ग्रन्थ, लेख, रचना र शोधपत्रबाट प्रस्तुत शोधका निम्ति आवश्यक द्वितीयक स्रोत सामग्रीको सङ्कलन गरिएको छ । यसमा शक्तिसम्बन्धसम्बन्धी सैद्धान्तिक मान्यता पनि द्वितीयक स्रोतबाटै सङ्कलन गरी उपयोग गरिएको छ ।

## १.७.२ सैद्धान्तिक आधार र विश्लेषणको ढाँचा

नयनराज पाण्डेका उपन्यासहरू शक्तिसम्बन्धका दृष्टिले महत्त्वपूर्ण रहेका छन् । उनका उपन्यासमा वर्गीय, जातीय र लैङ्गिक प्रभुत्व प्रबल रूपमा अभिव्यक्त भएको पाइन्छ । यस क्रममा शक्तिसम्बन्धको सघनता र प्रबलताको आधारमा सोद्देश्य नमुना छनोट पद्धतिको प्रयोग गरी *नाङ्गो मान्छेको डायरी* (२०४४), *उलार* (२०५५), *लू* (२०६८) र *सल्लीपिर* (२०७२) गरी चारओटा उपन्यासहरूको मात्र अध्ययन गरिएको छ । सांस्कृतिक अध्ययनको महत्त्वपूर्ण आधार शक्तिसम्बन्धभित्र वर्गीय शक्तिसम्बन्ध, जातीय शक्तिसम्बन्ध र लैङ्गिक शक्तिसम्बन्धलाई विश्लेषणको मुख्य आधार बनाइएको छ । प्रभुत्वशाली र अधीनस्थ वर्ग, कथित उपल्लो जाति र तल्लो जाति तथा महिला र पुरुषबिचको सम्बन्धको अध्ययन गर्न फुकोको शक्तिसम्बन्धसम्बन्धी मान्यता र ग्राम्सीको हैकमसम्बन्धी मान्यताको आधारमा कृति विश्लेषण गरिएको छ ।

प्रस्तुत अध्ययनमा उल्लिखित सिद्धान्तको आधारमा समस्यालाई व्याख्यात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरी निष्कर्षमा पुगिएको छ । यस अध्ययनमा शक्तिसम्बन्धलाई केन्द्रमा राखी शोध प्रश्नहरूको प्राज्ञिक जिज्ञासा समाधानका लागि निम्नलिखित ढाँचामा आधारित भई सामग्रीको विश्लेषण गरिएको छ :

शोध प्रश्न (१) को प्राज्ञिक जिज्ञासा समाधानका लागि सामग्रीको विश्लेषण निम्नलिखित अवधारणात्मक ढाँचामा आधारित रहेर गरिएको छ :

उपन्यासमा प्रस्तुत गरिएका पात्रहरूमध्ये प्रभुत्वशाली र अधीनस्थ वर्गका पात्रहरूलाई वर्गीय शक्तिसम्बन्धको आधारमा केकसरी उपस्थित गराइएको छ र तिनलाई प्रदान गरिएको भूमिका केकस्तो रहेको छ भन्ने कुराको अध्ययन गरिएको छ । प्रभुत्वशाली वर्गद्वारा

शक्तिसम्बन्ध टिकाइ राख्न कस्तो रणनीति अपनाइएको छ साथै नयाँ संस्कृति निमार्णको प्रक्रियाका केकस्ता सङ्केतहरू रहेका छन् भन्ने कुराको अध्ययन गरिएको छ ।

शोध प्रश्न (२) को प्राज्ञिक जिज्ञासा समाधानका लागि उपन्यासमा प्रस्तुत गरिएका पात्रहरूलाई जातीय शक्तिसम्बन्धका आधारमा केकसरी उपस्थित गराइएको छ भन्ने कुराको अध्ययन गरिएको छ ।

शोध प्रश्न (३) को प्राज्ञिक जिज्ञासा समाधानका लागि उपन्यासमा प्रस्तुत गरिएका पात्रहरूलाई शक्तिसम्बन्धका दृष्टिले केकसरी लैङ्गिक पहिचानको निर्माण गराइएको छ भन्ने कुराको अध्ययन गरिएको छ । साथै महिला पुरुषको विभिन्न अवस्था, भूमिका र चाहनाको अभिव्यक्ति केकसरी गरिएको छ भन्ने कुराको अध्ययन गरिएको छ ।

## १.८ शोधप्रबन्धको रूपरेखा

प्रस्तुत शोधप्रबन्धको संरचनात्मक सङ्गठनलाई व्यवस्थित रूप दिनका लागि निम्नलिखित परिच्छेदमा सङ्गठित गरिएको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : नयनराज पाण्डेका उपन्यासमा वर्गीय शक्तिसम्बन्धको अवस्था

तेस्रो परिच्छेद : नयनराज पाण्डेका उपन्यासमा जातीय शक्तिसम्बन्धको अवस्था

चौथो परिच्छेद : नयनराज पाण्डेका उपन्यासमा लैङ्गिक शक्तिसम्बन्धको अवस्था

पाँचौं परिच्छेद : सारांश तथा निष्कर्ष

# दोस्रो परिच्छेद

# नयनराज पाण्डेका उपन्यासमा वर्गीय शक्तिसम्बन्धको अवस्था

## २.१ विषयपरिचय

उपन्यासकार नयनराज पाण्डेका सातओटा उपन्यासहरूमध्ये *नाङ्गो मान्छेको डायरी* (२०४४), *उलार* (२०५५), *लू* (२०६८), *सल्लीपिर* (२०७२) गरी जम्मा चारओटा उपन्यासहरूमा अभिव्यक्त प्रभुत्वशाली र अधीनस्थ समुदायबिचको वर्गीय शक्तिसम्बन्धका बारेमा यस परिच्छेदमा विश्लेषण गरिएको छ ।

नयनराज पाण्डे नेपाली समाजका आर्थिक, सामाजिक तथा राजनैतिक सम्बन्धलाई सूक्ष्म रूपले साहित्यमा अभिव्यक्त गर्ने उपन्यासकार हुन् । उनका उपन्यासमा समाजका यिनै आर्थिक तथा सामाजिक सम्बन्धमा आधारित वर्ग र तिनका बिचको अन्तर्द्वन्द्व, शोषण तथा दमन, राजनीतिक विकृति, वर्गगत विभेद र असमानताजस्ता विषयलाई प्रभावकारी रूपमा उठान गरिएको पाइन्छ । उनका उपन्यासमा सामाजिक संस्कृतिले निमार्ण गरेको वर्गीय, जातीय, लैङ्गिक तथा क्षेत्रीय उत्पीडनलाई विभिन्न सन्दर्भमा विश्लेषण गर्न सकिन्छ । यी विविध सन्दर्भलाई हेर्दा शक्तिसम्बन्धका दृष्टिले पाण्डेका उपन्यासहरू सशक्त रहेका छन् । प्रस्तुत अध्ययनका लागि छनौट गरिएका उपन्यासमा पाण्डेले प्रायः जसो सबै वर्ग, जाति र लिङ्ग समुदायका पात्रहरूको उपस्थिति गराएर प्रभुत्वशाली वर्गद्वारा निर्मित अभिजात संस्कृतिले निम्त्याएको वर्गसङ्घर्षको जीवन्त प्रस्तुति पाइन्छ । त्यसैगरी उनका उपन्यासमा तत्कालीन विकृत राजनीति र अर्थव्यवस्थाको आडमा मौलाएको प्रशासनिक संयन्त्रको संरचना साथै त्यसका केन्द्रमा रहेका प्रभुत्वशाली वर्गबाट शोषित र पीडित अधीनस्थ समुदायको दयनीय अवस्थाको प्रस्तुति पाइन्छ । प्रभुत्वशाली वर्गहरूको वर्चस्वले उत्पीडित वर्ग तथा समुदायका मानिसहरू त्यसका विरुद्धमा बोल्न र आफ्नो अस्तित्वको खोजी गर्नसमेत नसकेको यथार्थतालाई पाण्डेले आफ्ना उपन्यासमा वर्गीय, जातीय तथा लैङ्गिक विभेदको असमान अवस्थालाई प्रस्तुत गर्न सक्षम रहेका छन् । यसैगरी समाजमा प्रभुत्वशाली वर्ग तथा समुदायका मानिसहरू शक्तिका केन्द्रमा रहने हुँदा समाज सञ्चालन प्रक्रियामा आफू अनुकूल नीति नियमहरू निमार्ण गरी उत्पीडित वर्गलाई अधीनस्थ बनाउँछन् । तसर्थ समाजमा अधीनस्थ भएर जीवननिर्वाह गर्न बाध्य भएका वा बाध्य पारिएका व्यक्ति, परिवार र समुदायको वर्गद्वन्द्व र वर्गीय शक्तिसङ्घर्षको अभिव्यक्ति उनका

उपन्यासहरूमा पाइन्छ । अतः पाण्डेका उपन्यासमा शक्तिसम्बन्धका दृष्टिले प्रभुत्वशाली र अधीनस्थ वर्गका पात्रहरूबिचको वर्गीय शक्तिसम्बन्धको अध्ययन यस परिच्छेदमा गरिएको छ ।

## २.२ वर्गीय शक्तिसम्बन्धको सैद्धान्तिक अवधारणा

शक्तिसम्बन्ध सांस्कृतिक अध्ययनका क्षेत्रमा विकसित एउटा नवीन समालोचनात्मक अवधारणा हो । शक्तिसम्बन्ध शब्द अङ्ग्रेजी 'पावर रिलेसन' शब्दको नेपाली रूप हो । शक्ति सत्तासँग सम्बन्धित पक्ष हो तसर्थ शक्तिसम्बन्ध भनेको सत्तासँगको सम्बन्ध हो । समाजमा अस्तित्वमा रहेका विभिन्न वर्ग, जाति, लिङ्ग तथा क्षेत्रकाबिच शक्तिसम्बन्ध सन्तुलित वा असन्तुलित केकस्तो रहेको छ भन्ने कुराको अध्ययन शक्तिसम्बन्धअन्तर्गत गरिन्छ । शक्तिसम्बन्धी व्याख्याको क्रममा इटालेली चिन्तक आन्तोनियो ग्राम्सीको 'प्रभुत्व' सम्बन्धी अवधारणा साथै फ्रान्सेली चिन्तक मिसेल फुकोको 'सत्ता' सम्बन्धी अवधारणा महत्त्वपूर्ण रहेको छ । प्रस्तुत परिच्छेदमा विश्लेषणका लागि छनोट गरिएका नयनराज पाण्डेका उपन्यासहरूमा चित्रित पात्रहरूको वर्गीय अवस्थाको आधारमा शक्तिसम्बन्धको विश्लेषण गरिएको छ । यहाँ वर्गलाई पात्रहरूको आर्थिक, शैक्षिक र राजनैतिक अवस्थासँग जोडिए तापनि मुख्य गरी आर्थिक अवस्थाकै आधारमा पात्रहरूको वर्गीय पहिचान गरी विश्लेषण गरिएको छ ।

'वर्ग' शब्दको उत्पत्ति श्रम विभाजनसँगै भएको हो । निजी स्वामित्वका कारण समाजमा धनी र गरिब तथा शोषक र शोषित वर्गको उदय भयो । यही आर्थिक सम्बन्धले 'वर्ग' शब्दको जन्मको आधार प्राप्त गऱ्यो (भट्टराई, २०७७, पृ. ६१) । समाजमा पनि आर्थिक असमानताकै आधारमा उच्च, मध्यम, निम्नवर्ग निर्धारण भएको पाइन्छ । यसरी मार्क्सवादी  दृष्टिअनुसार वर्गले सामाजिक आर्थिक वर्गलाई बुझाउँछ ।

वर्गसम्बन्धी कार्लमार्क्सको मान्यता महत्त्वपूर्ण रहेको छ । उनले सामाजिक परिवर्तन र वर्ग सङ्घर्षलाई महत्त्वका साथ व्याख्या गरेका छन् । पुँजीपति वर्गले हैकम जमाउने र श्रमिक वर्गले प्रतिरोध गर्दा सङ्घर्षको स्थिति सृजना हुनाले पुँजीपति वर्ग र श्रमिक वर्गकाबिच शक्तिसम्बन्धको अवस्था रहने कुरा मार्क्सले गरेका छन् (घर्ती, २०८१ पृ.२८) । वर्गका विषयमा लेलिनको मत पनि महत्त्वपूर्ण रहेको छ । वर्गको बारेमा लेलिनले प्रस्तुत गरेको मतलाई रमेशप्रसाद भट्टराईले यसरी प्रस्ट पारेका छन् :

> वर्ग मानिसहरूको समूह हो । वर्गहरू सामाजिक उत्पादन प्रणालीका कारण एक अर्काबाट भिन्न भई आफ्नो स्थान निर्धारण गर्दछन् । सामाजिक उत्पादन प्रणाली इतिहासद्वारा निर्धारित हुन्छ र त्यही कारण वर्गहरू एतिहासिक रूपमा नै मानिसहरूका समूहका रूपमा निर्धारित हुन्छन् । वर्गको निर्धारण सामाजिक सङ्गठनमा तिनीहरूले गर्ने श्रमका आधारमा हुन्छ । सामाजिक सम्पत्तिको वितरणका आधारमा वर्गहरूको निर्धारण हुन्छ (भट्टराई, २०७७ पृ.६३-६४) । उत्पादन सामाजिक प्रक्रिया हो, त्यही कारण वर्गहरू सामाजिक उत्पादन प्रणालीमा भिन्न भिन्न अवस्था र स्थान प्राप्त गर्दछन् ।

लेलिनले वर्गको परिचय उत्पादनको साधनमा स्वामित्व, श्रम र शोषणमा आधारित हुन्छ भनेर भनेका छन् । वर्ग मानिसको त्यस्तो समूह हो, जसअन्तर्गत सामाजिक अर्थव्यवस्थाका प्रणालीभित्र कमजोर समूहको श्रमको शोषण हुने कुरामा लेलिनले जोड दिएका छन् । शक्तिसम्बन्धमा आधार र अधिरचनाको पनि महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । मार्क्सका निम्ति विश्वात्मा भनेको आर्थिक शक्ति हो । अर्थतत्त्वमा, उत्पादन स्रोतमा जसको कब्जा छ, उही शासन गर्दछ र उसकै आइडोलोजी अरूमा पनि थोपरिन्छ । अर्थ जग हो भने कला, संस्कृति, साहित्य, धर्म, दर्शन र विचारधाराहरू अधिरचना हुन् । उत्पादनको स्थितिअनुसार तिनीहरू रूपायित हुन्छन् (गौतम, २०७५, पृ.२६) । गौतमको भनाइअनुसार समाज परिवर्तनको मुख्य कडी नै अर्थ हो । आधार वा उत्पादनमाथि स्वामित्व हुने व्यक्तिले नै आफ्नोअनुकूल विचारधाराको निर्माण गरी शासन गर्छ र अधीनस्थ वर्गले यसलाई स्वीकार गर्न बाध्य हुन्छ । वर्गीय समाजमा अर्थले नै मान्छेहरूको वर्गीय पहिचान कायम गर्दछ । तसर्थ शक्ति निर्धारणको महत्त्वपूर्ण तत्त्वको रूपमा अर्थ रहेको छ ।

शक्तिसम्बन्धको विश्लेषणका क्रममा प्रभुत्वको पनि महत्त्वपूर्ण भूमिका हुन्छ । समाजमा शक्ति निर्माणको प्रमुख आधार अर्थ भएजस्तै प्रभुत्वलाई पनि शक्ति निर्माणको अर्को महत्त्वपूर्ण आधारको रूपमा लिन सकिन्छ । प्रभुत्व/वर्चस्वसम्बन्धी मान्यताका केन्द्रीय इटालेली चिन्तक एन्तोनियो ग्राम्सी (सन् १८९१-१९३८) हुन् । ग्राम्सीद्वारा लिखित प्रिजन नोटबुकमा प्रभुत्वसम्बन्धी मान्यताको परिचर्चाको क्रममा शक्तिसम्बन्धको व्याख्या गरेका छन् । अङ्ग्रेजीको 'हेजेमोनी' शब्दलाई नेपालीमा प्रभुत्व भनिएको हो । प्रभुत्व एक किसिमको वैचारिक र सांस्कृतिक प्रक्रिया हो । शक्ति निर्माणका लागि प्रभुत्वशाली वर्ग सधैँ सक्रिय

रहन्छ र शक्ति निमार्णकै क्रममा बलको मात्र प्रयोग नगरी कहिलेकाहीँ आवश्यक्ताअनुसार वार्ता र सहमतिका आधारमा पनि अधीनस्थ वर्गमाथि प्रभुत्व कायम गर्न सफल रहन्छ । प्रभुत्व भनेको भौतिक र विचारधारात्मक उपकरणहरूको गठजोड हो जसका माध्यमबाट प्रभुत्वशाली वर्गले आफ्नो शक्ति कायम गरेको हुन्छ (पाण्डेय, २०७३, पृ. १७९) । यसरी प्रभुत्वको माध्यमबाट पनि शक्ति कायम भएको पाइन्छ । शक्तिसम्बन्धमा प्रभुत्वशाली वर्गले अनेक जुक्ति अपनाई वर्चस्व कायम राख्न सफल रहन्छ । वर्चस्वशाली वर्ग जहिले उग्र रूपमा प्रस्तुत नभएर कहिले अधीनस्थ वर्गलाई हातमा लिएर अगाडि बढ्छ । यससन्दर्भमा तारालाल श्रेष्ठ लेख्छन् :

> ग्राम्सीका अनुसार शक्तिशाली कमजोर निमुखामाथि आफ्नो शासन सत्ताको प्रभुत्व कायमै राख्न बलको मात्र प्रयोग गर्दैन, सहमतिमार्फत पनि प्रभुत्व निमार्ण र प्रयोग गर्छ । ग्राम्सीका शब्दमा, हैकमलाई सामान्यतः बल र सहमति दुवैको प्रयोगबाट सन्तुलन गरिन्छ । बल प्रयोगद्वारा मात्र नभएर नागरिक अभिव्यक्तिद्वारा छापा र सञ्चारमार्फत नागरिकको सहमति बटुल्ने लगायत सहमतिको विविध उपाय अपनाएर शक्तिशाली समूहले सीमान्त वर्गमाथि प्रभुत्व कायम गर्छ । (श्रेष्ठ, २०६८, पृ. ४०)

यसरी प्रभुत्वशाली वर्गले अवसर हेरेर बल र सहमति दुवैको माध्यमबाट आफ्नो वर्चस्व कायम गर्न सफल रहन्छ । प्रभुत्वशाली वर्ग पहुँचमा रहेकोले आवश्यकताअनुसार नागरिक अभिव्यक्ति र सञ्चारमाध्यमको पनि प्रयोग गरी सहमति जुटाउने प्रयास गर्छ र आफू शासन सत्तामा टिकिरहन्छ भन्ने कुरा ग्राम्सीको विचारबाट प्रस्ट हुन्छ ।

प्रभुत्व भनेको हैकम वा वर्चस्व कायम गर्नु हो । समाजमा प्रभुत्वशाली वर्गले कमजोर वर्गमाथि आफ्नो हैकम कायम गरी उनीहरूलाई अधीनस्थ बनाउने गर्दछन् । यसरी प्रभुत्वलाई पहिलेदेखि नै समाजमा चलिआएको प्रभुत्वशाली वर्ग र अधीनस्थ वर्गबिचको सम्बन्धको रूपमा लिन सकिन्छ । प्रभुत्व एक किसिमको वैचारिक र सांस्कृतिक प्रक्रिया हो । सोझो दमन वा बलले मान्छेमाथि शासन गर्न सकिन्न भन्ने मान्यतामा आधारित प्रभुत्वले शासकवर्गीय विचारधारालाई  स्थापित गर्ने लक्ष्य राखेको हुन्छ (भट्टराई, २०७०, पृ.३४४) । यसरी हेर्दा शासक वर्ग शक्ति निर्माणका लागि प्रत्यक्ष रूपमा मात्र नभई बौद्धिक, नैतिक र विचारधारात्मक प्रक्रियाका माध्यमबाट पनि शक्तिअभ्यास गरिरहेको हुन्छ ।

प्रभुत्वको अर्थ समय परिवेशअनुसार फरक फरक अर्थमा प्रयोग भएको पाइन्छ । सुरुमा प्रभुत्व शक्तिशाली वर्गले कमजोर माथि हैकम कायम गर्नका लागि प्रयोग गरेको देखिन्छ भने पछि अधीनस्थ वर्गले प्रतिप्रभुत्व वा प्रतिवर्चस्वका लागि प्रभुत्व शब्दको प्रयोग गरेको पाइन्छ । प्रभुत्वसम्बन्धी ग्राम्सीको अवधारणाका बारेमा अमर गिरीले यसरी स्पष्ट पारेका छन् :

> प्रभुत्व मनुष्यको कमनसेन्सलाई आफूअनुकूल रूपान्तरित गर्ने कुरा हो । प्रभुत्वले विचारधारामार्फत आफूअनुकूल संस्कार र चेतना निर्माणको त्यस्तो अवस्थालाई जनाउँछ जहाँ मानिसमा आलोचनात्मक चेतना समाप्त हुन्छ र उसले आफूमाथिको उत्पीडन र राज्य एवम् शासनप्रणालीको दमनात्मक रूपलाई वैधता प्रदान गर्दछ । विचारधारामार्फत प्रभुत्व निर्माण गर्ने कार्य राज्यले मात्र उत्पादन गर्दैन शक्ति संरचनाका विभिन्न तहहरूले पनि गर्छन् । यो आर्थिक र राजनीतिक विषयसँग सम्बन्धित धारणामात्र नभएर संस्कृतिसँग सम्बन्धित अवधारणा पनि हो । सांस्कृतिक अध्ययनमा सामाजिक संरचनाका विभिन्न तहमा प्रभुत्व र विचारधारा, उत्पीडक र उत्पीडितबिचका सम्बन्धहरूलाई पनि हेरिन्छ । (गिरी, २०७०, पृ.३०-३१)

प्रभुत्व आर्थिक, राजनीतिक साथै सांस्कृतिक विषयसँग सम्बन्धित प्रक्रिया हो, जसअन्तर्गत प्रभुत्वशाली वर्गले विचारधाराको माध्यमबाट आफ्नो अनुकूलको नीति नियम बनाई अधीनस्थमाथि शासन गर्दछ । प्रभुत्वसम्बन्धी मान्यतालाई समयसन्दर्भ अनुसार फरक फरक तरिकाले अर्थ्याउँदै आएको पाइन्छ । सुरु सुरुमा शक्तिशाली राज्यले कमजोरमाथि राजनैतिक हैकम कायम गर्नका लागि प्रभुत्वको प्रयोग गरेको पाइन्छ भने पछि उत्पीडित वर्गले सत्तासीनको हैकमलाई तोड्दै आफ्नो प्रभुत्व जमाउनका लागि प्रभुत्वशाली वर्गबाट सत्ता कब्जा गर्नका लागि 'प्रभुत्व' शब्दको प्रयोग गरिएको पाइन्छ ।

शक्तिसम्बन्धी उत्तरसंरचनावादी चिन्तक मिसेल फुकोको अवधारणा महत्त्वपूर्ण र अन्यभन्दा केही फरक छ । फुकोले विमर्श, शक्ति तथा ज्ञानको अवधारणालाई प्रस्तुत गरेका छन् । फुकोको शक्तिसम्बन्धी अवधारणाका सम्बन्धमा सञ्जीव उप्रेतीले यसरी उल्लेख गरेका छन् :

फुकोको 'शक्ति' बारेको अवधारणा मार्क्सवादी धारणाभन्दा केही भिन्न छ । मार्क्सवादीहरूका निम्ति शक्तिको मुख्य स्रोत आर्थिक हुन्छ र समाजमा चलिरहने आर्थिक तथा सामाजिक वर्गसङ्घर्षसँग जोडिएको हुन्छ । फुकोको विचारमा भने शक्तिको अभ्यास आर्थिक क्षेत्रमा मात्र नभएर अन्य क्षेत्रमा पनि भइरहेकै हुन्छ । शक्तिका कर्मकाण्डहरू राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिकलगायत समाजका सबै क्षेत्रमा मात्र नफैलिएर विश्वव्यापी संसार, राष्ट्र, समाजदेखि लिएर परिवार र व्यक्तिका अन्तर्मनसम्म चलिरहेकै हुन्छ । अर्को शब्दमा शक्तिको अभ्यास युद्ध वा राजनीतिमा मात्र हुँदैन । अफिस, स्कूल वा पारिवारिक एकाइभित्र पनि हुन्छ । पुरुषप्रधान समाजमा प्रायः गरी पिता अर्थआर्जन गर्ने शक्ति भएकाले परिवारभित्रको आर्थिक र राजनीतिक शक्तिको वागडोर पनि प्रायः गरी घरको मुख्य मुली अर्थात् पितासँगै हुन्छ । साथै जहाँ शक्तिको अभ्यास देखा पर्छ, त्यहाँ नै त्यसको प्रतिकारको सम्भावना पनि साथसाथै मौलाउँछ । त्यसैले शक्तिको अभ्यास र त्यसको प्रतिरोधलाई छुट्टाछुट्टै नभएर एउटै प्रक्रियाका दुई भागको रूपमा हेरिनुपर्दछ । (उप्रेती, २०६८, पृ.४२)

मिसेल फुकोको विचारमा शक्ति आर्थिक शोषणको माध्यम मात्र होइन यो शोषण, दमन र प्रतिरोधको कारक पनि हो । शक्तिको अभ्यास समाजको जुनसुकै सानो वा ठुलो संस्थाभित्र भइरहेकै हुन्छ । शक्तिको अभ्यास भइरहँदा त्यसको विरुद्ध आवाज उठाउने सम्भावना रहेको हुनाले शक्ति र प्रतिरोधलाई सँगै जोडेर अध्ययन गर्नुपर्ने कुरामा फुकाले जोड दिएका छन् ।

शक्तिसम्बन्धलाई सांस्कृतिक अध्ययनको मूलभूत पक्षका रूपमा लिइन्छ । आदिम समाजवादी अर्थव्यवस्थामा वर्गहरू थिएनन् । वर्गहरू नभएका कारण त्यहाँ वर्गहरूबिच चल्ने द्वन्द्व र सङ्घर्ष पनि थिएन अर्थात् शक्तिको अभ्यास प्रचलनमा थिएन । वर्गको उदयपश्चात् नै शक्तिसम्बन्ध अस्तित्वमा आएको हो । वर्गद्वन्द्वबारे अमर गिरीले कवितामा वर्गद्वन्द्व (२०७५) नामक पुस्तकमा लेखेका छन्- "दास युगमा दास-मालिक सङ्घर्ष, सामन्तवादी युगमा सामन्तवाद र किसानहरूबिचको सङ्घर्ष, पुँजीवादी युगमा पुँजीपति र सर्वहारा वर्गबिचको सङ्घर्ष नै प्रमुख र निर्णायक सङ्घर्षका रूपमा रहँदै आएका छन्" (पृ.१७) ।  यस सन्दर्भले दास युगदेखि पुँजीवादी युगसम्म दुई प्रमुख विरोधी वर्गबिच द्वन्द्व

चल्दै आएको कुरा प्रस्ट हुन्छ । समाजमा शक्तिसङ्घर्षकै क्रममा यी दुई विरोधी वर्गबिच विभिन्न कारणले द्वन्द्वको सिर्जना हुने गर्दछ ।

शक्तिसम्बन्धलाई सामाजिक सांस्कृतिक संरचना, सीमान्तीकृत समुदाय, सीमान्तीकृत विचार, प्रभुत्वशाली समुदाय र प्रभुत्वशाली विचारधाराका आधारमा हेर्दा जब कुनै राष्ट्र कमजोर वा शक्तिहीन राष्ट्रका रूपमा परिचित हुन थाल्छ, यस्तो अवस्थामा शक्तिसम्पन्न राष्ट्रले उसमाथि आफ्नो प्रभुत्व र शक्तिको प्रयोग गरी आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक आदि क्षेत्रमा प्रभाव जमाउन सुरु गर्छ । यस्तो अवस्थामा शक्तिहीन राष्ट्रले आफ्नो निजी पहिचान गुमाउँछ र प्रकान्तरमा सीमान्तीकृत राष्ट्रका रूपमा पनि परिचित हुन पुग्छ । सत्ता, शक्ति, वर्चस्व, आधिपत्यका आधारले केन्द्रले किनारालाई कहिल्यै आफूसमान हुन दिँदैन, परपरै पन्साएर त्यसमाथि प्रभुत्व जमाएर आफ्नै योजनामात्र कार्यान्वित गरिरहन्छ । किनारालाई वञ्चित राखेरै वर्चस्वको मूलधार उर्लिन्छ (सुब्बा र थापा, सन् २०११, पृ.३) । यसरी केन्द्रले किनारा वा अधीनस्थमाथि वर्चस्व कायम गरी विभिन्न प्रकारले उत्पीडन गरिरहेको हुन्छ । शक्तिसङ्घर्षको क्रममा आर्थिक, राजनीतिक र सामाजिक सांस्कृतिक कारणले प्रभुत्व सिर्जना हुने र उत्पीडक वर्गले विभिन्न प्रकारका विभेदद्वारा वर्गीय सत्तालाई जोगाइ राख्न सफल हुन्छ भन्ने कुराको निष्कर्ष सुब्बाले निकालेका छन् ।

शक्तिको प्रवाह र प्रभाव विभिन्न आयामबाट परिचालित हुन्छ । शक्तिकेन्द्रले सबै सामाजिक क्रियाकलापलाई प्रभाव पारेको हुन्छ । फुकोको शक्ति तथा ज्ञानका सन्दर्भमा ताराकान्त पाण्डेयले यसरी लेखेका छन् :

> फुकोले 'शक्ति' को नितान्त नयाँ अवधारणा अगाडि सारेका छन् । हामी प्रायः शक्ति सम्प्रभुता, राज्य, शासक वर्ग आदिबाट तलतिर एकल दिशामा सर्छ भन्ने मान्दै आएका थियौँ । फुकोका लागि भने शक्तिले चेनको रूपमा काम गर्दैन । यसमाथि कहिल्यै एउटा केन्द्रको एकाधिकार हुँदैन । यो जालो जस्तो सङ्गठनका माध्यमबाट प्रयोग गरिन्छ र उत्पीडक र उत्पीडित सबै यसैसँग सम्बन्धित रहन्छन् । शक्तिको सम्बन्ध सामाजिक अस्तित्वका सबै तहमा छिर्छ र त्यसले सामाजिक जीवनका प्रत्येक क्षेत्रमा क्रियाशील हुन्छ । चाहे त्यो व्यक्तिगत क्षेत्र होस् वा राजनीति, कानुन र अर्थतन्त्रको सार्वजनिक क्षेत्र होस् । (पाण्डेय, २०७३, पृ.९८)

यसरी फुकोको मान्यताअनुसार शक्ति माथिबाट तलतिर मात्रै प्रवाहित हुँदैन यसको सम्बन्ध सामाजिक अस्तित्वका सबै तहमा रहेको हुन्छ ।

सीमान्तीकृत वर्ग तथा समुदाय सदियौँदेखि प्रभुत्वशाली शासनपद्धतिद्वारा अधीनस्थ छ । समाजमा प्रभुत्वशाली वर्ग सधैँ शक्ति र सत्ताको केन्द्रमा रही आफूअनुकूलको संस्कृति निर्माण गर्छन् र त्यसलाई विभिन्न उपायद्वारा अधीनस्थमाथि लागू गर्छन् । आर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनैतिक क्षेत्रमा निम्न वर्गहरूको सहभागिता रहे तापनि प्रभुत्वशाली वर्गले उनीहरूलाई सधैँ उपेक्षित र शक्तिविहीन बनाई सीमान्तीकृत अवस्थामा पुऱ्याएको पाइन्छ । शक्तिसम्पन्नले अशक्तलाई, बहुसङ्ख्यकले अल्पसङ्ख्यकलाई, शासकले शासितलाई अधीनस्थ बनाई शक्तिअभ्यास गरिहेको अवस्था अझै पनि विद्यमान छ ।

वर्गीय शक्तिसम्बन्धको सन्दर्भमा पाण्डेका उपन्यासमा केकस्ता वर्गीय पात्रहरूको प्रतिनिधित्व गराइएको छ ? उनका उपन्यासमा कुन वर्गका मानिस तथा पात्रहरूको उपस्थिति गराइएको छ ? वर्गीय रूपमा उनीहरूको भूमिका केकस्तो छ ? वर्चस्वशालीद्वारा शक्तिसम्बन्ध वा वर्चस्व कायम राख्न केकस्ता शक्तिअभ्यासहरू गरिएका छन् साथै अधीनस्थ वर्गहरूले केकस्तो शक्तिसङ्घर्ष गर्नुपरेको छ ? शक्तिसम्बन्ध सन्तुलित वा असन्तुलित केकस्तो रहेको छ ? यी पक्षहरूको अध्ययन गरी पाण्डेका उपन्यासमा पाइने वर्गीय शक्तिसम्बन्धको अवस्थाको विश्लेषण यस परिच्छेदमा गरिएको छ ।

## २.३ नयनराज पाण्डेका उपन्यासमा वर्गीय शक्तिसम्बन्ध

नयनराज पाण्डेका जम्मा सातओटा उपन्यास रहेका छन् । प्रभुत्वशाली वर्गको शोषण र उत्पीडनमा परी निम्नवर्ग अधीनस्थ भएर जीवनयापन गर्नुपरेको यथार्थलाई पाण्डेले आफ्ना उपन्यासमा जीवन्तरूपमा प्रस्तुत गरेका छन् । पाण्डेका सातओटा उपन्यासहरूमध्ये यस शोधको पहिलो समस्या समाधानका लागि *नाङ्गो मान्छेको डायरी, उलार, लू* र *सल्लीपिर* गरी जम्मा चारओटा उपन्यासहरूमा वर्गीय शक्तिसम्बन्ध सशक्त रूपमा प्रस्तुत भएको छ । यसरी छनोट भएका उपन्यासका पात्रहरूबिचको वर्गीय शक्तिसम्बन्धको विश्लेषण यस खण्डमा गरिएको छ ।

### २.३.१ *नाङ्गो मान्छेको डायरी* उपन्यासमा वर्गीय शक्तिसम्बन्धको अवस्था

नाङ्गो मान्छेको डायरी उपन्यासमा निम्नवर्गीय 'म' पात्रले जीवनमा भोगेको आर्थिक सङ्कटलाई जीवन्त रूपमा चित्रण गरिएको छ । यस उपन्यासमा 'म' पात्रका श्रीमती र छोरीलाई वर्गीय दृष्टिले सीमान्तीकृत पात्रका रूपमा तथा राज्यसत्ता, पुलिस प्रशासन र पितृसत्तालाई प्रभुत्वशाली पात्रका रूपमा देखाइएको छ । 'म' पात्र आफू पढेलेखेको भए तापनि  सोर्स र वरिष्ठता नभएको कारण उसले कसैबाट कुनै किसिमको सिफारिस लिन नसकेको देखाई कुनै काम पाउनका लागि अनिवार्य रूपमा कसैको सिफारिस चाहिने र सिफारिस नभएको खण्डमा कहीँ पनि जागिर नपाइने तत्कालीन सामाजिक परिवेशलाई यस उपन्यासमा चित्रण गरिएको छ । उपन्यासमा प्रयुक्त निम्नवर्गीय सीमान्तीकृत 'म' पात्र जीवननिर्वाहका लागि जतातत‌ै पहल गरे पनि बिना सिफारिस उसलाई कसैले जागिर नदिएपछि भौँतारिरहेको अवस्थालाई अभिव्यक्त गरिएको छ । यस्तो किसिमको अवस्था नेपाली समाजमा आजपर्यन्त पनि छ । हरेक ठाउँमा नातावाद, कृपावादले गर्दा हजारौँ सक्षम व्यक्तिहरू समाजको पिँधमा रहन बाध्य भएको र यसको फाइदा भने पहुँच भएका केही सीमित व्यक्तिहरूले मात्र लिन सकेको नेपाली समाजको वर्गीय शक्तिसम्बन्धगत जुन यथार्थ वस्तुस्थिति छ त्यसैको प्रतिविम्बन प्रस्तुत उपन्यासमा गरिएको छ ।  यस सन्दर्भलाई उपन्यासमा यसरी चित्रण गरिएको छ :

> खासमा  म ऊसँग एउटा सिफारिस गराउन आएको हुँ । ...तर काम बन्ला जस्तो चाहिँ मलाई पटक्कै आशा लागेको छैन, किनभने ऊ मबाट प्रभावित छैन । मेरो नाम अगाडि कुनै वरिष्ठता जनाउने पद गाँसिएको भए ऊ मबाट पक्कै पनि प्रभावित हुने थियो । तर मसित कुनै त्यस्तो वरिष्ठता छैन, जसलाई भजाएर म उसँग एउटा सिफारिस लिन सकूँ । (पृ.१४)

उपन्यासमा चित्रित 'म' पात्र एउटा सिफारिसको निमित्त पहुँचवाला व्यक्ति कहाँ पुग्छ । पहुँचवाला व्यक्तिले तिमी को मार्फत आएका हौ ? भनेर प्रश्न सोध्दा 'म' पात्रले कुनै जवाफ दिन सक्दैन । 'म' पात्रले कुनै जवाफ दिन नसकेपछि उसलाई सिफारिस पनि दिइँदैन । 'म' पात्र आफू स्वयम्ले प्रभावित पार्न नसक्दा सिफारिस प्राप्त गर्न नसकेकोमा उसलाई हीनताबोध भएको सन्दर्भलाई माथि दिइएको साक्ष्यले प्रस्ट पारेको छ । 'म' पात्र सिफारिस लिन जाँदा उसले अलिकति पनि आशा गरेको छैन । कुनै वरिष्ठ पद आफूमा

नगाँसिएको हुनाले सिफारिस नपाएकोमा आफू ढुक्क नै देखिए तापनि उसले आफ्नो तर्फबाट भने प्रयास गरिरहेको देखिन्छ । प्रभुत्वशाली वर्गले आड, शक्ति र पदको माध्यमबाट 'म' पात्रलाई सिफारिस नदिएर सीमान्तमा राख्न अभ्यस्त भइरहेको सन्दर्भलाई उपन्यासमा प्रस्ट देखाइएको छ । त्यसै गरी सीमान्तीकृत निम्नवर्गीय 'म' पात्रले जीवननिर्वाहका लागि प्रभुत्वशाली वर्गसँग सङ्घर्ष गरिरहेको तत्कालीन सामाजिक परिवेशलाई उपन्यासले उजागर गरेको छ । जीवननिर्वाहका लागि सङ्घर्षशील उपन्यासमा प्रयुक्त 'म' पात्र जस्ता निम्नवर्गीय व्यक्तिहरूलाई प्रभुत्वशाली व्यक्ति वा वर्गले सत्ता र पहुँचका माध्यमबाट किनारामै राख्न हरपल प्रयास गरिरहन्छन् भन्ने यथार्थलाई माथि दिइएको साक्ष्यले प्रस्ट पारेको छ ।

समाज दिनप्रतिदिन परिवर्तन हुने क्रममा देखिन्छ । पुराना मूल्यमान्यताहरू भत्किने क्रममा छन् भने नयाँ मूल्यमान्यताहरू स्थापित हुने क्रममा छ । पुँजीवादी सोच, संस्कार र व्यवहारले नेपाली समाजलाई पनि आक्रान्त बनाएको अवस्था रहेको छ । हरेक कुरालाई पद, पैसा, प्रतिष्ठासँग जोडेर हेर्ने प्रवृत्ति नेपाली समाजमा व्याप्त रहेको छ । जो व्यक्तिसँग पद, पैसा र प्रतिष्ठा हुन्छ उसैलाई समाज र परिवारले पनि मानमर्यादा राख्ने संस्कारको विकास भइरहेको छ । मान्छेका मन, विचार र सम्मानजस्ता चिजहरूलाई पैसाले मापन गर्ने गरिन्छ । कुनै पनि व्यक्तिलाई समाज र परिवारले कतिसम्म मानमर्यादा दिने भन्ने सन्दर्भलाई उससँग कति धन सम्पत्ति छ भन्ने कुराले ठुलो अर्थ राख्छ । ऊसँग पैसा छैन भने समाजमा मात्र नभएर परिवारमा समेत उसलाई हेयका दृष्टिले हेर्ने गरिन्छ । ऊप्रति कस्तो व्यवहार गरिन्छ भन्ने कुरामा ऊसँग कति पैसा छ भन्ने कुराले मापन गर्ने गरिन्छ । समाजमा यस्तो किसिमको प्रवृत्तिले विभिन्न किसिमको विभेद, विषमताहरू सिर्जना भइरहेका छन् । यस सन्दर्भलाई उपन्यासमा यसरी चित्रण गरिएको छ :

> आज जिन्दगीमा पहिलोपटक मलाई यस्तो लाग्यो, मानौँ म सर्वाङ्ग नाङ्गो भएर बीच सडकमा उभिएको छु ।
>
> मैले सुनेँ, बुबा भन्दै हुनुहुन्थ्यो- 'छोरो काम लाग्ने भएन ।' र बुबाको भनाइमा सबैबाट सहमति जनाइयो । वास्तवमा कुराको केन्द्रविन्दु 'म' हुन्छु । म बुबा र सम्पूर्ण परिवारको दृष्टिमा त्यतिखेर मात्र काम लाग्ने देखिने छु, जतिखेर हरिया नोटले सबैको आँखा ढाक्न सकूँ । (पृ.१५)

उपन्यासमा प्रयुक्त 'म' पात्रले माथि दिइएको अभिव्यक्तिले आफू आर्थिक रूपमा सबल बन्न नसकेको प्रसङ्गलाई प्रस्ट पार्दछ । 'म' पात्रले पैसा कमाउन नसकेको कारणले घरपरिवारले पनि उसलाई राम्रो दृष्टिले नहेरेको देखिन्छ । उसले केही गर्न सकेन भनेर परिवारमा सबैले उसको कुरा काट्छन् । केही गर्न नसकेकोमा उसले अनेक किसिमको सामाजिक, पारिवारिक आलोचनाहरू सहनु परिरहेको हुन्छ । 'म' पात्रको मनमा जबसम्म पैसा कमाउन सकिँदैन तबसम्म आफूले यस्ता किसिमका अनेक आलोचनाहरू सहनुपर्ने हुन्छ भन्ने लागेको हुन्छ । आफूले प्रशस्तै पैसा कमाएर दिएपछि मात्र परिवारमा आफ्नो मान मर्यादा बढ्ने कुरामा विश्वस्त देखिएको कुरालाई 'म' पात्रले भनेका उपर्युक्त भनाइले प्रस्ट पार्दछ । आफ्नै परिवारभित्र पनि आर्थिक पाटोले कुनै सदस्यको मूल्यलाई निर्धारण गर्दछ भन्ने सन्दर्भ उपन्यासमा अभिव्यक्त भएको छ । आर्थिक स्तरबाट सबल र दुर्बल सदस्यहरूबिच परिवारभित्र गरिने व्यवहारमा बिलकुलै भिन्नता हुन्छ भन्ने सन्दर्भलाई उपन्यासमा प्रयुक्त 'म' पात्रलाई उसको आफ्नै परिवारले गरिरहेको भिन्न व्यवहारले प्रस्ट पारेको छ । साथै 'म' पात्रका परिवारमा व्याप्त आर्थिक असमानताका प्रसङ्गबाट उनीहरूका बिचमा भएका वर्गीय शक्तिसम्बन्धले निम्त्याएको शक्ति असन्तुलनलाई माथि दिइएको साक्ष्यले पुष्टि गरेको छ ।

आर्थिक अभाव कै कारणले उपन्यासमा प्रयुक्त 'म' पात्रको परिवारमा ठुलो समस्या आएको कुरा देखाइएको छ । उसँग कुनै जागिर छैन । उसलाई सिफारिस लिनमै रोक लगाइएको छ । सहरी समाजमा जागिरबिना आफ्नो परिवार पाल्न सबैलाई ठुलो समस्या हुँदै आएको छ । हजारौँ निम्नवर्गीय मान्छेहरू यस्तो किसिमको समस्याबाट प्रताडित रहेका छन् । आर्थिक अभावकै कारण हजारौँ व्यक्तिहरू निरीह जीवन व्यतीत गर्न बाध्य भएका छन् । सहरी समाजमा जनसङ्ख्याको चाप बढ्नु, रोजगारको अभाव हुनु जस्ता समस्याले कैयौँ निम्नवर्गीय व्यक्तिहरू बिहान बेलुका छाक टार्ने समस्याबाट ग्रसित भएका छन् । समाजमा जसको पहुँच छ, उनीहरूले मात्र रोजगार पाउने भएकाले पहुँच हुने र नहुनेबिचको खाडल आजपर्यन्त जस्ताको तस्तै रहेको छ । यस्तै किसिमको समस्या 'म' पात्र र उसको परिवारले पनि भोग्न बाध्य भएका छन् । जसलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> मेरो एउटा सानो छोरो पनि छ ... र त्यसको मन अहिले नियन्त्रणमा छैन । आफ्नो आमाको स्तन चुसेर ऊ आफ्नो भोक मेट्न चाहन्छ ... जब कि ऊ यस कुरादेखि अनभिज्ञ छ कि आमाको स्तनबाट अब दूध चुहिँदैन ।

> डाक्टरको भनाइ यही छ कि पौष्टिक चीजहरूको कमी भएमा दूध सुक्छ ... यो कुरा मैले कतै पढेको हुँ । तर मेरो निम्ति पौष्टिक चीज जुटाउनु भनेको कुरो सगरमाथाको चुचुरोमा चढ्नु जस्तै हो ... र त्यो पनि बिना प्रशिक्षण । (पृ.२७)

'म' पात्रको आर्थिक अवस्था कमजोर भएकै कारण आफ्नो परिवार पालनपोषण गर्न ठुलो समस्या बनिरहेको प्रसङ्गलाई उपन्यासमा चित्रण गरिएको छ । 'म' पात्रको छोराले दुध खान खोजिरहेको छ तर उसले खान पाउन सकेको छैन । उसले आमाको स्तन चुसिरहँदा अलिकति पनि दुध आउन सकेको छैन । यसको प्रमुख कारण भनेको आमाले पौष्टिक खाना खान नपाउनु हो । आफ्नी श्रीमतीलाई पौष्टिक खाना खुवाउन नसकेको कारण उसको छोराले आमाको दुध खान पाउन सकेको छैन भन्ने कुरा 'म' पात्रलाई राम्रोसँग बोध भएको छ । यसको मुख्य कारण भनेको आफ्नै आर्थिक समस्या हो भन्ने कुरालाई पनि 'म' पात्रले राम्रोसँग ठम्याउन सकेको छैन । आफूले पौष्टिक खाना जोहो गर्नु भनेको बिना प्रशिक्षण सगरमाथा चढ्नु जस्तै हो भन्ने 'म' पात्रको स्वयम् आफ्नै कथनले पनि यो कुरालाई पुष्टि गर्दछ । यसरी 'म' पात्रको आर्थिक अभावकै कारण आफ्नो परिवार पाल्नका निम्ति परिवारले गरिरहेको सङ्घर्षपूर्ण जीवनलाई उपन्यासले जीवन्त प्रस्तुत गरेको तथ्यलाई माथि दिइएको साक्ष्यले उद्घाटन गरेको छ ।

परिवारमा कुनै पनि सदस्यले पैसा कमाउन सकेन भने उसलाई आर्थिक बोझ मान्ने प्रवृत्ति समाजमा हिजो पनि थियो आज पनि छ । आर्थिक कारणले परिवारमा विभिन्न किसिमको मतभेदहरू सिर्जना हुने गरेका छन् । यसको प्रमुख कारणमध्ये आर्थिक पाटो नै प्रमुख रहेको छ । परिवारमा आफ्नै सन्तानमध्ये कुनै एउटा सदस्यले आर्थिक उपार्जन गर्न सकेको खण्डमा उसलाई सकारात्मक दृष्टिले हेर्ने तर नसकेको अवस्थामा हेयका दृष्टिले हेर्ने प्रवृत्ति रहेको पाइन्छ । त्यस्तो किसिमको प्रवृत्तिले हजारौँ व्यक्तिहरू आफ्नै परिवारबाट टाढिन पुगेका छन् । पैसाको कारण परिवारमा दया, माया, स्नेह र श्रद्धा भन्ने चिज गुम्दै गएको छ । परिवार, आफन्त, नातागोताका सम्बन्धलाई पैसाले मापन गर्ने प्रचलनले सम्बन्धहरू टुट्दै गएका छन्, भत्किँदै गएका छन् । यसरी पैसाले टुटेका, भत्किएका कैयौँ घर पविारका सम्बन्धहरू जर्जर अवस्थामा पुगेका छन् । ती परिवारहरूमध्ये उपन्यासमा चित्रित 'म' पात्रको परिवार पनि एक हो । आर्थिक पक्षबाट सबल हुन नसकेकै कारण

उसलाई आफ्नो घर परिवारले अलग्गै छुट्याएर राख्न बाध्य भएको कुरा तल दिइएको उपन्यांशले छर्लङ्ग पार्दछ :

> ...एक बिहान प्रस्ताव भयो । ... मैले कमाउन सकिन, दाजुमाथि बोझ पऱ्यो... र मैले छुट्टिनु पर्छ । छुट्टिँदा मलाई कुनै किसिमको पीडाको अनुभूति भएन । मेरा भागमा केही पुराना सम्पत्तिहरू पऱ्यो, जसको प्रयोग केवल भाँडाको रूपमा मात्र गर्न सकिन्छ । म एउटा टहरो जस्तो घरमा बस्न पुगेँ । हुने खानेको घरमा यस्तोलाई 'सर्वेन्ट क्वाटर' भनिने गरिन्छ । (पृ.१७-१८)

'म' पात्रले पैसा कमाउन नसकेको कारण उसलाई घर परिवारले छुट्टिएर आफू अलग्गै बस्न कर लगाउँछन् । उसले कमाउन नसकेको कारणले परिवारमा आर्थिक भार बढेको कुरा परिवारले ठम्याउँछन् । जसको कारण उसलाई छुट्टिएर बस्न कर लगाउँछन् । उसले जसरी पनि छुट्टिनुपर्ने हुन्छ । ऊ छुट्टिएर बस्न बाध्य हुन्छ । आफूले कमाउन नसकेकोले आफू रित्तै छुट्टिनु पर्दा पनि कुनै किसिमको पीडाको अनुभूति नभएको कुरा 'म' पात्रको भनाइबाट उजागर भए तापनि उसको अवस्थाले आफू दुःखमा भएको कुरा उपन्यासमा अभिव्यक्त गरिएको तथ्यले भने सङ्केत गरेको छ । 'म' पात्र छुट्टिँदा उसको भागमा पुरानो केही भाँडाकुँडा र एउटा टहरो जस्तो घर मा अंशको नाममा परेको छ । ऊ आफूले कमाउन नसकेको कारण परिवारले त्यतिमात्र उसलाई अंशको नाममा दिएका छन् । ऊ बस्ने टहरोलाई नोकर बस्ने झुपडी भन्ने गरिन्छ भन्ने सन्दर्भलाई माथि दिइएको 'म' पात्रको स्वयम् अभिव्यक्तिले प्रस्ट पारेको छ । यसरी एउटा व्यक्ति जो आर्थिक पक्षबाट सबल छैन, उसलाई समाजमा मात्र नभएर आफ्नै परिवारबाट पनि हेयका दृष्टिले व्यवहार गरिन्छ भन्ने तथ्यलाई 'म' पात्रमाथि आफ्नै घर परिवारबाट भइरहेको भिन्न किसिमको व्यवहारबाट प्रस्ट भएको छ । साथै कुनै एउटा परिवारभित्रको सदस्यले जीवननिर्वाहका लागि आफ्नै परिवारसँग पनि निरन्तर वर्गीय सङ्घर्ष गरिनुपर्दछ भन्ने विमर्शलाई उपन्यासमा प्रयुक्त 'म' पात्रले आफ्नै घर परिवारसँग गरिरहेको निरन्तर सङ्घर्षले पुष्टि गरेको छ ।

'म' पात्रको जीवनमा अनेक किसिमको उतारचढावहरू आएका छन् । उसको जीवनमा आर्थिक सङ्कट दिनानुदिन चुलिँदै जान्छ । जसको कारणले दिनप्रतिदिन अनेक किसिमको समस्याहरू सामना गर्नुपर्ने अवस्थाको सिर्जना भएको छ । उसको अवस्था झनझन नाजुक हुँदै गएको कारण निरीह जीवन बिताउन बाध्य हुनुपर्दछ । त्यो प्रतिकूल

परिस्थितिलाई सहजै सामना गर्न सक्ने हैसियत उसमा हुँदैन । अन्त्यमा गएर उसले आफ्नो भागमा परेको टहरो जस्तो घर पनि बेच्न बाध्य हुनुपर्दछ । घर बेच्नबाहेक ऊसँग कुनै विकल्प हुँदैन । घर बेचेको पैसाले ऋण तिर्न, परिवारको लागि बिहान बेलुका हातमुख जोड्ने सोचका साथ घर बेच्न पुग्छ । यस सन्दर्भलाई उपन्यासमा यसरी अभिव्यक्त गरिएको छ :

> विभिन्न किसिमका परिस्थितिहरूको पीडादायक आक्रमणबाट केही दिनलाई जोगिन अब एउटै उपाय मात्र शेष रहेको थियो यो टहरो जस्तो घर बेच्नु । म यतिसम्म विवश थिएँ कि आफू कहाँ बस्नु पर्ने हो केही ठेगान नभई एकमात्र टहरो जस्तो घर बेच्न पुगेँ । सुविधाको निम्ति गुफाको एउटा कुनालाई भान्सा भनेर सम्बोधन गरियो । बाँकी भागलाई दुईवटा कोठामा एउटा थाङ्नो जस्तो कपडाले विभक्त गऱ्यौँ । (पृ.३०)

'म' पात्रले चरम आर्थिक सङ्कट भोगिरहेको संवेदनशील अवस्थालाई उपन्यासमा अभिव्यक्त गरिएको छ । ऊसँग आर्थिक सङ्कट सामना गर्न केही पनि विकल्प नभएपछि आफूसँग भएको सानो टहरो जस्तो घर बेच्न विवश भएको छ । ऋणमाथि ऋणको चङ्गुलमा फसेपछि उसले घर बेच्नबाहेक कुनै विकल्प भेट्दैन । जसको कारणले आफूसँग सम्पत्तिको नाममा भएको सानो झुपडीलाई बेच्न बाध्य भएको सन्दर्भलाई माथि दिइएको साक्ष्यले स्पष्ट पारेको छ । यसरी आर्थिक सङ्कटले निम्त्याएको प्रतिकूल परिस्थिति सामना गर्नका निमित्त 'म' पात्रले आफ्नो घर अरूलाई बेचिदिएर आफू आफ्नै घरबाट विस्थापित भई गुफाजस्तो कुनोमा पुग्न विवश भएको कारुणिक यथार्थलाई उपन्यासले चित्रण गरेको छ । शक्ति सामाजिक संरचनामा छरिएको हुन्छ । सामाजिक विमर्शात्मक संरचनामा आधार पक्ष एवम् उत्पादनका साधनस्रोतमा नियन्त्रण गर्ने अभिजात वर्गीय पात्र शक्तिशाली हुन्छ । उपर्युक्त साक्ष्यमा अभिजात वर्गले सिफारिस नदिएर रोजगारबाट वञ्चित हुनु, निम्नवर्गीय 'म' पात्रको एक मात्र टहरा बेच्न बाध्य बनाइनु जस्ता कारणले 'म' पात्र आफ्नै सम्पत्तिको नाममा भएको  सानो टहरा पनि अरुलाई बेच्न बाध्य भई विस्थापित भएको सन्दर्भको चित्रण गरिएको छ । 'म' पात्रको यो नियति सिर्जना हुनका पछाडि फुकोले भने झैँ प्रभुत्वशाली वर्गको साधन स्रोतमा भएको नियन्त्रणको कारणले गर्दा हो भन्ने तथ्यको पनि उपन्यासमा चित्रित घटनाले स्पष्ट पारेको छ । यसरी 'म' पात्र आर्थिक तवरबाट सबल बन्न नसक्नुमा प्रभुत्वशाली शक्ति र पहुँचको प्रमुख भूमिका रहेको छ । अभिजात वर्गको दमन र

शोषणका कारण आज उनको यो हविगत भएको वास्तविकता भने सत्य हो । आफू सक्षम हुँदा हुँदै पनि रोजगार पाउनका लागि सिफारिस चाहिने तात्कालीन परिस्थितिका कारण ऊ चरम सीमान्तमा पुग्न बाध्य भएको छ । निम्नवर्गीय 'म' पात्रले आफ्नो जीवननिर्वाहका लागि विभिन्न सङ्कटहरू भोल्दै आफ्नो वास्तविकतासँग सम्झौता गर्न बाध्य बनिरहेको यथार्थलाई उपन्यासले अभिव्यक्त गरेको छ ।

आर्थिक पक्षबाट निम्छरो भएका व्यक्तिहरूलाई सहरी समाजमा जीवननिर्वाह गर्न ठुलो समस्या बन्दै गइरहेको छ । यस्तो किसिमको समस्या तत्कालीन समाजमा पनि थियो, आज पनि छ । मान्छे मान्छेबिचको सद्भाव र मानवीयता जस्ता कुराहरू दिनानुदिन हराउँदै गएका छन् । हुने र नहुनेबिचको मतभेदले विकराल स्थिति सिर्जना गरिरहेको छ । गाउँघरमा जस्तो किसिमको आत्मीयता, सद्भाव सहरी समाजमा भने पटक्कै पाइँदैन । सहरी समाजमा बस्नलाई घरभाडा महँगो हुने, छोराछोरीको फिस तिर्नदेखि लिएर सबै कुराको व्यवस्था गर्नलाई पैसाको आवश्यकता हुने भएकोले विशेष गरी निम्नवर्गीय परिवारलाई ठुलो समस्या देखिएको छ । महँगीको मारमा सबैभन्दा निम्नवर्गीय व्यक्तिहरू परेका छन् । उनीहरू आफ्नो आर्थिक पहुँच सबल नभएकै कारण अनेक किसिमको चपेटामा फस्न बाध्य भएका छन् । जसले गर्दा समाजमा विभिन्न किसिमको विखण्डनहरू सिर्जना भएका छन् । यो सन्दर्भलाई उपन्यासमा यसरी चित्रण गरिएको छ :

> दिउँसो घरबेटी फेरि आएका थिए...घर भाडा तिर्न सक्दैनौ भने निस्केर जाऊ भनेका थिए...' स्वास्नी भन्छे ।
>
> स्वास्नी फेरि भन्छे-
>
> छोरा छोरी भोकै छन् ...
>
> जाडोलाई सिरक छैन...
>
> यी शब्दहरूले मलाई आक्रमण गरेझैँ लाग्छ । (पृ.३८-३९)

'म' पात्रको परिवारले उनीहरू बसेको घरको घरबेटीलाई घरभाडा बुझाउन सकेका छैनन् । भाडा तिर्न नसकेको कारण तिमीहरू यस घरबाट निस्केर जाऊ भन्ने कुरा घरबेटीले गरेका छन् । यही कुरा 'म' पात्रका श्रीमतीले आफ्नो श्रीमान्लाई सुनाउँछे । यो उनीहरूको अवस्था मात्र नभएर हजारौँ सहरी समाजमा घरभाडा लिएर बस्ने व्यक्ति, परिवारहरूले भोगिरहेका छन् । ती भोग्ने प्रतिनिधि पात्रहरू मध्ये 'म' पात्र र उसका परिवार

पनि एक हुन् । एकातिर उनीहरूले घरभाडा तिर्न सकेका छैनन् भने अर्कोतिर उनीहरूसँग खानेकुरा, जाडो छल्ने सामान्य लुगाफाटो पनि छैन । यो उनीहरूको वास्तविकतालाई उपन्यासमा दिइएको उपर्युक्त साक्ष्यले प्रस्ट पारेको छ । पुरुषप्रधान समाजमा परिवारको जीवननिर्वाहका निमित्त आर्थिक जिम्मेवारी वहन गर्ने दायित्व विशेष लोग्ने मान्छेको हुने भएकोले घरका यी समस्याहरू श्रमतीले 'म' पात्र आफ्नो लोग्नेलाई सुनाउन बाध्य हुन्छिन् । तर यसको समाधान भने लोग्नेले गर्न सकेको भने हुँदैन । ती विभिन्न समस्याले गर्दा 'म' पात्रलाई मानसिक तनाब भएको देखिन्छ । कुनै पनि व्यक्तिलाई आर्थिक समस्या पऱ्यो भने मानसिक तनाब हुनु भनेको स्वाभाविक कुरा हो भन्ने सन्दर्भलाई उपन्यासले सङ्केत गरेको छ । सहरी समाजमा कोठा भाडामा लिएर बस्ने निम्नवर्गीय परिवार र सहरबासी घरधनीबिच आर्थिक असमानताकै कारण वर्गीय शक्तिसङघर्ष भइरहेको तथ्यलाई यस उपन्यासले उद्‌घाटन गरेको छ । प्रभुत्वशाली घरधनीले निम्नवर्गीय 'म' पात्रलाई घरभाडा बुझाउन नसकेको कारणले बसोबासबाट विस्थापित गरिरहेको कुरूप सन्दर्भले आर्थिक रूपमा रहेको प्रभुत्वशाली वर्ग र सीमान्तीकृत 'म' पात्र र उसको परिवारबिच भएको वर्गीय असन्तुलनको अवस्थालाई उपन्यासमा जीवन्त रूपमा प्रस्तुत गरिएको छ ।

नेपाली समाज भनेको पितृसत्तात्मक वर्चस्व भएको समाज हो । यसकारण घरपरिवार चलाउने आर्थिक अभिभारा लोग्ने मान्छकै हुनुपर्छ भन्ने मानसिकता नेपाली समाजमा आजपर्यन्त कायमै रहेको छ । परिवारमा लोग्ने मान्छेले पैसा कमाउन नसके उसलाई नामर्दको संज्ञा दिने प्रचलन पनि रहेको छ । यसको अर्थ भनेको लोग्ने मान्छे भनेको परिवारको आर्थिक खम्बा हो भन्ने बुझिन्छ । आर्थिक कारणलाई नै मुख्य विषय बनाएर कयौँ घरपरिवारहरू विखण्डित भएका छन् । लोग्नेले पैसा कमाएन भने आफ्नै श्रीमतीकै पनि स्वतः व्यवहारमा परिवर्तन हुने गरेको पाइन्छ । कमाउने लोग्ने भयो भने राम्रो व्यवहार गर्ने तर कमाउन नसकेको खण्डमा निच व्यवहार देखाउने हजारौँ महिलाहरू हाम्रो समाजमा प्रशस्तै छन् । यसरी घर परिवारमा श्रीमान् -श्रीमतीबिचको सम्बन्ध र व्यवहारलाई पैसाले मापन गरेको हुन्छ । सबै परिवारमा यो अवस्था नहुन सक्छ तर अधिकांश घरपरिवारका सम्बन्धहरू पद, प्रतिष्ठा र धनसम्पत्तिले टिकेका र ती कुराहरूको अभावमा सम्बन्धहरू टुटेका यत्रतत्र छन् । यसको मुख्य कारण भनेकै पुँजीवादी समाजले सिर्जना गरेको व्यक्तिवादी सोच नै हो । यस्तो किसिमको समस्यालाई उपन्यासमा अभिव्यञ्जित गरिएको छ । जसलाई उपन्यासमा प्रयुक्त 'म' पात्रले भनेको तल दिइएको

सन्दर्भले प्रस्ट पार्दछ- "एकदिन मैले राम्ररी नै अनुभव गरेँ कि स्वास्नीका व्यवहारहरूमा निकै परिवर्तनहरू आउन सुरु भएका छन् । अब ऊ कुरैकुरामा मलाई निर्धक्कसँग नपुंसक भन्ने गर्छे । यद्यपि ऊ सही भन्छे... तर मलाई सहीनसक्नु हुन्छ र केही पटक त मैले उसलाई साफसँग चुटेको पनि छु" (पृ.३९) । आर्थिक सङ्कट दिनप्रतिदिन चुलिँदै गएको कारण 'म' पात्रको परिवार अभावको चपेटामा परेको छ । लोग्नेले घरपरिवार चलाउन सहयोग नगरेपछि उसको श्रीमतीको व्यवहारमा एकाएक परिवर्तन आएको छ । यो यथार्थलाई 'म' पात्रले राम्ररी बोध गरेको छ । आफ्नी श्रीमतीले आफूलाई नपुंसक भन्न थालेको प्रसङ्गलाई 'म' पात्र स्वयम्ले भनेको छ । 'म' पात्रलाई उसकी श्रीमतीले नपुंसक भनेपछि श्रीमतीलाई चुटेको सन्दर्भले समाजमा पुरुषहरूले वर्चस्व रहेको कुरा प्रस्ट हुन्छ । यस घटनाले पितृसत्तात्मक समाजमा महिलाहरू उत्पीडित छन् भन्ने तथ्यलाई सङ्केत गर्दछ । परिवार पाल्न चाहिँ सहयोग नगर्ने, उल्टै आफ्नी श्रीमतीलाई साफसँग चुट्नु जस्ता प्रवृत्तिले पितृसत्तात्मक ढोँगी समाजको चरित्रलाई उदाङ्गो पारिएको वास्तविकतालाई उपन्यासमा छर्लङ्ग पारिएको छ । यसरी आर्थिक अभावकै कारण परिवारमा श्रीमान् र श्रीमतीबिच बेमेल सिर्जना भएको घटनाले जीवननिर्वाहका निमित्त सङ्घर्ष गरिरहेको पारिवारिक शक्तिसङ्घर्षलाई यस उपन्यासले उजागर गरेको छ । जुन बेमेलको प्रमुख कारक तत्त्व भनेकै आर्थिक पक्ष भएकाले सवर्गीय शक्तिसङ्घर्षलाई उपन्यासले जीवन्त किसिमले अभिव्यक्त गरेको छ ।

हरेक परिवारमा आफ्ना सन्तानलाई उचित पालनपोषण र शिक्षा दिक्षा दिने जिम्मेवारी आमाबाबु दुवैको हुने गर्दछ । ती जिम्मेवारीहरू आमाबाबुले पूरा गर्न नसक्दा कैयौँ कलिला सन्तानहरू विचलित बनेका छन् । त्यसैले आफ्नो सन्तानलाई उचित बाटो देखाउने जिम्मा हरेक अविभावकको हुन्छ । त्यो जिम्मेवारीलाई बहन गर्न सकेनन् भने छोराछोरीले विभिन्न किसिमका समस्या भोग्न बाध्य हुन्छन् । यस्तो किसिमको समस्या नेपाली समाजमा धेरै सन्तानले भोगेका छन् । आफ्नो सन्तानलाई उचित पालनपोषण र शिक्षा दिनबाट अभिभावक चुकेपछि उनीहरूको जिन्दगी तहसनहस भएका घटनाहरू हाम्रा समाजमा प्रशस्तै छन् । बाबुआमा भइसकेपछि आफ्नो कर्तव्य र जिम्मेवारी के हो भन्ने कुरालाई नबुझिदिँदा सन्तानले बाटो बिगार्ने काम गर्छन् । जसको नकारात्मक असर पूरै परिवार र समाजले भोग्नु पर्दछ । यस्तो किसिमका समस्या हजारौँ व्यक्ति, परिवार र समाजले भोगिरहेका छन् । यो विषयलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> पुलिसलाई एक्कासि आफ्नो घरमा देख्दा जो कोही पनि डराउँछ । झन् त्यसमाथि पुलिसले यो भनोस् कि...तपाईंको छोरोलाई गिरफ्तार गर्न आएको ... डर नलाग्ने त कुरै छैन । पुलिसले गिरफ्तार गरेर लैजाँदा मैले छोरोको अनुहारतिर हेर्न सकिन ...मलाई थाहा थियो कि म उसको आँखामा आफ्नो नपुंसकताको प्रतिबिम्ब प्रस्ट देख्नेछु । ...साँझ अखबारमा पढैं मूर्तिचोर गिरफ्तार । ...त्यहाँ मेरो छोरोको पनि फोटो छापिएको थियो । (पृ.४६-४७)

उपन्यासमा प्रयुक्त 'म' पात्रले आफ्नो परिवार सम्माल्ने काम नगर्दा उसको परिवार लथालिङ्ग भएको छ । उसका छोरा छोरीले बाटो बिराएका छन् । 'म' पात्रको छोराले नराम्रा व्यक्तिहरूको सङ्गत गरेर मूर्ति चोरेपछि प्रहरी गिरफ्तार गर्न घरमा आएको 'म' पात्र आफूले आफ्नो कर्तव्य पालन गर्न नसक्दा यो हविगत भएको हो भन्ने कुरा बोध हुँदा हुँदै पनि आफू अमुक भएर यो घटनाको दर्शक बनिदिन बाहेक कुनै विकल्प देख्दैन । प्रभुत्वशाली राज्यपक्षको पुलिस प्रशासनको अगाडि निम्नवर्गीय 'म' पात्रको केही लाग्ने अवस्था देखिँदैन । आफ्नो छोरालाई पुलिसले गिरप्तार गरेर लगिरहेको अवस्थालाई आफ्नो नाङ्गो आँखाले हेर्न नसकेको प्रसङ्गलाई उपन्यासले चित्रण गरेको छ । उक्त अवस्थालाई जिम्मेवारी बहन गर्न नसक्ने एउटा नपुंसक पुरुषको रूपमा बोध गर्दछ । त्यसै दिन साँझ 'म' पात्रले मूर्तिचोरहरूमध्ये आफ्नो छोराको पनि फोटो अखबारमा छापिएको तथ्यलाई पढ्न विवश हुन्छ । तर यस घटनाको समाधान गर्ने हैसियत भने उसमा रहँदैन । यसरी म पात्रको आर्थिक अभावकै कारण आफ्नो छोरालाई मूर्ति चोरेकोमा पुलिसले गिरफ्तार गरी लगेको प्रसङ्गले एउटा परिवारमा जीवन धान्नका लागि केही उपाय नभेटेपछि अपराध गर्न पनि बाध्य हुन्छन् भन्ने सन्दर्भलाई प्रस्तुत गरेको छ । यस उपन्यासमा 'म' पात्र, उसका परिवार, पुलिस प्रशासनबिच वर्गीय शक्तिसङ्घर्ष भइरहेको कुरा अभिव्यक्त गरिएको छ । जसमा असन्तुलित किसिमको शक्तिसम्बन्धलाई उपन्यासमा प्रयुक्त 'म' पात्रको निरीहता र विवशताले प्रस्ट पार्दछ ।

सहरी समाजमा आफ्नो जीवन गुजारा गर्नका निमित्त कैयौँ व्यक्तिहरूले अवैधानिक किसिमको कामलाई अँगाल्दै आएका छन् । त्यसमध्ये एउटा प्रमुख यौन पेसा पनि हो । विशेष गरी यस पेसामा लिप्त हुनेहरूमध्ये युवा उमेरका महिलाहरू पर्दछन् । कतिपयको चाहिँ इच्छा नभएर बाध्यता पनि रहेको पाइन्छ । आफ्नो रहर विपरित बिहान बेलुका छाक टार्न आफ्नो शरीर बेच्नलाई विवश बनेका छन् । विशेष गरी निम्नवर्गीय परिवारका

व्यक्तिहरू यस्तो काममा लागेका छन् । जसले रोजगार पाएका छैनन् तिनीहरू जीवननिर्वाह गर्ने वैशाखीको रूपमा यस व्यवसायलाई आत्मसात् गरेका छन् । यो उनीहरूको वैशाखीले कतिसम्म थेग्न सक्छ भन्ने कुराको उनीहरूलाई केही पनि हेक्का हुँदैन । जिन्दगी गुजारा गर्ने कुनै माध्यम नभएपछि उनीहरू आफ्नो शरीर बेच्न बाध्य भएका हुन्छन् । उनीहरूको त्यो परिस्थितिलाई आफ्नै आमा बाबुले बुझिरहँदा पनि स्वयम् आफ्नो अवस्थाको कारण केही गर्न सकेका हुँदैनन् । उपन्यासमा प्रयुक्त 'म' पात्रको यस अवस्थालाई तल दिइएको एकालापीय भनाइले प्रस्ट पार्दछ :

> सहरमा केही यस्ता हल्लाहरू चल्न थालेका छन्, जो मेरो छोरीको चरित्रहीनता सित सम्बन्धित छन् । अर्थात्-
>
> ऊ कलगर्ल हो ।
>
> उसको रेट महङ्गो छ ।
>
> ऊ आफ्नो परिवारलाई पाल्न यसो गर्छे...।
>
> उपरोक्त किसिमका हल्लाहरूले यतिका दिनसम्मविना कष्ट घरको खर्च कसरी चलिरहेछ भन्ने मेरो प्रश्नको समाधान चाहिँ अवश्य भयो । ...स्वास्नी सम्बन्धी हल्ला चाहिँ अझै चलेको थिएन । मैले आफूलाई सन्तुष्ट पार्ने एउटा बहाना पाएँ । (पृ.५३)

'म' पात्रले आफ्नो परिवार पालनपोषण गर्न कुनै किसिमको काम नगरेपछि उसकी छोरी र श्रीमती आफ्नो शरीर बेच्न बाध्य भएका छन् । आफ्नै परिवारको गतिविधिलाई 'म' पात्रले हेक्का राखेको हुँदैन । जब सहरमा छोरीको यौनको मूल्यको बारेमा हल्ला हुन थाल्छ तब मात्र 'म' पात्रले बुझ्छ । आफ्नो परिवार यसरी चलेको रहेछ भन्ने कुराको बोध बल्ल भयो भन्ने 'म' पात्रले भनेको सन्दर्भलाई उपन्यासमा प्रस्तुत साक्ष्यले अभिव्यक्त गरेको छ । श्रीमतीको चाहिँ हल्ला नभइसकेकोले चित्त बुझाउन ठाउँ रहेको छ भन्ने कुरा 'म' पात्रले भनेको छ । आफ्नो परिवारमा घरखर्च कसरी चलिरहेको छ भन्ने कुराको बोध छोरीको चरित्रहीनताको हल्लाबाट मात्र भएको हो भन्ने प्रसङ्गले घरको पर्वाह नगर्ने गैरजिम्मेवार पुरुषको रूपमा उपन्यासमा 'म' पात्रलाई प्रस्तुत गरिएको तथ्यबाट स्पष्ट भएको छ । 'म' पात्रको गैरजिम्मेवारीका कारण उसकी छोरीले आफ्नो जवानी बेच्न बाध्य बनेकी छ । सँगसँगै उसकी श्रीमतीको पनि यस्तै किसिमको हविगत रहेको छ । उनीहरूले जीवन

गुजारा गर्ने उपाय नभेटेपछि विकल्पका रूपमा रोजेका समाधान हो । यस उपन्यासमा जीवननिर्वाहका लागि आफ्नो शरीर पलपल बेच्न बाध्य भइरहेका निरीह महिलाहरूको अवस्थालाई उजागर गरिएको छ । उपन्यासमा ती महिलाहरूलाई पितृसत्ताले चरम शोषण गरिरहेको सन्दर्भ एकातिर छ भने अर्कातिर अधीनस्थ महिलाहरू आर्थिक कारणले प्रभुत्वशाली पितृसत्ताबाट प्रताडित भएको प्रसङ्ग रहेको छ । पितृसत्ताबाट प्रताडित महिलाहरूको अवस्थाले असन्तुलित किसिमको शक्तिसम्बन्ध उपन्यासमा व्याप्त भएको तथ्यलाई पुष्टि गरेको छ ।

उपन्यासमा प्रयुक्त 'म' पात्रको परिवारमा आर्थिक पक्षकै कारण विभिन्न मतभेदहरू सिर्जना भएका छन् । ती मतभेदहरू समाधान हुन सकेको छैन । उपन्यासमा प्रयुक्त 'म' पात्र, उसकी श्रीमती र छोरीबिच टकराबको स्थिति सिर्जना हुन थालेको छ । 'म' पात्रको छोरा मूर्ति चोरेको अभियोगमा पुलिसले गिरफ्तार गरेको छ भने साथमा रहेका श्रीमती र छोरीले पनि सहेर बस्न छाडेको देखिन्छ । पैसा कमाउन नसक्ने जिम्मेवारी बाबु र लोग्नेलाई पर्खेर बस्न सक्ने स्थितिमा उनीहरू देखिँदैनन् । उनीहरूमा धैर्यको बाँध भत्किसकेको छ । अब आफ्नो बाबुले, श्रीमान्ले कमाएर देला भन्ने किसिमको आशाको दियो भने निभिसकेको छ । उनीहरू आफ्नै तरिकाले स्वतन्त्र किसिमले बाँच्न चाहन्छन् । लोग्ने र बाबुको सम्बन्धलाई टुटाउन चाहन्छन् । उनीहरूको पारिवारिक सम्बन्धलाई जोड्न सेतुको काम धनसम्पत्तिबाहेक अरुले गर्न सक्दैन जसको कारणले उनीहरूको सम्बन्धमा दरार आउँछ भन्ने कुरा 'म' पात्रका निम्नलिखित भनाइबाट पुष्टि हुन्छ- "यति चाहिँ भन्न सक्छु कि छोरी र स्वास्नी यहीँ शहरमा छन् र तिनीहरू अब जिन्दगीलाई अर्कै रूपमा ढालेर जिउनु योग्य तुल्याउने छन् ।...अब तिनीहरू प्रत्येक दिन प्रत्येक रात जिन्दगीलाई टुक्राटुक्रा पारेर बेच्छन् र त्यसको भुक्तानीले बाँकी जिन्दगीको जिर्णोद्धार गर्नेछन् ।" (पृ.५६) 'म' पात्रकी श्रीमती र छोरीले आफ्नो लोग्ने र बाबुको साथ छोड्ने अठोट गरेका छन् । आफ्नो जीवन निर्वाह गर्नका निमित्त आफ्नै शरीर पलपल बेच्न बाध्य हुनुपरेको उनीहरूको अवस्थाको चित्रण उपन्यासले अभिव्यक्त गरेको छ । परिवारको जिम्मेवारी वहन गर्न नसक्ने लोग्ने र बाबु पर्खेर बस्नुभन्दा स्वतन्त्र तरिकाले जिउनु हजार गुणा बेस हुन्छ भन्ने मनसायले आमा छोरी छुट्टिएर बस्न बाध्य भएका छन् । उनीहरू कसरी बाँच्न विवश हुन्छन् भन्ने वास्तविकतालाई 'म' पात्रले भनेको उनीहरूको अवस्थाले प्रस्ट पार्दछ । आफ्नो श्रीमती र छोरीले आफ्नै शरीर टुक्रा टुक्रा पारी बचेर बाँच्न विवश छन् भन्ने कुरा 'म' पात्रले राम्रोसँग बुझेको छ । उसले

यी सम्पूर्ण कुरालाई राम्रोसँग बुझ्े पनि केही गर्न सक्ने अवस्था भने छैन । यसरी ऊ आफू आफ्नो पारिवारिक जिम्मेवारीलाई पूरा गर्न नसक्दा उनको परिवारको यो गति भएको हो भन्ने वास्तविकतालाई उसले राम्रोसँग बुझ्ेको छ । उसको परिवारको यस्तो किसिमको अवस्था हुनुमा आर्थिक पाटो नै प्रमुख रहेको छ । उसको आर्थिक अवस्था कमजोर हुनुमा प्रभुत्वशाली तात्कालीन सामाजिक परिवेशको प्रमुख भूमिका रहेको छ । सुरुको अवस्थामा उसले रोजगारको खोजी धेरै गरे पनि पहुँचबिना सिफारिस प्राप्त गर्न सक्ने हैसियत 'म' पात्रको नरहेको हुँदा उसको यो हविगत सिर्जना भएको हो । यसरी उसलाई प्रभुत्वशाली सत्ता, व्यक्ति, निकाय विभिन्न तवरबाट क्रमशः ठेलिँदै, हुत्तिँदै चरम सीमान्तमा पुऱ्याइएको छ । जसको कारण उसको पारिवारिक जीवन नै तहसनहस अवस्थामा पुगेको वास्तविकतालाई उपन्यासले जीवन्त ढङ्गबाट अभिव्यक्त गरेको छ । यसरी समाजमा सत्ता र शक्तिका आडमा प्रभुत्वशाली वर्गले आर्थिक पक्षकै कारण निम्नवर्गीय 'म' पात्रलाई चरम सीमान्तमा पुऱ्याइएको सन्दर्भलाई उपन्यासमा अभिव्यक्त गरिएको छ । उपन्यासमा अभिव्यञ्जित घटनाक्रमले असन्तुलित किसिमको शक्तिसम्बन्ध रहेको तथ्य पनि पुष्टि गरेको छ ।

## २.३.२ *उलार* उपन्यासमा वर्गीय शक्तिसम्बन्धको अवस्था

बाँके जिल्लाको आर्थिक साथै राजनीतिक गतिविधिको प्रमुख केन्द्र नेपालगञ्जको सामाजिक अवस्थालाई *उलार* उपन्यासको मुख्य विषयवस्तु बनाइएको छ । नेपालगञ्जको स्थानीय परिवेशको चित्रणको माध्यमबाट २०४७ सालको राजनैतिक परिवर्तनपश्चात् नेपाली राजनीतिमा देखा परेको असन्तुलित अवस्थाको चित्रण गर्नु *उलार* उपन्यासको उद्देश्य रहेको छ । यस उपन्यासमा सामन्तवादी पुँजीवादी अर्थव्यवस्था एवम् राजनैतिक नेतृत्व वर्गको कुशासनका कारण निर्माण भएको वर्गीय शक्तिसम्बन्धको अवस्थालाई प्रस्तुत गरिएको छ ।  नेपालमा प्रजातन्त्र प्राप्तिपछि पनि निम्नवर्गीय अधीनस्थ नेपाली जनताको जनजीवनमा कुनै परिवर्तन आउन नसकेको यथार्थतालाई यस उपन्यासमा जीवन्त रूपमा अभिव्यक्त गरिएको छ । यस उपन्यासमा टाँगा चलाएर, घाँस बेचेर साथै पोष्टर टाँसेर जीवन गुजारा गर्ने निम्नवर्गीय सङ्घर्षशील पात्रहरूको प्रतिनिधित्व गराइएको छ । प्रेमललवा, द्रौपदी, कलुवा, भौजी, ननकउ, सावित्री, द्रौपदीका आमा बुबा र छोरी, क्वार्टरको बूढो पाले, महारिन बुआ यस उपन्यासका निम्नवर्गीय अधीनस्थ पात्रहरू हुन् । यसैगरी प्रभुत्वशाली वर्गको प्रतिनिधित्व शान्तिराजा, राजेन्द्रराज शर्मा, शिलाबाबु, निराकारप्रसाद शर्मा, मन्त्रीको पिएले गरेका छन् । उपन्यासमा चित्रित यी पात्रहरूबिच वर्गीय शक्तिसम्बन्ध

सशक्त रूपमा देखापरेको छ । प्रेमललवा प्रस्तुत उपन्यासको प्रमुख वर्गीय पात्र हो । उसको आर्थिक अवस्था कमजोर भएकै कारणले प्रेमललवा आफू र वसन्ती घोडी एउटै झुपडीमा बस्न बाध्य भएको छ । प्रेमललवाको आर्थिक स्थिति अत्यन्तै कमजोर र दयनीय रहेको प्रसङ्गलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> घरमा आएर ऊ डङ्रङ्ग पछारियो र आफ्नो वरिपरि नियाल्न थाल्यो । घर ? यस्तो पनि घर हो ? एउटा खाट, गिल्टीका दुईचार वटा भाँडा, कोठाभित्रै आफ्नो खाट र घोडीबिच छेकवार लगाएर ऊ सुत्छ । भुसाहरू, लादीको गन्ध । कलुवाले ल्याएर टाँसिदिने सिनेमाका पोस्टर । एकदुई बर्सातपछि ढल्न तम्तयार भित्ता । चुहिएर बर्सातमा सताउने छत र एउटा नमिठो, एकदमै नमिठो शून्यता । घर यही हो ? उसले प्रश्न गऱ्यो, आफैँसित । उत्तर दिने को ? अकस्मात घर भत्कियो भने के गर्ने ? कसरी बनाउने ? टाँगा तानेर के कहिल्यै घर बनाउन सकिन्छ ? उसले आफ्नो अगाडि अँध्यारो देख्यो । अँध्यारो निस्पट्ट अँध्यारो । (पृ.३९)

उपन्यासमा प्रयुक्त यस अभिव्यक्तिबाट प्रेमललवाको आर्थिक अवस्था अत्यन्तै कमजोर रहेको कुरा प्रस्ट हुन्छ । ऊ अति गरिब भएकोले ओत लाग्ने नयाँ घरको व्यवस्था गर्न सकेको छैन । वर्षामा चुहिएर ढल्नै लागेको एउटै कोठाको घरमा बार लगाएर भुसा र लादीको गन्धबिच प्रेमललवा घोडीसहित बस्न बाध्य भएको छ । समानका नाममा दुईचारओटा गिल्टीका भाँडाबाहेक प्रेमललवासँग सम्पत्तिको नाममा केही छैन । प्रेमललवा आफ्नो जीवनबाट निराश हुन्छ । उसले आफ्नो भविष्य उज्यालो देख्दैन । चारैतिर निराशाका बादलले ऊ घेरिएको हुनाले अँध्यारो सिवाय केही देख्दैन । आफ्नो यथास्थितिले उसलाई निकै दुःखी बनाउँछ । महँगीको चपेटामा परेको प्रेमललवा टाँगा चलाएकै भरमा जीवन धान्न नसकिने कुरा उसको मनमा आए तापनि गरिबीले गर्दा केही गर्न सकेको छैन । यसरी लाचार प्रेमललवा नाम मात्रको घरमा आफ्नो अवस्था र भविष्यप्रतिको चिन्तन गर्दै कष्टपूर्ण जीवन बिताउन बाध्य रहेको कुरा उल्लिखित साक्ष्यले प्रस्ट पारेको छ ।

नेपाली समाज विभिन्न वर्गमा विभाजित भएको हुनाले शिक्षामा सबैको समान पहुँच छैन । शिक्षामा पहुँच नहुँदा हजारौँ निमुखा व्यक्तिहरूले आर्थिक रूपमा पनि कमजोर बन्न पुगेका छन् । अझै पनि हाम्रो नेपालका विभिन्न क्षेत्रमा सीमान्त वर्गीय पात्रहरू

शिक्षाबाट वञ्चित भएकाले कष्टपूर्ण जीवन बाँच्न बाध्य रहेको अवस्था छ । यस सन्दर्भलाई प्रस्तुत उपन्यासमा चित्रित निम्नवर्गीय पात्र प्रेमललवाको अवस्थालाई यसरी देखाइएको छ :

> हो, वास्तवमा प्रेमललवालाई हिसाब गर्न आउँदैन । सौपचासको लेनदेन गर्नुपर्‍यो भने कनफुज भइहाल्छ । दुईचार अक्षर पढेको भए पो ! नौदस वर्षको उमेरदेखि टाँगा चलाउँदै छ प्रेमललवा । न महतारी न बाप । आठ वर्षको हुँदानहुँदै राजुबाबुको घरअगाडि ट्रकले किचेर उसको बाबु मर्‍यो । आमा पनि त्यही साल दमले मरी । ऊ एक्लो छोरो एक्लो रह्यो । (पृ.२८-२९)

उपर्युक्त सन्दर्भअनुसार गरिबीकै कारणले विद्यालयको खर्च धान्न नसकेर सानैदेखि प्रेमललवा टाँगा चलाएर अर्थ उपार्जन गर्न बाध्य भएको सन्दर्भलाई पाठमा चित्रण गरिएको छ । सानैमा आमाबाबु गुमाएको बेसहारा प्रेमललवा आर्थिक विपन्नताकै कारण विद्यालय भर्ना हुन सक्दैन । गाँस, बास, कपासजस्तै शिक्षा पनि आधारभूत आवश्यकताभित्र पर्ने भए पनि वर्गीय असमानताकै कारण प्रेमललवा शिक्षाजस्तो आधारभूत आवश्यकताबाट वञ्चित हुनु परेको छ । पढ्न नपाएकै कारण उसलाई सानोतिनो हिसाब गर्न नआएर अरुबाट ठगिएको छ । उसलाई हिसाब गर्न नआएकाले टाठाबाठाले पलपलमा ठगेका छन् । यसकारण उसको आर्थिक अवस्था माथि उठ्न सकेको छैन भन्ने कुरा प्रस्ट हुन आउँछ । यसरी शिक्षाबाट वञ्चित प्रेमललवा कलिलो उमेरदेखि नै दिनभरि शारीरिक श्रम गरेर हातमुख जोड्नलाई पनि धौ धौ परेको उसको यथार्थ अवस्थालाई उपन्यासमा जीवन्त प्रस्तुत गरिएको छ ।

समाजमा जहिले पनि हरेक क्षेत्रमा वर्चस्वशालीहरूको पहुँच हुन्छ । उनीहरूले त्यही पहुँचको शक्ति प्रयोग गरेर निम्नवर्गलाई शोषण गर्ने काम गरेका थिए/छन् । जसको सिकार निम्नवर्गका व्यक्तिहरू बन्न बाध्य हुन्छन् । अनेक जालझेल, षड्यन्त्र र प्रपञ्चका माध्यमबाट प्रभुत्वशाली वर्गले निमुखा वर्गलाई आर्थिक सीमान्तीकरणको अवस्थामा पुर्‍याएको पाइन्छ । जसको कारणले सीमान्तीकृत वर्गहरूको जीवन कष्टकर र पीडादायी बनिरहेको छ । यस सन्दर्भलाई प्रस्तुत उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> निमुनियाले पिरोलेपछि, टाँगा भाडामा लाग्न छुटेपछि र हातमुख जोड्ने अरु उपाय नभएपछि राजेन्द्रराजले प्रेमललवालाई सल्लाह दिए- 'घर बेच् ।' जम्मा तीस हजारमा प्रेमललवाले आफ्नो घरजग्गा बेच्यो । 'शिलाबाबुले दाम

> सोधे एक लाख भन्नु' भनेर राजेन्द्रराजले पहिल्यै सम्झाएका थिए । उसले त्यसै भनेको थियो तर राजेन्द्रराजले किन झुठो बोल्न लगाए, उसले बुझेन । उसले एक लाखको कागजमा ल्याप्चे लगायो र तीस हजार बुझ्यो । बाँकी रकम कसले बुझ्यो, त्यतातिर सोच्ने उसको क्षमता नै कहाँ थियो र ! जे होस्, त्यो जग्गा शिलाबाबुले किने र त्यहाँ पार्टी अफिस खोले । (पृ.३१-३२)

उपर्युक्त सन्दर्भले गरिबीले थिचिएको अशिक्षित प्रेमललवा राजेन्द्रबाबुको कुरा मान्न तयार भएको छ । प्रेमललवा आर्थिक सङ्कटमा परेको मौका पारी राजेन्द्रबाबुले जग्गा बेच्न सल्लाह दिएका छन् । मुख्य सडक किनारमै रहेको प्रेमललवाको मूल्यवान् जग्गा देखेर र्‍याल काढिरहेका राजेन्द्रबाबुले शिलाबाबुसँग मिलेर पार्टी अफिसको लागि उनलाई जग्गा किन्न लगाए । उनले प्रेमललवालाई एक लाखको कागजमा ल्याप्चे लगाउन लगाएर तीस हजारमात्र दिए र बाँकी रकम शिलाबाबु र आफूलाई भागबन्डा लगाए । आफ्नै जग्गा बेचेबापत प्राप्त एक लाख रकममध्ये प्रेमललवाले जम्मा तीस हजारमात्र बुझेर बाँकी रकम आफ्नै आँखाअगाडि राजेन्द्रराजले घुस खाएको टुलुटुलु हेर्न विवश रहेको सन्दर्भलाई उपन्यासमा चित्रण गरिएको छ । झुठो बोल्न लगाएर ल्याप्चे लगाएअनुसारको रकम प्राप्त नहुँदा पनि प्रेमललवाले त्यसको प्रतिकार गर्न सकेको छैन । यसरी राजेन्द्रबाबु जस्ता प्रभुत्वशाली वर्गले प्रेमललवामाथि अनेक जालसाजी गरी चरम आर्थिक शोषण गरेको कुरा उपन्यासमा देखाइएको छ । प्रेमललवा अशिक्षित र गरिब भएकै कारणले यस्तो शोषण र षड्यन्त्र सहन बाध्य भएको छ । राजेन्द्रबाबु जस्ता भ्रष्ट राजनीतिज्ञहरूले आफू अनुकूलको परिस्थिति निमार्ण गरी जबरजस्ती रूपमा प्रेमललवा जस्ता निमुखा वर्गमाथि हैकम चलाएको सन्दर्भलाई माथिको साक्ष्यले प्रस्ट पारेको छ । तसर्थ उपन्यासमा चित्रित पात्रहरूबिच आर्थिक अवस्था असमान भएकै हुनाले प्रभुत्वशाली वर्गको प्रतिनिधित्व गर्ने राजेन्द्रराज र शीलाबाबुले आफ्नो बल र शक्तिद्वारा प्रेमललवामाथि आर्थिक प्रभुत्व कायम गरेका छन् । जसको कारणले प्रेमललवाको आर्थिक अवस्था दयनीय बनेको छ । प्रेमललवालाई मुख्य सडकमा भएको उसको घर बेच्न बाध्य बनाइएको छ । तसर्थ यी पात्रहरूबिचको वर्गीय शक्तिसम्बन्ध सन्तुलित नरहेर असन्तुलित हुन पुगेको छ ।

वर्गीय समाजमा प्रभुत्वशाली वर्गहरू जसरी पनि अधीनस्थ वर्गमाथि वर्चस्व कायम गर्न पछि पर्दैनन् । अहिलेको अवस्थामा पनि निम्नवर्गलाई थोरै सहयोग गरेबापत घुस खाने प्रवृति प्रभुत्वशाली वर्ग साथै भ्रष्ट नेताहरूमा देखिन्छ । जसको कारण निम्नवर्गलाई विभिन्न

समस्या परिरहेको हुन्छ । निम्नवर्गहरू उत्पीडनको दोहोरो मारमा परिरहेको निम्नलिखित घटनाक्रमले यसलाई पुष्टि गरेको छ- "आफ्नो बाबुलाई मार्ने ट्रकको मालिकबाट आठ हजार प्रेमललवालाई उनैले दिलाइदिए । कसैकसैले राजेन्द्रराजले आफूले अठार लिएर प्रेमललवालाई आठ पकडाए भन्ने हल्ला पनि चलाए ।" (पृ.२९) भन्ने कथनबाट अहिलेको अवस्थामा पनि प्रभुत्वशाली वर्ग तथा भ्रष्ट नेतृत्व वर्गले निम्नवर्गलाई थोरै सहयोग गरेबाफत घुस खाने प्रवृत्ति रहेको कुरा उजागर गर्नुका साथै निम्नवर्गीय प्रेमललवामाथि प्रभुत्वशाली राजेन्द्रराजले चरम आर्थिक शोषण गरेको कुरा स्पष्ट हुन्छ । उनकै घरअगाडि ट्रकले किचेर प्रेमललवाको बाबु बुधेको मृत्यु हुन्छ । राजेन्द्रराजको शोषण र दमनलाई विरोध गर्न नसकेको प्रेमललवाले बाबुलाई मार्ने ट्रक मालिकबाट पाएको अठार हजारमा दश हजार राजेन्द्रराजले खाएको हेर्न विवश भई आठ हजारमा चित्त बुझाउन बाध्य भएको कुरालाई माथिको साक्ष्यले देखाएको छ । प्रेमललवा राजेन्द्रराजको प्रभुत्वशाली रवाफको अगाडि निरीह बनेको छ । उसको बाबुको मृत्यु हुँदा क्षतिपूर्तिबाफत पाएको रकम पनि सबै उसको हातमा पर्दैन तर पनि ऊ त्यसको विरुद्धमा बोल्न साथै प्रतिरोध गर्न सक्दैन । ऊ आफू ठगिए पनि जबरजस्ती चित्त बुझाउन बाध्य भएको छ । वर्गीय समाजमा उच्च वर्गहरू शक्तिशाली हुनुको मुख्य कारण अर्थ नै रहेको कुरा उपन्यासमा देखाइएको छ । आर्थिक अभावकै कारण प्रेमललवा जस्तो कर्मशील पात्र जीवनभर निरीह भएर बाँच्न विवश हुनु परेको छ । तसर्थ उपन्यासमा असमान आर्थिक संरचनाकै कारण प्रेमललवा प्रभुत्वशाली वर्गद्वारा शोषित र उत्पीडित भएकोले यी असमान वर्गीय पात्रहरूबिच शक्तिसम्बन्ध सन्तुलित हुन सकेको छैन भन्ने सन्दर्भलाई माथिको साक्ष्यले स्पष्ट पार्दछ ।

वर्गीय शक्तिसम्बन्धमा सञ्चालित समाजमा प्रभुत्वशाली वर्गले निम्नवर्गलाई हरेक क्षेत्रमा शोषण र दमन गरी सीमान्त अवस्थामा पुऱ्याउँदै आएका थिए/ छन् । प्रभुत्वशाली वर्गले गरिबहरूलाई सामाजिक हैसियत र स्तरका तहबाट किनारमा पार्नको लागि विभिन्न प्रकारको अभ्यास गरिरहेका हुन्छन् । यो समस्या इतिहासमा पनि थियो र आजपर्यन्त पनि चलिरहेको छ । धनी वर्गले बल प्रयोगको माध्यमबाट सोझासाझाहरू माथि वर्चस्व कायम गर्छन् यसै प्रक्रियाबाट प्रभुत्वशाली वर्ग सामाजिक हैसियतका दृष्टिले निरन्तर प्रभुत्वमा रहन्छन् भने निम्नवर्गहरू अधीनस्थ भई सीमान्तीकृत अवस्थामा पुग्न बाध्य हुन्छन् । यसैगरी यस उपन्यासमा पनि राजेन्द्रराज र शान्तिराजा जस्ता भ्रष्ट वर्चस्वशाली नेताहरूद्वारा

प्रेमललवाजस्ता सोभ्फा व्यक्तिलाई आर्थिक पहुँचबाट विस्थापित बनाइएको सन्दर्भलाई उपन्यासमा यसरी चित्रण गरिएको छ :

> बुधेको बाजेबराजु नै यो ठाउँमा आएर बसेका हुन् । राणाहरूको टाइममा बसालिएको थियो उनीहरूलाई । बुधेले कहिलेकाहीँ आफूलाई भनेको त उसलाई पनि सम्भ्फना छ । 'बेटा, हाम्रो घर त मेन बजारमा थियो ।' त्यतिखेर, पाँच छ वर्षको उमेरमा 'त्यसो भए हामी सुर्खेत रोडको घरमा चाहिँ कसरी आइपुग्यौँ त ?' भनेर सोध्न के सक्थ्यो प्रेमललवा ! तर यतिखेर बाटोमा उसले थाहा पायो, यहाँ आफ्नो वरिपरि केही त छ, जसले ऊ जस्तालाई निरन्तर पछाडिपछाडि धकेल्दैछ । मेनरोडबाट सुर्खेत रोड, सुर्खेत रोडबाट कोरियनपुरवा, कोरियनपुरवाबाट परसपुर । म र म जस्ताहरू सधैँ धकेलिन्छन् । (पृ. ९०)

राजेन्द्रराज र शान्तिराजाजस्ता भ्रष्ट सामन्तहरूको आर्थिक शोषण र दमनका कारण प्रेमललवाजस्ता निम्नवर्गीय पात्रहरू चरम सीमान्त अवस्थामा पुऱ्याइएको यथार्थलाई माथि दिइएको साक्ष्यले उद्घाटन गरेको छ । प्रेमललवाको बाजेबराजु नेपालगञ्जको मुख्य बजारमा बसेको भए पनि सम्भ्रान्त वर्गले अनेक षड्यन्त्र गरी त्यहाँबाट उनीहरूलाई विस्थापित गर्दै गर्दै सहरबाट गाउँमा पुऱ्याएको कुरा उपन्यासमा देखाइएको छ । यसरी आफूहरू कसरी यो अवस्थामा पुगियो भन्ने कुराको बोध प्रेमललवाले गर्नसकेको छैन । उसको हैसियत यतिसम्म पुग्न सकेको छैन । तसर्थ यस सन्दर्भमा प्रेमललवा सामन्त वर्गको गोटी बन्न बाध्य भएको छ । उसको अवस्था भ्फन भ्फन खस्कँदै गएको यथार्थलाई उपान्यासमा जीवन्त रूपमा प्रस्तुत गरिएको छ । यसरी प्रभुत्वशाली वर्गको चरम आर्थिक शोषणका कारण सिर्जित नेपाली समाजको विद्रूप स्थितिलाई उपन्यासमा जीवन्त प्रस्तुत गरिएको छ । प्रेमललवा निमुखा र निम्नवर्गीय पात्र भएकै कारण ऊ सहरबाट धकेलिँदै गाउँमा पुगी अन्ततः घरवारविहीन भई सीमान्तीकृत बन्न पुगेको छ । प्रेमललवाको पूरै पुस्ता प्रभुत्वशालीबाट पीडित भएको तथ्यलाई उपन्यासमा प्रस्तुत गरिएको छ । यसरी वर्गीय असमानताका कारण एउटा वर्ग दिनदिनै शक्तिशाली बन्दै गएको र अर्को वर्ग कमजोर हुँदै गएको अवस्था उपन्यासमा प्रकट भएको पाइन्छ । उपन्यासमा चित्रित यी विभिन्न सन्दर्भहरूले प्रभुत्वशाली वर्ग र निम्नवर्गबिच शक्तिसम्बन्ध असन्तुलित भएको कुरा प्रस्ट हुन आउँछ ।

समाजमा मानिसहरूले आआफ्नो जीवननिर्वाहका निम्ति विभिन्न पेसा अँगालेका हुन्छन् । विभाजित समाजमा पहुँच र स्तरअनुसारको पेसा पनि निर्धारण गरिएको हुन्छ । त्यसैले निम्नवर्गीय पात्रहरूले आफ्नो पुर्ख्यौली पेसाबाटै सम्पूर्ण जीवन धान्नु पर्ने बाध्यता सिर्जना भइरहेको हुन्छ । यस उपन्यासको प्रमुख पात्र प्रेमललवाले पनि सानैदेखि टाँगा चलाएर जीवननिर्वाह गरिरहेको हुन्छ । शान्तिराजाको विजय जुलुसमा पनि उसको टाँगाको प्रयोग गरिएको छ । त्यस टाँगामा क्षमताभन्दा बढी मान्छेहरू सवार भएकोले उलार ( असन्तुलन) भई घोडी (वसन्ती) को मृत्यु भएको छ । घोडीको मृत्युले प्रेमललवा अत्यन्तै चिन्तित भएको अवस्थालाई तलको साक्ष्यमा देखाइएको छ :

> वसन्ती फेरि भुइँमा ढली । खुट्टाहरू झड्कारेर छटपटिन थाली । मुखबाट फिँज निकाल्न थाली । र अनि ? एकछिन प्रेमललवा जडवत् भयो । मृत्यु कसको भयो ? वसन्तीको कि उसको ? उसको कि वसन्तीको ? ... उसले केही सोच्न सकेन । ऊ यतिखेर रुन पनि सकिरहेको थिएन । आफ्नो आँसु आफूभित्रै कताकता बगिरहेको, पोखिइरहेजस्तो व्यथालाई उसले लगातार भोगिरह्यो । (पृ. ५१-५२)

वसन्ती घोडीको मृत्युको कारण शान्तिराजाको विजय जुलुस नै थियो । सोह्र सत्र जना मान्छेको भार सहन नसकेर टाँगा उलार (असन्तुलन) भई वसन्ती घोडीको मृत्यु हुन पुग्छ । एउटा घोडीको सहायताले जीविका चलाइरहेको प्रेमललवा प्रभुत्वशाली सामन्त वर्गले गरेको पशुवत् व्यवहारकै कारण दुःखी बनेको छ । आफू निम्नवर्गको व्यक्ति भएको कारणले घोडीको मृत्यु हुँदासमेत वर्चस्वशाली वर्गका अगाडि आवाज उठाउन सकेको छैन र आफ्नो जिन्दगी समाप्त भएको महसुस प्रेमललवाले गरेको छ । गरिब वर्गले जीविका चलाउने माध्यम गुमाउनु भनेको जिन्दगी नै समाप्त हुनुजस्तै हो । यहाँ घोडीको मृत्यु हुँदा प्रेमललवाले आफूभित्रको आशा, भरोसा साथै विश्वासको मृत्यु भएकोले अन्ततः आफ्नै जीवनको अन्त्य भएको पीडामय अनुभूति गरेको छ । पाँचदेखि सात जनासम्म अट्ने टाँगामा सोह्र सत्र जना चढेपछि प्रेमललवाले शान्तिराजाका कार्यकर्ताहरूलाई ओर्लन आग्रह गर्छ तर उसको अनुरोधलाई बेवास्ता गरी टाँगामा क्षमताभन्दा बढी मानिसहरू जबरजस्ती सवार भएकाले भार धान्न नसकी घोडी वसन्ती भुइँमा ढल्छ र अन्त्यमा उसको मृत्यु पनि हुन्छ । यो अवस्थाले प्रेमललवा भावुक र चिन्तित बनेको छ तर यसको विरुद्धमा प्रेमललवाले बोल्नै सक्दैन । भित्रभित्र छटपटी भए तापनि उसको मुखबाट कुनै शब्द नै

निस्कन सकेको छैन । यसको मुख्य कारण शान्तिराजा र ऊबिचको असमान पहुँच हो भन्ने कुरा प्रस्ट भएको छ । तसर्थ प्रभुत्वशाली वर्गको प्रतिनिधित्व गर्ने शान्तिराजा र निम्नवर्गको प्रतिनिधित्व गर्ने प्रेमललवाबिचको शक्तिसम्बन्ध असन्तुलित भएको कुरा उपर्युक्त साक्ष्यमा प्रस्तुत गरिएको छ ।

गरिबहरूको जीवन धेरै कष्टकर हुन्छ । उच्चवर्गको चाकडी नगरी उनीहरूको जीविका चल्न गाह्रो नै हुन्छ । उनीहरूको यही सोझोपन र गरिबीको फाइदा उठाउँदै सामन्तहरूले विभिन्न किसिमको आर्थिक र श्रमशोषण गरी गरिबमाथि वर्चस्व कायम गर्न सफल भएका हुन्छन् । प्रभुत्वशाली वर्गले निम्नवर्गीय गरिबहरूलाई भऱ्याङ् बनाएर उकालो चढ्न सफल हुन्छन् भने निम्नवर्ग तलको तल रहन बाध्य हुन्छन् । गरिबहरूप्रति सम्भ्रान्त वर्गले अलिकति पनि सद्भावको भावना राखेको पाइँदैन । जसले गर्दा समाजमा दिनानुदिन धनी र गरिबबिचको दुरी बढिरहेको छ । यस प्रसङ्गलाई उपन्यासमा यसप्रकार प्रस्तुत गरिएको छ :

> ऊ राजेन्द्रराज शर्माको चिर ऋणी थियो । त्यसैले उनका लागि जिउज्यान दिन पनि तयार थियो । राजेन्द्रराजका आफन्तलाई 'फिरी'मा टाँगा चढाइदिन्थ्यो, उनका लागि रुपैडिहाबाट सामान किनेर ल्याइदिन्थ्यो । अस्तिसम्म पनि गर्दै थियो ।...घोडाबिना प्रेमललवाको गुजारा चल्न सक्दैन भन्ने राजेन्द्रराजलाई थाहा छ ।...राजेन्द्रराज यतिखेर आफू अगाडि रोइरहेको प्रेमललवालाई टीठलाग्दो किसिमले हेरिरहेछन् ।...'मालिक, म त भोकै मर्ने भएँ', प्रेमललवा रूँदै भनिरहेछ । हिजोअस्तिसम्मको निडर-साहसी-निर्भीक व्यक्तिलाई आज उसको आर्थिक हैसियत र असुरक्षाको भयले दयनीय बनाएको छ ।...'म एउटा चिठी लेखिदिन्छु । उनैकाँ जा, पक्कै सहयोग गर्छन्', राजेन्द्रराजले कागज र कलम खोज्दै भने । (पृ. ५४-५५)

उपन्यासको उपर्युक्त साक्ष्यअनुसार सानैदेखि प्रेमललवाले राजेन्द्रराजको चाकडी गर्थ्यो भन्ने कुरा प्रस्ट हुन्छ । उसले राजेन्द्रराजका आफन्तलाई टाँगा चढाउँदा पैसा लिँदैनथ्यो साथै नेपाल र भारतको सिमानाका रुपैडिहाबाट निःशुल्क रूपमा सामान ढुवानी गरिदिन्थ्यो । घोडीको मृत्यु हुनुभन्दा अगाडिसम्म प्रेमललवाले यसरी नै राजेन्द्रराजलाई निरन्तर सहयोग गरिरहेको थियो । यस सन्दर्भले राजेन्द्रराज र उनका नातेदारहरूले प्रेमललवालाई आर्थिक र श्रमशोषण गरेका छन् भन्ने कुरा प्रस्ट भएको छ । घोडीको मृत्यु

हुनुभन्दा अगाडिसम्म प्रेमललवाले यसरी नै राजेन्द्रराजलाई सहयोग गरेको छ । शान्तिराजाको विजय जुलुसमा घोडी वसन्ती मरेपछि प्रेमललवाले अनेक कष्ट भोग्न बाध्य भएको छ । निम्नवर्गहरू पीडा र अभावमा परेपछि प्रभुत्वशाली वर्गकै शरण पर्नुपर्ने सामन्तवादी प्रवृत्तिका कारण घोडीको मृत्युले असहाय बनेको प्रेमललवा विक्षिप्त हुँदै राजेन्द्रराजलाई आफूले भोग्नुपरेको चरम गरिबीको अवस्थाबारे जानकारी गराउँछ तर रान्द्रराजले प्रेमललवालाई सहयोग गर्नसके पनि उसलाई सहयोग गर्दैनन् उल्टै उसलाई बेवास्ता गर्छन् । प्रेमललवालाई सहयोग गरेजस्तो गरी उनले सहयोगको लागि शान्तिराजालाई चिठी लेखेर आफू पन्छिन खोज्छन् । गरिब जनताकै सहयोगले उच्चवर्गका मानिसहरू शासन सत्तामा पुगेपछि निम्नवर्गका मानिसहरूको पीडालाई कहिल्यै समाधान गर्न नचाहेको प्रसङ्गलाई माथिको साक्ष्यले प्रस्ट पारेको छ । यहाँ प्रेमललवा अधीनस्थ वर्गको व्यक्ति भएकाले पटकपटक प्रभुत्वशाली वर्गद्वारा ठगिन बाध्य भएको छ । राजेन्द्रराजजस्ता प्रभुत्वशाली वर्गलाई प्रेमललवाले हरबखत सहयोग गरेपनि प्रेमललवा आर्थिक सङ्कटमा पर्दा राजेन्द्रराजले एक रत्ति पनि सहयोग नगरेकाले प्रभुत्वशाली वर्गद्वारा प्रेमललवा उपेक्षित भएको कुरालाई प्रस्तुत उपन्यासमा छर्लङ्ग पारिएको छ । तसर्थ राजेन्द्रराजजस्ता वर्चस्वशाली वर्ग र प्रेमललवाजस्ता निम्नवर्गबिच आर्थिक असमानता रहेको हुनाले शक्तिसम्बन्धको अवस्था असन्तुलित रहेको छ ।

प्रभुत्वशाली वर्गले राजतीतिक वर्चस्वका कारण सीमान्तीकृत वर्गलाई सधैँभरि किनारामा राख्न प्रयास गरेको हुन्छ । जसको कारण सीमान्तीकृत वर्ग वा समुदाय किनारामै रहन्छ । प्रभुत्वशाली वर्गले आफ्नो फाइदाको लागि सीमान्तकृत वर्गलाई भरपूर प्रयोग गर्दै आएको पाइए तापनि ती सीमान्तीकृत वर्गका लागि भने केही गरेको भने पाइँदैन । उनीहरूको अवस्था भने जस्ताको त्यस्तै रहेको पाइन्छ । प्रभुत्वशाली वर्गले अनेक बहानामा सीमान्तीकृत समुदाय वा वर्गलाई ठगिरहेको हुन्छ । उनीहरूले त्यस उत्पीडनका विरुद्ध आवाज निकाल्न भने सकेको हुँदैन । यसकारण उनीहरूको जीवनस्तरमा केही पनि सुधार आएको पाइँदैन जसलाई उपन्यासमा यसरी लेखिएको छ :

> टाँगा चढेका दुई जना बात मार्दै थिए, आफ्नै सुरले । ... बुझिस्, राजिन्दरबाबुले सहयोग नगरेका भए कहाँ जित्नु शान्तिराजाले ? शान्तिराजाले राजिन्दरबाबुलाई पाँच लाख क्यास दिएको त मैले आफ्नै आँखाले देखेको । राजिन्दरबाबुले आफ्नो सत्तरी प्रतिशत भोट शान्तिराजाकोमा

> खसाउन लगाए । प्रेमललवा एकछिन अलमलियो । यति ठुलो धोखा हुनसक्छ ? तर बिचराको सोझो मन उसले तिनीहरूको वार्तालापलाई ध्यान दिएन । (पृ. ४६-४७)

उपर्युक्त सन्दर्भअनुसार टाँगामा चढेका दुई जना अपरिचित व्यक्तिहरूको संवाद सुनेर प्रेमललवा आश्चर्यचकित पर्छ । राजेन्द्रराजको प्रतिद्वन्द्वी भएर चुनावमा उठेका शान्तिराजाले पाँचलाख घुस ख्वाएर चुनाव जित्न सफल भएका छन् भने पैसाको आडमा राजेन्द्रराज खुसी खुसी चुनाव हार्न राजी भएको प्रसङ्गलाई उपन्यासमा प्रस्तुत गरिएको छ । प्रभुत्वशाली शान्तिराजा र राजेन्द्रराजबिच पैसाको चलखेलद्वारा भित्रभित्र सेटिङ मिलाएर चुनाव जितेका हुन्छन् । तर प्रेमललवाजस्ता सोझा जनताले फोहरी राजनीतिक खेललाई बुझ्न सक्दैनन् । यसरी वर्चस्वशाली वर्गले जनतालाई भोट बैङ्कको रूपमा प्रयोग गर्ने र पैसाकै आडमा सत्तामा पुग्ने नेपाली राजनीतिमा व्याप्त विकृत शक्ति अभ्यासलाई माथिको साक्ष्यले प्रस्ट पारेको छ । यहाँ शान्तिराजा र राजेन्द्रराजजस्ता प्रभुत्वशाली वर्गले प्रेमललवालाई मात्र होइन प्रेमललवाजस्ता हजारौँ सोझासाझा जनतालाई षड्यन्त्र गरेर पैसाकै भरमा सत्तामा टिकिरहन सफल हुने भएकाले निम्नवर्गको प्रतिनिधित्व गर्ने प्रेमललवा र राजेन्द्रराजबिचको शक्तिसम्बन्ध असन्तुलित रहेको छ ।

अभिजात वर्गको प्रतिनिधित्व गर्ने व्यक्तिहरूले निम्नवर्गीय व्यक्तिहरूलाई सत्तामा पुग्नका लागि टेको मात्र बनाएको पाइन्छ । जजसले बढी सहयोग गर्छन्, समाजमा उनीहरूले नै निरीह जीवन बिताउन बाध्य भएका हुन्छन् । समाज परिवर्तन गर्छु भनेर नेताहरूले भाषण गरे तापनि त्यो परिवर्तनले निम्नवर्गीय समुदायको जिन्दगीमा भने केही सकारात्मक परिवर्तन ल्याएको देखिँदैन । त्यसैले ती निम्नवर्गीय समुदायको अवस्था जस्ताको त्यस्तै रहेको छ । यस सन्दर्भलाई विभिन्न लेखकहरूले आफ्ना लेखनमा समेटेका छन् । यस उपन्यासमा पनि यस विषयलाई उठान गरिएको छ । यससम्बद्ध साक्ष्यलाई यहाँ यसप्रकार प्रस्तुत गरिएको छ :

> हजुर माई बाप सरकार, चार दिन भइसक्यो...उहाँ हजुरको जुलुसमा मेरो घोडी मरेको हजुरले काठमाडौँ बोलाउनुभएको सरकार, माई बाप । ऊ हात जोडेर उभियो । 'ए बुझेँ-बुझेँ । पिएऽऽ !' उनले आलाप दिएझैँ पिएलाई बोलाए । उनले प्रेमललवालाई पिएतिर देखाए र आफू अरु केही नसुने झैँ फटाफट निस्किए, बजेटभाषण सुन्न ।...काठमाडौँको पाँचदिने बसाइमा

> प्रेमललवा छिन्नभिन्न भयो । ऊभित्रको आशा र विश्वास मृतप्रायः भयो । ... काठमाडौँ बसेर अब हुँदैन । ऊ साह्रै नै निराश भइसकेको थियो । अब शान्तिराजाको पछाडि लाग्नुको कुनै औचित्य थिएन । पुल्चोक, सिंहदरबार, बालुवाटार, पार्टी अफिस धाउनुको कुनै अर्थ थिएन । ऊ बसपार्क आयो । टिकट काट्यो । पैसा पनि सिद्धियो । रित्तो भयो प्रेमललवा, खल्तीले पनि, आस्था र विश्वासले पनि । एकदमै रित्तो । (पृ.७९-८२)

प्रस्तुत उपन्यासमा प्रस्तुत सन्दर्भअनुसार राजेन्द्रराजको चिठी लिएर घोडीको क्षतिपूर्ति लिन प्रेमललवा नेपालगञ्जबाट काठमाडौँ जान्छ । शान्तिराजालाई भेट्न पुल्चोक, सिंहदरबार, बालुवाटार, पार्टी अफिस धाउँदा धाउँदै हैरान भइसकेको प्रेमललवा अन्ततः मन्त्री निवासको आँगनमा भेटेर हात पाउ जोड्दै उनकै चुनावी विजय जुलुसमा घोडी मरेको वृत्तान्त एकै सासमा सुनाउँछ तर शान्तिराजाले राम्रोसँग उसको कुरै नसुनी पिएसित कुरा राख्न भनेर आफू हतार हतारमा त्यहाँबाट निस्कन्छन् । प्रेमललवाले जति प्रयास गरे पनि शान्तिराजा र यातायात मन्त्रीले प्रेमललवाको पीडालाई नबुझी उसको मागलाई उपेक्षा गरेको कुरालाई उपन्यासमा प्रस्तुत गरिएको छ । भ्रष्ट नेताहरू सर्वसाधारण जनताकै भोट र सहयोगले सत्तामा पुग्छन् तर सत्तामा पुगेपछि आफूले जनतालाई दिएको आश्वासनलाई बिर्सेर व्यक्तिगत स्वार्थमा लिप्त भएको तितो यथार्थलाई उपन्यासमा उठान गरिएको छ । काठमाडौँ जाँदा होटल बसाइको क्रममा आफूलाई लेखक भन्ने निराकरप्रसाद शर्मासँग प्रेमललवाको भेट हुन्छ । निराकरप्रसादले शान्तिराजालाई भेटाइदिन्छु भन्दै झुटो आश्वासन दिएर प्रेमललवाको पैसा खाई आफू बेपत्ता हुन्छ । क्षतिपूर्ति पाउने आशामा सरसापटी गरी काठमाडौँ पुगेको प्रेमललवा चारैतिरबाट असहयोग र उपेक्षित मात्र बनेको छैन, फटाहा निराकरप्रसादसँग लुटिएको पनि छ । काठमाडौँको पाँचदिने बसाइको क्रममा प्रेमललवाले थुप्रै दुःख र पीडा भोग्न बाध्य भएको छ । आर्थिक, मानसिक र शारीरिक रूपमा प्रभुत्वशाली वर्गबाट उपेक्षित र थकित भएको प्रेमललवा अन्ततः शान्तिराजाको चाकडी गर्नुको कुनै अर्थ नदेखेपछि निराश भई रित्तो हात घर फर्किन बाध्य भएको कुरालाई उपर्युक्त साक्ष्यमा प्रस्तुत गरिएको छ । घर फर्किंदा अविरल वर्षाको कारण घर नै नरहेको र टाँगा पनि चोरी भएको घटनाले प्रेमललवा भक्कानिएको छ र आफ्नो पीडालाई उसले यसरी व्यक्त गरेको छ- "के गर्ने अब ? रुन्छु । कहालिन्छु । छाती पिट्छु । अरु के गर्न सक्छु अम्मा ?" (पृ.८४) यस

सन्दर्भमा आशा र विश्वास मरिसकेको अवस्थामा घोर निराशाले घेरिएको प्रेमललवा रुनु, छटपटिनुबाहेक कुनै विकल्प नरहेको उसको विवश अवस्थालाई देखाइएको छ ।

प्रभुत्वशाली समान्तवादी समाजमा निम्नवर्गका व्यक्तिहरू चारैतिरबाट शोषित, पीडित र उपेक्षित बन्न बाध्य हुन्छन् । सत्ता र शक्तिको सम्बन्ध नबुझ्केको प्रेमललवाजस्ता निमुखा वर्गलाई ठगेर, श्रमशोषण गरेर अधीनस्थ बन्न बाध्य पार्छन् । आफू सत्तामा पुगेपछि प्रेमललवाजस्ता पीडित वर्गलाई काठमाडौँ बोलाएर उनीहरूको पीडालाई प्रभुत्वशाली वर्गले ध्यान दिँदैनन् भन्ने आशय माथिको साक्ष्यले प्रस्ट पारेको छ । यसरी शान्तिराजा, राजेन्द्रराज र निराकारप्रसाद शर्माजस्ता प्रभुत्वशाली सामन्ती वर्गद्वारा प्रेमललवा किनारीकृत अवस्थामा पुऱ्याइएको हुनाले यहाँ यी पात्रहरूबिचको वर्गीय शक्तिसम्बन्ध असन्तुलित रहेको छ ।

## २.३.३ *लू* उपन्यासमा वर्गीय शक्तिसम्बन्धको अवस्था

*लू* उपन्यासले नेपालको पश्चिम तराई बाँके जिल्लाको भारतीय सीमाना जोडिएको पत्थरपुरवा क्षेत्रका सीमान्तीकृत वर्गले भोग्नु परेको गरिबी, उत्पीडन, सीमा समस्या साथै 'लू' जस्तो प्राकृतिक विपत्तिलाई मुख्य विषयवस्तु बनाएको छ । त्यस क्षेत्रका मधेसी, मुसलमान र ब्राह्मण समुदायभित्रको चरम गरिबी, अन्याय र सीमा समस्यालाई उठान गर्नु *लू* उपन्यासको मुख्य उद्देश्य रहेको छ । वर्गीय शक्तिसम्बन्धको दृष्टिले प्रस्तुत उपन्यासमा सीमा सुरक्षाका निम्ति खटिएका भारतीय बहराइचको ठेकेदार शम्भुराम र गुण्डाहरू प्रभुत्वशाली वर्गको प्रतिनिधित्व गरेका छन् । साथै रेडियोलाल, इलैया, नन्दु, हरदेई, बजरङ्गी, टुटे पण्डित, अनवर, रजिया, नुसरत, सलिम, आसिफ, जानकी, कमला, मुनिया, गोबरी, महेश्वर, कविता, देवकी, करिम, जागेश्वर, मेहरुन्निसा, पण्डितनी जस्ता मधेसी मुसलमान र ब्राह्मण सीमान्तीय वर्गको प्रतिनिधित्व रहेको छ । भारतीय प्रभुत्वशाली वर्गको शोषण, दमन, अन्याय र अत्याचारका कारण पत्थरपुरवाका सीमान्तीकृत वर्गले कष्टकर जीवन बाँच्न बाध्य रहेको यथार्थ घटनालाई उपन्यासमा प्रस्तुत गरिएको छ । *लू* उपन्यासमा सीमान्तीकृत पात्रहरूको वर्गीय अवस्थालाई तल दिइएको साक्ष्यले प्रस्तुत गरेको छ :

> तिथिमिति कसैलाई थाहा छैन । तर सबैलाई थाहा छ, त्यो साल पनि बौलाहा 'लू' चलेको थियो । 'लू' लागेर त्यो साल एकै महिनामा पत्थरपुरवाका तेह्र जना मरेका थिए । प्रायः कसैसित नबोल्ने र चुपचाप रहने गरीब भुइँया लोहारले त्यो साल आफैँले बनाएको धारिलो हँसियाले

> आफ्ना दुई नाबालक छोरा र स्वास्नीलाई रेटेको थियो र, पछि आफू पनि सेरिएर मरेको थियो । (पृ. १४)

उपन्यासमा प्रस्तुत यस प्रसङ्गले पत्थरपुरवाका गरिबहरू प्रत्येक वर्ष प्राकृतिक विपत्ति 'लू' तथा चरम गरिबीको 'लू' भोग्न बाध्य भएका छन् । पत्थरपुरवामा 'लू' का कारण एकै महिनामा तेह्र जना मरेका थिए । पत्थरपुवामा हरेक वर्ष 'लू' लाग्छ र सीमान्तीकृत समुदायको मृत्यु हुन्छ । गरिब भएकै कारणले उनीहरू प्रचण्ड गर्मीमा पनि बाहिर काम गर्नुपर्ने बाध्यता तथा सुरक्षित ओत लाग्ने ठाउँ नभएकै कारणले अकालमा ज्यान गुमाउनु परेको छ । 'लू' कै कारणले पानी नपरेपछि खेतबारी बाँझै रहने जसले गर्दा पत्थरपुरवाका गरिब वर्गहरू भोकमरीले गर्दा आत्महत्या गर्न बाध्य हुने गरेको तथ्यलाई प्रस्तुत गरिएको छ । पत्थरपुरवा गाउँमा बस्ने भुइँया लोहारले चरम गरिबीको कारण आफ्नो नाबालक दुई छोरा र श्रीमतीलाई मारेर विक्षिप्त भई आत्महत्या गरेको छ । आफ्नो परिवारको पेट पाल्नै नसक्ने भएपछि गरिब वर्गले आफ्नो सन्तानलाई मारेर आफू पनि मर्नु परेको दर्दनाक अवस्थाले शक्तिसम्बन्ध असन्तुलित रहेको सन्दर्भलाई माथिको साक्ष्यले प्रस्तुत गरेको छ ।

पत्थरपुरवाका सीमान्तीकृत वर्गहरूको खेतीबाहेक कुनै वैकल्पिक पेसा नभएको कारणले बर्सेनी भोकमरीले पीडित बनेको अवस्थालाई उपन्यासमा यसप्रकार प्रस्तुत गरिएको छ :

> ईश्वरले कुनै दया-माया नगरी आफ्नै हालतमा छोडिदिएको अभागी बस्ती हो यो । हो, यहाँका मानिसहरू पनि अभागी नै हुन् । सबैले सोच्छन्, यो वर्ष उखु र मकै खेती सप्रिन्छ र खेतीसँगै आफ्नो जीवन पनि सप्रिन्छ । तर त्यस्तो हुँदै हुँदैन । अनि त सबै फ्युज गएको गुलुप जस्तो अँध्यारो भैहाल्छन् । दुःखसुख गरेर जसोतसो दिन बिताउँछन् । फेरि अर्को साल आइहाल्छ । फेरि खेती सप्रेको सपना देख्छन् । (पृ.१०-११)

प्राकृतिक विपत्ति 'लू' लागेपछि खडेरीले गर्दा गरिबहरूको घरमा चुलो बल्दैन । बर्सेनि त्यहाँका सीमान्तीकृतहरू उखु, मकै, गहुँ फलाउने र भोकमरीबाट बच्ने सपना देख्छन् तर उनीहरूको आशा जहिल्यै निराशामा परिवर्तन हुँदो रहेछ । त्यहाँका गरिब वर्गले आफूले आफैँलाई अभागी भएको ठान्छन् । थौरै खेत त्यसैमा पनि पानी नपरेर 'लू' लाग्दा जनधनको क्षति उनीहरूले ब्यहोर्नुपरेको छ । गरिब भएकै कारणले उनीहरूले यस

अवस्थालाई आफ्नो नियति नै हो भनेर स्वीकार गर्न बाध्य भएका छन् । यस्तो समस्या पत्थरपुरवाका निम्नवर्गीय जनताहरूले सधैं भोग्नु परेका सन्दर्भलाई माथिको साक्ष्यले प्रस्ट पारेको छ ।

बजरङ्गीको बाउ भिखारी नेपालगन्जका एक जना नेताजीको घरको चर्पी सफा गर्ने काम गर्थ्यो । नेताको घरको फोहोर सोहोर्दासोहोर्दै उसको दिमागमा केही चेतना पनि घुसिसकेको थियो । बिस्तारै उसलाई आफूले गरेको काम काम हैन सजाय जस्तो लाग्न थाल्यो । त्यसैले उसले आफ्नो छोरो बजरङ्गीलाई चर्पी सफा गर्ने काममा नलगाउने निश्चय गरिसकेको थियो । भिखारीको कुरा उसको बाउलाई मन नपरेको सन्दर्भलाई निम्नलिखित अभिव्यक्तिले पुष्टि गर्छ- "ऊ भन्थ्यो, हामीले आफ्नो पुर्ख्यौली पेसा छोड्नु हुँदैन । हामीले गुहुसित घिन मान्यो भने हामीलाई कोढ आउँछ । कोढी भएर मर्छौं हामी ।" (पृ.३१) यस प्रसङ्गले बजरङ्गीको बाबु आर्थिक दृष्टिले निकै कमजोर भएकै कारणले नेताको घरमा चर्पी सफा गर्ने काम गर्न बाध्य भएको छ । चर्पी सफा गर्ने जस्तो कामलाई उसले सजायको रूपमा लिन थालेको छ तर आर्थिक अवस्था कमजोर भएकोले त्यो फोहरी काम छोड्न पनि सकेको छैन । शिक्षाबाट वञ्चित भएकै कारणले भिखारीले चर्पी सफा गर्ने कामको विकल्पमा कुनै पेसा अँगाल्न सकेको छैन । त्यस कामबाट आफू जति सुकै असन्तुष्ट भए पनि गरिबी कै कारणले भिखारीले चर्पी सफा गर्ने कामलाई छोड्न सकेको छैन । त्यस कामबाट आफू जति सुकै असन्तुष्ट भए पनि गरिबी कै कारणले भिखारीले चर्पी सफा गर्ने कामलाई निरन्तरता दिन बाध्य भएको छ । आफूले यस्तो काम गर्न बाध्य भए पनि छोरो बजरङ्गीलाई भने चर्पी सफा गर्ने काम गराउनु हुन्न भन्ने चेतना उसमा आएको छ तर भिखारीको कुरा उसको बाबुलाई मन पर्दैन । उसको बाबुले आफ्नो पुर्ख्यौली पेसा छोड्न नहुनु, गहुसित घिन मान्दा कोढ आउने कुरा व्यक्त गरेको छ ।

भिखारीको बाजे, बुबा जे काम गर्थे भिखारीको आउँदो पुस्ताले पनि त्यही चर्पी सफा गर्ने पेसा अँगाल्नै पर्ने विचार उसको बाबुले अभिव्यक्त गरेको छ । यो विचार उसको बाबुको मात्र होइन भिखारीहरू भिखारी नै रहून् र तिनीहरूमाथि प्रभुत्व जमाउन पाऊँ भन्ने चाहना ठालुहरूको पनि रहेको पाइन्छ । भिखारीको बाबु निम्नवर्गीय सीमान्तीकृत पात्र हो । त्यसैले उसले प्रभुत्वशाली वर्गको गुहुमुत सोहार्ने कामलाई आफ्नो संस्कृति मानेको छ र त्यस संस्कृतिलाई नत्यागेर निरन्तरता दिने विचार व्यक्त गरेको छ । भिखारीको बाबुमा चेतना र शक्तिको अभावले उसले प्रभुत्वशाली वर्गले बनाएको सामाजिक संरचनालाई

अधीनस्थ भएर स्वीकार गर्न चाहेको प्रसङ्गलाई माथिको साक्ष्यले प्रस्ट पारेको हुनाले यहाँ असन्तुलित किसिमको शक्तिसम्बन्ध रहेको छ ।

नेपाली समाजमा सीमान्तीकृत वर्गले निरीह जीवन बिताउन बाध्य भएका छन् । उनीहरूसँग प्रशस्त जीवननिर्वाह गर्ने आधार नहुँदा दुःखै दुःखमा जीवन बिताइरहेका छन् । प्रकृतिले पनि उनीहरूलाई नै दुःख दिइरहेको छ । आफ्नो छाक टार्ने समस्याले उनीहरू तड्पिरहेका छन् । बिहान बेलुका हातमुख जोड्ने समस्याले उनीहरू प्रताडित भएका छन् । प्रभुत्वशाली वर्गले उनीहरूको बारेमा केही पनि गरेको देखिँदैन । यस देशको नागरिक भएको प्रत्याभूति उनीहरूले गर्न पाएका छैनन् । उनीहरू चरम गरिबी भोग्दै जीवननिर्वाह गर्न विवश भएका छन् । यस सन्दर्भलाई उपन्यासमा यसरी लेखिएको छ :

> बाउको छेउमै सेतो कपडाले छोपिएको लास देख्यो । त्यसपछि ऊ झसङ्ग भयो । लासको निधार भने अलिकति खुला थियो । र, निधारमा टल्किरहेको थियो, रातो कुमकुम टीका । निक्खर रातो सूर्य जस्तै । नन्दुले रूँदैरूँदै इलैयालाई भन्यो, “बजरङ्गीकी माई र तेरी माई बेथुवा र निहुराको साग टिप्न सँगै जङ्गल गएका थिए । दुवैलाई जङ्गलमा साँपले टोक्यो इलैया । बजरङ्गीकी माई पनि मरी; तरी माई पनि मरी” । (पृ.३५-३६)

इलैयाकी माई (आमा) त्यसदिन ऊसित निकै रिसाएकी थिई । त्यसपछि इलैयासित बोल्दै नबाली डालो बोकेर बेथुवा र निहुरोको साग टिप्न बिहानै जङ्गल गएकी थिई । इलैया भने नेपालगञ्ज सिनेमा हेर्न गएको थियो । घर फर्किंदा इलैयाले सेतो कपडाले छोपेको लास देख्यो र झसङ्ग भयो । हातमुख जोर्ने समस्या भएकै कारणले निम्नवर्ग बेथुवा र निहुरोको सागमा भर पर्नुपर्ने बाध्यता रहेको प्रसङ्गलाई माथि दिइएको साक्ष्यले प्रस्तुत गरेको छ । प्रत्येक वर्ष पेट पाल्ने समस्याले ग्रस्त त्यहाँका सीमान्तीकृत जनताहरू आहाराको खोजीमा जङ्गल जानुपर्ने र सर्पको टोकाइले अकालमा मर्नुपर्ने बाध्यता रहेको कुरालाई उपन्यासमा प्रस्तुत गरिएको छ । बर्खाको समयमा जङ्गल जाँदा विभिन्न विपत्ति आइपर्छ भन्ने कुरा थाहा हुँदाहुँदै पनि गरिब भएकै कारणले बजरङगी र इलैयाका आमाहरू सागको लागि अकालमा जीवन गुमाउनुपरेको कुरूप यथार्थलाई माथि प्रस्तुत साक्ष्यले अभिव्यक्त गरेको छ ।

वर्गीय समाजमा सीमान्तीकृत समुदायको अवस्था निरीह छ । प्रकृतिदेखि लिएर प्रभुत्वशाली वर्गको वर्चस्वकारी संस्कृतिले पनि ती सीमान्तीकृत समुदायलाई नै ज्यादा प्रताडित बनाइरहेको छ । शक्ति र पहुँचको आडमा प्रभुत्वशाली वर्ग शक्तिकेन्द्रमै टिकिरहन अवसर पाएका छन् भने सीमान्तीकृत वर्ग निरन्तर किनारामै रहन बाध्य भएका छन् । राज्यसत्ताले पनि उनीहरूलाई यो देशको नागरिक जस्तो व्यवहार गरेको पाइँदैन । उनीहरू सत्तामा पुग्नलाई ती सीमान्तीकृत वर्गको पनि ठुलो योगदान रहेको छ भन्ने कुरालाई प्रभुत्वशाली वर्गले हेक्का राखेको भने देखिँदैन । त्यसैले सीमान्तीकृत वर्गमाथि मान्छेको जस्तो व्यवहार गरेको देखिँदैन । यही विषयलाई उपन्यासमा उठान गरिएको छ । यससम्बद्ध साक्ष्यलाई यहाँ यसरी प्रस्तुत गरिएको छ :

> मेरो माटोको घर गल्र्यामगुर्लुल्म ढल्यो । भैँसीहरू पनि मरे । हाम्रो पनि मर्ने-बाँच्ने ठेगान थिएन । त्यति बेला एउटा हरियो रङ्गको हेलिकप्टरले गाउँको तीनचार चक्कर लगाएको थियो । मेरा बुबाले पनि अनुहार अलिकति उज्यालो पारेर भन्नुभएको थियो, "चीलगाडी आयो । अब हामी सबैलाई बचाएर लैजान्छ । तर त्यस्तो भएन । हेलिकप्टर गाउँमा ओर्लिंदै ओर्लिएन । माथिमाथि नै फन्को मारिरह्यो । केही बेरपछि भने हेलिकप्टरबाट चिउरा र चाउचाउका प्याकेटहरू झर्न थाले । तर कुनै प्याकेट मान्छेका हातमा परेनन् । सारा प्याकेटहरू पानीमा बगे । त्यही प्याकेट टिप्न खोज्दा मेरा बुबा पानीमा बग्नुभयो र मैले हेर्दाहेर्दै बेपत्ता हुनुभयो । (पृ.८७)

इन्डियाले लक्ष्मणपुरमा बनाएको कलकलवा तटबन्धले गर्दा नालाहरूको निकास थुनिएर पत्थरपुरवाको पानी बगेर जान पाएन । लगातार तीन चार दिन परेको मुसलधारे वर्षाले पत्थरपुरवा गाउँ नै डुवानमा पऱ्यो र सबै गरिब वर्गहरूको माटाका घरहरू भत्किए । जनधनको ठुलो क्षति भयो । गरिबहरू खान नपाएर भोकभोकै छटपटिन बाध्य भए । त्यस विपत्को बेला सरकारले राहत लिएर पत्थरपुरवा गाउँमाथि हेलिकप्टरले फन्को लगायो तर ओर्लिएन । माथिबाटै चाउचाउ र चिउराका प्याकेट फ्याँकेर राहत बाँडेको जस्तो गऱ्यो तर डुबाउले गर्दा चिउरा र चाउचाउ सबै पानीमा बगेर गए । चिउरा र चाउचाउका प्याकेट टिप्न जाँदा बजरङ्गीको बाबु भिखारी पानीमा बगेर बेपत्ता भएको छ । प्रभुत्वशाली सरकारले दुःखमा आफ्नो उपस्थिति जनाए जस्तो गरे तापनि झारा टार्ने काममात्र गरेको छ । उता प्रभुत्वशाली भारतीय सरकारले लक्ष्मणपुरमा बनाएको कलकलवा बाँधले बर्सेनी

डुबानको समस्या भोग्न बाध्य भएका नेपालका सीमान्तीकृत तटीय जनताहरूमाथि हैकम चलाएको छ । नेपाल सरकारले पनि भारत सरकारसमक्ष यस समस्यालाई सामाधान गर्ने कुनै चासो देखाएको पाइँदैन । यसरी पत्थरपुरवामा कहिले 'लू' चलेर त कहिले डुबानले गर्दा सीमान्तीकृत समुदायको बस्ती नै उजाडिएर पीडादायी जीवन बाँच्न बाध्य भइरहेको प्रसङ्गलाई माथिको साक्ष्यबाट पुष्टि भएको छ ।

प्रभुत्वशाली राज्यसत्ताले सीमान्तीकृत जनताहरूलाई बेवास्ता गरी निरीह जीवन बाँच्न बाध्य बनाएको कुरा भने सत्य हो । ती सीमान्तीकृत जनताहरूले आफ्नो देशको माटोमा जन्मिएर पनि यहीँ देशको नागरिक भएको जस्तो अनुभूति गर्न भने पाएका छैनन् । त्यसैले उनीहरू चरम बेथिति भोगेर पनि जीउन विवश भएका छन् । यसको असर विशेष गरी भारतीय सीमा क्षेत्रमा बस्ने जनताहरूमा परिरहेको छ । उनीहरू प्रभुत्वशाली भारतबाट बढी प्रताडित भएका छन् । यसको सुनवाइ नेपालको राज्यसत्ताले नगरिदिएको कारण उनीहरू झन धेरै उत्पीडित भएका छन् । यस सन्दर्भलाई उपन्यासमा यसरी चित्रण गरिएको छ :

> हिजोसम्म उसको खेतपारि रहेको भारत नेपाल सीमास्तम्भलाई रातारात उसको खेतको बिचमा सारिएको रहेछ । सारा गाउँले कराए । तर खेत जोत्नेहरू डराएनन् । उनीहरूले भने, "अब यो जमिन इन्डियामा पर्छ ।" त्यसपछि महेशर हान्निँदै नेपालगन्ज गयो । विभिन्न पार्टीहरूका नेताका घरघरमा गयो । आफ्नो जमिन फिर्ता लिइदिन साष्टाङ्ग दण्डवत् गरेर याचना पनि गऱ्यो । एक जना नेता केके न गरूँला जस्तो गरेर छाती फुलाउँदै गाउँमा वस्तुस्थिति बुझ्न आए । उनले निरीक्षण भ्रमण गरे । त्यसपछि गाउँलेहरूलाई जम्मा गरे र भाषण गरे, "नेपालको आन्तरिक मामिलामा हस्तक्षेप गरेमा वा नेपाली भूमि एक इन्च पनि मिचेर कब्जा जमाएमा हामी धावा बोल्न आउनेछौँ ।" यति भनेर गएका नेताजीको भोलिपल्टदेखि नाकमुखै देखिएन ।" (पृ.१०८-१०९)

दशगजा क्षेत्रमा बसोबास गरेका पत्थरपुरवाका सीमान्तीकृत वर्ग भारतीय चलखेलले पीडित र शोषित बनेका छन् । भारतीयहरू रातारात सीमास्तम्भलाई सारेर नेपालको जमिनलाई आफ्नो बनाएका छन् । यही क्रममा महेशरले आधा खेत नै गुमाउनु परेको प्रसङ्गलाई माथिको साक्ष्यले प्रस्तुत गरेको छ । त्यसको विरुद्धमा पत्थरपुवाका सारा

गाउँलेहरूले प्रतिकार गर्न खोजे तापनि प्रभुत्वशाली भारतीयहरूका अगाडि उनीहरूको केही सिप चलेन । भारतका साधारण जनताहरू पनि भारतीय सरकार र एसएसबीको प्रभुत्वशाली वर्चस्वका कारण नेपालीहरूलाई हेपेका छन् । खेत जोत्ने भारतीयहरूले नेपालीहरूको जमिनलाई अब यो इन्डियामा पर्छ भनेरबिना हिच्किचाहट सजिलै तरिकाले भनेका छन् । नेपालको जमिनलाई नियतवश हडप्नु भारत सरकारले गरेको कुकार्यको विरोधमा नेपाल सरकारले पनि केही बोल्न नसक्नुले नेपालको कुटनीतिक सम्बन्ध कमजोर रहेको कुरालाई प्रस्ट पारेको छ । सीमास्तम्भ सारेर नेपाली जमिनलाई भारतमा गाभिएको अवस्था केवल पत्थरपुरवासँग मात्र सम्बन्धित नभएर नेपालको सार्वभौमसत्तामाथिको प्रहार हो । समस्या समाधान नहुने बुझेर महेशर नेपालगन्ज गएर नेतालाई भेटेर आफ्नो जमिन फिर्ता गरिदिन बिन्ती गरेका छन् । नेताले दशगजा क्षेत्रको स्थलगत निरीक्षण गरी गाउँलेहरूलाई जम्मा गरेर नेपालको आन्तरिक मामिलामा हस्तक्षेप गरेमा र नेपाली भूमि कब्जा गरेमा त्यसको प्रतिकार गर्ने मिठो भाषण गरेर गएपछि ती नेता वेपत्ता भएको यथार्थलाई उपन्यासले प्रतिविम्बन गरेको छ । यस प्रसङ्गले पत्थरपुरवाबासीहरू भारतीय सरकार र नेपाली नेताहरूको शोषण र दमनको दोहोरो मारमा परेका छन् भन्ने सत्यतालाई प्रस्ट पार्दछ । चुनावको समयमा धेरै पटक गरिब जनताको बस्तीमा पुगेका नेताहरू चुनाव जितेपछि भने सर्वसाधारण जनतालाई दिएको आश्वासन पूरा नगर्ने र त्यस क्षेत्रमा फर्केर कहिल्यै पाइला नटेकेको वास्तविकतालाई उजागर गरिएको छ । तसर्थ उपन्यासमा प्रस्तुत यस सन्दर्भले यहाँका नेताहरूले सर्वसाधारण नेपालीहरूलाई भोटबैङ्कको रूपमा मात्र प्रयोग गरेको अवस्थालाई पुष्टि गर्दछ । नेपाल सरकारले पनि सीमा सवालमा कुनै पहल गर्न नसकेकोले भारतीय सरकारको अगाडि अधीनस्थ बन्नु परेकाले शक्तिसम्बन्ध असन्तुलित रहेको प्रसङ्गलाई उपन्यासमा प्रयुक्त साक्ष्यले पुष्टि गरेको छ ।

सीमान्तीकृत वर्गमा प्रतिरोधी चेतनाको विकास नभएसम्म प्रभुत्वशाली वर्गले उनीहरूलाई शोषण र उत्पीडन गरिरहन्छ । सीमान्तीकृत वर्गमा प्रतिरोधी चेतनाका विकास नहोस् भन्ने चाहना सधैँभरि प्रभुत्वशाली वर्गमा हुन्छ । तर परिस्थिति उल्टो भइदिन्छ । ती सीमान्तीकृत वर्गले प्रभुत्वशाली वर्गको उत्पीडन सहँदासहँदै क्रमश उनीहरूमा प्रतिरोधी चेतनाको विकास हुँदै जान्छ । फलस्वरूप उनीहरूमाथि भएको उत्पीडनलाई बोध गर्दै जान्छन् र त्यस उत्पीडनका विरुद्ध उनीहरूले सशक्त आवाज निकाल्न थाल्छन् । प्रतिरोध गर्न थाल्छन् । प्रभुत्वशाली वर्गले भनेका कुराहरूलाई उनीहरूले स्वीकार गर्न छोड्छन् ।

वास्तवमा यो भनेको उनीहरूमा विकास हुँदै गएको प्रतिरोधी चेतनाको सङ्केत नै हो । यस सन्दर्भलाई उपन्यासमा यसरी उल्लेख गरिएको छ :

> अस्ति बहराइचबाट मदारीलाल आएको थियो । त्यहाँको एमएलएको छोरोको बिहेमा नौटङ्की देखाउनुपर्ने भएछ । 'गब्बर सिंह' भन्ने नौटङ्की । तीन वर्षदेखि इलैयाले गब्बर सिंह भएर त्यो नौटङ्कीमा अभिनय गरिरहेको थियो । तर इलैयाले यस पटक जाँगर चलाएन । भन्यो, "यसपालि मेरो दिमाग खराब भएको छ । म खेल्दिन ।" भयो आपत् । मदारीलाले धुरुक्कै रूँला जस्तो गरेर याचना गऱ्यो, "त्यसो नभन् इलैया । तँ खेलिदिइनस् भने त म बरबाद भैहाल्छु । मेरो धन्दापानी सब चौपट हुन्छ । मैले त एडभान्स पनि लिइसकेको छु ।" तर इलैयाको मन पग्लेन । (पृ.४१)

पत्थरपुरवाको मधेसी समुदायमा विवाहमा नौटङ्की देखाउने प्रचलन रहेको प्रसङ्लाई माथिको साक्ष्यमा प्रस्तुत गरिएको छ । भारत बहराइचको मदारीलालले नौटङ्की देखाउने काम गर्छ । नौटङ्कीको लागि मदारीलालले भारतीय सीमा जोडिएको नेपालको पत्थरपुरवाबाट केटाहरूलाई लग्छ । मदारीलालले नौटङ्की देखाएबापत घरमालिकसँग धरै रकम असुल्छ तर उसले नौटङ्कीमा अभिनय गर्ने नेपाली केटाहरूलाई थोरै रकम दिएर आर्थिक श्रमशोषण गरेको छ । इलैयाले नौटङ्कीमा अभिनय गरिसकेकोले मदारीलालले एमएलएको छोराको बिहेमा नौटङ्की खेल्नको लागि इलैयालाई बोलाउन आएको भए तापनि यसपालि इलैयाले नौटङ्की नखेल्ने बताउँछ । इलैयाको यस्तो जवाफले मदारीलालको मन खिन्न हुन्छ किनभने मदारीलालले पेश्कीस्वरूप पहिले नै पैसा लिइसकेको हुनाले इलैयालाई नौटङ्की खेल्नको लागि बिन्ती गर्छ । गत वर्ष दसैँमा नेपालगन्जमा भएको रामलीलामा इलैयाले रावणको भूमिका निर्वाह गरेको थियो तर त्यसबापत उसलाई मदारीलालले पूरा पारिश्रमिक दिएको थिएन जसले गर्दा यसपटक इलैयाको मन पग्लेन । पैसा नपाएकै कारणले इलैयाले नौटङ्की खेल्न अस्वीकार गर्छ । मदारीलाल जस्ता शोषकहरूले सीमा क्षेत्रका नेपालीहरूलाई नेपाली भूमिमा पनि शोषण गर्ने तथ्यलाई माथिको साक्ष्यले उजागर गरेको छ । इलैया जस्ता गरिबहरूको गरिबीलाई किन्न पल्केका प्रभुत्वशाली वर्गको मदारीलालले इलैयालाई आर्थिक श्रमशोषण गरिरहेको देखाइएको कारण प्रभुत्वशाली वर्गको मदारीलाल र सीमान्तीकृत इलैयाबिच रहेको असन्तुलित किसिमको शक्तिसम्बन्धलाई उपन्यासले अभिव्यक्त गरेको छ ।

प्रकृति, विपद् जस्ता समस्याले पनि गरिब मान्छेहरूलाई नै सताउँछ । पँहुच भएका मान्छेहरूसँग त धेरै विकल्पहरू पनि हुन्छन् । तर ती निम्नवर्गीय समुदायमा भने कुनै पनि विकल्पहरू पनि हुँदैन । उनीहरू कही पनि भागेर जान सक्ने स्थिति भएका हुँदैनन् । त्यसैले निरीह भएर जे छ, जस्तो छ त्यस्तै समस्याहरूसँग सङ्घर्ष गर्दै जिउनु उनीहरूको बाध्यता हुन्छ । यसमा प्रभुत्वशाली वर्गले भने केही पनि सहयोग गरेको हुँदैन । उनीहरूको दुःखमा साथ दिए जस्तो पनि गर्दैनन् । जसको कारण निम्नवर्गीय जनताहरू धेरै उत्पीडित भएका छन् । यसको बारेमा राज्यसत्ताले पनि हेक्का राखेको पाइँदैन । यस विडम्बनापूर्ण अवस्थालाई उपन्यासमा यसरी प्रतिविम्बन गरिएको छ :

> गए राति हरेरामको तीन वर्षको छोरोले सहनै सकेन भोक । ऊ कराउन थाल्यो र आफ्नी आमालाई तारा भरिएको आकाशतिर देखाएर रुँदै भन्यो, “माई, ऊः त्यहाँ आकाशमा जताततै कनिकाहरू छरिएका छन् । टिप्न जान्छु भनेको हैन ? किन नगएको ? त्यहाँ जाऊँ र कनिका बटुलेर ल्याऊँ । मलाई भोक लाग्यो माई ।”...हरेराम सरासर आफ्नो घर गयो । चारा खान नपाएर आधा ज्यानका भैसकेका बयलहरू फुकायो । स्वास्नी, छोराछोरीहरू घरको सङ्घारमा उभिएर टिठ लाग्दो किसिमले हेरिरहेका थिए । उनीहरूको अनुहार भएको ठाउँमा अनुहार थिएन । छँदै थिएन । त्यहाँ त भोक नै भोक टाँसिएको थियो । हरेरामले हलो बोक्यो र गोरुहरू हाँक्यो । बौलायो कि क्या हो । यो सुक्खामा पनि खेत जोत्न जान लागेको ! उसलाई देख्ने सबैको अनुहारमा यही जिज्ञासा देखियो । तर यो जिज्ञासा अनावश्यक छ । किनभने सबैलाई थाहा छ, हरेरामको घरमा खानलाई एक गडो अन्न पनि छैन । यसपालि धान हुन्छ र रिन तिर्छु भनेर अब कुनै साहूले पत्याउने स्थिति पनि छैन । त्यसैले ऊ गह्रौं मन लिएर आफ्ना गोरु र हलो बेच्न भिन्गाको हाटतिर हिँड्यो । (पृ.१७७-१७८)

खडेरीले गर्दा भोकमरीको चपेटामा परेका पत्थरपुरवाका निम्नवर्गीय जनताहरू चरम निराशाले घेरिएका थिए । धेरै दिनदेखि हरेरामका नाबालक छोराछोरीहरू भोकभोकै थिए । दिनभरि जसोतसो खेलेर भोक बिर्सन्थे तर राति भने उनीहरूलाई भोकले डरलाग्दो किसिमले सताउँथ्यो । भोकले पेट मडारिएर ती बालकहरू रुन थाल्थे । हरेरामकी स्वास्नी छोट्कीले भने आकाशमा छरिएका ताराहरूलाई चामलको कनिका भनेर देखाउँदै ती

कनिकाहरू बटुलेर ल्याई पेटभरि भात खुवाउने वाचा गर्थी । ती नाबालकहरू आमाको कुरा पत्याउँथे । तर आमाले खानेकुराको जोहो नगरेको देखेर आकाशमा कनिका टिप्न जानको लागि अनुरोध गर्थे । छोट्कीले आफ्ना नानीबाबुलाई कनिका टिप्न जाने भनेर केही समय भए पनि भुलाउँथी तर भोकलाई मेटाउने सक्ने कुरै थिएन । ती बच्चाहरू भोकले फेरि छटपटाउन थाल्थे । हरेरामले यस भयावह भोकमरीले गिजोलिएको आफ्नो परिवारको अवस्थालाई टुलुटुलु हेर्नुबाहेक केही उपाय थिएन । छरछिमेकहरूको अवस्था पनि उस्तै भएकोले हरेरामले कसैसँग सरसहयोग पनि माग्न सक्ने स्थिति छैन । परिवारको पेट पाल्न नसक्नु भनेको परिवारको हत्या गर्नुसरह हो, तसर्थ केही सिप नलागेपछि एकदिन हरेरामले सम्पत्तिको नाममा आफूसँग भएको हलो र गोरु लिएर भारतको भिन्गा हाटबजार गएर बेच्न बाध्य भएको छ । हरेरामकी स्वास्नी, छोराछोरी तथा छरछिमेकहरूले हरेराम भिन्गा जाँदाको पीडादायी दृश्य निरीह भएर हेरिरहेका छन्, तर कसैले उसलाई रोक्न सकेका छैनन् । हरेराम जस्तो गरिब किसानको लागि हलो र गोरु बेच्नुभन्दा ठुलो दुर्भाग्य अरु केही पनि हुनै सक्दैन । खेतीको बेला हलो र गोरु बेच्नु भनेको हरेरामले आफूलाई र आफ्नै परिवारलाई बेचेसरह हो । भिन्गा हाटबजारका साहुहरूलाई सस्तोमा हलो र गोरु बेच्न विवश हरेराम निरीह पात्र हो । शिक्षा, अर्थ र ज्ञानको अभावमा हरेराम मात्र होइन पत्थरपुरवाका सबै गरिबहरूको अवस्था एउटै भएकाले चाहेर पनि उनीहरूले एकअर्कालाई सहयोग गर्न सकेका छैनन् । भोक, शोक र पीडाले आक्रान्त पत्थरपुरवा बस्ती जहिल्यै पनि गरिबीको चरम मारमा परेको छ । राज्यसत्ताबाट ओझेलमा परेको यो बस्ती उपेक्षित र तिरस्कृत जीवन बाँच्न बाध्य भएको हुनाले शक्तिसम्बन्ध असन्तुलित रहेको कुरा माथिको साक्ष्यले पुष्टि गर्दछ ।

## २.३.४ *सल्लीपिर* उपन्यासमा वर्गीय शक्तिसम्बन्धको अवस्था

नयनराज पाण्डेको *सल्लीपिर* उपन्यासमा हिमाली खुम्बु क्षेत्रका शेर्पा जातिहरूले भोगेका कठिन अवस्थालाई जीवन्त चित्रण गरिएको छ । भौगोलिक परिवेशका हिसाबले सीमान्तमा परेको खुम्बु क्षेत्रमा बसोबास गर्ने शेर्पा जातिले आफ्नो जीवनयापनका क्रममा झेलिरहेका विभिन्न समस्याहरूलाई यस उपन्यासले प्रस्तुत गरेको छ । खुम्बु क्षेत्रका निम्नवर्गीय शेर्पा जाति एकातिर भौगोलिक विकटताबाट ठगिएका छन् भने अर्कातिर विभेदकारी राज्यसत्ताबाट पनि त्यत्तिकै प्रताडित भएको सन्दर्भलाई उपन्यासमा उजागर गरिएको छ । त्यसकारण खुम्बु क्षेत्रमा बसोबास गर्ने समुदायको जीवन अनेकौं दुःखकष्टमा

बितिरहेको छ । त्यस्तो दुःखकष्टमा जीवनयापन गर्ने प्रतिनिधि पात्रहरूमध्ये छिरिङ एक प्रमुख पात्र हो । ऊसँग मुक्तिको चेतना प्रशस्तै रहे तापनि प्रकृति र समाजले साथ नदिँदा ऊलगायत उसको तीन पुस्ते सन्तानले निरीह जीवन बिताउन बाध्य भएको कुरालाई उपन्यासमा चित्रण गरिएको छ । हिमालको पेरिफेरिमा रहेको खुम्बु क्षेत्र जति सुन्दर र चर्चित छ, त्यस क्षेत्रमा बसोबास गर्ने ती बासिन्दाले त्यति नै कठिन जीवनयापन गर्दा रहेछन् भन्ने यथार्थको अभिव्यक्ति यस उपन्यासमा गरिएको छ । हिमाली क्षेत्रको आफ्नै कथा व्यथा हुन्छ । त्यहाँको जनजीवन धेरै कठिन हुन्छ । उनीहरूले निर्वाह गरिरहेको जीवन अत्यन्तै दुःख र कष्टपूर्ण हुन्छ । ती विभिन्न कठिनताहरूसँग सम्झौता गर्दै, सङ्घर्ष गर्दै आफ्नो जिन्दगी बिताउनमा अभ्यस्त खुम्बु क्षेत्रका शेर्पा जातिको जीवनपद्धतिलाई प्रभावकारी रूपमा यस उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> ऊ त सधैँ बाबुले सुनाउने अनौठा कथामा आनन्दित पो हुन चाहन्थी । तर छिरिङले सधैँ उस्तै उस्तै खालका दुःखी कथाहरू सुनाइरहन्थ्यो । छिरिङ लाचार भएर भन्थ्यो, 'के गर्नु र छोरी, मसित त्यस्ता रमाइला कथा छैनन् । हाम्रो जीवनमा पनि कहाँ रमाइलो छ र ? जीवन सुन्दर भए पो कथा पनि सुन्दर हुन्छ ।' (पृ.८)

खुम्बु क्षेत्रमा बसोबास गर्ने शेर्पा जातिहरूको प्रतिनिधि पात्रहरूमध्ये एक प्रमुख पात्र छिरिङ हो । उपन्यासमा ऊ र उसको तिनपुस्ते सन्तानले भोगेका जीवन सङ्घर्षलाई उपन्यासमा उजागर गरिएको छ । छिरिङको छोरीको नाम पेमा हो । उसले समयसमयमा आफ्नी छोरीलाई कथा सुनाउने गर्थ्यो । उसको कथाहरू प्रायः दुःखै दुःखले बुनिएका हुन्थे । उसकी छोरीले भने ती कथाहरू सुनेर आनन्द लिन चाहन्थी तर त्यो आनन्द उसले कहिल्यै लिन पाइन । ती कथाहरूमा दुःखका कहानीहरू भएकाले पेमालाई झस्काइ रहन्थ्यो उसलाई सुखका कथाहरू सुन्ने इच्छा र चाहना हुँदाहुँदै पनि त्यो कहिल्यै सम्भव हुन सकेन । छोरीको इच्छालाई बुझेर छिरिङले लाचार भएर आफ्नो जीवन रमाइलो नभएको कारण आफूसँग रमाइला र सुखका कथाहरू नभएको कुरा तिनै छोरीसँग गर्थ्यो । वास्तवमा छिरिङले भनेको कुरा सत्य हो । आफूले भनेको कथा सुन्दर र रमाइलो हुनलाई आफ्नो जीवन पनि त सुखद र रमाइलो हुनुपर्छ । छिरिङको जीवनमा धेरै उकुसमुकुस हुने गरी दुःखका घाउहरू थिए । त्यसैले उसले समय समयमा त्यही दुःखका पोकाहरू खोल्दै आफ्नी छोरीलाई सुनाउने गर्थ्यो । छिरिङले गरेका यी विभिन्न क्रियाकलाप र उसले दिएको

अभिव्यक्तिले उसको जीवन कष्टपूर्ण र दुःखदायी थियो तर दुःख र कष्टपूर्णभित्र पनि जीवनलाई बोध गर्ने चेतना र क्षमता छिरिङसँग प्रशस्तै थियो भन्ने छिरिङ आफैँले आफ्नी छोरीसँग भनेको उपर्युक्त उपन्यांशबाट प्रस्ट भएको छ ।

नेपालको हिमाली क्षेत्र प्रकृतिले अति नै सुन्दर देखिए तापनि त्यहाँको जनजीवन भने अत्यन्त कठिन हुने गर्दछ । त्यसमा पनि भौगोलिक हिसाबले खुम्बु अति नै पिछडिएको क्षेत्र हो । त्यहाँ उब्जाउ धेरै हुँदैन । हिमपातको कारण बालीनाली धेरै हुँदैन । विकासका पूर्वाधार, शिक्षा, स्वास्थ्य र बाटोघाटोको राम्रोसँग व्यवस्था भइसकेको छैन । त्यहाँका बासिन्दाहरूले अति नै कष्टपूर्ण जीवननिर्वाह गरिरहेका हुन्छन् । त्यहाँको आयस्रोत भनेको चौरीपालन र पर्वतारोहीहरूको भरिया बन्नुबाहेक कुनै विकल्प छैन । त्यस्तै विकल्पहीन जीवनयापन गर्ने शेर्पा समुदायका प्रशस्तै व्यक्ति, परिवार र समुदाय छन् । ती प्रतिनिधि पात्रहरूमध्ये छिरिङकी छोरी पेमा पनि एक हो । उसले आफ्नो जीवनमा विभिन्न दुःख र हन्डरहरू भोगिरहेकी छ । ती दुःख र हन्डरहरूमा अनेक सङ्घर्ष र सम्झौता गरी बिताउने लयलाई पेमाले सानैदेखि समातेकी हुन्छ । त्यसैको मियो समातेर जीवन बिताउन अभ्यस्त पेमाको अवस्थालाई उपन्यासमा यसरी चित्रण गरिएको छ :

> पेमाले मन दुख्दा दुख्यो भनेर बाजेबज्यैलाई दुःख दिँदैनथी । रून मन लाग्दा, आँसु आयो भन्दिनथी । आफ्नो मनको कुरा भन्ने कर्मा पनि ऊसित थिएन । कर्माले सिकाएको थियो -'मनमा पीर पऱ्यो भने सुटुक्क गोठमा जानुपर्छ र चौरीसितै दुःखको कुरा गर्नुपर्छ ।'
>
> ऊ त्यसै गर्थी । मन भारी भएको बेला चौरीहरूसित बात मार्थी । उसलाई चौरीहरूले उसको कुरा बुझ्‍ेजस्तै लाग्थ्यो । ऊ पनि चौरीसित तिनका दुःख सोध्थी । चुपचाप भएर पनि, सङ्केतैसङ्केतमा चौरीहरूले उसलाई आफ्ना व्यथाहरू सुनाएजस्तो लाग्थ्यो । (पृ.१७)

पेमाले दुःखको कथा सुन्न र सुनाउन आफ्ना बाबु छिरिङसँग सिकेकी थिई । त्यस्तै दुःखमा आफूलाई समाहित गर्न अभ्यस्त पेमा परिवारमा एक्लै भएपछि आफ्नो बाजे र बज्यैसँग बस्न आएकी हुन्छे । उसलाई आफ्नो बाबु छिरिङ र आमा ग्याल्मोले सानैमा साथ छोडेपछि बाजे बज्यैको साथ लिएकी हुन्छे । बाजे बज्यैकोमा आएर पनि पेमाको जीवनको लय फेरिँदैन । उसको जीवनको लय पहिला जस्तो थियो त्यस्तै किसिमको हुन्छ । उसले गर्ने

भनेको चौरी गोठालो नै हो । त्यसबाहेक ऊसँग कुनै विकल्प छैन । न त उसले शिक्षा लिन पाउँछे, न त स्वतन्त्र हुन नै पाउँछे । मात्र चौरीहरूको पछिपछि लागेर चौरीसँगको साथ, आत्मीयता भने झनझन दिनानुदिन प्रगाढ बन्दै गएको कुरा माथि दिइएको उपन्यासको साक्ष्यबाट प्रस्ट हुन आउँछ । पेमासँग अथाह पीडा व्यथा हुँदाहुँदै पनि कसैलाई सुनाउने अवसर नपाउँदा चौरीसँग ती व्यथाहरू पोख्दै गरेको सन्दर्भले पेमाको जीवन पशुसरह थियो भन्ने कुरालाई उजागर गरेको छ । यसरी एउटी महिला जसले शिक्षा र स्वतन्त्रता ग्रहण गर्ने उमेरमा पशुसँगै हरपल बिताउँदा कति पीडादायी जीवन हुन्छ भन्ने कुराको निक्र्यौल उपन्यासमा चित्रित पेमाले भोगेको जीवन भोगाइबाट प्रस्ट हुन्छ । यसरी गरिबीका कारण हातमुख जोड्नु पर्ने बाध्यताले गर्दा पेमाले पशुसँग दिनरात समय व्यतित गर्नुपर्ने बाध्यात्मक परिस्थितिलाई उपन्यासमा स्वाभाविक ढङ्गबाट अभिव्यञ्जित गरिएको छ । जसले गर्दा पेमाको अवस्थाको बारेमा पूर्णरूपमा छर्लङ्ग भएको तथ्यलाई माथि दिइएको साक्ष्यबाट प्रस्ट भएको छ ।

प्रभुत्वशाली राज्यसत्ताले आफ्नो पहुँच र प्रभुत्व कायम राखिराख्नको निमित्त सीमान्तीकृत जनताहरूलाई सीमान्तमै राख्न हरबखत प्रयास गरिरहन्छ । जसका कारण नेपाली जनताले कुना कन्दरामा रहेर निरीह जीवनयापन गर्न बाध्य बन्नुमा प्रभुत्वशाली राज्यसत्ताको विभेदकारी प्रवृत्तिको प्रमुख भूमिका रहेको छ । जनतालाई सत्तामा पुग्ने भऱ्याङ र सत्ता टिकाउने टेकोको रूपमा लिने गरेको पाइन्छ । यो अभ्यास इतिहासमा पनि थियो आजपर्यन्त पनि जस्ताको तस्तै रहेको छ । राज्यसत्ताको विभेदकारी आँखाबाट ओझेलमा पर्न बाध्य बनेका अँध्यारैअँध्यारोमा जिन्दगी बाँचिरहन अभ्यस्त नागरिकहरू नेपाली समाजमा प्रशस्तै रहेका छन् । जसको हिसाबकिताब सरकारसँग पनि छैन । आफ्नै स्वार्थ पूरा गर्न जतिसक्दो प्रयास गर्ने सत्ताधारीहरूको प्रवृत्ति हाबी भएको छ । देशको दुर्गम ठाउँमा विकासको आधारभूत पूर्वाधारहरूमा राज्यपक्षले ध्यान नदिँदा त्यस भूगोलमा बस्ने लाखौं नागरिकहरूले पुस्तौंदेखि अन्धकारमा जीवन बिताउन बाध्य भइरहेका छन् । ती निमुखा जनताहरूको आवाज प्रभुत्वशाली वर्गले सुन्न मानेको छैन । ती उत्पीडित जनताहरूको आवश्यकतालाई राज्यले सम्बोधन गर्न सकेको छैन । त्यसकारण ती भौगोलिक विकटतामा निरीह जीवननिर्वाह गर्ने जनताहरूको सङ्घर्षपूर्ण अवस्थालाई उपन्यासमा यसरी व्यक्त गरिएको छ :

जनमत सङ्ग्रहको बेला थियो । देशैभरि जनता कोही राजाका पक्षमा र कोही काङ्ग्रेसमा विभाजित भएका थिए । सोलुखुम्बुतिर पनि राजनीतिको चहलपहल चर्को भएको थियो । काठमाडौँतिरबाट पनि नेताहरू आउनेजाने क्रम बढेको थियो । जो आज पनि पेमाका हजुरबुबासित भेटेर जान्थे ।

एकदिन निलो रङ्गको पक्षमा प्रचार गर्न आएका सोलुखुम्बुको सल्यानमा बस्ने लालबहादुरले हजुरबुबासित भने -'हाम्रो नेपाल चार जात छत्तीस वर्णको साझा फूलबारी हो । निर्दलीय पञ्चायती व्यवस्थाले हैन, बहुदलीय प्रजातन्त्रले मात्र न्यायपूर्ण ढङ्गले यो फूलबारीको रक्षा गर्न सक्छ । अब हामी रैतीबाट जनता हुनुपर्छ । शेर्पा साथीहरूले पनि हाम्रो बहुदललाई साथ दिनुपर्छ' । (पृ.१९)

प्रभुत्वशाली राज्यसत्ताले हिमाली खुम्बु क्षेत्रका जनताहरूलाई राजनीतिक प्रभुत्व र वर्चस्वका माध्यमबाट आफ्नो स्वार्थका लागि भरपुर प्रयोग गरिरहेको वास्तविकतालाई उपर्युक्त साक्ष्यले अभिव्यक्त गरेको छ । चुनावका समयमा राजनीतिक समर्थनका निमित्त काठमाडौँ (केन्द्र) बाट नेताहरू गाउँगाउँमा गएर अनेक आस्वासन बाँड्दै जनताका लागि लड्छौँ भन्दै भाषण दिएको कुरालाई उपन्यासमा चित्रण गरिएको छ । नेपाल चार जात छत्तिस वर्णको साझा फूलबारी भएकाले हामी सबैलाई समेट्छौँ, बराबर अवसर दिन्छौँ भनेर नेताहरूले आवश्वासन दिए तापनि खुम्बुका जनताहरूले भने न्याय र स्वतन्त्रता पाएको अनुभूति भने गरेको देखिँदैन । बहुदल होस् या जुन दल आए तापनि खुम्बु क्षेत्रमा बसोबास गर्ने जनताले न्याय पाउन नसकेको कुरा उपन्यासमा चित्रण गरिएको छ । बरु उल्टै त्यस क्षेत्रमा बसोबास गर्ने जनताहरूले चरम गरिबी भोग्न बाध्य भइरहेका छन् । यसरी प्रभुत्वशाली वर्गले सीमान्तीकृत जनताहरूलाई राजनीतिक भऱ्याङ बनाएर सत्तामा आसिन भइरहेको तीतो यथार्थलाई यहाँ उद्घाटन गरिएको छ । सत्ता र शक्तिको आडमा निम्नवर्गीय उत्पीडित जनतालाई विभिन्न माध्यमबाट अधीनस्थ बनाइरहेको सन्दर्भलाई माथिको साक्ष्यले पुष्टि गर्दछ । यस्तो किसिमको सत्ताधारीहरूको प्रवृत्ति खुम्बु क्षेत्रमा पनि हुन्छ, अन्य क्षेत्रमा पनि हुन्छ । यस सन्दर्भमा ग्राम्सीले भनेका छन्- "प्रभुत्व एक किसिमको मानसिक दासता हो, जो मूलतः सत्ता निर्मित सांस्कृतिक संस्थाहरू र तिनका सम्प्रेषक वर्गहरूबाट प्राप्त हुन्छ ।" (गिरी, २०७०, पृ.३३) ग्राम्सीले भनेझैँ नेताहरूले शक्ति सत्ताको आडमा निरीह जनताहरूलाई किनारामा राख्न तल्लीन भइरहेको र त्यसबाट मुक्तिका लागि सङ्घर्षरत

खुम्बु क्षेत्रका जनताबिच भइरहेको राजनीतिक शक्तिसङ्घर्षलाई उपन्यासले जीवन्त प्रस्तुत गरेको छ । उनीहरूबिच भएको शक्तिसङ्घर्ष असन्तुलित किसिमको रहेको छ । खुम्बु क्षेत्रमा बसोबास गर्ने जनताहरूमा आफ्नो बारेमा आफैँ निर्णय गर्ने क्षमता (चेतना) को विकास नभएको कारण उनीहरू प्रयोग हुन बाध्य भएका छन् । त्यसैले शक्तिसम्बन्ध असन्तुलित रहेको कुरालाई सङ्केत गरेको छ । यस्तो असन्तुलित किसिमको शक्तिसङ्घर्षलाई यस उपन्यासले सान्दर्भिक ढङ्गबाट खोतल्ने काम गरेको छ ।

जबसम्म निम्नवर्गीय जनताहरूमा चेतनाको विकास हुँदैन, तबसम्म त्यसको फाइदा सम्भ्रान्त वर्गले लिइरहन्छ । यो प्रवृत्ति संसारमा जताततै व्याप्त रहेको छ । ठुलोले सानोलाई शोषण गर्नु, उत्पीडन गर्नु जस्ता सामाजिक प्रवृत्ति हिजो पनि थियो, आजसम्म पनि चलेकै छ । अलिअलि प्रक्रिया र रूपमा परिवर्तन आएको होला तर समग्रमा मुख्य ध्येय भनेको त्यही उत्पीडन र शोषण नै हो । सम्भ्रान्त वर्गले आफ्नो वर्चस्व अनेक तवरबाट बचाई राख्न तल्लीन रहन्छ भन्ने प्रसङलाई ग्राम्सीले पनि भनेका छन् । त्यसैले प्रभुत्वशाली वर्गले हतपत आफ्नो वर्चस्वलाई त्याग्न चाहँदैन । विभिन्न माध्यमबाट सत्ता टिकाइराख्न हरप्रयास गरिरहन्छ । जसको कारण समाजमा विभिन्न किसिमको सामाजिक अन्तर्द्वन्द्व र अन्तर्सङ्घर्ष चलिरहन्छ । प्रभुत्वशाली वर्गले निर्वाचन प्रक्रियाबाट सत्ता टिकाइराख्नका निमित्त जनतालाई अनेक किसिमको प्रलोभन देखाएर हुन्छ कि अथवा विभिन्न झुटा आश्वासन देखाउँदै भए पनि जनताको मत लिनलाई हरप्रयास गरिरहन्छ । यो प्रभुत्वशाली वर्गको नियमित प्रक्रिया नै हो । यस्तो किसिमको खराब प्रवृत्ति प्रभुत्वशाली वर्गमा निहित हुन्छ । प्रभुत्वशाली वर्ग वर्चस्वका निमित्त अनेक किसिमको प्रपन्चहरू पनि रचना गर्न पछि पर्दैन । यस्तो किसिमको प्रभुत्वशाली सत्ताको खराब चरित्र (प्रवृत्ति) लाई उपन्यासमा यसरी देखाइएको छ :

> गाउँलेहरूसँगै हजुरबुबाले पनि ताली बजाएका थिए । दलबहादुरका कुरा केही नबुझे पनि पेमाले थपडी बजाएकी थिई । दौरासुरुवाल लगाएको दलबहादुर भाषण सकेर हजुरबुबासँगै घरमा पनि आएको थियो । पेमाले नै उसलाई कालो चिया बनाएर ख्वाएकी थिई । पेमाको अनुहारतिर लोभी पाराले हेर्दै उसले भनेको थियो- "अब म समस्त शेर्पा दाजुभाइ दिदीबहिनीको हित हुने काम गर्छु । शेर्पाहरूको उन्नति प्रगतिको लागि म ज्यान फालेर लाग्छु । संसदमा पनि आवाज उठाउँछु । प्रधानमन्त्रीको पनि ध्यानाकर्षण गराउँछु" । (पृ.२१)

सुखको घाम एकदिन पनि उदाउन नसकेको खुम्बुक्षेत्रमा पनि राजनीतिक चहलपहल सुरु हुन्छ । केन्द्रका नेताहरू मोफसलमा जान्छन् । स्थानीय जनतालाई अनेक किसिमको प्रलोभन र आश्वासन देखाउँछन् । त्यस राजनीतिक कार्यक्रममा पेमा र पेमाको हजुरबुबा आफूहरूले केही नबुझे पनि गएर थपडी मारेर फर्कन्छन् । दलबहादुर भन्ने नेता हरेक घरघरमा डुल्ने क्रममा पेमाको हजुरबुबासँग आउँदा पेमाले कालो चिया बनाएर खुवाएको प्रसङ्गलाई माथि दिइएको साक्ष्यले प्रस्तुत गरेको छ । राजनीतिक कार्यक्रममा प्रभुत्वशाली दलबहादुरले शेर्पा समुदायको लागि हितकारी काम गर्ने, उनीहरूको लागि प्रगति र उन्नतिको काम गर्ने, यस विमर्शलाई संसदमा कुरा उठाउने वाचा गर्छ । दलबहादुरको त्यो वाचाले भने पूर्णता पाउँदैन । शेर्पा समुदायले हरेक पटक भोट दिँदा पनि उनीहरूको जीवनमा भने केही परिवर्तन आएको देखिँदैन । यसरी नेताहरूले सोझा साझा जनताहरूलाई विभिन्न प्रक्रियाका माध्यमबाट दास बनाइरहेको प्रवृत्तिलाई उपन्यासले उदाङ्गो पारेको छ । यसरी काम लिने समयमा विभिन्न किसिमको अभिव्यक्ति दिने, आफ्नो पकडमा पार्न हरबखत प्रयास गरिरहने तर आफ्नो स्वार्थ पूरा भइसकेपछि भने ती निमुखा जनताहरूको योगदानलाई चटक्कै बिर्सिदिने खराब र स्वार्थी राजनीतिक प्रवृत्तिलाई खोतल्ने काम उपन्यासमा गरिएको छ भन्ने तथ्यलाई पुष्टि गर्ने काम माथिको साक्ष्यले गरेको छ ।

नेपालमा विविधताहरू प्रशस्तै छन् । ती विविधताहरूमध्ये भौगोलिक विविधता पनि एक प्रमुख हो । ती भौगोलिक विविधतामा पर्ने हिमाली क्षेत्र धेरै विकट भएकाले त्यहाँको जनजीवन अत्यन्तै कठिन  र कष्टपूर्ण रहेको छ । हिमाली क्षेत्रमा बसोबास गर्ने जनताहरूले चरम गरिबी भोगिरहन बाध्य भएका छन् । उनीहरूले चरम गरिबी भोग्नुको कारणमध्ये एक प्रमुख कारण भौगोलिक विकटता पनि हो । भौगोलिक विकटताको सूचीमा रहन अभिसप्त गाउँहरू मध्ये खुम्बु क्षेत्रअन्तर्गत पर्ने सेछेन गाउँ पनि एक प्रमुख हो । त्यस गाउँमा जम्मा एघार ओटा मात्र घरहरू छन् । न त त्यहाँ विकास छ, न त त्यहाँ विकासका पूर्वाधारहरू पुगेका छन् । त्यहाँका जनताहरूले चरम दुःख र कष्टपूर्ण जीवनयापन गर्न बाध्य भएका छन् । दुखद र कष्टपूर्ण जीवन बाँच्न नियति बनेका निम्नवर्गीय सेछेन गाउँका जनताहरूको अवस्थालाई  उपन्यासमा यसरी चित्रण गरिएको छ :

> चौरी पालेर जीवन धानिरहेको गाउँ थियो सेछेन । ढुङ्गैढुङ्गाले भरिएको र जता खन्यो त्यतै गेगरान भेटिने अप्ठ्यारो जमिनमा खोरिया फाँडेर अलिकति खेतबारी बनाउन सकेका थिए यहाँका गाउँलेले । यिनीहरूलाई

> आफूलाई गरिबीको रेखाभन्दा माथि छौँ अथवा त्योभन्दा निकै मुनि छौँ भन्ने थाहा थिएन । गरिबी नाप्ने फित्ता र जोख्ने तराजु के हो, त्यो पनि यहाँका कसैलाई थाहा थिएन । तर यहाँ कसैले कसैसित गुनासो गर्दैनथ्यो । आफ्नो दुःख र समस्याका लागि यहाँ कसैले पनि आँसु खेर फाल्दैनथे । तर अरुका दुःखमा भक्कानिन्थे । अरुको खुसीमा अग्घोर खुसी हुन पाउनु आफ्नो अधिकारै ठान्थे सेछेनका एघार घरका मान्छेहरू । मजाका मान्छेहरू । (पृ.३०)

खुम्बु क्षेत्रमा पर्ने एउटा सानो गाउँको नाम हो सेछेन । जहाँ एघारओटा मात्र घरहरू छन्, भनिएको छ । त्यहाँको जमिन ढुङ्गैढुङ्गाले बनेको कारणले उब्जाउ हुन सक्दैन । त्यहाँ बसोबास गर्ने जनतालाई गरिबी भनेको के हो त्यो पनि थाहा छैन । यसको अर्थ उनीहरू आफ्नो अवस्थाको बारेमा राम्रोसँग बोध नभएको प्रसङ्गलाई उपन्यासमा अभिव्यक्त गरिएको छ । सेछेन गाउँका जनताहरूमा एक किसिमको आत्मीयता भने छ । उनीहरू जीवन बाँच्नकै लागि हरपल सङ्घर्ष गरिरहेका छन् । सुखदुःखमा साथ दिने सेछेन बासीलाई स्वार्थ भन्ने कुरा थाहा छैन । उनीहरू जतिसुकै अप्ठ्यारामा पनि जीवन बाँच्न बाध्य हुन्छन् । त्यो बाध्यताबाहेक कुनै पनि विकल्प उनीहरूसँग छैन । यदि उनीहरू आर्थिक र शैक्षिक रूपमा सक्षम भएका भए अन्य विकसित सहरमा जान्थे । यी कुरा भनेको उनीहरूका लागि कल्पनाभन्दा बाहिरको कुरा हो । जे जस्तो उनीहरूको अवस्था छ, त्यसलाई स्वीकार गरी जीवन गुजारा गर्न तल्लीन देखिन्छन् । उनीहरू आफ्नो यथार्थ जिन्दगीबाट हारेका छैनन् । निरन्तर सङ्घर्षशील देखिन्छन् । यसरी भौगोलिक विकटता भएको सेछेन गाउँका निम्नवर्गीय जनताहरूको सामाजिक र आर्थिक अवस्थालाई उपन्यासले एकातिर खोतल्ने काम गरेको छ भने अर्कातिर त्यही आर्थिक अभाव र गरिबीबिच पनि सेछेन गाउँका जनतामा भएका सामाजिक सद्भाव, प्रेम र सङ्घर्षलाई पनि प्रभावशाली ढङ्गबाट उजागर गरेको छ ।

समाजमा राजनीतिक झोले बनेर हिँडेका व्यक्तिहरूको अवस्था प्रतिष्ठित भने हुन सकेको छैन । जीवनभर राजनीतिक झोला बोकेर नेताहरूको अगाडि पछाडि भौंतारिहेका कैयौँ व्यक्तिहरूको अवस्था दर्दनाक रहेको छ । वर्चस्वशाली व्यक्तिहरू शक्ति र सत्ताको आडमा अनेक प्रलोभन देखाएर सोझासाझा व्यक्तिहरूलाई आफ्नो स्वार्थका निमित्त प्रयोग गरेका छन् । ती सोझा व्यक्तिहरूले पनि केही पाउने आश्वासनका भरमा भरपुर साथ र सहयोग गर्छन् । जब प्रभुत्वशालीहरूको सपना पूरा हुन्छ । त्यसपछि ती सीमान्तीकृतहरू

बेवास्ताका सिकार बन्छन् । त्यसपछि बल्ल उनीहरू आफू ठगिएको र प्रयोग भएको कुराको बोध गर्छन् । उनीहरूले आफूहरू शोषित र उत्पीडित भएको कुरा राम्रोसँग बोध गरेपछि राजनीतिप्रति वितृष्णा जगाउँछन् र कहिल्यै ठुलाठालुको भरिया नबन्ने प्रण पनि गर्छन् । त्यस प्रणको समयसम्म उनीहरूले आफ्नो जिन्दगीको धेरै समय व्यतीत गरिसकेका कारण उनीहरू निरीह बनी पश्चात्ताप र आत्मग्लानीमा जिन्दगी बिताउँछन् । यस सन्दर्भलाई उपन्यासमा यसरी भनिएको छ :

> 'दाइ, म त चुनावभरि तपाईंको पछिपछि लागेको थिएँ ।'
>
> 'पछि लागेर के भो त ! तेरो गाउँबाट बीस भोट पनि आएन मलाई । जम्मै भोट त विपक्षीले पायो । अब उसै कहाँ जा । उसैसित सहयोग माग ।' रुखो स्वरमा जवाफ दिएर मन्चमा उक्लियो दलबहादुर र भाषण गर्न थाल्यो- 'शेर्पा दाजुभाइ दिदीबहिनीको उत्थानको लागि म प्राण दिन पनि तयार छु ।'
>
> दावाले दलबहादुरको बाँकी भाषण सुनेन । निराश भएर गाउँ फर्कियो । छिमीले फेरि सोधिन् - 'आज गाउँका सबै चौरी लिएर खर्कतिर जान लागे ग्याल्जेन पनि जाँदैछ । तँ जान्छस् कि जान्नस् ?'
>
> नमिठो स्वरमा दावाले भन्यो- 'दलबहादुर जस्ताको पछि लाग्नुभन्दा चौरीकै पछि लाग्नु ठिक रहेछ आमा । ग्याल्जेनलाई पर्खी भन्दिनू । जान्छु म पनि' । (पृ.३४)

दलबहादुर भन्ने व्यक्ति खुम्बु क्षेत्रको एक विशिष्ट नेता हो । दलबहादुलाई पेमाको लोग्ने दावाले चुनावमा धेरै सहयोग गरेको हुन्छ । दलबहादुरले शेर्पा समुदायको उत्थानको लागि ज्यान दिन्छु भनेर पहिला पनि धेरै भाषण गरेको थियो । आज पनि उसले त्यही कुरा बारम्बार दोहोऱ्याइरहेको छ । दावाले पनि पहिलाको आश्वासनलाई सम्झेर दलबहादुर कहाँ गई आफूले चुनावमा धेरै सहयोग गरेको कुरा बताउँछ । दलबहादुरले दावालाई केही राम्रो कुरा गर्नुको सट्टा उल्टै तिम्रो गाउँबाट जम्मा बीस भोट मात्र आएको कारण विपक्षीले जितेकाले उतै जा भनेर निर्देशन दिन्छ । दावाको गाउँमा जम्माजम्मी एघार घर भएको गाउँबाट बीस भोट आउँदा पनि दलबहादुरलाई चित्त बुझ्दैन । यसरी दावाले जति सक्दो सहयोग दलबहादुरलाई गर्दा पनि दलबहादुरले दावामाथि गरेको अपमान र तिरस्कार सम्झेर अबदेखि दलबहादुरको पछि कहिल्यै नलाग्ने दावाले प्रण गरेको कुरालाई उपन्यासमा

अभिव्यक्त गरिएको छ । साथै दलबहादुरजस्तो स्वार्थी प्रवृत्ति भएको व्यक्तिको पछि लाग्नुभन्दा आफ्नै चौरीको पछि लाग्नु बेस भन्दै चौरीको पछि लागेर खर्कतिर गइरहेको विषम परिस्थितिलाई उपन्यासमा स्वाभाविक ढङ्गबाट चित्रण गरिएको छ । दावाले गरेको प्रतिरोधले समाजका निम्ति खटिएका प्रतिनिधि नेताहरूको वास्तविक चरित्र र उनीहरूको छली प्रवृत्तिलाई उदाङ्गो पार्ने काम माथि दिइएको साक्ष्यबाट प्रस्ट भएको छ ।

हिमाली क्षेत्रमा जीवननिर्वाह गर्ने खुम्बुका जनताहरूको अवस्था दुःखदायी हुने गरेको छ । चौरीको पछि लाग्दा लाग्दै आफ्नो जिन्दगी बितेको उनीहरूले पत्तै पाउँदैनन् । जीवननिर्वाह गर्ने आयस्रोत भनेको उनीहरूको चौरी मात्र हो । उनीहरूले त्यही चौरीमै जीवन गुजारा गर्ने माध्यम भएकोमा चित्त बुझाउनुपर्ने हुन्छ । त्यसैले उनीहरूले चौरीलाई आफूलाईभन्दा बढी माया गर्छन् । आफ्नो ज्यानलाई धरापमा राखेर भए तापनि आफ्नो चौरीलाई बचाउन हरप्रयास गर्छन् । यस प्रसङ्गलाई उपन्यासमा यसरी भनिएको छ- "पहिला चौरी बचाऊ । अनि आफू बाँच । हिमालका तिमीजस्ता गरिब मान्छेभन्दा चौरी महत्त्वपूर्ण हो" (पृ.४२) । यो उनीहरूको अवस्था त्यस भूगोलमा बस्ने हरेक व्यक्तिहरूको हुन्छ । उनीहरूको पहिलो सर्त भनेको जसरी हुन्छ चौरीलाई बचाउने हो । यसरी खुम्बु क्षेत्रमा बस्ने जनताहरूले जीविकाको निमित्त पहिलो स्रोतको रूपमा चौरीलाई मानेका छन् । त्यसैले उनीहरूले चौरीलाई उकाली ओराली गराउँदा जिन्दगी बितिसकेको पनि पत्तै पाउँदैनन् भन्ने विमर्श निम्नलिखित अभिव्यक्तिबाट पुष्टि हुन्छ- "यो खर्कमा अब तिमीहरूले चौरी चराउन पाउँदैनौ । अब यो किपट भैसक्यो । देखेनौ, त्यो बन्दै गरेको काठको घर ? त्यो घर श्रीखण्डको बास्नादार बन्न लागेको हो । काठमाडौँका नेताहरूको आराम घर हो त्यो" (पृ.४३) । खुम्बु क्षेत्रमा जहाँ चौरीलाई पालेर जीवननिर्वाह गर्नुपर्ने बाध्यात्मक अवस्था रहेको छ । त्यही क्षेत्रमा चौरी चराउने खर्कमा भने सरकारी प्रतिबन्ध लागेको प्रसङ्गलाई माथि दिइएको साक्ष्यले अभिव्यक्त गरेको छ । चौरीका लागि भनेर छुट्याइएको खर्कमा पनि प्रभुत्वशाली सत्ताका व्यक्तिहरूले किपटमा परिणत गराएर सीमान्त वर्गलाई चौरी चराउनमा प्रतिबन्ध लगाएको छ । राज्यसत्ताले खर्कमा नेताहरू बस्ने आरामदायी घर बनाएको छ भने शेर्पाहरूलाई भने त्यस क्षेत्रबाट विस्थापित गरेको छ । यसरी शक्तिमा आसिन प्रभुत्वशाली वर्गले सीमान्तीकृत जनताहरूमाथि वर्चस्वका माध्यमबाट विस्थापित पारिएको सन्दर्भले शक्तिशाली र शक्तिभन्दा बाहिर रहेका वर्गबिचको शक्तिसङ्घर्षलाई देखाएको छ । उपन्यासमा चित्रित असन्तुलित किसिमको शक्तिसङ्घर्षले गर्दा निरीह जनताहरू अधीनस्थ

बन्न बाध्य भएको प्रसङ्गलाई पनि यहाँ प्रस्तुत गरिएको छ । आफ्नो स्वार्थ र फाइदाका लागि निम्नवर्गमाथि गरिने चरम दमन र शोषकीय प्रवृत्तिलाई पनि प्रस्तुत साक्ष्यले छर्लङ्ग पारेको छ । जसले गर्दा उपन्यासमा अभिव्यक्त वर्गीय शक्तिसङ्घर्ष प्रभावकारी र प्रबल रहेको तथ्य पुष्टि भएको छ ।

खुम्बु क्षेत्रमा बसोबास गर्ने मानिसहरूको जीवनशैली प्रकृतिसँग सम्बद्ध रहेको छ । बाहिरी संसारसँग नजिक नभएर आफ्नो गाउँ, ठाउँमा भएको स्रोत र साधनसँग निर्भर बन्नुपर्ने बाध्यात्मक नियति उनीहरूको हुने गर्दछ । वनजङ्गल, खोलानाला, रुखबिरुवासँग उनीहरूको जीवनको लय गाँसिएको हुन्छ । जीविका धान्ने स्रोतका रूपमा पनि यी चिजहरूलाई उनीहरू लिनुपर्ने हुन्छ । ती स्थानीय स्रोत र साधनमाथि प्रतिबन्ध लाग्दा विस्थापित हुने सम्भावना उनीहरूको हुन्छ र हुँदै पनि आएको छ । यसैगरी वर्चस्वशाली वर्गले खुम्बु क्षेत्रमा बसोबास गर्ने स्थानीय जनतालाई पनि अनावश्यक दुःख दिने गरेको पाइन्छ । सत्ता र शक्तिको आडमा त्यहाँका स्थानीय बासीलाई अनेक सास्ती दिइरहेको पाइन्छ । जुन सास्तीले गर्दा त्यहाँका स्थानीय बासिन्दाले धेरै दुःख र कष्ट भोग्नु परिरहेको छ । जुन दुःख र कष्टपूर्ण अवस्थालाई उपन्यासमा यसप्रकार चित्रण गरिएको :

> 'वनको अनुमति नलिई अर्काको गाविसमा आएर यसरी मह झिक्न पाइन्छ ? तिमीहरूलाई जेल हाल्छौँ अब ।'
>
> दावाहरूको सातो गयो । पेमा त रुन थाली । तेन्जीले बुद्धि लगायो । उसले रेन्जरलाई एउटा कुनामा लग्यो र उसको खुट्टै समात्यो । केहीबेर नाइनास्ती गरेजस्तो गऱ्यो  रेन्जरले । तर पछि तेन्जीको कुरा मान्यो । त्यत्रो दुःख गरेर ल्याएको सबै मह रेन्जर र गाविस सचिवले जफत गरे । उल्टो जरिवाना पनि तिर्नु पर्ने भयो । तर कसैसित नगद थिएन । घिउ र छुर्पी लिन रेनजरले मानेन । अन्ततः तेन्जीले घाँटीमा लगाइराखेको सुनको सिक्री झिक्यो ।
>
> 'हामी गोठालासित पैसा कहाँ हुनु । भएको यही एउटा सिक्री हो । एक तोलाको छ ।'
>
> रेन्जरले सिक्री खल्तीमा हुल्यो मह चाहिँ गाविस सचिवले लैजाने भयो । गोठालाहरूलाई समात्न आएकाहरू फर्किए । मह बेचेर दावाको लागि कपडाको नरम जुत्ता किनिदिने सपना असमयमै तुहियो । (पृ. ४७-४८)

दावालगायत उसका साथीहरू आफ्नो क्षेत्रमा भएको जङ्गलमा मह काढ्न जाँदा प्रभुत्वशाली सरकारी कर्मचारी र गाविस सचिव मिलेर उनीहरूलाई दुःख दिएको कुरा उपन्यासमा जीवन्त ढङ्गबाट प्रस्तुत गरिएको छ । गाविस सचिवले आफ्नो क्षेत्रका नागरिकहरूको सेवा र सहयोग गर्नुको सट्टा उल्टो सास्ती दिएको छ । दावाहरूले दुःख र सास्तीले काढेको महमा अलिकति पनि दया नगरी सबै मह सचिव र रेन्जरले जफत गरेका छन् । यो भनेको निमुखा जनतामाथि गरिएको ठुलो घात हो । निमुखा जनतामाथि अलिकति पनि दयाको भाव ती सरकारी कर्मचारीबाट भएको देखिँदैन । उल्टै जरिवानासहित मागेका तर उनीहरूसँग जरिवाना तिर्ने कत्ति पनि पैसा नभएकाले तेन्जीले आफ्नो घाँटीमा लगाएको सुनको सित्री फुकालेर रेन्जरलाई दिएको छ । रेन्जरले त्यो सिक्रीलाई खल्तीमा राखेर लगेको कुरा उपन्यासमा चित्रण गरिएको छ । यसरी सत्ता र शक्तिको आडमा रहेर उच्च वर्गका व्यक्तिहरूले निम्नवर्गीय स्थानीय बासिन्दालाई दिएको चरम दुःख हो । त्यो चरम दुःखबाट मुक्तिको चेतना स्थानीय बासिन्दामा नभएको देखिन्छ । त्यसैले शक्तिशाली वर्ग र निमुखा वर्गबिच शक्तिसङ्घर्ष भएको कुरा उपन्यासले चित्रण गरेको छ । शक्तिसङ्घर्षका क्रममा निमुखा वर्ग हारेको कारण असन्तुलित किसिमको शक्तिसङ्घर्षलाई माथि दिइएको साक्ष्यले पुष्टि गरेको छ ।

नेपाल दुई ठुला देशबिच भएको सानो देश हो । सिमानाको कुरादेखि लिएर दुई देशको वर्चस्वकारी व्यवहारलाई पनि नेपालले सामना गर्नु परिरहेको छ । यी समस्या हिजो पनि थिए, आजसम्म पनि जस्ताको तस्तै छन् । सीमा क्षेत्रमा बसोबास गर्ने समुदायले बढी सिमानाको समस्या भोलिरहेका छन् । यस्तो किसिमको समस्या खुम्बु क्षेत्रमा पनि रहेको छ । खुम्बु क्षेत्रमा बसोबास गर्ने जनताहरूले पनि यो समस्या भोलिरहेका छन् । यस क्षेत्रमा बसोबास गर्ने जनताहरूले जीवननिर्वाहको स्रोत भनेकै चौरी पालन हुने भएकाले चौरीलाई चरनको लागि प्रशस्त खाली जमिन चाहिन्छ । त्यो खाली जमिन आफ्नो स्वामित्वमा नहुँदा त्यहाँका स्थानीयबासीले धेरै समस्या भोग्दै आइरहेका छन् । त्यो व्याप्त समस्यालाई उपन्यासमा यसरी उल्लेख गरिएको छ :

> दावाले टाढाटाढा सिमानापारिका गाउँहरू देखाएर पेमासित भन्यो- 'पहिला ती गाउँहरू नेपालमै थिए । यिनैमध्ये कुनै गाउँ हाम्रो हुँदो हो । तर, उहिल्यै सिमाना छुट्याउन आएको नेपाली कर्णेलले अलिकति कस्तुरी घुस लिएर त्यतिका जमिन चीनतिर पारिदिएछ । नेपालतिरै भइदिएको भए कति

सजिलो हुन्थ्यो हामीलाई । त्यहाँ चरनमा त घाँस पनि असाध्यै हुन्छ ।' पेमाले दावाका बाउबाजेले गुमाएको बस्तीलाई आँखाभरि हेरी । नमीठो लाग्यो उसलाई । दावाले पनि धेरैबेरसम्मै मन अमिलो पारेर त्यता हेरिरह्यो । (पृ.६९)

सिमानापारिका गाउँहरू पहिला आफ्नै भएको तर प्रभुत्वशाली कर्णेलले घुस लिएर त्यो गाउँलाई चीनतर्फ पारिदिएको सन्दर्भलाई उपन्यासमा चित्रण गरिएको छ । यदि ती गाउँहरू नेपालतिर भएका भए स्थानीय बासीलाई जीवननिर्वाह गर्न झन सहज हुने थियो भन्ने तथ्य दावाले आफ्नी श्रीमती पेमालाई माथि भनेको सन्दर्भबाट प्रस्ट भएको छ । आफ्नो बाबु बाजे बसेको सिमानापारिको क्षेत्रलाई आफ्नो पुस्ताले गुमाउनु परेको कारुणिक सन्दर्भलाई उपन्यासले उजागर गरेको छ । आफ्नै पिता पुर्खाले उपभोग गरेको भूमिलाई गुमाउनु परेको यथार्थ दावाले पेमालाई भनेपछि पेमाको मन भित्रभित्रै रोएको छ । उनको रुवाइबाट उनीहरूको अस्तित्वमाथि घात भएको कुरालाई उपन्यासले खोतल्ने काम गरेको छ । व्यक्तिगत फाइदाका निमित्त शक्तिको दुरुपयोग गरेर आफ्नै भूमिलाई बेचेको तीतो यथार्थको अभिव्यक्ति यस उपन्यासमा गरिएको छ । यसरी व्यक्तिगत फाइदा र आफ्नो मात्र स्वार्थलाई हेरेर आफ्नै भूमि अरुलाई सुम्पिने प्रभुत्वशाली खराब प्रवृत्तिले निमुखा वर्गमाथि परिरहेको चौतर्फी नकारात्मक असरलाई खोतल्ने काम उपन्यासमा गरिएको छ ।

भौगोलिक विकटताले ग्रसित खुम्बु क्षेत्रमा एउटै विद्यालय नहुनु, प्राथमिक स्वास्थ्य केन्द्र नहुनु, बाटाघाटा र सम्पर्क नहुनुले त्यहाँको जीवन कष्टकर र त्रासदीपूर्ण बनेको छ । यस क्षेत्रमा विकासका पूर्वाधारहरू पुऱ्याउन नसक्दा विशेषगरी त्यहाँका बासिन्दालाई यसको असर परिरहेको छ । उनीहरूले आफ्ना जीवनमा कुनै पनि उज्यालोको सङ्केत पाउन सकेका छैनन् । पूर्वाधारको विकासमा मूलतः सरकारले चासो नदिएको देखिन्छ । विकट जिल्लामा नजिक विद्यालय नहुँदा टाढा जानुपर्ने बाध्यता भएको र पुलको निर्माण नभएको कारण सानासाना बालबालिकाहरू तुइन चढेर विद्यालय जानुपर्ने बाध्यता अहिले पनि रहेको छ । यस्तै अवस्था खुम्बु क्षेत्रको पनि रहेको छ । खुम्बु क्षेत्रमा बसोबास गर्ने जनताहरूले यस्तो विभिन्न समस्या झेलिरहेका छन् । जसले गर्दा उनीहरूको जिन्दगी दुःखदायी र कष्टपूर्ण रहेको छ । उनीहरूको यस्तो अवस्था हुनुमा राज्यको पनि विभेदकारी चरित्रले ठुलो भूमिका खेलेको छ । उनीहरूको समस्यालाई राज्यले सम्बोधन गर्न नसक्दा उनीहरूको यो हविगत भएको छ । जसलाई उपन्यासमा यसप्रकार उल्लेख गरिएको छ :

> तर, दावालाई त मान्छे बन्ने रहर थियो । नाङसेर, तेन्जी, दोजी र टासीले नभनेको पो । उनीहरूलाई पनि मान्छे बन्ने रहर थियो । तर, उनीहरूलाई कसले मान्छे बन्न दिइरहेको छैन ? राजाले ? सरकारले ? कि दलबहादुरहरूको जमातले ? अहँ, यो कुरा उनीहरू कसैलाई थाहा थिएन ।
>
> दिनभरि दावाले सोचिरह्यो- 'शेर्पालाई सरकारले सगरमाथा चढ्न जा किन भन्छ ? किन काठमाडौँबाट बज्ने रेडियोले तेन्जिङले हिमाल चढेको गीत त बजाइरहन्छ तर उनीहरूलाई काठमाडौँ बोलाउँदैन ?
>
> पेमाले सोधी- 'के सोचेको दावा ?'
>
> दावाले आफ्नो बक्खु सुँघ्यो र भन्यो-'हाम्रो बक्खु गनाउँदो रहेछ पेमा । हाम्रो बक्खुको गन्ध काठमाडौँलाई मन पर्दैन' । (पृ.७५)

पेमा, नाङसेर, तेन्जी, दोजी र टासीलाई पनि मान्छे बन्न, सुखी बन्ने रहर हुँदाहुँदै उनीहरूको अवस्था निरीह बन्नुको पछाडि राज्यसत्ताको विभेदकारी व्यवहार नै हो भन्ने यथार्थलाई माथि दिइएको साक्ष्यले उजागर गरेको छ । पेमालगायत उसका साथीहरूको पनि जीवनस्तर माथि उठाउने चाहना हुँदाहुँदै पनि स्थानीय सरकारको चरम बेवास्ताले गर्दा उनीहरूको स्थिति खराब बन्न पुगेको छ । पेमा र पेमा जस्ता सोझा मान्छे भनेका वर्चस्वशाली वर्गका दास हुन् भन्ने किसिमले व्यवहार गरिएको छ । जुन व्यवहारले उनीहरूको अवस्था यस्तो रहेको छ । यस सन्दर्भलाई विमल कोइरालाले लेखेका छन्-" खुम्बु क्षेत्रको आर्थिक अवसर भनेकै हिमाल चढ्ने विदेशीहरूको भरिया हुनु हो । उसको घरबारी जोड्ने र पेमालाई सुख दिने सपनाको आधार नै भरिया हुन पाउनु ठान्यो । युवा अवास्थामा राजनीतिक दलको भरिया भयो तर चुनाव जित्नासाथ जनप्रतिनिधिले उसलाई चिनेनन् । त्यो दावाको मात्र होइन, आम नेपालीको नियति हो" (कोइराला, २०७३, पृ.७) । विमल कोइरालाले भनेजस्तै दावाको जीवनले फड्को मार्न सकेन । उसको जीवनले फड्को मार्न नसक्नुमा कथित राजनीतिक जनप्रतिनिधिहरूको चरम बेवास्ता देखिन्छ । उसले आफ्नो युवा अवास्थाको ऊर्जावान् समयलाई राजनीतिकर्मीहरूको भरिया बनेर बर्वाद गरेको तर त्यसको लाभांश लिन नसकेको वास्तविकतालाई माथि दिइएको साक्ष्यले प्रस्ट पारेको छ । सीमान्तीकृत शेर्पा जातिलाई भरपूर प्रयोग गरेर प्रभुत्वशाली नेताहरूले आफ्नो वर्चस्व कायम राख्न सफल भएको तर ती शेर्पा जातिका लागि न्याय र मुक्तिका बारेमा काम

गर्नुका सट्टा उल्टै उनीहरूलाई चरम बेवास्ता गरेको यथार्थलाई उपन्यासमा प्रतिविम्बन गरिएको छ । जसले गर्दा शेर्पा समुदायको अवस्थामा सुधार आउन सकेको छैन । त्यसैले प्रस्तुत उपन्यासमा असन्तुलित किसिमको शक्तिसङ्घर्ष रहेको छ ।

प्रत्येक बाबुआमाले आफ्ना सन्तानका निमित्त मरिमेटेर कर्म गर्छन् । आफ्नो भावि सन्तानले दुःख नपाओस् भन्ने चाहना संसारमा हरेक बाबुआमाको हुने गर्छ । तर ती प्रत्येक बाबुआमाको सपना भने पूरा भएको पाइँदैन । त्यही भविष्यको कुरालाई लिएर प्रत्येक अभिभावक हरबखत चिन्तित देखिन्छन् । चिन्चित हुँदैमा त्यो समस्या भने समाधान हुन सक्दैन । त्यो समस्या समाधान हुनका लागि उनीहरूको अवस्थामा सकारात्मक सुधार आउनु पर्दछ । चेतनाको विकास हुनु पर्दछ । उनीहरूले जीवनयापन गर्दा केकस्तो किसिमको गतिविधिलाई अँगालेका छन् भन्ने कुराले पनि उनीहरूको अवस्थालाई निर्धारण गर्दछ । यसै गरी प्रस्तुत उपन्यासमा पनि दावाले आफ्नो सन्तानका लागि धेरै चिन्ता लिएको देखिन्छ । उसको तात्कालीन अवस्थाप्रति चित्त बुझेको हुँदैन । तत्काल उसले केही गर्ने हैसियतमा पनि देखिँदैन । उसको आर्थिक अवस्था कमजोर भएकाले उसले आफ्नो सन्तानको भविष्य निर्धारण गर्न सक्दैन । उसको असमर्थताप्रति भने दावाले चित्त बुझाएको देखिँदैन । यस सन्दर्भलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> दावाले एकपल्ट लामो सास फेर्‍यो र फेरि ग्याल्जेनसित भन्यो -‘एकदिन मेरा सन्तानहरू पनि मैले जस्तै चौरी धपाएर खर्कको खोजीमा निस्कलान् । कैले लेकतिर उक्लिएलान्, कैले औलतिर झर्लान् । महिनौँ लगाएर तिब्बतको रियु बजारमा पनि पुग्लान् । किन्लान् अलिकति नुन, लुगाफाटा र अलिकति अन्न । फेरि फर्कलान् यही गाउँमा । केही महिना यताउता बरालिएलान् । त्यसपछि फेरि चौरी धपाउँदै लाग्लान् यही खर्कको बाटो । हामी र हाम्रा सन्तानले त जीवन बाँच्ने हैन, बिताउने कुरा पो रहेछ ग्याल्जेन । चौरी र हामीमा थोरै मात्र फरक रहेछ । चौरीहरू बोल्दैनन्, हामी रून्चे स्वरमा भए पनि बोल्छौँ । (पृ.७९-८०)

दावाको आफ्नो तत्कालीन अवस्था जस्तो किसिमको छ, त्यस्तै आफ्नो सन्तानको पनि हुने कुरामा ऊ सुनिश्चित भएको कुरालाई ऊ आफैँले आफ्ना साथी ग्याल्जेनसँग भनेको कुराले प्रस्ट हुन आउँछ । जीवन बाँच्ने र बिताउने कुरामा उसको बुझाइ फरक देखिन्छ । उनीहरूका लागि जीवन बाँच्ने नभएर बिताउने कुरा भएको उनको मत रहेको छ ।

उनको यो मतले उनीहरूको जीवन एकदमै कष्टदायी र दुःखदायी भएको कुरालाई सङ्केत गर्दछ । उसले आफ्नो अवस्थालाई चौरीसँग तुलना गरेको छ । चौरीले आफ्नो दुःख व्यक्त गर्न सक्दैन तर आफूहरूले आफ्नो दुःख चौरीसँग व्यक्त गर्न सकिन्छ भन्दै चौरी र आफूहरूमा फरक यति मात्र हो भन्ने तर्क उनको रहेको छ । उनको यो तर्कले उनीहरूको स्थिति एकदमै निरीह भएको कुरालाई प्रमाणित गर्दछ । दावाले आफ्नो अवस्थालाई राम्रोसँग बोध गरे तापनि आफ्नो र आफ्ना सन्तानका बारेमा केही गर्न नसक्ने भएकाले आफू धेरै चिन्तित भएको कुरालाई उपन्यासले प्रतिविम्बन गरेको छ । आफूले जस्तो किसिमको दुःख भागेको छ त्यस्तो किसिमको दुःख आफ्ना सन्तानले नभोगेको हुन्थ्यो भन्ने उत्कट चाहना दावाको रहेको छ । यसरी दावा एक कर्मशील र चिन्तनशील असल पात्र भए तापनि भौगोलिक विकटता र राज्यसत्ताको विभेदकारी प्रवृत्ति र बेवास्ताले गर्दा निरीह भई जीवन बिताउन बाध्य भइरहेको कुरालाई उपन्यासमा जीवन्त ढङ्गबाट प्रस्तुत गरिएको छ । वास्तवमा उसले गरिरहेको सङ्घर्षलाई मूलतः वर्गीय दृष्टिकोणबाट हेर्न सकिन्छ । उसको आर्थिक अवस्था निरीह हुनुमा गैरजिम्मेवारीपन नै प्रमुख देखिन्छ । उसले आफ्नो ठाउँबाट मुक्तिका निमित्त निरन्तर सङ्घर्ष गरिरहँदा पनि उसले वर्गीय मुक्ति पाउन सकेको छैन । जसले गर्दा प्रस्तुत उपन्यासमा असन्तुलित खालको शक्तिसङ्घर्षलाई प्रभावकारी ढङ्गबाट अभिव्यक्त गरिएको छ ।

नेपालको इतिहासमा चलेको दशबर्से युद्धले धेरै जनताहरूमा त्रास सिर्जना गऱ्यो । वर्गीय मुक्तिका लागि भनेर ने.क.पा.माओवादीले गरेको जनयुद्धको नराम्रो प्रभाव पऱ्यो । यस जनयुद्धमा धेरै निर्दोष नागरिकहरूले सहादत प्राप्त गरे । जताततै युद्धको त्रासले गर्दा धेरै मान्छेहरू विचलित भए । यसको प्रभाव बढी सहरमा भन्दा गाउँमा पऱ्यो । यसको मुख्य कारण सुरक्षाको कमी नै हो । गाउँका बुढाबुढी र बालबालिका बढी यसको सिकार भए । धेरै युवावर्ग मुक्तिका सपना बोकेर जङ्गलतिर छिरे । बाँकी पनि असुरक्षाका कारणले सहरतिर विस्थापित भए । माओवादी, सेना, बन्दुक र बम जस्ता नौलो शब्दबाट हरेक बालबालिकाहरू पनि परिचित भए । विशेष गरी निम्नवर्गीय नागरिकहरू वर्गीय मुक्तिलाई आफ्नो पनि मुक्ति सम्झेर जनयुद्धलाई समर्थन गरी युद्धमा सामेल भए । जुन उद्देश्यले निम्नवर्गीय नागरिकहरू युद्धमा सामेल भएका थिए । त्यो उनीहरूको उद्देश्य र सपना भने पूरा हुन सकेन । कतिपय निरीह समर्थकहरूको अवस्था झन निरीह बन्दै गयो । यसको फाइदा भनेको निश्चित पहुँच हुने व्यक्तिहरूले मात्र लिन सके । बाँकीको जिन्दगीले केही पनि फेरबदल हुन सकेन । यस अवस्थालाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> बन्दुकतिर हेरिरहेको फुर्वाको अनुहार आफूतिर फर्काएर उसको गालामा म्वाइँ पनि खाइन् छिमीले ।
>
> धेरैबेर पछि फुर्वाले हिम्मत गऱ्यो र कमरेड हिमालीले बोकेको बन्दुकलाई छामेर सोध्यो -'यो के हो ?'
>
> 'बाबु, यो राइफल हो । तिमी ठुलो भएको भए तिमीले पनि यस्तै राइफल लिएर राज्यसत्ताविरुद्ध युद्धमा भाग लिनुपर्थ्यो । तर, तिमी सानै छौ । त्यसैले हामी सबै तिम्रो तर्फबाट पनि लड्दैछौँ । हामी सबै शोषित पीडितको मुक्तिका लागि निर्णायक लडाइँ लड्दै छौँ । भोलि जब तिमी ठुलो हुनेछौ, कसैले तिम्रो शोषण र तिमीमाथि अत्याचार गर्न सक्ने छैन । तिमीले फेरि आफ्नो हकअधिकारको लागि लडिरहनु पर्ने छैन । (पृ.१००)

हिमालीले बोकेको बन्दुकलाई फुर्वाजस्तो नाबालकले यो के हो भनेर प्रश्न सोध्दा हिमालीपले यो राइफल हो बाबु भनेर भनेकी छ । वर्गीय उत्पीडनका विरुद्ध विद्रोह गर्न भनी राज्यसत्ताको विरुद्ध हिँडेको मान्छेले भन्ने पनि त्यही नै हो । राज्यसत्ताले निम्नवर्ग, र जातिलाई चरम उत्पीडन गरेको कारण मुक्तिका निमित्त राज्यसत्ताको विरुद्धमा विद्रोह गर्न कर्मलाई उनीहरूले रोजेका छन् । हिमालीले तिमी पनि ठुलो भएको भए युद्धमा जानु पर्दथ्यो भनेर नाबालक फुर्वालाई भनेकी सन्दर्भबाट युद्ध अनिवार्य रहेछ भन्ने कुरालाई उजागर गर्दछ । हिमालीले बोलेको सन्दर्भबाट आफ्नो हकअधिकारका निमित्त राज्यसत्तासँग युद्ध गर्नुपर्ने र त्यो प्राप्त भएपछि मात्र आफूहरूले न्याय पाउने भन्ने प्रसङ्गलाई पनि अभिव्यक्त गरेको छ । उनीहरूको धारणामा जनयुद्ध मुक्तिका लागि निर्णायक भए तापनि भुइँमान्छेहरूको अवस्था भने आजपर्यन्त जस्ताको तस्तै रहेको छ । निम्नवर्गीय जुन सिद्धान्त र अठोटका साथ जनयुद्ध लडेका थिए । त्यसको उद्देश्यअनुरूप सपना पूरा नभएको देखिन्छ । वर्गीय मुक्तिलाई प्रमुख उद्देश्य बनाएर जनयुद्ध लडे पनि प्रभुत्वशाली वर्गले आफ्नो व्यक्तिगत स्वार्थलाई ध्यान दिँदा निमुखा वर्गको अवस्थाले भने कोल्टो फेर्न सकेको छैन । युद्धको अभिघातमा परेर हजारौँ नागरिकहरूले आफ्नो जिन्दगीलाई रित्याएका, टुटाएका कैयौँ उदाहरणहरू नेपाली समाजमा धेरै छन् । जसरी समाजमा जनयुद्धले पारेको प्रभाव र त्यस युद्धप्रति नागरिकहरूको दृष्टिकोणलाई संवेदनशील ढङ्गबाट उपन्यासमा प्रतिविम्बन गरिएको छ । साथै वर्गीय शक्तिसम्बन्धका कोणबाट पनि प्रस्तुत उपन्यास सफल र प्रभावकारी बनेको तथ्यलाई माथि दिइएको साक्ष्यले पुष्टि गरेको छ ।

नेपाल बहुभाषा, बहुजाति, बहुसंस्कृति र बहुल भूगोलले भरिपूर्ण भएको देश हो । यो देशको बहुलता नै यसको सुन्दर पक्ष हो भनेर जतिसुकै नारा लगाए पनि राज्यले यो बहुलता र विविधतालाई उचित सम्बोधन गर्न नसक्दा यहाँका अधिक सङ्ख्यामा नागरिकहरू राज्यको मूल प्रवाहमा आउन सकेका छैनन् । विभिन्न जात जातिले आफ्ना भूगोल र संस्कृतिका आधारमा आर्जन गरेको आदिम जीवन सभ्यता, जीवननिर्वाहका शैलीलाई राज्यले सम्मानजनक अपनत्व ग्रहण नगर्दा उनीहरू विभेदको सिकार भइरहेका छन् । भौगोलिक कठिनताका कारण कतिपय स्थानमा सामान्य विकासका पूर्वाधारमा राज्यले बेवास्ता गर्दा त्यहाँको स्थानीयबासीले निरीह जीवन बिताउन बाध्य भएका छन् । उनीहरूले चरम अभाव र बेतिथि झेल्न अभिसप्त छन् । यस्तै किसिमको अवस्था खुम्बु क्षेत्र निवासी दावा शेर्पा र ऊ जस्ता धेरैको पनि रहेको छ । उनीहरूले क, ख पनि सिक्न नपाएको कारण जीवनमा धेरै कष्ट भोगेका छन् । त्यसमध्ये दावा एक प्रतिनिधि पात्र मात्र हो । उनीहरूको यो अवस्थालाई उपन्यासमा मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ :

> नाम्चेको हुलाकीले ल्याएको चिठी पढ्न नजानेकै कारण कति दिनसम्म उसले दावा मरेको पनि चाल पाइन । कति दिनसम्म दावाको क्रियाकर्म हुन पाएन । बिचरा दावा कति दिनसम्म वायुमण्डलमा मुक्तिको लागि छटपटाइरह्यो होला । यही कुराले पेमालाई सबैभन्दा बढी पीडा दियो । यो पीडा उसले जीवनभरिमा भोगेका पीडामध्ये सबैभन्दा भयानक थियो । यसले उसको मन मात्र दुखाएन, ग्लानीले भतभत औडाहा पनि गरायो ।
>
> पेमाले फुर्वातिर हेरी । उसले फुर्वामा आफ्नै बाबुको छाया देखी । आज उसले बुझी, उसको बाबु छिरिङ ज्ञानी मान्छे थियो । ऊ ज्ञानको खोजीमा भौँतारिएको थियो । ऊ बौलाहा थिएन । उसलाई उसको समाजले र उसकी आफ्नै स्वास्नीले बुझ्न नसकेको मात्र हो । (पृ.१५७)

दावाले राजनीतिक पार्टीलाई धेरै सहयोग गरे तापनि उसलाई जनप्रतिनिधिहरूले दिएको आश्वासन पूरा नभएपछि उसको विश्वास टुट्छ र ऊ पहिलाजस्तै हिमाल चढ्नेहरूको भरिया बनेर हिमाल चढ्न गएको हुन्छ । ऊ भरिया बनेर गएको समयमा ठुलो हिमपातमा परी उसको मृत्यु हुन्छ । उसको मृत्युको खबरलाई लिएर नाम्चेको हुलाकी चिठी बोकेर उसको घरमा आउँछ । त्यो चिठी कसैले पढ्न सक्दैनन् । न पेमाले सक्छे, न फुर्वाले, न गाउँका अरुले । कसैले पढ्न नसकेको कारण उनीहरूले चिठीमा के लेखिएको छ

भन्ने बारेमा जानकारी पाउन सक्दैनन् । केही उपाय नलागेपछि त्यो चिठी बोकेर फुर्वाले विभिन्न गुम्बा चहार्छ । टाढाको गुम्बामा गई रिम्पोछेलाई पढ्न लगाई फुर्वाले आफ्नो बाबु दावा मरेको कुरा पत्ता लगाउँछ । यो अवस्थाले पेमालाई अत्यन्तै दुःखी बनाउँछ । उनीहरूले अक्षर चिन्न नपाएकै कारण कति दिनसम्म आफ्नो परिवारको काज किरिया गर्नबाट वञ्चित हुन्छन् । बल्ल अक्षर भनेका के रहेछन् भन्ने कुराको बोध पेमाले गर्छे । उसलाई आफ्नो निरीहताप्रति ठुलो ग्लानी पनि हुन्छ । र उसले यसरी निश्चय गर्छे । अन्ततः पेमाले निश्चय गरी- "फुर्वाले पनि किताब पढ्छ । कसैको भरिया हैन, पढेर लामा हुन्छ ऊ । आफू पनि ज्ञानी हुन्छ र अरुलाई पनि ज्ञान दिन्छ" (पृ.१५८) । यसरी पेमाको आफ्नो चिन्तनमा परिवर्तन आउँछ । आफ्नै परिवारको मृत्युको खबर लेखिएको चिठी पढन नसक्दा धेरै दिन भौँतारिएर हिँड्नु परेको अन्योलतापूर्ण परिस्थितिलाई उपन्यासले मार्मिक चित्रण गरेको छ । अक्षर चिन्न नपाएर एक अबोध बालक फुर्वाले आफ्नो बाबुको मृत्युको बारेमा लेखिएको चिठीलाई खल्तीमा घुसारेर विभिन्न गुम्बैगुम्बा चहारेर भौँतारिएर हिँड्नुपर्ने अवस्था वास्तवमा ठुलो पीडादायी हो । एक्काइसौँ शताब्दीको युगमा पनि यस्तो अन्धकारमा निर्दोष जनतालाई राख्न खोज्ने राज्यसत्ताको लाचार प्रवृत्तिलाई पनि यस प्रसङ्गले उदाङ्गो पारेको छ । आजको शिक्षा सबै जनताको भए तापनि खुम्बु क्षेत्रमा बसोबास गर्ने जनताहरूले यसको प्रत्याभूति गर्न पाएका छैनन् । यसरी खुम्बुबासीले आफ्नो जीवनयापनका क्रममा भोगेको तीतो यथार्थलाई उपन्यासले उत्खनन गरेको छ ।

नेपालको भौगोलिक अवस्थालाई हेर्दा सबैभन्दा कठिनाइ हिमाली क्षेत्रमा रहेको पाइन्छ । हिमाली क्षेत्र प्राकृतिक दृष्टिले जति सुन्दर छ, त्यहाँ त्यति नै जटिल पनि रहेको छ । बाटोघाटोको समस्यादेखि लिएर पूर्वाधारको समस्यासम्म त्यहाँका नागरिकहरूले भोगिरहेका छन् । पूर्वाधार विकासमा पनि राज्यले विशेष ध्यान नदिँदा त्यहाँका नागरिकहरूले धेरै दुःख कष्ट भोग्न बाध्य भएका छन् । ती दुःख र कष्टप्रति राज्य संवेदनशील देखिएको छैन । जनताले लोकतन्त्रको प्रत्याभूति गर्न पाएका छैनन् । सत्ताको विभेदकारी नीतिले यस्ता विभिन्न समस्याहरूलाई सम्बोधन गर्न सकेको छैन । राज्यले आफ्नो कमजोर पक्षलाई आँकलन गर्न सकेको छैन । जनताको चासो र चिन्ताको विषयलाई उसले आफ्नो प्राथमिकताको विषय बनाउन नसकेको कारण चरम दुःख र गरिबी भोग्न जनताहरू बाध्य बनिरहेका छन् । त्यसमा पनि विशेष गरी भौगोलिक कठिनताको कारण धेरै नागरिकहरूले दुःख र कष्ट भोगिरहेको यथार्थ नेपाली समाजमा प्रशस्तै छन् । यसैगरी खुम्बु क्षेत्रका

नागरिकहरूले पनि यस्तै किसिमको कष्टमय जीवन बिताउँदै आएको कुरा निम्नलिखित अभिव्यक्तिबाट पुष्टि हुन्छ- “लौ मलाई जुकाले टोक्यो, ‘हिँड्दाहिँड्दै कुनै भरिया कराउँथ्यो । उसले यसो भन्न नपाउँदै जुकाले पछाडि आइरहेका अरु भरियालाई पनि टोकिसक्थ्यो । सबै हाँस्दै भन्थे- ‘जुका हैन साथी, दुःखले टोकेको” (पृ. १६३) । खुम्बु क्षेत्रमा बसोबास गर्नेहरूको जीवननिर्वाहको टेको भने कै हिमाल आरोहण गर्ने व्यक्तिहरूको भरिया बन्नु हो । कुनै व्यक्तिले गरिखाने कुनै माध्यम नदेखेपछि मात्र अरु कसैको भरिया बन्न बाध्य हुन्छ । त्यसैगरी खुम्बु क्षेत्रका नागरिकहरूको पनि गरी खाने कुनै विकल्प नभएपछि मात्र उनीहरू अरु कसैको भारी बोकेर हिँडिरहँदा पनि उनीहरूलाई जुकाले दुःख दिइरहेको कुरालाई प्रस्ट पारेको छ । आफ्नो अवस्था उनीहरूलाई सबै राम्रोसँग जानकारी हुँदाहुँदै पनि विकल्प केही नपाए पछि उनीहरू त्यस्तो निरीह जीवन बिताउन बाध्य भएका हुन् भन्ने सन्दर्भलाई उपन्यांशमा ‘जुकाले होइन, दुःखले टोकेको हो भन्ने एउटा भरियाले भनेको कुराबाट प्रस्ट हुन आउँछ । यसरी खुम्बु क्षेत्रमा बसोबास गर्ने नागरिकहरू प्रकृतिका साथै राज्यसत्ताबाट दोहोरो प्रताडित भइरहेको कुरालाई प्रस्तुत उपन्यांशले अभिव्यक्त गरेको छ । खुम्बुक्षेत्रमा बस्ने नागरिकहरूले सास्ती पाउनु भनेकै उनीहरू गरिब भएर हो । निम्नवर्गीय खुम्बुबासीहरू आफ्नो जीवनयापनका लागि निरन्तर वर्गीय सङ्घर्ष गर्दै जीवन व्यतीत गरिरहेको विमर्शलाई प्रस्तुत उपन्यासले स्वाभाविक ढङ्गबाट प्रतिविम्बन गरेको छ । जसले गर्दा वर्गीय शक्तिसङ्घर्षका आयामबाट सबल र प्रबल भएको कुरा पनि उपर्युक्त उपन्यांशले पुष्टि गरेको छ ।

प्रभुत्वशाली राज्यसत्ताको विभेदकारी प्रवृत्तिले गर्दा धेरै निमुखा व्यक्तिहरूले दुःखकष्ट भोग्दै आएको कुरा इतिहास साक्ष्य छ । आजपर्यन्त पनि यो क्रम चलिरहेको छ । जहाँ पनि नातावाद, कृपावाद, भनसुन र पहुँच भएको व्यक्तिले मात्र सेवा अवसर पाउने हुँदा निमुखा र मोफसलमा बस्ने नागरिकहरू विभिन्न अवसरहरूबाट विस्थापित हुँदै आएका छन् । उनीहरू अधिकार र विभिन्न अवसरबाट वञ्चितीकरणमा परेका छन् । प्रभुत्वशाली वर्गले ती निमुखा वर्गलाई आफूमाथि उक्लने बैसाखीको रूपमा मात्र लिइएका छन् । जसको कारण ती निमुखा जनताहरूले आफूहरू यो देशको नागरिक हुनुको प्रत्याभूति पनि गर्न सकेका छैनन् । आफ्नै अधिकार लिनलाई पनि आफ्नो पहुँच नपुग्दा ती अधिकारहरूलाई माया मार्नु परिरहेको स्थिति रहेको छ । यस्तो किसिमको राजनैतिक प्रवृत्ति विशेष नेपाली समाजको रोगको रूपमा रहेको छ । यस गम्भिर विषयलाई स्थानीय सरकारले पनि मनन नगर्दा

निमुखा वर्गको अवस्था झन झन नाजुक हुँदै गइरहेको छ । यस्तै समस्याबाट ग्रसित खुम्बु क्षेत्रको सेछेन गाउँको अवस्था पनि उस्तै रहेको छ । सेछेन गाउँका कुनै पनि नागरिकहरूको नाम भोट लिस्टमा नभएको कारण देखाएर निर्दोष पेमालाई दुःख दिइएको कुरालाई उपन्यासमा यसरी लेखिएको छ :

> भोलिपल्ट निमाले पेमालाई पुल्चोक मन्त्री क्वार्टरमा लगी । अनेक जुक्ति लगाएर भित्र पनि पसी । मन्त्रीको पिएसित भेट भयो । पिएले सबै कुरा ध्यान दिएरै सुन्यो । पेमाको नाम, ठेगाना र तीनपुस्ते सोध्यो । एकदिन भित्र पस्यो । निकैबेरपछि बाहिर आयो र रुखो स्वरमा भन्यो- 'सेछेन गाउँका त कसैको पनि लिस्टमा नामै रहेनछ । हाम्रो भोट नभएपछि हामीले केही सहयोग गर्न सक्दैनौ ।' (पृ.१७७)

पेमा आफ्नो लोग्ने दावाको मृत्युपछि सरकारले दिने क्षतिपूर्ति रकम लिन धेरै कष्टकासाथ खुम्बु क्षेत्रबाट काठमाडौं आइपुग्छे । पेमाले काठमाडौंमा धेरै दुःख पाउँछे । अन्तिममा निमा भन्ने एक सहयोगी व्यक्तिका साथ पुलचोक मन्त्री क्वाटर पुग्छे । त्यहाँ पुगेर धेरै अनुरोधपछि मन्त्रीको पिएले सबै कागजातको खोजी गर्दा पेमाको गाउँको कुनै पनि मान्छेको भोटलिस्टमा नाम नभएको कारण सहयोग गर्न नसकिने कुरा मन्त्रीको पिएले गर्छ । सेछेन गाउँका कुनै नागरिकहरूको भोटर लिस्टमा नाम नभएको कारण आफ्नो लोग्नेको पनि क्षतिपूर्ति पुग्न नसक्ने तर्क गर्छन् । राज्यसत्ता र राज्यसत्ताको ठेकेदारीहरू नेपाली जनतालाई कुनै वस्तुको रूपमा व्यवहार गरेको कुरालाई यस घटनाले सङ्केत गर्दछ । भोट दिनलाई बाध्य बनाउने तर ती भोट दिने जनताहरूको अधिकारको लागि स्थानीय जनप्रतिनिधिले पहल नगरेको सन्दर्भबाट राजनीतिक ठेकेदारहरूको गद्दार प्रवृत्तिलाई उदाङ्गो पार्ने काम यस उपन्यासमा गरिएको छ । आफ्नो सत्ता टिकाउनलाई भरपुर प्रयोग गर्ने र भोट दिने आफ्नो जनताहरूलाई भने चरम बेवास्ता गर्ने खराब प्रवृत्तिले गर्दा पेमा जस्ता निमुखा वर्गको अवस्थाले आजसम्म पनि फड्को मार्न सकेको छैन । प्रभुत्वशाली सत्ता र सत्ताका ठेकेदारहरूले वर्चस्व र पहुँचको आडमा सीमान्तीकृतहरूलाई किनारामा बस्न बाध्य बनाएको यथार्थलाई उपन्यासमा उठाउने काम गरिएको छ ।

नेपालमा माओवादीबाट सञ्चालित दशबर्से जनयुद्धले धेरै नेपाली जनताहरूलाई सास्ती दियो । यसको मुख्य नकारात्मक असर गाउँगाउँमा पर्थ्यो । केन्द्रभन्दा बाहिर बस्ने जनताहरूले धेरै कष्ट भोग्न बाध्य भएका थिए । तात्कालीन समयमा विशेष आफ्नो कामका

लागि पनि हिँडडुल गर्न धेरै समस्या बनेको थियो । नेपाली सेनाले भेट्यो भने माओवादी हो कि भनेर शङ्का गर्ने, माओवादीले भेटायो भने सेना हो कि भनेर अनेक शङ्का गर्ने, दुःख र यातना दिने दोहोरो प्रवृत्ति थियो । जसले गर्दा निर्दोष जनताहरूको जीवनयापनमा ठुलो समस्या आइपरेको थियो । जनताहरूलाई अनावश्यक दुःख दिने काम भइरहेको थियो । यस्तो किसिमको दुःख र यातना उपन्यासमा प्रयुक्त पात्र पेमाले भोगेकी छ । आफ्नो लोग्नेको क्षतिपूर्ति स्वरूप सरकारले दिने रकम काठमाडौँमा लिन आउँदा अनेक दुःख र कष्टहरू भोग्न बाध्य बनेकी छ । उसलाई यातना दिएको सन्दर्भलाई प्रस्तुत उपन्यासमा यसरी लेखिएको छ :

> शाही सेनाको एउटा जवान उसका अगाडि बन्दुक ताकेर उभिएको छ । पेमाले गहिरो गरी हेरी उसलाई र बोल्न खोजी ऊसित ।
>
> मलाई केही नगर । मत छोराको लागि किताब लिएर आफ्नो गाउँ जाँदै थिएँ । परिबन्दमा परेर यहाँ आइपुगेकी हुँ । नमार मलाई । मलाई घरमा पर्खिरहेछ मेरो छोरो । सानै छ ऊ । उसलाई अझै मेरो माया चाहिएको छ । मैले पनि उसलाई अझै कतिकति माया गर्नु छ । उसका पालु मरिसकेका छन् । म पनि मरेँ भने ऊ कसरी बाँच्छ । (पृ.२००)

पेमाको लोग्ने दावाको मृत्यु भएपछि सरकारले दिने भनेको क्षतिपूर्ति लिन काठमाडौँ आएकी हुन्छे । धेरै दुःख र कष्टका साथ उसले त्यो क्षतिपूर्ति रकम प्राप्त गर्छे । उक्त रकमले आफ्नो छोरा फुर्वाको लागि किताब किनेर घर फर्किरहेकी हुन्छे । आफ्नो लोग्ने दावाले जस्तो फुर्वाले दुःख नपाओस् भन्ने चाहना पेमाको हुन्छ । उसलाई बाटोमा सुराकी हो कि भनेर अनेक शङ्का गर्दै घरि माओवादीले घरि सेनाले अनेक यातना दिन्छन् । आफू कुनै सुराकी नभएको र आफ्नो सानो छोरालाई पढ्ने किताब लगिदिएको कुरा पेमाले बताउँदा पनि उसलाई गाली गर्ने, धम्काउने अनेक क्रियाकलाप गर्छन् । आफ्नो लोग्नेको मृत्यु भइसकेको कारण आफ्नो पारिवारिक जिम्मेवारी धेरै भएको बताउँदा पनि निर्दयी ती सेना र माओवादीले स्वीकार गर्दैनन् । उसको विनम्र अनुरोधलाई प्रभुत्वशाली वर्गले वास्तै गर्दैनन् । यसरी एउटी निर्दोष महिला जसको लोग्न अर्काको भरिया बनिरहँदा उसको मृत्यु भएको छ । आफ्नो टुहुरो छोरालाई पालनपोषण गर्नुपर्ने भनी अनुनय विनय गर्दा पनि उसको कुरा र भावनालाई लत्याएर उसमाथि ठुलो प्रहार गरिरहेको सन्दर्भलाई उपन्यासले अभिव्यक्त गरेको छ । त्यस प्रहारलाई सहनुबाहेक कुनै विकल्प पेमासँग छैन । पेमाले त्यो

यातनालाई निरीह भएर भोगिरहेको कारुणिक अवस्थालाई संवेदनशील ढङ्गबाट उपन्यासमा प्रस्तुत गरिएको छ । यसमा प्रभुत्वशाली सेना र माओवादीद्वारा प्रताडित निम्नवर्गीय जनताहरूबिच भएको शक्तिसङ्घर्षलाई उपन्यासमा छर्लङ्ग पार्ने काम गरिएको छ ।

पेमाले सेनाबाट फुत्किनका निमित्त धेरै प्रयास गर्छे तर उसको प्रयासले सफलता भने पाउँदैन । उसलाई धेरै आरोप लगाइन्छ । उसमाथि धेरै शङ्का गरिन्छ । राज्यसत्ता पक्षका सेनाले माओवादीको सुराकी हो भनेर शङ्का गरी अनेक यातना दिँदै बन्धनमा पार्छन् । उसलाई सेनाको ब्यारेकमा बन्दि बनाएर राख्छन् । उसको छोराको लागि भनेर बोकेका सबै किताबहरू ओल्टाइपल्टाइ हेर्छन् । ती किताबहरू देखेर सेनाहरू तर्सन्छन् । सेनाको विरुद्धमा लागेर जनताहरू जगाउनलाई यस्तो किसिमको किताबहरू बोकेकी छ भन्ने निष्कर्ष सेनाले निकालेको हुन्छ । तात्कालीन परिवेशमा युद्धमय वातावरण भएकाले पेमा जस्तै धेरै निर्दोष जनताहरूले दुःख कष्ट भोगेका थिए । तिनै निर्दोष जनताहरूमध्ये पेमा एक प्रतिनिधि पात्र मात्र हो । उसले भोगेको विभिन्न दुःख कष्टलाई उपन्यासमा यसरी व्यक्त गरिएको छ :

> बुद्ध धर्म र कथाका किताबमात्र हैनन् ती । मान्छेको मनमा आगो सल्काउने जनवादी साहित्य हुन् । फ्रि तिब्बतसित सम्बन्धित किताब हुन् ती । त्यस्ता किताब पढेपछि मान्छेले आफ्नो पहिचान खोज्छ । अधिकार खोज्छ । नपाएपछि बन्दुक उठाउँछ । तैँले किताब हैन, मान्छेको मनमा आगो बाल्ने हतियार लैजान लागेकी रैछस् । खतरनाक काम गरिस् तैँले । तँमाथि त हातहतियार तथा खरखजाना ऐन लगाइन्छ । पख्, तँलाई भैरवनाथमा पठाइदिन्छु । त्यहीँ खन्छन् सिपाहीहरूले तेरो चिहान । (पृ.२०६)

पेमाले बोकेकी किताबलाई सेनाले जनवादी साहित्य भनेका छन् । जनवादी साहित्य पढेपछि मान्छेहरू आफ्नो हकअधिकारको बारेमा बुझ्न सक्छन् र सत्तासँग बन्दुक उठाउन सक्छन् भन्ने सेनाको धारणा रहेको छ । जनतालाई जागरुक बनाउने किताब तिमीले बोकेकी कारण घर होइन सेनाको ब्यारेकमा पठाउँछौँ भन्ने पेमालाई भनेका छन् । ब्यारेकमै तिम्रो मृत्यु हुन्छ भन्ने धम्की पनि उसलाई दिन्छन् । निर्दोष एउटी महिला जो पढ्न लेख्न जान्दिन । उसले आफ्नो छोराको भविष्य उज्यालो होस् लोग्नेको क्षतिपूर्तिबाट प्राप्त पैसाले किताब किनेकी हुन्छे । ती किताबलाई अनेक लाञ्छना लगाउनु भनेको वास्तवमा राज्यसत्ताको चरम उत्पीडन हो । यसरी एउटी निर्दोष महिलाको स्वतन्त्रताप्रति राज्यसत्ताले कठोर प्रतिबन्ध लगाएको अवस्थालाई उपन्यासमा अभिव्यक्त गरिएको छ ।

किताब किनेर आफ्नो सन्तानलाई अक्षर चिनाउनु भनेको पेमाको नैसर्गिक अधिकार हुँदा हुँदै पनि राज्यले उसलाई रोक्न भनेको चरम उत्पीडन नै हो । अन्धकारबाट उज्यालोको खोजी कसैले गर्छ भने उसलाई निमोठ्नु भनेको एक कठोर दमन नै हो । शक्ति र पहुँचको आडमा एउटा निम्नवर्गीय परिवारलाई पुस्तौँ पुस्ता नर्कमा राख्ने प्रयास प्रभुत्वशालीबाट गरिएको छ । त्यस नर्कबाट मुक्तिका निमित्त निमुखा वर्ग सक्दो सङघर्ष गरिरहेको छ । यही सङ्घर्षको प्रक्रियाबाट नै प्रभुत्वशाली वर्ग र सीमान्तीकृत वर्गबिच भएको वर्गीय शक्तिसङ्घर्षलाई प्रस्तुत गरिएको छ । यस शक्तिसङ्घर्षका क्रममा निर्दोष महिलाले चरम सास्ती भोग्नुपरिरहेको कारण प्रस्तुत उपन्यासमा असन्तुलित किसिमको शक्तिसङ्घर्ष रहेको छ ।

हरेक व्यक्तिमा असल बनेर जिन्दगीलाई सफल तरिकाले जिउने चाहना र उत्साह उत्तिकै हुन्छ । ती चाहना र उत्साहहरू कतिपयका पूरा हुन पाउँछन् भने कत्तिको पाउँदैनन् । फरक यति मात्र हो । सँगसँगै आफ्नो सन्तानको जीवन उज्ज्वल बनाउने इच्छा हरेक बाबुआमाको हुन्छ । कतिपय बाबुआमा त्यो जिम्मेवारी पूरा गर्न सक्छन् भने कतिपयले सक्दैनन् । कतिपयले कठोर प्रयास गर्दागर्दै पनि नियति प्रतिकूल बनिदिन्छ । त्यो नियतिले गर्दा उनीहरूको सपना पूरा हुन नपाएर चकनाचूर हुन्छ । त्यसपछि उनीहरूको तात्कालीन अवस्थामा केही परिवर्तन हुन पाउँदैन । उनीहरूमा पनि आफ्नो भविष्य र जीवन सुन्दर बनाउने चाहना हुँदाहुँदै पनि उनीहरूको सपना पूरा हुन नसकेर यथास्थितिमा रहन बाध्य हुन्छन् । यस्तो किसिमको अवस्था पेमाको छोरा र फुर्वा पनि रहेको छ । फुर्वालाई आमाले काठमाडौँबाट ल्याइदिएको किताब पढेर ठुलो मान्छे बन्ने रहर छ । उसलाई रिम्पोछे बन्ने रहर छ । अक्षर पढ्ने रहर छ । धेरै सपना बोकेर उसले आफ्नो आमाको प्रतिक्षा गरिरहेको छ । उसलाई आफ्नो लागि आमाले ल्याइदिएको किताब हेर्न हतारो छ । उसलाई आफ्नो भविष्य सुन्दर बनाउने रहर छ । यस सन्दर्भलाई उपन्यासमा यसरी व्यक्त गरिएको छ :

> 'आमा छिटो गाउँमा आऊ । मलाई  तिमीले ल्याइदिने किताब पढ्न हतार भैसक्यो । लामागुरुले मलाई अक्षर चिनाइदिन्छु भनेका छन् । मैले किताब पढ्न सिक्दा तिमीले नै मलाई नुनचिया पकाएर ल्याइदिनुपर्छ । तिमीले पकाएको चिजको सोल्लर र टिम्मुरको अचारसित कोदोको ढिँढो फेरि खानु छ मलाई । साथीहरू भरिया भएर ट्रेकिङ जाने भन्दैछन् । केही त गई सके । तर म भरिया हुन्न आमा । म पढ्छु । धेरै पढेर रिम्पोछे हुन्छु । अनि गाउँमा सबैलाई कथा पढेर सुनाउँछु । छिटो आऊ मेरी आमा ।' (पृ.२१५)

खुम्बु क्षेत्रमा अक्षर चिन्ने, पढ्ने र लेख्न सक्ने भने कै वास्तवमा लामा गुरु हुन् । ती लामाहरू रिम्पोछे बनेर गुम्बामा बस्ने गर्छन् । सेछेन गाउँमा कोही पनि अक्षर चिन्ने व्यक्ति नभएकोले आफ्नो बाबु मरेको खबर भएको चिठी बोकेर फुर्वा विभिन्न गुम्बैगुम्बा भौँतिएर हिँड्नु परेको थियो । त्यसैले त्यस्तो स्थिति पुनः भोग्नु नपरोस् भनेर फुर्वाले अक्षर चिन्ने सोच बनाएको थियो । फुर्वालाई पढ्ने ठुलो इच्छा छ । अपसोस उसको आमा किताब बोकेर गाउँमा आइपुग्दैन । उसलाई बिच बाटोमै कति महिनादेखि नेपाली सेनाले बन्दी बनाएर राखेको छ । यो कुरा फुर्वालाई थाहा हुँदैन । फुर्वाले आफ्नो आमालाई धेरै सम्झेको र किताबको प्रतीक्षामा बसेको कुरालाई उपर्युक्त साक्ष्यमा फुर्वाले आफैँले भनेको कुराबाट प्रस्ट हुन्छ । उसलाई बाबुजस्तै भरिया बनेर जान मन लागेको छैन । आफ्नो बाबुको जस्तो हालत नहोस् भन्ने चाहना उसको रहेको छ । धेरै पढेर रिम्पोछे बनेर कथा सुनाउने चाहना छ । यसरी अबोध बालक जो आफ्नो भविष्य सुन्दर बनाउन चाहन्छ तर त्यो चाहना पूरा हुन पाउँदैन । उसको भविष्य सुन्दर बनाउन चाहना हुँदाहुँदै पनि पूरा हुन नसकेको एउटा प्रमुख कारण भनेको राज्यसत्ता नै हो । पढ्न, लेख्न पाउनु भनेको उसको नैसर्गिक अधिकार हुँदाहुँदै पनि निर्दयी राज्यसत्ता र सत्ताका पहरेदारहरूले उसको सपनालाई निमोठि दिएका छन् । जसको कारण सुन्दर भविष्यबाट ऊ वञ्चित हुन पुगेको छ । उसका सपनाहरू एकाएक टुटेका छन्, फुटेका छन् । अनेक सङ्घर्षका बाबजुद पनि फुर्वाको हार हुन जान्छ । उसको पढेर रिम्पोच्छे बन्ने सपना पूरा हुन नसकेको कुरालाई कथामा यसरी भनिएको छ- "यथार्थमा फर्केर आइन उसकी आमा र आएन किताबको भारी बोकेको कुनै चौरी" (पृ.२२६) । कथामा भनिएको यस सन्दर्भले प्रभुत्वशाली वर्गको अगाडि निम्सरो फुर्वाको केही लाग्दैन । फुर्वा शक्तिसङ्घर्षको क्रममा हार्न पुग्छ । उसले आफ्नी आमा र किताबलाई हेर्न नपाएपछि उसको हालत उही आफ्नै बाबु दावाको जस्तै हुनेछ भन्ने यथार्थलाई उपर्युक्त साक्ष्यले सङ्केत गरेको छ ।

संसारमा गरिबी र गरिबका कारण निर्माण भएको होइन । राज्यसत्ताको हेपाहा प्रवृत्ति, विभेदमूलक संस्कृति र स्रोत र साधनमा असमान वितरण प्रणालीले गर्दा गरिबी बढेको हो । यस्तो किसिमको राज्यको गलत प्रवृत्तिले गरिबहरू झन झन गरिब हुँदै गएका छन् । यसको प्रमुख कारण भनेको विभेदमूलक संस्कृति र असमान वितरण प्रणाली हुनु हो । अर्को पक्ष भनेको हाम्रो मुलुकको सामाजिक, सांस्कृतिक र शासकीय चरित्रले गरिबी पुस्तान्तरण हुँदै गएको छ । यसप्रति राज्यसत्ता जिम्मेवार भने देखिएको छैन । कैयौँ

नागरिकहरूले आफूहरू अनागरिक भएको महसुस गरिरहेका छन् । सङ्घर्षशील नागरिकहरू राज्यसँग समान हकअधिकार र अवसरका लागि भिक्षा मागिरहन बाध्य बनेका छन् । प्रस्तुत उपन्यासमा चित्रित दावा शेर्पाको परिवार पनि पुस्तौँ पुस्ता गरिबीको रेखामुनि रहन बाध्य भएका छन् । जीवनभर अर्काको भरिया बनेर जीवन बाँच्न उनीहरूको नियति बनेको छ । उसको परिवारले आफ्नो परिवारबाट भरपूर सङ्घर्ष गरिरहँदा पनि असमान र भेदभावमूलक राज्यको व्यवहारले गर्दा उनीहरू प्रताडित भएका छन् । फुर्वाले आफ्नो बाबुको जस्तो हालत नहोस्  भनेर जति सक्दो प्रयास गर्दा पनि उसको प्रयासमा राज्यसत्ता तगारो बनिदिएको छ । त्यसकारण उसको सुन्दर सपना पूरा हुन सकेन । यस सन्दर्भलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> रातिदेखि नै आकाशमा फुसफुस हिउँका पातला भुवा खस्न थालेका थिए । फुर्वाले काठमाडौँबाट दावाले ल्याइदिएको ज्याकेट लगायो । 'पोट सु' पनि बाँध्यो । कुममा भिऱ्यो खकान । हातमा समात्यो तोक्मा र टाउकोमा अड्यायो नाम्लो । पूरै भरिया भयो फुर्वा । ग्याल्जेनले भन्यो -'फुर्वा, तँ त दावा जस्तै देखिइस् ।'
>
> हो, ऊ आफ्नै बाबुजस्तो देखिएको थियो । दावाजस्तै । अनुहारमात्र उस्तै हैन, नियति नि उस्तै । डोल्माले आँखाभरि आँसु पारेर भनी-'तेरो भाग्यमा यस्तै लेखेको रैछ ।' (पृ.२२७)

किताब र आफ्नो आमाको लामो प्रतीक्षामा महिनौ महिना बितेपछि जीवन गुजारा गर्नका निमित्त कुनै पनि विकल्प नदेखेपछि फुर्वा आफ्नै बाबु दावाको पेसा रोज्न बाध्य हुन्छ । फुर्वा जस्तो निमुखा व्यक्तिलाई माथि उठ्न नदिने कारक तत्त्व भनेको प्रभुत्वशाली वर्ग नै हो भन्ने प्रस्ट हुन्छ । प्रभुत्वशाली वर्गको चलखेल र अनेक प्रपञ्चका कारणले गर्दा निमुखा वर्ग कहिल्यै माथि उठ्न सक्दैन भन्ने तथ्यलाई उपन्यासले उजागर गरेको छ । फुर्वालाई परिवर्तन हुने उत्कट चाहना थियो । उसलाई आफ्नो अवस्था राम्रोसँग बोध हुँदाहुँदै पनि केही विकल्प नदेखेपछि उसको अन्तिम रोजगार भरिया नै भएको छ । नियतिले उसलाई आफ्नै पुस्ताको पुरानो पेसा अपनाउन बाध्य बनाएको छ । फुर्वाको यो अवस्थालाई उपन्यासले ज्यादै मार्मिक र हृदयस्पर्शी ढङ्गबाट प्रस्तुत गरेको छ । एउटा व्यक्तिमा सुन्दर भविष्यको चाहना हुँदाहुँदै पनि पारिवारिक र सामाजिक लाभांशको अभावमा उसको स्थिति माथि उठन नसकेको प्रसङ्गलाई उपन्यासमा जीवन्त प्रतिविम्बन गरेको छ । फुर्वाजस्तो

निर्दोष र सम्भावित व्यक्तिको सपना पूरा हुन नदिनुमा गैरजिम्मेवारपूर्ण राज्यसत्ता नै प्रमुख कारक तत्त्व हो भन्ने कुरालाई उपन्यासमा अभिव्यक्त गरिएको छ । उपन्यासमा चित्रित पात्र फुर्वाको माध्यमबाट लाचार र अमानवीय गतिविधिमा लिप्त भएको तात्कालीन राज्यसत्ताको गलत प्रवृत्तिलाई उदाङ्गो पारिएको छ ।

नेपालको बहुलतालाई राज्यले उचित सम्बोधन गर्न नसक्दा निश्चित वर्ग, जाति र समुदायका नागरिकहरू राज्यको मूलधारमा समेटिन सकेका छैनन् । त्यसैले उनीहरू राज्यसत्ताबाट उत्पीडित र शोषित देखिन्छन् । नेपाल जाति, भाषा, संस्कृति र भूगोलका आधारमा बहुलता र विविधताले भरिएको मुलुक हो । यो बहुलता र विविधतालाई राज्यसत्ताले समृद्धि र शक्तिको आधार बनाउन नचाहँदा त्यहाँको अधिक सङ्ख्यामा मानिसहरू अझै राज्यको मूलप्रवाहबाट वञ्चितीकरणमा परेका छन् । जाति, भाषा, संस्कृति र भूगोलका आधारमा विभाजित समाजमा भएका सबै समुदायलाई राज्यले सम्मानजनक अपनत्व ग्रहण नगरिदिँदा बहुआयामिक विभेदीकरणले निरन्तरता पाइरहेको छ, जसको कारण रिम्पोछे बनेर विशाल पुस्तकालयमा रम्ने जुन सपना फुर्वाको थियो । उनको त्यो सपना चकनाचुर भएको छ । यसको प्रमुख कारक तत्त्व भनेकै राज्यसत्ताको बेवास्ता र विभेदीपूर्ण संस्कृति हो । यस प्रसङ्गलाई उपन्यासमा यसरी भनिएको छ :

> फुर्वाले बिदा गऱ्यो सदाका लागि खुब पढ्ने र रिम्पोछे हुने रहर बोकेको आफ्नै प्रतिविम्बलाई । त्यसपछि लुगाझैँ टक्टक्यायो उसले आफ्नो मनलाई । फुर्वाको मनको कुनै कुनामा त्यो रहरको अवशेष पनि बाँकी रहेन । उसले कहिले पनि देख्ने छैन आफू रिम्पोछे भएको र विशाल पुस्तकालयमा थरिथरिका किताब पढिरहेको सपना । उसको सपनामा आउने छैनन् बालक ङुन र नामग्यालहरू । सपनामा अब उसले हिमालमात्र देख्नेछ । अनि देख्नेछ हिमालको कठिन उकालो र कहालीलाग्दा गहिरा खर्पसहरू । ती खर्पस, जहाँ पुरिएको छ उसको प्यारो बाबु र जहाँ पुरिएका छन् वर्षौंदेखि सयौँसयौँ आरोही शेर्पाहरू । (पृ.२२८)

फुर्वाको सपना फगत विपनामा परिणत भएको छ । उसका रहरहरू ढलेर खरानी भएका छन् । ऊ बाबुको जस्तै हातमा तोक्मा र टाउकोमा नाम्लो बोकेर घरबाट निस्किएपछि बाबुजस्तै भविष्य अन्योल र अनिश्चित भएको सम्झन्छ । उसले एकाएक आफ्नो सपना तुहेको अनुभव गर्छ । आफ्नी आमाले ल्याइदिएको किताब पढेर ठुलो मान्छे

बन्ने, किताब पढेर ज्ञान बाँड्ने जुन किसिमको सपना थियो त्यो सपना चकनाचूर हुन्छ । उसको सपनामा अब खर्पस र हिउँ मात्र हुने छ । उसको भेट अब सगरमाथा चढ्ने आरोही, भरिया र खर्पसमा पुरिने व्यक्तिहरूसँग मात्र हुने छ । यस्तो किसिमको हृदयस्पर्शी उसको अवस्थालाई उपन्यासमा चित्रण गरिएको छ । यसरी अनिश्चित जीवन र अन्धकार भविष्य लिएर फुर्वा आफ्नै बाबुको पेसालाई अँगाल्न बाध्य बनेको वास्तविकतालाई उपन्यांशमा प्रतिविम्बन गरिएको छ । मूलतः प्रभुत्वशाली राज्यसत्ताको गैरजिम्मेवार र लाचारी प्रवृत्तिले गर्दा सुन्दर सपना बोकेका छिरिङ, दावा र फुर्वाजस्ता निम्नवर्गीय जनताहरूको अनिश्चित जीवन र अन्धकार भविष्यमा रुमलिन बाध्य भइरहेका छन् भन्ने यथार्थलाई उपन्यासले प्रभावकारी ढङ्गबाट प्रस्तुत गरेको छ । साथै हाम्रो देशको भौगोलिक, सामाजिक, सांस्कृतिक र मूलतः शासकीय खराब प्रवृत्तिले गर्दा गरिबी पुस्तान्तरण हुँदै गएको वास्तविकतालाई पनि यस उपन्यासले प्रस्ट पारेको छ । प्रभुत्वशाली राज्यसत्ता निम्नवर्गीय खुम्बुबासिबिच भएको असन्तुलित किसिमको शक्तिसम्बन्धलाई पनि यस उपन्यासमा सशक्त ढङ्गबाट अभिव्यक्त गरिएको छ । त्यसैले प्रस्तुत उपन्यास अभिव्यक्त वर्गीय शक्तिसम्बन्धका आयामबाट सशक्त र प्रभावकारी भएको तथ्यलाई पनि उपन्यासमा प्रयुक्त विभिन्न दृष्टान्तहरूद्वारा पुष्टि गरिएको छ ।

## २.४ निष्कर्ष

नयनराज पाण्डेका *नाङ्गो मान्छेको डायरी, उलार, लू* र *सल्लीपिर* गरी जम्मा चारओटा उपन्यासमा शक्तिसम्बन्धको अवस्थालाई सबल रूपमा प्रस्तुत गरिएको छ । उपर्युक्त उपन्यासहरूमा प्रभुत्वशाली वर्गको शोषण र उत्पीडन सहन सीमान्त समुदाय विवश भएको यथार्थलाई अभिव्यक्त गरिएको छ । सामन्तवादी समाज व्यवस्थामा प्रभुत्वशाली वर्गले अनेक जालझेल गरी गरिब, निमुखा वर्गमाथि शोषण र अन्याय गरिरहेको र त्यसको विरुद्धमा शक्तिसङ्घर्ष भइरहेको अवस्थालाई उपन्यासमा चित्रण गरिएको छ । उदाहरणका लागि *नाङ्गो मान्छेको डायरी* उपन्यासमा प्रभुत्वशाली वर्गको शोषणबाट उत्पीडित बन्न विवश बनेको ‘म’ पात्रको निरीह अवस्थाले प्रस्ट पारेको छ । यसै गरी *उलार* उपन्यासमा वर्चस्वकारी वर्गले सीमान्तीकृत वर्गलाई आफ्नो स्वार्थका लागि भरपूर उपयोग गर्ने र आफ्नो स्वार्थ पूरा भइसकेपछि उपेक्षा गर्ने गलत प्रवृत्तिले गर्दा निम्नवर्ग किनारामा रहन बाध्य भएका छन् । यसैगरी *लू* उपन्यासमा पनि प्रभुत्वशाली वर्गबाट किनारीकृत निम्नवर्गमाथि भइरहेको शोषण र उत्पीडनको प्रस्तुति पाइन्छ । साथै *सल्लीपिर* उपन्यासमा

पनि  राज्यसत्ताको असमान व्यवहारले गर्दा छिरिङको परिवार पुस्तौंपुस्ता भरिया बन्न बाध्य भएका छन् । ती निम्नवर्गीय पात्रहरूले पर्याप्त मात्रामा सङ्घर्ष गरिहेको भए तापनि उनीहरू पीँधमै रहन बाध्य भएकाले यी उपन्यासहरूमा असन्तुलित किसिमको वर्गीय शक्तिसङ्घर्षलाई देखाइएको छ ।

समग्रमा भन्नुपर्दा नयनराज पाण्डेका उपन्यासहरूको अध्ययनबाट उनका उपन्यासहरूमा सघन रूपमा सीमान्त समुदायको प्रतिनिधित्व रहेको प्रस्ट हुन्छ । सामन्तवादी सोच भएका प्रभुत्वशाली वर्गको उत्पीडनबाट सीमान्तीकृत बन्न पुगेका पात्रहरू आफ्नो पहिचान निर्माणमा र मुक्तिका लागि सङ्घर्षरत रहेका छन् । सीमान्त समुदायका केही पात्रहरू शक्तिसङ्घर्षका माध्यमबाट आफ्नो बलियो पहिचान बनाउन सक्षम भए पनि धेरै जसो निम्नवर्गीय पात्रहरू प्रभुत्वशाली वर्गको शोषण र उत्पीडनको चेपुवामा परेर पहिचानविहीन र निरीह जीवनयापन गर्न विवश बनेका छन् ।

# तेस्रो परिच्छेद

# नयनराज पाण्डेका उपन्यासमा जातीय शक्तिसम्बन्धको अवस्था

## ३.१ विषयपरिचय

शक्तिसम्बन्धको अर्को महत्त्वपूर्ण आधार जातीय शक्तिसम्बन्ध पनि हो । प्रस्तुत परिच्छेदमा जातीय शक्तिसम्बन्धको अध्ययन र विश्लेषण गरिएको छ । नयनराज पाण्डेका उपन्यासहरूमध्ये *उलार, लू* र *सल्लीपिर* जातीय शक्तिसम्बन्धको दृष्टिकोणले महत्त्वपूर्ण रहेका छन् । मानव समाजलाई जातीय आधारमा विभाजन गर्ने र तथाकथित उपल्लो जातिले तल्लो जातिमाथि गर्ने शोषण, दमन, अन्याय अत्याचार, थिचोमिचोजस्ता व्यवहारबाट शोषित, उत्पीडित र उपेक्षित हुनुपर्ने अवस्था नै जातीय शक्तिसम्बन्धको अवस्था हो । समाजमा उच्च जातका भनिएका टाठाबाठाहरूले जातीय वर्चस्वका आधारमा कथित तल्ला जातका मानिसहरूमाथि विभिन्न किसिमको दमन सिर्जना गरी उनीहरूलाई अवसर र प्राप्तिका प्रक्रियामा पनि पछि पारेको अवस्था रहन्छ । विवेच्य उपन्यासहरूमा जातीय संस्कृतिले निमार्ण गरेको उत्पीडनलाई विभिन्न सन्दर्भमा प्रस्तुत गरेको पाइन्छ । *उलार* उपन्यासमा नेपालगञ्जमा बसोबास गर्ने मधेसी जाति र बादी जातिहरूले माथिल्लो जातको दमन र शोषणमा परेर कष्टकर जीवन बाँच्नुपरेको प्रसङ्गलाई प्रस्तुत गरिएको छ भने *लू* उपन्यासमा बाँके जिल्लाको भारतीय सीमा नजिकै पर्ने पत्थरपुरूवामा बसोबास गर्ने मधेसी र मुस्लिम समुदायले भारतीय सुरक्षाकर्मीहरूको शोषण, दमन, अन्याय अत्याचारलाई सहनु परेको प्रसङ्गलाई प्रस्तुत गरिएको छ । यसै गरी *सल्लीपिर* उपन्यासमा खुम्बु क्षेत्रमा बस्ने शेर्पा जातिमाथि भएको शोषण र उत्पीडनलाई जीवन्त चित्रण गरिएको छ । प्रस्तुत परिच्छेदमा विवेच्य उपन्यासलाई जातीय सम्बन्ध, जातीय शोषण र दमन, विभेद, जातीय वर्चस्वको स्थितिजस्ता जातीय शक्तिसम्बन्धको ढाँचामा विश्लेषण गरिएको छ ।

## ३.२ जातीय शक्तिसम्बन्धको सैद्धान्तिक अवधारणा

जातीय शक्तिसम्बन्ध जात व्यवस्था र त्यसको सामाजिक, आर्थिक सम्बन्धको अध्ययन हो । उच्च जात, निम्न जात, जनजाति, दलितबिच खास अर्थगत शक्तिसम्बन्ध हुन्छ । यसअन्तर्गत विभिन्न जातबिचको सम्बन्ध, जातीय विभेद, जातीय शोषण र दमन, जातीय व्यवस्था, जातीय वर्चस्वको स्थितिका साथै सामाजिक आर्थिक सम्बन्धको अध्ययन

गरिन्छ । 'जात' अङ्ग्रेजी भाषाको 'कास्ट' शब्दको नेपाली अनुवाद हो । जात व्यवस्थाबारे रमेश भट्टराईले भन्छन्- "हिन्दु समाज, संस्कृति र धर्म व्यवस्थाद्वारा निर्धारित जातहरूको समूहका रूपमा जाति शब्दले हिन्दु सामाजिक व्यवस्थाको प्रतिनिधित्व गरेको छ । हिन्दु धर्ममा वर्ण व्यवस्थाअन्तर्गत नै जातिको उत्पत्ति भयो भने यसमा विभेदीकरणको प्रक्रिया पनि प्रारम्भ भयो" (भट्टराई, २०७७, पृ. १५३) । समाजमा विभिन्न प्रकारका जातीय विभेदहरू रहेका छन् जसमध्ये उच्च र निम्न जातबिचको विभेद मुख्य रहेको छ । समाजमा परापूर्वकालदेखि नै कायम रहेको जात व्यवस्थाका कारण निम्न जात उत्पीडित र शक्तिविहीन बन्न बाध्य भएका छन् ।

जातीय व्यवस्था शक्तिसम्बन्ध अध्ययनको महत्त्वपूर्ण आधार हो । क्षमतावान् वा बहुसङ्ख्यक जातिका बिचमा अल्पसङ्ख्यक वा कमजोर जातिहरू सीमान्तीकृत बनाइएका हुन्छन् । एक बहुसङ्ख्यक शक्तिसम्पन्न जातिले दबाउने पन्साउने जातिका शक्तिकेन्द्रबाट उब्जिएको नश्लीय किनारीकरणका कैयौँ कथाहरू छन् । बलशाली र प्रभुत्वशालीको दमन र उत्पीडनबाट बाँच्न किनारामा सङ्घर्षरत जातिहरू धेरै रहेका छन् (सुब्बा र थापा, सन् २०११, पृ. १४) । यसरी प्रभुत्व, पहुँच, पहिचान र प्रतिनिधित्वका आधारमा जातिहरू उच्च र निम्न वा केन्द्र र किनारामा विभक्त भएका छन् । ब्राह्मण, क्षत्री, वैश्य र शूद्र जस्ता चार वर्ण तथा जनजाति र अल्पसङ्ख्यक आदिवासीबिच सत्तामा रहेको र वर्चस्व कायम गरेको शासक जाति वर्चस्वशाली हुने र अरु जाति शासित हुने हुँदा यस्तो जातीय सम्बन्धमा दमक, दमित, प्रभुत्वशाली र अधीनस्थता तथा शोषक र शोषित सम्बन्ध रहन्छ (भट्टराई, २०७७, पृ. १७४) । यसरी आर्थिक आधारमा नै समाजमा जातीय सम्बन्ध स्थापित हुने र सत्तामा रहेको शासक जाति नै वर्चस्वशाली हुने कुरा उपर्युक्त सन्दर्भबाट प्रस्ट हुन्छ ।

वर्ण र जातिकै चर्चा गर्ने सन्दर्भमा जनकलाल शर्माले लेख्छन् : वर्णको धारणा मूलतः वंश, संस्कृति, चरित्र वा स्वभाव र व्यवसायमा आधारित हुन्छ । यसमा व्यक्तिको नैतिक एवम् बौद्धिक योग्यताको समावेश हुन्छ र यो वर्णव्यवस्थाको उपज हो, तर यसको विपरीत जाति व्यवस्था जन्म एवम् आनुवंशिकतामा आधारित हुन्छ । यस्तो जातिव्यवस्थामा कर्तव्यभन्दा विशेषाधिकारमा अधिक बल दिइन्छ (शर्मा, २०७७, पृ. ७८) । आज नेपालमा जाति शब्द जेका निम्ति प्रयोग भइरहेको छ, त्यो अङ्ग्रेजीका 'नेसन', 'नेसनालिटि' वा 'इथ्निक ग्रुप' जस्ता शब्दको पर्यायवाची हो त्यसैले जाति वा राष्ट्र भनेको खास भाषा, खास भूमि, खास मनोविज्ञान, खास संस्कृति र खास आर्थिक प्रणाली भएको मानव समूह हो ।

अझै सरल ढङ्गले बुझ्नका निम्ति जाति भनेको खास सांस्कृतिक समूह हो । नेपालमा प्रचलित भाषामा हिन्दु उच्च जातीय राज्यसत्ताबाट उत्पीडित रहेका जातिहरूलाई जनजातिका नामले चिनिने गरिन्छ (आहुति, २०७७, पृ. १३४) । प्रस्तुत उपर्युक्त सन्दर्भबाट जात भनेको श्रममा अथवा वर्णव्यवस्थामा आधारित हुन्छ भन्ने बुझिन्छ भने जाति भनेको कुनै खास भाषा, संस्कृति र खास संस्कृति र भूगोलसँग सम्बन्धित हुन्छ भन्ने कुरा प्रस्ट भएको छ ।

नेपाली समाजमा निर्मित विभिन्न संस्कृतिका विभेदपूर्ण स्थितिका कारण निम्न जातिहरू प्रताडनाको सिकार बनेका छन् । आर्थिक आधारमा मात्र नभएर पेसा र कामका आधारमा पनि मान्छे सीमान्तीकृत बन्न बाध्य हुन्छ । सामाजिक प्रक्रियामा शक्तिअभ्यासको क्रममा मान्छेले मान्छेलाई नै उपयोग गरेर आफू केन्द्रमा रहन प्रयास गरिरहन्छ । नेपाली समाज जातिगत रूपमा विभक्त छ । यस विभाजनको क्रममा मान्छे छुत अछुत, उँच नीच, कामको अधिकार र अनाधिकारजस्ता पक्षमा विभाजन भई सीमान्तीकृत गरिएको छ (सुवेदी, २०७३, पृ.८९) । काम र पेसाका आधारमा वर्चस्वशाली जातिबाट अछुत र निच जातिले उत्पीडित जीवन बाँच्न विवश भएको तथ्य सुवेदीको विचारबाट प्रस्ट हुन्छ । यसरी कामका आधारमा पनि मान्छे सीमान्तीकृत बनेको अवस्था हाम्रो समाजमा विद्यमान छ ।

वर्गीय समाजमा उत्पादन सम्बन्धका आधारमा मात्र दमन र शोषण हुन्छ भने नेपालजस्तो जातीय श्रेणी विभाजन भएको समाजमा आर्थिकसँगै सामाजिक र सांस्कृतिक शोषण र दमन भएको पाइन्छ । समाजमा सदियौँदेखि सामाजिक सांस्कृतिक दृष्टिले किनारीकृत आदिवासी, जनजाति र दलित जातिहरू वर्चस्वशाली सत्तासीनहरूद्वारा अधीनस्थ बन्न पुगेका छन् । यसै सन्दर्भमा महेन्द्र लावतीको विचारलाई उद्धृत गर्दै रमेश भट्टराई लेख्छन् :

> जनजातिको शोषणका रूपमा सांस्कृतिक अतिक्रमण, पहिचानको हरण, पुर्ख्यौली जग्गामा अधिकार, भाषा, शिक्षा, ऐतिहासिक नाम र स्थलको अधिग्रहण, जनजाति आदिवासीसम्बन्धी गलत धारणा, साधन र स्रोतको पहुँचमा भेदभाव, राजनीति, प्रशासन, अर्थतन्त्र, सञ्चारलगायतका क्षेत्रमा उच्च जातिको प्रभाव कायम गर्दै दमनकारी नीतिको निमार्ण भयो (भट्टराई, २०७७, पृ. १७५) । यसरी उच्च जातिले विभिन्न क्षेत्रमा तल्लो जातिमाथि शोषण र दमनको अभ्यास जारी राखेको पाइन्छ ।

उपयुक्त विभिन्न सन्दर्भहरूबाट जाति भनेको विशेष समूह भन्ने बुझिन्छ । पछि जाति व्यवस्था हिन्दु वर्णाश्रम व्यवस्थामा मात्र सिमित नभई छुत र अछुतको रूपमा हेरिन थालिएको कारण विभिन्न प्रकारको उत्पीडनको अवस्था सिर्जना भएको पाइन्छ । वर्तमान समयमा केही परिवर्तन देखिए पनि अन्य क्षेत्रमा उच्च जातकै वर्चस्व रहेको छ । सामाजिक, आर्थिक, राजनैतिक क्षेत्रमा निम्न जातको संलग्नता भए पनि  निर्णायक तहसम्म ती जातको पहुँच पुग्न सकेको छैन । जातीय विभेदपूर्ण व्यवस्थाकै कारण निम्न जातहरू अपहेलित र तिरस्कृत भएर बस्नुपरेको छ । जातीय शक्तिसम्बन्धको आधारमा कुनै जाति प्रभुत्वशाली र कुनै अधीनस्थ अवस्थामा रहन्छन् र तिनका बिच शक्तिको असन्तुलित अभ्यास हुन्छ । यस अभ्यासले अधीनस्थहरू शक्तिशाली जातिका शोषण, दमन र तिरस्कार सहन बाध्य भएका छन् ।

जातीय शक्तिसम्बन्धको सन्दर्भमा पाण्डेयका उपन्यासमा केकस्ता जातीय पात्रहरूको उपस्थिति रहेको छ । जातीय रूपमा उनीहरूको भूमिका केकस्तो रहेको छ ? जातीय सम्बन्ध वा वर्चस्व कायम राख्न केकस्ता अभ्यासहरू भएका छन् । शक्तिसम्बन्ध सन्तुलित वा असन्तुलित केकस्तो किसिमको रहेको छ । उपन्यास विश्लेषणका लागि यी विभिन्न पक्षहरूको अध्ययन गरी जातीय शक्तिसम्बन्धको अवस्थालाई यस परिच्छेदमा विश्लेषण गरिएको छ ।

## ३.३ नयनराज पाण्डेका उपन्यासमा जातीय शक्तिसम्बन्धको अवस्था

नयनराज पाण्डेका जम्मा सात ओटा उपन्यासहरू मध्ये जातीय शक्तिसम्बन्धको कोणबाट हेर्न सकिने *उलार* (२०५५), *लू* (२०६८) र *सल्लीपिर* (२०७२) रहेका छन् । यी उपन्यासमा जातीय उत्पीडन र शोषण सशक्त रूपमा प्रस्तुत भएकाले यी तीनओटा उपन्यासको मात्र यहाँ जातीय शक्तिसम्बन्धको आधारमा विश्लेषण गरिएको छ । यसरी छनोट भएका उपन्यासका पात्रहरूबिचको जातीय शक्तिसम्बन्धको विश्लेषण यस खण्डमा गरिएको छ ।

### ३.३.१ *उलार* उपन्यासमा जातीय शक्तिसम्बन्धको अवस्था

*उलार* उपन्यास जातीय शक्तिसम्बन्धको दृष्टिले सशक्त उपन्यास हो । यस उपन्यासमा जातीय प्रतिनिधित्वका दृष्टिले उत्पीडक र उत्पीडित दुवै जातिका पात्रहरूको उपस्थिति रहेको छ । नेपालगञ्जमा बसोबास गर्ने प्रभुत्वशाली ब्राह्मण  र ठकुरी जातिद्वारा

उत्पीडित मधेसी जनजाति र बादी जातिको निरीह अवस्थालाई उपन्यासमा प्रस्तुत गरिएको छ । नेपाली राजनीतिमा वि.सं. २०४७ पछि प्रजातन्त्र पुनर्स्थापनापश्चात् पनि देखापरेको उच्च जातको पहुँच भएको राजनैतिक नेतृत्वका कारण तल्ला जातिहरूले भोग्नुपरेको उत्पीडनलाई उपन्यासको विषयवस्तु बनाइएको छ । प्रभुत्वशाली ब्राह्मण र ठकुरी जातिद्वारा उत्पीडित मधेसी जनजाति र बादी जातिहरूको निरीह अवस्थाका कारण यिनीहरू सीमान्तीकृत अवस्थामा पुग्न बाध्य बनेका छन् । यस उपन्यासमा मानव समाजलाई जातीय आधारमा विभाजन गर्ने र तथाकथित माथिल्लो (उच्च) जातिले मधेसी जनजाति र बादी जातिमाथि गरेको अन्याय, अत्याचार, शोषण, दमन, उपेक्षा, अपहेलनजस्ता जातीय संस्कृतिका कारण निर्माण भएको जातीय शक्तिसम्बन्धको असन्तुलित अवस्थालाई सशक्त रूपमा प्रस्तुत गरिएको छ । जातीय प्रतिनिधित्वका दृष्टिले यस उपन्यासमा उत्पीडक र उत्पीडित दुवै जातिका पात्रहरूको उपस्थिति रहेको छ । उपन्यासमा चित्रित राजेन्द्रराज, शान्तिराजा, शिलाबाबु र निराकारप्रसाद शर्माले उच्च जातको र प्रेमललवा, कलुवा, भौजी र ननकउले मधेसी जनजाति समुदायको साथै द्रौपदी, सावित्री, कुन्ती, द्रौपदीका आमा, बुबा र छोरीले बादी जातिको प्रतिनिधित्व गरेका छन् ।

सामन्तवादी समाजद्वारा निर्मित जात व्यवस्थाले मधेसी जातिहरूलाई हेर्ने दृष्टिकोणमा परिवर्तन आएको पाइँदैन । नेपाली समाजमा अझै पनि जातिगत रूपमा, क्षेत्रगत रूपमा एक जातिले अर्को जातिलाई गर्ने दुर्व्यवहार, अपहेलना कायम रहेको पाइन्छ । मधेसी जातिलाई हेलाको भावले हेर्ने मात्र होइन उनीहरूलाई हेपेरै सम्बोधन गरिएको अवस्था अझ पनि विद्यमान रहेको पाइन्छ । यस सन्दर्भलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> चिसो काठमाडौं । पुसको महिना । सिमसिम पानी । यस्तो बेला काठमाडौंको हुलमा मिसिन प्रेमललवा बसबाट ओर्लियो र ल्याफल्याफ्ती भिजेको काठमाडौंमा मिसियो । ओर्लनेबित्तिकै एउटा चिया पसलेसित 'पुल्चोक कता पर्छ' भनी सोध्यो । चिया पसले दस पाउन्ड दूध फाटेको रिसमा थियो । त्यसैले आफ्ना गुप्ताङ्गतिर देखाउँदै उसले भन्यो -'यी याँ पर्छ मुला, मर्स्या' । (पृ. ६६)

जातीय रूपमा प्रेमललवा तराई मूलको मधेसी जनजाति समुदायको पुरुष पात्र हो । मधेसी समुदायको प्रतिनिधित्व गरेको हुनाले ऊ उच्च जातिबाट शोषण र उत्पीडनमा

परेको छ । शान्तिराजाले प्रेमललवालाई घोडी मरेको क्षतिपूर्ति लिन काठमाडौँ बोलाउँछन् । प्रेमललवा काठमाडौँ जान्छ । पहिलो पटक काठमाडौँ आएको प्रेमललवा आफू जानुपर्ने स्थान पुल्चोक कता पर्छ भनेर विनम्र भएर सोध्दा पनि मधेसी र गरिब वर्गको व्यक्ति भएकाले चिसापसलेले आफ्नो गुप्ताङ देखाएर याँ पर्छ मुला मर्स्या भनेर ठाडै भनेकाले काठमाडौँमा पाइला टेक्ने बित्तिकै प्रेमललवा साधारण चियापसलेबाट अपमानित भएको छ । चियापसले कुन जातिको हो भन्ने कुरा उपन्यासमा नखुलाइए पनि उसले प्रेमललवाप्रति गरेको व्यवहारले ऊ गैरमधेसी समुदायको हो भन्ने कुरा प्रष्ट हुन्छ । यस सन्दर्भले गैरमधेसीहरूले तराई मूलका मधेसीप्रति नकारात्मक दृष्टिकोण र नकारात्मक व्यवहार अझै पनि कायमै रहेको अवस्थालाई उपन्यासमा उद्घाटन गरिएको छ । यसरी प्रेमललवा निम्न वर्गीय मधेसी जातको व्यक्ति भएकाले शान्तिराजाले प्रेमललवालाई काठमाडौँ बोलाएर क्षतिपूर्ति दिँदैन । ऊ आर्थिक रूपमा भन्दा पनि जातीय रूपमा बढी ठगिएको, हेपिएको छ । यस सन्दर्भमा उच्च जातका व्यक्तिहरूले तल्लो जातको प्रेमललवालाई जातीय रूपमा शोषण गरेको हुनाले जातीय शक्तिसम्बन्ध सन्तुलित नभएर असन्तुलित रहेको छ ।

नेपालगञ्ज सहरको गगनगञ्ज टोल बादी जातिको बसोबास क्षेत्र हो । सामन्तवादी समाजद्वारा निर्मित जातीय संरचनाले बादी समुदायलाई तल्लो वर्गमा राखी उनीहरूको जीवननिर्वाहका लागि निम्नस्तरको घृणित पेसा निर्धारण गरिदिएको पाइन्छ । शरीर बेचेर जीवननिर्वाह गर्ने बादी समुदायका महिलाहरूको परम्परागत पेसा हो । अझै पनि यदाकदा लुकीछिपी शरीर बेचेरै बाँच्नु पर्ने बाध्यात्मक अवस्था रहेको छ । यस विषयलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> उसको नाम द्रौपदी किन राखियो भन्नेतिर उसले कहिल्यै विचार गरिन । वास्तवमा पहिला उसको नाम द्रौपदी थिएन, सीता थियो । आखिर नाममा के छ र ! मुख्य कुरो त काम नै हो । कामले ऊ रन्डी हो । बदिनी हो । उसलाई आफू बसेहुर्केको घरभन्दा नगरपालिकाको पिसाबघर सफा लाग्छ । ऊ त्यो फोहरमा बस्न अभ्यस्त भइसकेकी छ । त्यसैले उसलाई आफ्नो घरको, कोठाको र आफ्नो खाटको फोहर नै स्वाभाविक लाग्छ । (पृ.३४)

पुरुष सत्ताका कारण द्रौपदी जस्ता बादी महिलाहरू भोग्या वस्तुको रूपमा उपभोग गरिएका छन् । पुरुष सत्ताले आक्रान्त बनेका बादी महिलाहरू रन्डीको नामले परिचित छन् । समाजले उनीहरूलाई रन्डी र वेश्याको पहिचान दिएको छ, किनभने शरीर बेच्नु उसको

बाध्यता नै पेसा बनेको छ । द्रौपदीलाई आफ्नो कामप्रति कहिलेकाँही घृणा जाग्छ । आफ्नो पवित्र घरलाई नै कोठीको रूपमा प्रयोग गर्ने हुनाले कहिलेकाँही उसलाई आफ्नो घरभन्दा नगरपालिकाको पिसाब घर सफा लाग्छ । ऊ प्रत्येक दिन त्यही घृणित कार्यमा समर्पित हुन बाध्य भएको हुनाले उसलाई आफ्नो घरको, आफ्नो कोठाको, आफ्नो खाटको फोहर नै स्वाभाविक लाग्छ किनभने ऊ त्यो फोहरमा बस्न अभ्यस्त भइसकेकी छ । प्रस्तुत सन्दर्भअनुसार द्रौपदी जातीय दृष्टिकोणले उत्पीडित महिला हो । ऊ यौन व्यवसायलाई पुर्ख्यौली पेसाको रूपमा अँगाल्ने बादी जातिका महिलाहरूको प्रतिनिधित्व गरेकी छ । आफू बदिनी भएकोमा उसलाई घृणा लागेको छ । आफ्नो जीवन अन्य नारीको जस्तो सुखी र सुन्दर नभएर फोहर साथै घृणित भएकोमा उसले आफूलाई धिक्कारेकी छ । यस्तो तिरस्कृत जीवन बाँच्नु पर्ने उसको रहर नभएर बाध्यता भएको छ । आफ्नो जातीय परम्पराअनुसार बदिनी भएर शरीर बेच्नु परेको पीडालाई उजागर गर्दै उनीहरू बादी जातिको महिला भएकै कारण संस्कारगत पद्धतिबाट उत्पीडनमा परेको यथार्थलाई उपन्यासमा प्रस्तुत गरिएकाले यहाँ जातीय शक्तिसम्बन्ध असन्तुलित रहेको छ ।

नेपालगञ्जमा बसोबास गर्ने मधेसी समुदायका कलुवा, भौजी जातीय दृष्टिकोणले सीमान्तीकृत पात्र हुन् । त्यहाँका घसियारा जातिहरूले शिक्षाको अभावमा अन्य पेसा अपनाउन सकेका छैनन् । कलुवाको परिवारले घाँस बेचेरै जीविका चलाइरहेको छ । त्यहाँका स्थानीय केही घसियारा भने बदलिँदो समयसँग घाँस काट्ने पेसा छोडेर अन्य पेसामा आवद्ध भए पनि केही मधेसी महिलाहरूले भने अझै घाँस काटेर जीविका चलाइरहेको कुरालाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> कलुवाको यो घर घसियारन टोलमा पर्छ । ऊ जातले घसियारा नै हो । उसले घसियाराको काम उहिल्यैदेखि छाडे तापनि उसकी स्वास्नी र आमा अझै यही काम गर्छन् । भौजी, दुई सौ जति उधार मिल्ला ? उसले कलुवाकी स्वास्नीसित याचना गऱ्यो । कलुवाकी स्वास्नी छक्क परी । यति ठुलो रकम ऊसित आजसम्म कसैले सापटी मागेको छैन । दिनभर घाँस काटेर ल्यायो, बेच्दा पाँचसात रुपियाँ मात्र हात पर्थ्यो । भैया, त्यति पैसा त मसित कहाँ छ र ! हिन्दु मुस्लिमको दङ्गा भएपछि हाम्रो घाँस बिक्री हुन छाडेको छ । टाँगावाला हामीकहाँ आउँदैनन् । हामी हिन्दु । चारदिनदेखिको

घाँस त्यसै पडिरहेछ । फेरि आजकल बिक्रम टेम्पु चल्छ, टाँगा कम हुँदैछ ।

(पृ. ६४-६५)

एकदिन प्रेमललवा काठमाडौँ जानको लागि दुई सय रुपियाँ सापटी माग्न जाँदा कलुवाकी स्वास्नी छक्क पर्छे । उसको लागि दुई सय रुपियाँ भनेको धेरै ठुलो रकम हो । अझसम्म उसले न त दुई सय रुपियाँ कमाउन सकेकी छ, न त ऊसँग कसैले पनि त्यति धेरै रकम सापटी नै मागेको छ । कलुवाकी स्वास्नीले दिनभरि मरिमरि घाँस काटेर ल्याउँछे तर बेच्दा भने पाँचसात रुपियाँ मात्र हात पर्छ । त्यही पाँचसात रुपियाँले परिवारको पेट पाल्ने गरेको भए तापनि हिन्दू मुस्लिमहरूको झगडाले घाँस बिक्री भएको छैन । कलुवाका परिवार हिन्दु जाति भएको हुनाले टाँगा चलाउने मुस्लिमहरूले घोडाको लागि घाँस ऊसँग किन्दैनन् । आफूले दुःख गरी काटेको घाँस पनि चारदिनदेखि बिक्री नभएको कारण उसले हातमुख जोर्नसमेत सकेकी छैन । यहाँ कलुवाको परिवार वर्गीय र जातीय दुवै रूपमा उत्पीडित बनेको छ । वर्चस्वशाली समुदायले सत्ताको लागि हिन्दु र मुस्लिमबिच साम्प्रदायिक दङ्गा गराई त्यहाँका स्थानीय मधेसी जातिमाथि शोषण गरेका छन् । यसको मारमा दैनिक ज्यालामजदुरी गर्ने तथा घाँसपात बेचेर जीवन धान्ने घसियारा जातिहरू बढी मारमा परेका छन् । हातमुख जोर्ने समस्या भएको भौजीसँग प्रेमललवाले दुई सय रुपियाँ सापटी माग्दा ऊ आश्चर्यचकित भएकी छ । किनभने उसले अझैसम्म यति धेरै रकम एकमुष्ट देखेकी छैन । उसको लोग्ने कलुवाले पनि राम्रोसँग काम नगर्ने र घाँस काटेर बेच्नेबाहेक अर्को काम नभएको कारण आयस्तर अति न्यून भएको साथै हिन्दु मुस्लिमहरूको झगडाले आफ्नो निम्नस्तरको व्यापार पनि ठप्प भएकोले प्रेमललवालाई सहयोग गर्न नसक्ने बताउँछे । शासक जातिले अनेक किसिमका जालझेलका माध्यमबाट हिन्दु र मुस्लिम जातिबिच मतभिन्नताको सिर्जना गरी सीमान्तीकृत जातिलाई विभिन्न किसिमको दुःख र पीडा दिइरहेको सन्दर्भलाई माथिको साक्ष्यले उजागर गरेको छ ।

नेपालगञ्ज सहर र सीमा क्षेत्रमा हिन्दु मुस्लिम दुवै धर्मसम्प्रदायका मानिसहरूको बसोबास रहेको छ । त्यहाँका स्थानीय हिन्दु र मुस्लिम जातिहरू शिक्षा र चेतनाको दृष्टिकोणले पछाडि रहेका कारण वर्चस्वशाली जातिका व्यक्तिहरूले उनीहरूलाई उचालेर आपसी द्वन्द्वको अवस्था सिर्जना गरी उत्पीडनमा परेको पाइन्छ । नेपालगञ्ज क्षेत्रमा यस्तो साम्प्रदायिक दङ्गा बेला बेलामा भइरहन्छ । वि.सं. २०५२ मा पनि कर्फ्यु लाग्ने गरी हिन्दु

मुस्लिमहरूबिच दङ्गा गराइरहेको थियो । यस सन्दर्भलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> एक्कासी एक हुल मान्छे आए । प्रेमललवालाई घेरे र ऊ हिन्दु हो कि मुसलमान भनेर सोधे । के भन्दा उचित होला भनेर ऊ एक छिन अलमलियो । कसैले वसन्तीलाई भ्याच्च लात्तीले हिर्कायो । वसन्ती रन्थनिएर भुइँमा लडी । र आत्तिएर, डराएर याचनामा प्रेमललवाले केही भन्नुअघि नै कसैले भन्यो- 'छाड् बे, यो त हिन्दु हो ।' (पृ.५०)

नेपालगञ्ज क्षेत्रमा बेला बेलामा जातीय झगडा भइरन्छ । यस्तो दङ्गा प्रायः नारा, जुलुस निकाल्दा, सांस्कृतिक कार्यक्रममा बढी हुने गर्छ । चुनाव कै पेरिफेरिमा एकाबिहानै नेपालगञ्ज सहरको स्थिति बिग्रँदै गइरहेको थियो । सानोतिनो निहुँबाट सुरु भएको झगडाले साम्प्रदायिक दङ्गाको रूप लिने लक्षण देखिइरहेको थियो । चोक बजारका पसलहरू पनि विषम स्थितिले गर्दा बन्द थिए । त्यहाँ प्रभुत्वशाली जातिद्वारा परिचालित व्यक्तिहरू एकअर्कालाई सशङ्कित भएर हेर्दै थिए । यस्तो स्थितिमा मधेसी जातिको प्रेमललवा आफ्नो घोडीको उपचार गराउन पशुअस्पताल जाँदै गर्दा बाटोमा हुलहुल मान्छेहरू झगडा गर्दै एकअर्कालाई ढुङ्गामुढा गर्दै आउँछन् । घोडीलाई अस्पताल लैजाँदै गरेको प्रेमललवालाई एकहुल मान्छे आएर बाटामै घेरेर तँ हिन्दु कि मुसलमान भनेर सोध्दा अक्क न बक्क परेको प्रेमललवालाई यो त हिन्दु हो भनेर अन्ततः छाडिदिन्छन् । वास्तवमा त्यो हुलमा हिन्दु जातिहरूको संलग्नता भएको हुनाले प्रेमललवा बच्न सफल भयो । अन्यथा मुस्लिमहरू भएको भए प्रेमललवामाथि आक्रमण गर्थे । यसरी हिन्दुले मुस्लिमलाई र मुस्लिमले हिन्दुलाई आक्रमण गर्न छाड्दैनथे । अनपढ, अशिक्षित र सीमान्तीकृत स्थानीय मधेसी जातिलाई हतियारको रूपमा प्रयोग गरी साम्प्रदायिक दङ्गा भड्काउने र आफू शासन सत्तामा टिकिरहने तिकडम वर्चस्वशाली जातिले रचेको पाइन्छ । प्रभुत्वशाली जातिका व्यक्तिहरू आफू अगाडि नआई त्यहीँ कै मधेसी समुदायका युवाहरूलाई परिचालन गरी सीमान्तीकृतहरूको एकता टुटाई आफ्नो स्वार्थ पूरा गरिरहेको हुनाले यहाँ शक्तिसम्बन्ध असन्तुलित रहेको अवस्थालाई देखाइएको छ ।

नेपाली समाजमा जातीय रूपमा तथाकथित उच्च जातिद्वारा तल्लो जातिहरू उत्पीडित भएको विद्यमान अवस्था रहेको छ । यस उपन्यासको केन्द्रीय पात्र मधेसी समुदायको प्रेमललवा गैरमधेसीद्वारा पलपलमा ठगिएको छ । ऊ काठमाडौं जाँदा होटलमा

बस्दा पनि होटलवालाले उसलाई फोहर सिरक र डसना दिएर प्रेमललवालाई हेपेको छ भने पढेलेखेका उच्च जातिद्वारा पनि शोषित भएको छ । यस सन्दर्भलाई उपन्यासमा यसप्रकार प्रस्तुत गरिएको छ :

> 'तँसित दस रुपियाँ छ ? निराकारजीलाई उसले सहर्ष दस रुपियाँ दियो । उसले ठान्यो- बिहान फिर्ता गरिदिनेछन् । निराकारजी दस रुपियाँ लिएर होटलबाट एकैछिनका लागि निस्किए । एकछिनमा अलिक हल्लिँदै, ढुन्मुनिँदै आए र भने-'तेरो कथामा दम छ प्रेमललवा ।' म तँलाई मद्दत गर्छु, प्रेमलाल भन्दै निराकारजीले फेरि बीस रुपियाँ मागे । उसले फेरि दियो । उनी फेरि गए । फेरि अलिक बढी हल्लिँदै, लर्खराउँदै आए । 'म तँलाई मन्त्रीज्यूसित भेट गराइदिन्छु, उनले भने, तँसित पचास रुपियाँ छ ? उसले दियो । उनले लिए । उनी गए, फेरि आए । अनियन्त्रित, अव्यवस्थित भएर आए । ओछ्यानमा ढले र बेहोसीकै स्थितिमा उनले भने- 'तेरो कथामा दम छ प्रेमलाल ।' तर बिहान कोठामा निराकारजी थिएनन् । ऊ आत्तियो । निराकारजीलाई खोज्यो । वास्तवमा उसको खोज निराकारजीको व्यक्तित्वको खोज थिएन, उनले लिएको अस्सी रूपियाँको अस्तित्वको खोज थियो । तर उसको अस्सी रूपियाँ भेटिएन । (पृ.७४-७५)

प्रेमललवा जातीय दृष्टिकोणले उत्पीडित पात्र हो । घोडी मरेपछि क्षतिपूर्ति लिन जाँदा वर्चस्वशाली उच्च जातिद्वारा ऊ हेपिएको, ठगिएको छ । प्रेमललवालाई सहयोग गरेजस्तो गरेर उसलाई ठगेका छन् । अनपढ र मधेसी जातिको प्रेमललवाको सोझोपनालाई राम्ररी बुझेका आफूलाई लेखक भन्ने जँड्याहा निराकार शर्माद्वारा ऊ भावनात्मक र आर्थिक शोषणमा परेको छ । काठमाडौँ जाँदा होटलमा बस्दा निराकार शर्मासँग प्रेमललवाको परिचय हुन्छ । शिक्षाबाट वञ्चित सोझो प्रेमललवाको सोझोपनको फाइदा उठाउँदै निराकारले सुरुमा दश रूपियाँ त्यसपछि क्रमशः बीस र पचास गरी जम्मा असी रूपियाँ प्रेमललवाबाट लुट्छ र बिहान नहुँदै कोठाबाट भाग्छ । निराकार भागेको प्रेमललवाले पत्तै पाउँदैन । सरसापटी गरेर काठमाडौँ पुगेको प्रेमललवा निराकार जस्ता जँड्याहाद्वारा काठमाडौँको होटलमै लुटिन्छ । म तँलाई मद्दत गर्छु, मन्त्रीसँग पनि भेट गराइदिन्छु भनेर निराकारले सोझो प्रेमललवाको मन जित्न सफल हुन्छ । प्रेमललवाको मानसिकतालाई बुझेर चतुर निराकारले मौकाको फाइदा उठाउँछ र उसलाई भावनात्मक रूपमा फकाउँदै

संवेदनाको शोषण गर्दै आर्थिक शोषण गर्छ । प्रेमललवा मधेसी जातिको सीमान्तीकृत पात्र भएको हुनाले नै ऊ उच्च जातिका राजेन्द्रराज, शान्तिराजा तथा निराकार जस्ता भ्रष्टद्वारा उत्पीडनमा परेकोले यहाँ जातीय शक्तिसम्बन्ध असन्तुलित रहेको देखाइएको छ । राजेन्द्रराज शर्मा, शान्तिराजा जस्ता ब्राहमण जाति र मधेसी मूलको प्रेमललवाबिच जातिगत सम्बन्धद्वारा सिर्जित अपमान, तिरस्कार, हेला, दुःख पीडा, शोषणलाई उपन्यासमा सशक्त रूपले अभिव्यक्त गरिएको छ ।

सत्ता र शक्तिको खेलमा उच्च जातिहरूको हालीमुहाली रहेको अवस्था अहिले पनि छ । प्रभुत्वशाली जातिले स्थानीयहरूलाई भोट बैङ्कको रूपमा प्रयोग गर्ने साथै निःशुल्क काममा दलाउने प्रवृत्ति कायमै रहेको छ । आस्वासनको भरमा गरिब तथा निम्नजातिलाई प्रयोग गरी आफ्नो स्वार्थ पूरा गर्न उच्च जाति पछि पर्दैनन् । यस सन्दर्भलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> सिंह दरबारभित्र दुईबजेसम्म प्रेमललवाले प्रवेश पाएन । लाचार भएर त्यतैतिर उद्देश्य नभए झैं उभिइरह्यो । त्यहाँ पनि सिंहदरबारभित्र प्रवेश गर्न चाहने मानिसको हुल थियो । एकाएक त्यहाँ पुलिसहरू आए र सिंहदरबार गेट अगाडिबाट सबैलाई हटाउन थाले । उसले कुरो बुझेन । अटेर जस्तो गऱ्यो । एउटा हवलदारले ठुल्ठुला आँखा देखाएर हकारेपछि ऊ लुरुक्क सिंहदरबार गेट बाहिरियो र टाढा सडकपेटीमा उभियो । (पृ.७०-७१)

शान्तिराजाको विजयजुलुसमा प्रेमललवाको आफ्नो घोडी मरेपछि त्यसको क्षतिपूर्ति लिन ऊ काठमाडौँ पुग्छ । त्यहाँ उसले अनेक प्रयास गर्दा पनि शान्तिराजालाई भेट्न सक्दैन । कहिले मन्त्री क्वार्टर पुल्चोक त कहिले सिंहदरबार धाउँदा धाउँदै ऊ निराश हुन्छ । एकदिन मन्त्रीलाई कुरिरहेको प्रेमललवाले बुढो पालेद्वारा मन्त्री त मिटिङबाट सोझै सिंहदरबार गएको कुरा थाहा पाएपछि ऊ सिंहदरबार पुग्छ तर दुई बजेसम्म प्रेमललवाले सिंहदरबारमा प्रवेश पाउँदैन । पहुँवाला व्यक्तिहरू निर्वाध रूपमा सिंहदरबारभित्र जाने अनुमति पाइरहेको अवस्थामा मधेसी समुदायको प्रेमललवाको पहुँच नभएकै कारण उसले सिंहदरबारभित्र जान अनुमति भने पाउँदैन । ऊ घन्टौं गेटमै कुरेर बस्छ तर त्यहाँ मन्त्री आउनुको सट्टा एक्कासी पुलिसहरू आएर प्रेमेललवालाई धपाउन थाल्छन् तर प्रेमललवा कुरा नबुझेर गेटमै उभिरहन्छ । एउटा पुलिसले ठुलाठुला आँखा देखाउँदै हकारेपछि बल्ल ऊ सडकपेटिमा पुग्छ । प्रेमललवा मधेसी समुदायको निम्नजातिको अनपढ सीमान्तीकृत पात्र

भएको कारण नै काठमाडौँमा सबैद्वारा हेपिएको छ । उच्च जातिका अन्य व्यक्तिहरूले पहुँचकै आधारमा सजिलै सिंहदरबारमा प्रवेश पाए पनि प्रेमललवाजस्ता निम्न जातिलाई प्रवेशमा रोक लगाइन्छ । उच्च जातिले चुनावमा निम्न जातिलाई भरपुर प्रयोग गरे पनि स्वार्थ पूरा भएपछि नचिन्ने, चिने पनि वास्ता नगर्ने जस्ता अमानवीय व्यवहार शान्तिराजा जस्ता वर्चस्वशाली उच्च जातिले प्रेमललवामाथि गरेको दुर्व्यवहारबाट प्रस्ट हुन्छ । सिंहदरबारमा मात्र होइन प्रदेश तथा स्थानीय सरकारी निकायमा प्रेमललवाजस्ता सीमान्तीकृत जातिहरू प्रवेश पाउँदैनन् । जातीय रूपमा पहुँच नहुनु तथा आफूले वर्चस्वशाली जातिविरुद्ध कुनै प्रतिकार गर्न नसकेका कारण नै प्रेमललवाजस्ता सीमान्तकृत पात्रहरू जातीय उत्पीडन सहन बाध्य भएको जातीय शक्तिसम्बन्ध असन्तुलित रहेको तथ्यलाई माथिको साक्ष्यले प्रस्ट पारेको छ ।

नेपालगञ्ज मधेसी समुदायको बाहुल्यता रहेको सहर हो । बसाइसराइका कारण अहिले त्यस क्षेत्रमा सबै जातजातिहरूको बसोबास रहे तापनि त्यहाँका स्थानीयहरू भने मधेसी हुन् । परम्परागत नेपाली समाजमा मधेसी भनेर हेला गर्ने, उनीहरूलाई शोषण गर्ने कुप्रवृत्ति अझै पनि रहेको छ । उनीहरूको सोझोपना र बाध्यताको फाइदा उठाउँदै किनारामा पुऱ्याइएको सन्दर्भलाई राजेन्द्रराजको यस प्रकारको अभिव्यक्तिले पुष्टि हुन्छ- "'हेर् प्रेमललवा, कुरा भन्या सफा, माथि पार्टीबाट नब्बे हजार आएको छ । कागज नब्बेकै बन्छ । तीस तँलाई, तीस मलाई र तीस शिलाबाबुलाई ।' फोकटको राजनीति कहाँ हुन्छ ? नब्बे हजारको कागज तयार भयो । उसको हातमा तीस हजार पऱ्यो" (पृ.८७) ।

नेपालगञ्जको मुख्य सहरमा बसोबास गरेका मधेसी समुदायको जातिहरू प्रभुत्वशाली जातिका कारण किनारीकृत अवस्थामा पुग्न बाध्य भएका छन् । जातीय पहुँच र अशिक्षाका कारण समयको बदलिँदो परिस्थितिअनुसार आफूलाई परिवर्तित गर्न नसक्दा त्यहाँका रैथाने मधेसीहरू अन्य जातिद्वारा हेपिएका छन् । नेपालगञ्जको मुख्य सहरमा बसोबास गरेका मधेसी जातिहरू प्रभुत्वशाली जातिका कारण किनारीकृत अवस्थामा पुग्न बाध्य भएका छन् । ठुलाठुला सहरमा, मुख्य सडकमा घर भएका प्रेमललवाजस्ता मधेसीहरू नेपालगञ्ज सहरको आसपासको गाउँमा धकेलिन बाध्य भएका छन् । पार्टिको लागि होस् या आफ्नो व्यापार व्यवसाय विस्तारको लागि होस्, वर्चस्वशाली जातिहरूले त्यहाँका रैथानेहरूको जग्गा सस्तोमा हडप्न सफल भएका छन् । प्रेमललवाको बाबुको मृत्यु भएपछि सहाराका लागि उसले त्यहाँका नेताहरूको गुलामी गर्छ । प्रेमललवाको बाध्यतालाई बुझेका राजेन्द्रराजले

प्रेमललवाको सम्पत्तिको नाममा रहेको आधा कठ्ठा जग्गा हडप्ने दाउमा हुन्छन् । उनले पार्टीलाई जग्गा चाहिएकोले पार्टीबाट नब्बे हजारकै कागज बनाउँछन् तर तीस हजार आफू र तीस हजार शिलाबाबुलाई दिएपछि गर्जी प्रेमललवाले अन्ततः तीस हजार मात्र पाउँछ । मधेसी जातिहरूको सस्तोमा घरखेत उठाउन खप्पिस राजेन्द्रराजद्वारा प्रेमललवा सधैँ शोषित बनेको छ । प्रेमललवालाई सहयोग गरेजस्तो गरेर उच्च जातका नेताहरूले उसलाई नराम्ररी ठगेका छन् । निम्न जातको प्रेमललवा केही नजान्ने र आफू ठगिएकोमा प्रतिरोध गर्न नसकेको हुनाले ऊ पलपलमा ठगिएको छ । यसरी मधेसी समुदायको निम्न जातको प्रेमललवालाई उच्च जातका शान्तिराजा, राजेन्द्रराज र शिलाबाबुले उठ्नै नसक्ने गरी किनारामा पुऱ्याएको हुनाले जातीय शक्तिसम्बन्ध असन्तुलित रहेको यथार्थ माथिको साक्ष्यबाट प्रस्ट हुन्छ ।

## ३.३.२ *लू* उपन्यासमा जातीय शक्तिसम्बन्धको अवस्था

*लू* उपन्यासमा नेपालगन्जको सीमावर्ती क्षेत्र पत्थरपुरवा गाउँमा बसोबास गर्ने मधेसी र मुसलमान समुदायको जातीय उपस्थिति रहेको छ । खुला सीमाका कारण पत्थरपुरवाका मधेसी र मुसलमान समुदायले भारतीयहरूको शोषण र दमन सहनु परिरहेको छ । मधेसी र मुसलमान समुदायहरू आफ्नै देशभित्र र देशबाहिरबाट पनि उत्पीडित हुनु परेको छ । भारतीय सीमा सुरक्षाको सब-इन्सपेक्टर अमरपाल र बहराइचको गुण्डा शम्भुरामले पत्थरपुरवाका मधेसी र मुस्लिम समुदायमाथि शोषण र दमन गरेका छन् । मुस्लिम समुदायका नारीहरूलाई बलात्कार गरेर जातीय प्रभुत्व प्रदर्शन गरेका छन् । नेपालको सीमा क्षेत्रमा हुने गरेको डकैती, भारतीय एसएसबीले गरेको ज्यादती, रातारात गरिएको सीमा अतिक्रमण, हत्या, हिंसा, साम्प्रदायिक दङ्गाका कारण पत्थरपुरवाका मधेसी र मुसलमान जातिहरू कष्टकर जीवन बाँच्न बाध्य भएका छन् । तथाकथित उपल्लो जातिले तल्लो जातिमाथि गर्ने शोषण, दमन, उत्पीडन नै जातीय उत्पीडन हो । *लू* उपन्यासमा पनि सामाजिक सांस्कृतिक वर्णव्यवस्थाले निर्माण गरेको जातीय विभेदलाई उपन्यासमा प्रस्तुत गरिएको छ ।

नेपाली समाजमा व्याप्त जातीय विभेदको कारण सीमान्तीकृत समुदायले निरीह जीवन बाँच्न बाध्य भएका छन् । जातकै आधारमा श्रमको विभाजन भएको कारण उनीहरूले आफ्नो मन लागेको पेसालाई आत्मसात् गर्न पाएका छैनन् । उनीहरूले आफ्नो

जीवननिर्वाहका लागि अरूको काम गर्नुपरिरहेको छ । पुस्तौं अरूको काम गरेर आफ्नो जिन्दगी गुजारा गर्नुपर्दा उनीहरूको अवस्थामा सुधार आउन सकेको छैन । उनीहरू अशिक्षित भएकै कारण उनीहरूमा चेतनाको स्तर बढ्न सकेको छैन । जसको कारण उनीहरूले चरम गरिबी भोग्न बाध्य भएका छन् । यस सन्दर्भलाई उपन्यासमा यसरी चित्रण गरिएको छ :

> मेरो घरमा त्यतिखेर कोही थिएन । बुबा पुरैनीमा रामबक्स चौधरीको छोरोको बिहेमा डोली बोक्न जानुभएको थियो । हामी कहारहरूको पेसा नै यही । बिहेमा डोली र मियाना बोक्ने । डोली बोकेर पाउने नेग (सगुन) र ज्यालाबाट हाम्रो जीवन चलिरहेको छ । त्यतिखेर आमा पनि गुइँठा बनाउनको लागि गोबर खोज्न निस्कनुभएको थियो । रित्तो घरमा म एक्लै बस्न सकिन । डर लाग्यो । (पृ.१)

रेडियोलालको जात कहार हो । उसको पुर्खाले परम्परागत रूपमा भारी बोकेर तथा बिहेमा डोली, पानी बोकेर साथै भाँडा माझेर जीविकोपार्जन गर्थे । रेडियोलालको बुबा कहार जात भएकै कारणले गाउँमा कसैको बिहे भयो भने डोली बोक्न जानुपर्ने बाध्यता रहेको छ । डोली बोक्ने काम विवाहको अवसरमा मात्र पाइने र त्यसबाट थोरै रकम मात्र पाइने हुनाले रेडियोलालको बाबुलाई परिवार पाल्न धौ धौ भइरहेको छ । उसको यो निरीह अवस्था भए तापनि जातीय कारणले साथै अन्य पेसाको विकल्प नरहेकोले उसले त्यो पेसा छोड्न पनि सकेको छैन । शिक्षाको अभावले गर्दा रेडियोलालको बुबाले अन्य जागिर पाउन सकेको छैन । साथै आर्थिक अभावले गर्दा अन्य व्यापार व्यवसाय पनि गर्न सक्ने अवस्था नरहेकोले रेडियोलालको बुबाले घरपरिवार चलाउनको लागि डोली बोक्नुबाहेक अन्य उपाय नै छैन । डोली बोकेबापत पाइने ज्याला निश्चित नभएकोले मालिकहरूले आफ्नो इच्छाअनुसार रकम दिने चलन रहेकोले पाएको थोरै कमाइले जीवन चलाउनुपर्ने उसको बाध्यता हो । लोग्नेको थोरै कमाइले जीवन धान्न कठिन भएपछि रेडियोलालकी आमाले चुलो बाल्न ग्याँस र दाउरा किन्न नसक्दा गोबर बटुलेर गुइँठा बनाउने काम गरेकी छ । रेडियोलालको परिवार शिक्षा र पहुँचको अभावमा कष्टकर जीवन बाँच्नु परिरहेको छ । मधेसी समुदायको कहार जात भएकै कारणले रेडियोलालको परिवार त्यहाँका मालिक र ठालुहरूद्वारा शोषित र उत्पीडित बन्न बाध्य भइरहेको कारण यस उपन्यासमा जातीय शक्तिसम्बन्ध सन्तुलित नभएर असन्तुलित रहेको छ । यसलाई वर्चस्वकारी समुदायले

सीमान्तीकृत कहार जातिलाई आफ्नो वर्चस्वका माध्यमबाट पींधमा राख्न सफल भएका छन् । जसले गर्दा उपन्यासमा असन्तुलित किसिमको शक्तिसम्बन्धको अवस्थालाई देखाएको छ ।

समाज जातीय विभेदले आक्रान्त बनेपछि सबैभन्दा बढी सीमान्तीय जाति विभेदको मारमा परेका छन् । सदियौँदेखिको जात प्रथाले हरेकको आफ्नो जातिअनुसार कामको विभाजन गरेको कारण उनीहरूले तल्लो तहको काम गर्नुपरिरहेको छ । उनीहरूलाई आफ्नो इच्छा र आवश्यकताअनुसार रोजेर काम गर्न अनुमति नभएकै कारण उनीहरूको सामाजिक र आर्थिक अवस्थामा सुधार आउन नसकेको भने सत्य हो । यस संवेदनशील विमर्शलाई विभिन्न लेखकहरूले महत्त्वका साथ उजागर गर्दै आएका छन् । यसै सन्दर्भमा उपन्यासमा यसरी लेखिएको छ :

> पाँच सात दिनअघि मात्र धनेसरले बनियाभार गाउँमा गएर मरेको भैँसीको छाला उधिनेर ल्याएको थियो । भोलि त जसरी भए पनि इकौनाको जुत्ता कम्पनीमा त्यो छाला पुऱ्याउनुपर्छ । त्यसैले ऊ आफ्नो छाप्रोको छानोमा छाला सुकाउनमा व्यस्त थियो । उसले पनि इलैया मरेको हल्ला सुनेछ । काम छोडेर दौड्दै तिराहामा आयो । र, चिया दुकानमा छोइएला कि जस्तो गरेर अरुहरूभन्दा अलिक अलग्गै बस्यो । (पृ.६)

धनेसरको पेसा मरेका गाई भैँसीको छाला निकालेर बेच्नु हो । केही दिन अघि उसले बनियाभार गाउँमा गएर मरेका भैँसीको छाला काढेर ल्यायो । छाला बेचेर गुजारा गर्नु उसको पेसा हो । धनेसरले इकौना जुत्ता कम्पनीमा लगेर छाला बेचेर कमाइ गर्छ । उसले बनियाभारबाट ल्याएको भैँसीको छालालाई आफ्नो छाप्रोको छानामा रातभरि सुकाउँथ्यो र भोलि बिहान  इकौना जुत्ता कम्पनीमा लगेर बेच्छ । मरेका गाई भैँसीको छाला काढ्न ऊ टाढा टाढा पनि पुग्थ्यो । यसबाट उसले जसोतसो आफ्नो गुजारा चलाउँछ । एकदिन उसले इलैया मरेको हल्ला सुनेपछि दगुर्दै तिराहामा आयो र नजिकैको चिया दुकानमा छोइन्छ कि भन्ने डरले अरुभन्दा अलग्गै बस्यो । यस प्रसङ्गले पत्थरपुरवाको मधेसी समुदायमा पनि जातीय छुवाछुत कायम रहेको कुरा प्रस्ट हुन्छ । धनेसर तल्लो जातको मान्छे भएकै कारणले ऊ अलग्गै बस्न बाध्य भएको हो । सामाजिक सांस्कृतिक रूपमा जात व्यवस्थाले निर्माण गरेको पेसा विभाजनअनुसार यहाँका तल्लो जातका धनेसर जस्ता व्यक्तिहरूले मरेका जनावरका छाला बेचेर गुजारा गर्नुपरेको छ । मरेका जनावरहरू सधैँ नपाइने हुनाले यस पेसाबाट जीवन धान्न गाह्रो भएको छ । यस पेसाको विकल्पको

रूपमा धनेसरले शिक्षाको अभाव र तल्लो जातका व्यक्ति भएको हुनाले यस पेसालाई छोड्न सकेको छैन । जातीय रूपमा उसको पहुँच पनि नभएको हुनाले टाढा टाढा पुगेर धनेसरले छाला जुटाउन बाध्य भएको छ । उसले भारतीय जुत्ता कम्पनीलाई जुत्ता बनाउनको लागि कच्चा सामग्री उपलब्ध गराए पनि जुत्ता कम्पनीका मालिकबाट उसले थोरै रकम मात्र पाएको हुनाले वर्गीय रूपमा पनि ऊ शोषित हुँदा दोहोरो मारमा परेको छ । तल्लो जातको मानिसले छुन मिल्दैन भन्ने सामाजिक नियमअनुसार चिया पसलमा जाँदा पनि धनेसर निरीह भएर अलग्गै बसेको छ । छुवाछुतको यस परम्परालाई उसले सहर्ष स्वीकार गरेको छ भने विभेदको विरुद्धमा उसले आवाज उठाउन नसकेकोले जातीय शक्तिसम्बन्ध असन्तुलित रहेको कुरा उपन्यासमा प्रयुक्त सन्दर्भले पुष्टि गर्दछ ।

समाजमा सीमान्तीकृतहरू सबैभन्दा बढी शारीरिक श्रम गरे तापनि उनीहरूको जीवनस्तर एकदमै निम्नस्तरको रहेको छ । जातीय विभेदकै कारण निम्न जातिहरूको यो हविगत भइरहेको छ । यसको नकारात्मक असर सीमान्तीकृत जातिलाई परिरहेको छ भने फाइदा चाहिँ वर्चस्वशाली जातिले लिइरहेका छन् । उनीहरूले आफूसँग श्रम गरेर खाने भूमिको अभावमा पनि अरु काम गर्न बाध्य भएका छन् । उनीहरूले यस्तो अवस्था भोग्न बाध्य भएको सन्दर्भलाई उपन्यासमा यसरी प्रतिविम्बन गरिएको छ :

> पहलमान नै भए पनि पहलमानी नन्दुको पेसा थिएन । सौख थियो । जातले त चिडिमार थियो ऊ । तर ऊ गर्वसाथ भन्थ्यो, “मैले आजसम्म यौटा चरा पनि मारेको छैन । न कहिले नरकुलको चरा समात्ने पासो समातेको छु, न गुल्ता (गुलेली) लिएर हिँडेको छु ।...त्यसैले नन्दुले बरु जीवन धान्नको लागि अचम्मको काम रोज्यो । गाउँमा कसैले नगरेको काम । तेल मालिस । (पृ.१६-१७)

इलैयाको बाउ जातले चिडिमार हो । उसको पुर्खाले चरा मारेर जीविका चलाउँथे । नन्दु उमेर हुँदा पहलमान थियो तर पहलमान भए पनि ऊ चिडिमार भएकोले पहलमानी पेसा अँगाल्न सकेन । जीवन धान्नको लागि नन्दुले आफ्नो पुर्खाले नगरेको काम तेल मालिस गर्न थाल्यो । नन्दुले यो काम बहराइचमा पहलमानहरूलाई तल मालिस गर्न आउनेहरूबाट सिकेको थियो । र यसै क्रममा उसले बहराइचको सिनेमा हलहरूमा तेल मालिसको काम सुरु गऱ्यो । तेल मालिसबाट नन्दुले त्यति बेला दैनिक सय रुपैँया जति कमाउँथ्यो र त्यही आम्दानीबाट परिवारको पेट पाल्न बाध्य बनिरहेको थियो । चिडिमार जाति भएकै कारणले

चरा मारेर मात्र जीवन धान्न नसकेपछि नन्दुले वैकल्पिक पेसाको रूपमा तेल मालिस गर्ने कर्मलाई अँगाल्नु पऱ्यो । चिडिमार जातिहरू चराको खोजीमा अस्थायी रूपमा बसाइँसराइ गरिरहन्छन् । जङ्गल फँडानी, गाउँघरमा भएका ठुला बगैँचाहरू समाप्त हुनु, सहरीकरण जस्ता कार्यले पहिलेको तुलनामा पर्याप्त चराहरू नपाइने अवस्थाले गर्दा चिडिमार जातिहरूको पेसा विस्तारै सङ्कटमा परिरहेको तथ्यलाई उपन्यासमा चित्रण गरिएको छ । हालको बदलिँदो परिवेशमा चरा मारेर मात्र जीविका चलाउन असम्भव छ । नेपालगन्ज क्षेत्रमा बसोबास गर्ने चिडिमार जातिहरू मधेसी समुदायका तल्लो जातभित्र पर्दछन् । अल्पसङ्ख्यक चिडिमारहरू अझै पनि नेपाली जातिभित्र सूचीकृत भएका छैनन् । राज्यले उनीहरूलाई सीमान्तीकृत अवस्थामा पुऱ्याएको छ । चिडिमार जाति भएकै कारणले उनीहरू राज्यको मूलधारबाट वञ्चित भएका छन् । राज्यसत्ताको शक्ति र सत्ताको मूलधारमा रहेका जातिहरूद्वारा किनारीकृत अवस्थामा पुगेका नन्दु चिडिमार जस्ता व्यक्तिहरू पीडित र शोषित भएका छन् । जसले गर्दा उपन्यासमा वर्चस्वकारी समुदाय, राज्यसत्ता र सीमान्तीकृत चिडिमार जाति, वर्गविच भइरहेको शक्तिसम्बन्धमा ती चिडिमार समुदाय समाजको तल्लो तहमै रहन बाध्य बनिरहेको सन्दर्भबाट असन्तुलित किसिमको शक्तिसम्बन्ध रहेको कुरालाई माथिको साक्ष्यले प्रस्तुत गरेको छ ।

जातीय समस्या नेपालमा मात्र नभएर विश्वमै व्याप्त रहेको छ । कुनै एक जातिले अर्को जातिलाई हेप्ने होच्याउने जस्ता विभिन्न समस्याहरू छन् । यो समस्या हिजो पनि थियो र आजसम्म पनि जस्ताको त्यस्तै रहेको छ । जातीय सङ्कुचित धारणाले गर्दा नेपाली समाज धेरै पछाडि परेको छ । त्यही सङ्कुचित धारणाले गर्दा विभिन्न समस्याहरू सामना गर्नुपरिरहेको छ । विभिन्न मतभेदहरू सिर्जना हुँदै आएका छन् । जातीय दङ्गा कै कारण समाजबाट वर्चस्वशाली जातिले सीमान्तीकृत अथवा न्यून जनसङ्ख्या भएका जातिहरूलाई विस्थापित गराउने काम भइरहेको छ । यस समस्यालाई विभिन्न लेखकहरूले बोध गर्दै आएका छन् । त्यसैले यस संवेदनशील विषयलाई आफ्नो विषयवस्तु पनि बनाएका छन् । यस विषयको बारेमा उपन्यासमा यसरी लेखिएको छ :

> एकैछिनमा अनवरहरूको आँगन रित्तो भयो । उनीहरू लाचार भएर गाउँ छोड्दै गरेका मुसलमानहरूको अर्को टोलीमा सामेल भए । हिन्दुहरूको एउटा सानो गाउँ छोडेर गैरहेका मुसलमानहरूतिर टुलुटुलु हेरिरहेको थियो । टुटे पण्डित त्यो हुलमा सबैभन्दा अगाडि थियो । मुसलमानहरू जतिजति

गाउँबाट टाढा हुँदै थिए, टुटे पण्डितलाई उतिउति लाग्दै थियो, गाउँ उधिँदै छ । बिस्तारै बिस्तारै । पुरानो सुइटर जस्तो । (पृ.१९७-१९८)

भारतीय गुण्डाहरूको आक्रमणले आक्रान्त बनेको पत्थरपुरवाका सीमान्तीकृत मुस्लिम समुदाय विस्थापित हुन बाध्य हुन्छन् । पत्थरपुरवामा मुसलमानहरूले दुर्गामाताको मूर्ति बनाउने माटोलाई अपवित्र पारिदिए भनेर रेडियोलालले हल्ला फैलाएपछि पत्थरपुरवाका मुसलमानहरूसित बदला लिने हल्लाले पत्थरपुरवा त्रसित भएको छ । अचानक इन्डियातिरबाट ककरधरीघाटको बाटो डुङगा चढेर र कोही कटकुइँया बोर्डरतिरबाट एकैपटक भारतीयहरू पत्थरपुरवा गाउँमा प्रवेश गरी मुसलमान विरुद्ध चर्को नारा लगाउँदै मुसलमानहरूको घरभित्रै पसेर हमला गरेका छन् । गरिबी र भोकले थिलोथिलो परेको गाउँमा सीमापारिबाट भएको आक्रमणले साम्प्रदायिक दङ्गाको रूप लिएको थियो । अनवरको परिवार मुसलमान भएकै कारण जातीय र धार्मिक रूपले भारतीयहरूबाट आक्रमण भएको छ । गाउँमा मध्यरातसम्म होहल्ला, रुवाबासी र भागाभाग मच्चियो । धेरै जसो मुसलमानहरू राति नै गाउँ छाडिसकेका थिए । यही घटनाले त्रसित अनवरहरू मुस्लिम भएकाले गाउँ छाड्न बाध्य भएका छन् । हेर्दा हेर्दै अनवरको आँगन रित्तो हुन्छ । मातृभूमि छोडेर जानुपर्दाको हृदयविदारक दृश्य त्यहाँका हिन्दु मधेसीहरूले टुलुटुलु हेरि मात्र रहेका छन् । कसैले अनवरहरूलाई रोक्न हिम्मतसम्म गर्न सकेनन् । कुनै समय पत्थरपुरवामा हिन्दु मुस्लिमहरू मिलेर बसेका थिए तर आज एकाएक स्थिति परिवर्तन भएको छ । मुसलमानहरू गाउँ छोडेर जाँदा गाउँ बिस्तारै पुरानो स्वेटर जस्तै उधिँदै गएको र हिन्दु मुस्लिमबिचको बर्षौं लामो सम्बन्ध र एकता विस्तारै टुट्दै गएको प्रसङ्गलाई माथिको दिइएको साक्ष्यले प्रस्तुत गरेको छ । पत्थरपुरवाका मुस्लिमहरू केवल प्रभुत्वशाली हिन्दुहरूद्वारा मात्र प्रताडित नभएर आफ्नै समुदायको अगुवा असगर अलिबाट पनि पीडित छन् । असगर अलिले बहराइचको गुण्डा शम्भुरामसँग मिलेर आफ्नै मुस्लिम समुदायलाई दुःख दिएको छ । जसले गर्दा अनवरहरू दोहोरो शोषणमा परेका छन् । सीमावर्ती क्षेत्रमा बेलाबेलामा साम्प्रदायिक दङ्गा भइरहने हुनाले त्यस क्षेत्रका सर्वसाधारणहरू त्रसित भएर जीवन बिताउनु परेकाले जातीय शक्तिसम्बन्ध असन्तुलित रहेको तथ्य माथिको साक्ष्यले प्रस्तुत गरेको छ ।

### ३.३.३ *सल्लीपिर* उपन्यासमा जातीय शक्तिसम्बन्धको अवस्था

नेपालको सामाजिक संरचनाका आधारमा हेर्दा समाजमा विभिन्न जात जातिहरूको बसोबास रहेको एक साझा थलोको रूपमा चिनिन्छ । यस संरचनामा विभिन्न जातिहरूबिचको अर्थगत शत्रुतापूर्ण, मित्रतापूर्ण, सन्तुलित र असन्तुलित किसिमको सम्बन्ध नै जातीय शक्तिसम्बन्ध हो । जातीय शक्तिसम्बन्धकै कारण अधिकांश सीमान्तीकृत जातिहरू समाजको पिँधमा रहन बाध्य भएका छन् । समाजमा उनीहरू जातीय लाभांशको अभावमा निरीह जीवनयापन गर्न विवश बनेका छन् । प्रभुत्वशाली जातिले आफ्नो वर्चस्वका माध्यमबाट विभिन्न किसिमको बहानामा सीमान्तीकृत जातिलाई उत्पीडन गरिरहेका छन् । जसका कारण उनीहरूको जीवनस्तर माथि उठ्न सकेको छैन । प्रभुत्वशाली जातिको आदेश मान्न उनीहरूको नियति बनिरहेको छ । पुस्तौँदेखि उनीहरूको सामाजिक र आर्थिक सुधार हुन सकेको छैन । सीमान्तीकृतहरू पराधीन हुनुको कारण के हो भन्ने कुरालाई उनीहरूले राम्रोसँग बोध गर्न सकेका छैनन् । त्यही भएर प्रभुत्वशाली वर्गको स्वार्थअनुरूप बनाइएको कथित मान्यतालाई जिन्दगीभर पालन गर्न विवश बनेका छन् । आफ्नो अवस्थालाई सुधार गर्नका निमित्त आफ्नो चेतनामा परिवर्तन आउन नितान्त जरुरी छ भन्ने कुरालाई मान्न तयार भएका छैनन् । उनीहरूमा प्रतिरोध गर्न सक्ने क्षमताको विकास भइसकेको छैन । त्यसैले उनीहरूको अवस्थामा पनि सुधार आउन नसकेको सन्दर्भलाई सकेको उपन्यासमा यसरी भनिएको छ- “ग्याल्मोले कतिपल्ट सम्झाई छिरिङलाई शेर्पाको छोरो भएपछि हिमाल पो चढ्नुपर्छ । याक र चौरी पो डुलाउनुपर्छ । यसरी किताब पढेर र कागजमा केके कोरेर कसलाई मुद्दा हाल्नु छ र” (पृ.८) ?

ग्याल्मो र छिरिङ जातीय हिसाबले शेर्पा जाति हुन् । छिरिङलाई अक्षरको खेती गर्नुमा एकदमै रूचि देखिन्छ । तर उसको रूचिलाई आफ्नो परिवार र समाजले प्रतिबन्ध लगाउँछ । त्यसैले उसले सहजतापूर्ण ढङ्गबाट पढ्न अनुमति पाउन सक्दैन । किताब पढेको देखेर उसकी श्रीमती ग्याल्मोले गाली गर्छे । शेर्पाको छोरा भएर पढ्नु हुँदैन, हिमाल चढ्नु पर्छ, चौरी गोठालो गर्नुपर्छ भनेर सम्झाउँछे । पढ्न जानु भनेको कसैसँग मुद्दामामिला गर्नु हो भन्ने बुझाइ ग्याल्मोको रहेको छ । त्यसैले छिरिङ पढ्दा कसलाई मुद्दा हाल्नु छ भनेर ग्याल्मोले भन्छे । ग्याल्मोको तर्क र सोचाइले शेर्पा जातिले पढ्न आवश्यक छैन भन्ने कुरालाई सङ्केत गर्छ । यसमा ग्याल्मोको मात्र दोष नभएर पूरै समाज, राज्यसत्ताको प्रभुत्वशाली विभेदकारी विचारधाराले ठुलो भूमिका खेलेको छ । अशिक्षित एउटी महिला

ग्याल्मोको चेतनामा शेर्पा जातिले पढ्नु हुँदैन, हिमाल चढ्नुपर्छ, चौरी पाल्नुपर्छ, जीवन जसरी चल्छ चलाउनुपर्छ भन्ने भाष्यको निमार्ण गरिदिएको छ । त्यसैले उसले पढाइको विरोध गर्छे । आत्मनिर्भरका लागि शिक्षा आवश्यक छ भन्ने चेतनाको विकास उसमा भइसकेको छैन । पढ्नु भनेको अनावश्यक लफडामा फस्नु हो भन्ने मनसाय ग्याल्मोको रहेको छ । प्रस्तुत उपन्यासमा छिरिङ र ग्याल्मो शेर्पा जाति भएरै शिक्षाबाट विञ्चित हुनुपरेको पेचिलो विमर्शलाई संवेदनशील ढङ्गबाट उजागर गरिएको छ । सीमान्तीकृत शेर्पा जातिले पुस्तौँदेखि हिमाल चढ्नेहरूको भरिया बनी, चौरीको पछिपछि लागी निरीह जीवनयापन गरिरहेको उनीहरूको सामाजिक र आर्थिक अवस्थालाई उपन्यासमा जीवन्त रूपले प्रस्तुत गरिएको छ । जसको कारण जातीय शक्तिसम्बन्ध अभिव्यक्तिका आलोकबाट प्रस्तुत उपन्यास सशक्त र सफल भएको तथ्य पुष्टि भएको छ ।

जबसम्म मान्छेमा चेतनाको विकास हुँदैन तबसम्म उसले अन्धविश्वासलाई ग्रहण गर्न बाध्य हुन्छ । चेतनाको विकास हुनलाई शिक्षाको आवश्यकता पर्दछ । ऊ सभ्य र शिक्षित हुनका लागि पारिवारिक र सामाजिक वातावरणले ठुलो भूमिका खेल्दछ । पारिवारिक र सामाजिक सद्भावबिना कुनै एउटा व्यक्तिले केही पनि प्रगति गर्न सक्दैन । त्यसैले कुनै पनि एउटा व्यक्ति शिक्षित र सभ्य हुनका लागि उसको परिवार र समाज पनि शिक्षित र सभ्य हुन अति आवश्यक हुन्छ । विडम्बना नेपाली समाजमा जातीय विभेदकै कारण धेरै नेपालीहरूले आफ्नो जातकै कारणले शिक्षाको उज्यालोबाट वञ्चित हुनु परिरहेको छ । जातअनुसारको पेसाको निर्धारण अभिजात वर्गले आफ्नो स्वार्थअनुसार गरिदिएको कारण उनीहरूले फरक पेसालाई अनिवार्य ठानेका हुँदैनन् । त्यसैले शिक्षा प्रत्येक जातिका लागि अपरिहार्य बन्न सकेको छैन । जसको कारण उनीहरूको जिन्दगी विकराल स्थितिको सिर्जना भएको छ । यसले विकरालका साथै सामाजिक टकराब पनि सिर्जना गर्दै आएको छ । ती विभिन्न पारिवारिक र सामाजिक टकराबका कारणले विभिन्न किसिमको मतभेदहरू सिर्जना हुन पुगेको छ । जसलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> छिरिङ किताबका अक्षर र पानाभित्रै पस्छ कि जस्तो गरेर किताबमा निहुरिएको निहुरिऱ्यै गर्न थाल्यो ।
>
> एकदिन कसैले ग्याल्मोलाई उचालिदियो -'शेर्पाको  छोरो भएर किताब पढेपछि र कविता लेखेपछि यस्तै हुन्छ ।'

> ग्याल्मोलाई पनि त्यसै लाग्यो । उसले घरभित्रका किताबलाई राक्षस देख्न थाली । किताबभित्रका अक्षरमा कालाकाला भूतप्रेत देखी । तिनै भूतप्रेतले घरको वातावरण बिगारेर छिरिङको दिमाग अशुद्ध बनाएका हुन् भन्ने विश्वास बलियो हुँदै गयो ऊभित्र ।
>
> एक रात छिरिङ किताब पढ्दै निदायो । त्यही मौकामा ग्याल्मोले छिरिङले कति दुःख गरेर कताकताबाट जम्मा गरेका सप्पै किताब कोठाभित्रबाट बाहिर आँगनमा ल्याई । हिजोमात्र सल्लाघारीबाट बटुलेर ल्याएको जम्मै सल्लीपिर र सिम्टाहरू किताबमाथि थुपारी । आगो सल्काइदिई । (पृ.९)

छिरिङलाई पढ्ने उत्कट चाहना हुँदाहुँदै पनि उसको त्यो चाहना पूरा हुन सक्दैन । शेर्पा जातिले पढ्नु हुँदैन, यदि उनीहरूका जातिले पढेको खण्डमा त्यसको परिणाम नराम्रो हुन्छ भन्ने किसिमको गलत भाष्य समाजले फैलाइ दिएपछि ग्याल्मोजस्ता निर्दोष महिलाको दिमागमा नराम्रो छाप बसेको छ । त्यसकारण उसले आफ्नो लोग्ने छिरिङलाई पढ्नबाट रोक्न जोड गरेको विसङ्गतिपूर्ण अवस्थालाई उपन्यासमा प्रतिविम्बन गरिएको छ । छिरिङले पढ्दै गरेको किताबलाई ग्याल्मोले भूतप्रेतका रूपमा देखेकी प्रसङ्गले शेर्पा जातिमा रहेको जड अन्धविश्वासलाई सङ्केत गरेको छ । ग्याल्मोको यो अवस्था हुनमा जातीय विभेदले सिर्जना गरेको निरीहपन नै हो र उसलाई भूतप्रेतले सताएको छ भन्ने गलत चेतना ग्याल्मोमा समाजले लगाइदिएको छ । ग्याल्मोको अशिक्षित चेतनामा त्यही भूतको छाप बसेको कारण उसले आफ्नो लोग्नेलाई पढ्नबाट अवरोध गरेकी हो भन्ने वास्तविकतालाई उपन्यासमा अभिव्यक्त गरिएको छ । यति मात्र नभएर शेर्पाको छोराले किताब पढेको कारण घरमा भूतप्रेतले सताएर दुःख दिएको हो भन्ने अन्धविश्वासको कारण ग्याल्मोले लोग्नेको सबै किताबहरू आगो लगाइदिएको विसङ्गतिपूर्ण अवस्थालाई उपन्यासमा उजागर गरिएको छ । यसरी एउटी निर्दोष र अशिक्षित महिलालाई जातीय सीमान्तमा पारी उसलाई अमानवीय व्यवहार गर्नमा उक्साउने समाजको खराब प्रवृत्तिलाई पनि यहाँ उदाङ्गो पारिएको छ । सामाजिक अवरोधका कारण छिरिङ पढ्नबाट वञ्चित हुनु परेको छ । छिरिङलाई अक्षर पढ्न र आत्मनिर्भर बन्नबाट वञ्चित पारिएको सन्दर्भका माध्यमबाट जातीय शक्तिसम्बन्ध र शक्तिसङ्घर्षलाई प्रस्तुत गरिएको छ । साथै प्रस्तुत उपन्यासमा छिरिङमाथि लगाइएको सामाजिक र सांस्कृतिक आरोप र त्यस विसङ्गतिपूर्ण आरोपलाई

ग्रहण गरी छिरिङमाथि अमानवीय कर्म गर्न विवश बनेकी ग्याल्मोको व्यवहारले यो तथ्यलाई स्पष्ट पारेको छ ।

सामन्तवादी समाजले जातअनुसार पेसाको निर्धारण गरेको कारण कतिपय सीमान्तीकृत जातिहरूले अक्षर चिन्न नपाएकै कारण पुस्तौं पुस्ता जातीय सीमान्तमा जीवन निर्वाह गर्न बाध्य बनेका छन् । उनीहरूको यो बाध्यतामा जातीय अवधारणाले ठुलो भूमिका खेलेको छ । कतिपय जातिहरूले भने जातीय लाभांशकै कारण उनीहरू प्रभुत्वशाली सत्ता र पहुँचमा निरन्तर रहन सफल भएका छन् भने ती सीमान्तीकृत जातिहरू भने प्रभुत्वशाली वर्ग/जातिको भऱ्याङ मात्र बन्न विवश बनेका छन् । जसको कारण सीमान्तीकृत वर्ग समाजको पिँढमा रहन बाध्य भएका छन् । सीमान्तीकृत वर्गको पहुँच कम भएकै कारण जति दुःख गरे तापनि त्यो दुःख आफ्नो लागि नभएर मूलतः अभिजात वर्गको लागि भइरहेको छ । त्यसैले ती सीमान्तीकृत वर्गको अवस्था भने माथि उठ्न सकेको छैन । यस संवेदनशील विषयलाई गम्भीर तरिकाले लिएको पाइएको छ । यस सन्दर्भलाई उपन्यासमा चित्रित छिरिङ भन्ने पात्रको विशेष यस अवस्थाले बढी स्पष्ट पार्दछ ।

> कहिलेकाहीँ पाहुनाहरू आउँथे घरमा र ग्याल्मोलाई सुनाउँथे-'छिरिङ त अचेल राजनीतिमा पो लागेको छ । पूरै काङ्ग्रेसी भएको छ । काङ्ग्रेसी नेताहरूसित लुकीलुकी गाउँगाउँ डुल्छ र गीत लेख्छ । पर्चा बाँड्छ । शेर्पा भएर हिमाल पो चढ्नुपर्थ्यो । किताब पढ्ने र गीत लेख्ने भएर हामी सबैको बेजत गऱ्यो छिरिङले' । (पृ.१०)

छिरिङलाई पढेर समाज र आफ्नो परिवारमा सकारात्मक परिवर्तन गर्ने उत्कट चाहना हुँदाहुँदै पनि पढ्नबाट ऊ वञ्चित भएको छ । छिरिङले पढ्दै गरेको किताबहरू आफ्नै श्रीमती ग्याल्मोले सबै जलाइदिएपछि विरक्त भई घर छोडी नेताहरूको पछिपछि लागेर समाज परिवर्तनको गीत लेख्न थालेको कुरा उपन्यासमा चित्रण गरिएको छ । छिरिङको तत्कालीन अवस्थालाई समाजले पचाउन सक्दैन । त्यसैले शेर्पाको छोराले हिमाल चढ्नु र चौरीको पछि लाग्नुको सट्टा राजनीति गर्नतिर लागेको भन्दै समाजले उसलाई विभिन्न लाञ्छना लगाउँछ । छिरिङजस्ता शेर्पाको छोरा भएर टाठाबाठा हुनुहुँदैन भन्ने किसिमको वर्चस्वकारी मान्यताले समाजलाई आक्रान्त पारेको छ । त्यसैले परिवार र समाजले उसलाई उत्प्रेरित गर्नुभन्दा विभिन्न आरोप र अवरोध गरी उसलाई निरुत्साहित बनाएको छ । त्यसकारण छिरिङले आफ्नो परिवार र समग्रमा समाजको साथ सहयोग पाउन

सक्दैन । ऊसँग अथाह सम्भावना र परिवर्तनको सोच भए तापनि उसको आफ्नो लक्ष्य भने हासिल हुन सक्दैन । यसरी प्रभुत्वशाली वर्ग, समुदाय र सीमान्तीकृत जातिअन्तर्गत पर्ने छिरिङ र उसको परिवारबिच चलेको शक्तिसङ्घर्षलाई उपन्यासमा जीवन्तरूपमा प्रस्तुत गरिएको छ । यस शक्तिसङ्घर्षको आयाम मूलतः जातीय शक्तिसङ्घर्ष रहेको छ । सीमान्तीकृत छिरिङलाई जातीयताकै कारण उसको आफू परिवर्तन हुने चाहना पूरा हुन सकेको छैन । उसले परिवर्तन हुने चाहनाका निमित्त अपार प्रयास गर्दागर्दै पनि वर्चस्वशाली संस्कृतिका अगाडि ऊ हार्न बाध्य भएको छ । त्यसैले प्रस्तुत उपन्यासमा असन्तुलित किसिमको शक्तिसम्बन्धलाई प्रभावकारी ढङ्गबाट अभिव्यक्त गरिएको छ ।

प्रत्येक नेपाली नागरिकहरूको माध्यामिक शिक्षा प्राप्त गर्नु निसर्त र नैसर्गिक अधिकार हो । शिक्षा पाउने हरेक नागरिकको हकअधिकार भए तापनि व्यवहारमा भने लागू हुन सकेको छैन । अनकन्टार कतिपय विकट गाउँघरमा गरिबी र विकासको पूर्वाधार नहुँदा धेरै नागरिकहरूले विद्यायलको नाममा क, ख पनि सिक्न सकेका छैनन् । यस गम्भीर समस्यालाई राज्यले पनि सम्बोधन गर्न सकेको छैन । जसको कारण हजारौँ नागरिकहरू शिक्षा पाउनबाट वञ्चित भएका छन् । नेपालको सत्तहत्तरै जिल्लामा सबै नागरिकसम्म शिक्षामा पहुँच पुऱ्याउने भन्ने कैयौँ नीतिहरू बनिरहँदा पनि उक्त नीतिले ती सीमान्तीकृत भूगोल, जाति, वर्गलाई भने केही प्रभाव पार्न सकेको छैन । त्यसैले उनीहरूको जीवन पीडादायी र कष्टमय बनिरहेको छ । यस तीतो सत्यलाई राज्यले राम्रोसँग पहिचान गरी शिक्षालाई सबैको पहुँचमा पुऱ्याउन सकेन भने धेरै नागरिकहरूले अन्धकारमा जीवन बिताउनुपर्ने बाध्यात्मक परिस्थितिको सिर्जना हुन आउँछ । यसै गरी उपन्यासमा प्रयुक्त छिरिङ जस्ता सीमान्त भूगोलमा बस्ने पात्रहरूको पुस्तौँदेखि अधीनस्थ भएर जिन्दगी गुजारा गर्नु पर्ने परिस्थितिको सिर्जना हुन आउँछ । यस सन्दर्भलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> पेमा धेरै कुरा बुझ्ने भइसकेकी थिई । तर पनि उसलाई छिरिङका कुरा सजिला संवाद हैन, कविताका जटिल पङ्क्तिजस्ता लागे । नबुझिने नै भए पनि छिरिङले अझै कथाको र किताबकै कुरा गरिरहेको थियो । किताबको कुराले मन अझ आत्तियो पेमाको । उसलाई यतिन्जेल किताब भूत नै हो भन्ने विश्वास भइसकेको थियो । तर्साउँछ यसले । मति बिगार्छ यसले ।

किताबैले गर्दा त हो नि उसको आमाबुबाको सम्बन्ध बिग्रिएको । (पृ.१८-१९)

छिरिङ सभ्य र शिक्षित व्यक्ति हुन चाहन्थ्यो । ऊसँग अथाह सम्भावना र उत्साह पनि थियो । उसमा भएको सम्भावना र उत्साहलाई उसको परिवार र समाजले पहिचान गर्न सकेन । जसको कारण साथ, सहयोग र सद्भाव पाउनुको सट्टा अनेक अपमान, लाञ्छना र घृणा सहन बाध्य हुनुपऱ्यो । पछिल्लो चरणमा आइपुग्दा पेमामा धेरै सकारात्मक परिवर्तन आउन थालिसकेको भए तापनि उसका बाबु छिरिङले बोलेका भाषा र शब्दहरू बुझ्न सक्दिनथी । उसलाई आफ्नो बाबुको बोल्ने शैली र शब्दहरू गहन र जटिल लाग्थे । पेमाले अक्षर चिनेकी थिइन । त्यसैले ती अक्षरहरू भूतजस्ता लाग्यो । पेमाले अक्षर चिनेकी थिइन त्यसैले ती अक्षरहरू भूतजस्ता लाग्यो । अक्षर भनेका भूतहरू हुन् । मान्छे पढेपछि बहुलाउँछ भन्ने किसिमको धारणा पेमाको दिमागमा परेको थियो । पेमालाई आफ्नी आमा ग्याल्मोले जे सिकाएकी थिई, त्यही कुरा पेमाले पनि सिकेकी थिई । उसका बाबु छिरिङ र आमा ग्याल्मोको सम्बन्ध बिग्रनुमा किताब हो भन्ने कुरालाई पेमाले पनि आत्मसात् गरेकी थिई । त्यही भूत जस्तो किताबले आमा बाबुको विछोड भएको हो भन्ने ठुलो आभास पेमालाई भएको थियो । त्यसैले शेर्पा जातिले किताब पढ्नु हुँदैन भन्ने किसिमको धारणा पेमाको बनेको थियो । पेमाले त्यो धारणा आफ्नो जातीय संस्कार र चेतनाबाट प्राप्त गरेको थियो । यसरी एउटा परिवारमा आफ्नो अवस्था जस्तो किसिमको छ, त्यस्तै किसिमको अवस्था आफ्नै सन्तानले पनि भोग्नुपर्दछ भन्ने सन्दर्भलाई पनि उपन्यासमा व्यक्त गरिएको छ । यसरी पेमाको मानसिकतामा शेर्पा जातिले पढेकै कारण आफ्नो बाबुको त्यो हविगत भएकाले बाबुले पढ्नु नै अभिशाप थियो भन्ने परेको छ । त्यसैले उसले पढाइप्रति नकारात्मक दृष्टिकोण राख्छे । यसरी शेर्पा जाति भएकै कारण अक्षरको खेती गर्नु हुन्न भन्ने गलत भाष्यको कारण छिरिङको परिवारमा परेको नकारात्मक असरलाई यस उपन्यासमा उजागर गरिएको छ ।

संसारमा नेपाल सगरमाथाको देश भनेर चिनिन्छ । सगरमाथाको परिवेश टाढाबाट सुन्दर र नजिकैबाट अनुभूति गर्दा जति सुन्दर अनि रोमाञ्चक छ, त्यस परिवेशमा बसोबास गर्ने जनताको जीवनचर्या त्यति नै कठिन र दुःखदायी छ । त्यस भूगोलमा बसोबास गर्ने जनताको आयस्रोत भनेको चौरी पालन र हिमाल चढ्नेहरूको भरिया बन्नु हो । त्यसैले विभिन्न आरोहीहरूलाई सगरमाथा चढाउने महत्त्वपूर्ण काम शेर्पा जातिहरूले गर्दै आएका

छन् । ती महत्त्वपूर्ण काम गरेर संसारमा देशको कीर्ति राख्ने शेर्पा जातिहरूलाई नै राज्यले विभेद गर्दै आएको छ । शेर्पा जातिहरू भौगोलिक विकटताले गर्दा उनीहरूको जीवन झन् कष्टमय तरिकाले बितिरहेको छ । उनीहरूको त्यो अवस्थालाई राज्यले सम्बोधन गर्न सकेको छैन । जसले गर्दा उनीहरूको अवस्थामा केही परिवर्तन आउन सकेको छैन । उनीहरूको जीवनको सहारा भनेको हिमाल चढ्नुरहेको छ । हिमाल चढ्दा जसरी हरेक पलपलमा जीवनमा जोखिम उठाउनुपर्छ त्यसरी नै उनीहरूको जीवन पनि जोखिमपूर्ण रहेको छ । उनीहरूले जोखिमपूर्ण जीवन बिताउन बाध्य भएका छन् । शेर्पा जातिले जिन्दगीभर सङ्घर्ष गरी नेपालीहरूको नाम संसारमा चिनाउन आफ्नो जिन्दगीलाई धरापमा राखी महत्त्वपूर्ण काम गरिरहेको कुरालाई यस उपन्यासमा यथार्थ र प्रभावकारी ढङ्गबाट प्रतिविम्बन गरिएको छ :

> दावा हिँडेपछि पेमाको शरीरमात्र गाउँमा रोकिएको थियो । उसको आत्मा त दावासित हिँडिरहेको थियो । पेमा पनि दावासित सगरमाथा चढ्दै थिई ।
>
> उसले आफ्नो पालु छिरिङले भनेको बिर्सेकी थिइन - 'शेर्पाहरू कहिले पनि एक्लै हिमाल चढ्दैनन्, उनीहरूसँगै उनीहरूको परिवार पनि उसरी नै सुखदुःखको हिमाल उक्लिरहेको हुन्छ । उनीहरूको हरेक उपलब्धि सामूहिक हो र हरेक दुःख पनि सामूहिक । हरेक आरोहणको सफलतापछि शेर्पा एक्लै हाँस्दैन, ऊसँगै उसको परिवार पनि हाँस्छ । जब एउटा शेर्पा हिमालका खर्पसहरूमा भास्सिन्छ, ऊ एक्लै भास्सिन्न । ऊसँगै उसको परिवारको सपना, चाहना, आशा र विश्वास पनि भास्सिइन्छ' । (पृ.१२६)

दावा सगरमाथा हिँडेपछि सँगसँगै पेमा पनि जाने गरेकी कुरालाई उपन्यासमा चित्रण गरिएको छ । जो एकजना सगरमाथा चढेपछि ऊ सँगसँगै उसको परिवार पनि जान्छन् । उसको आस्था र उसको विश्वास, भविष्य सबै सगरमाथा चढ्ने व्यक्तिमा निर्भर हुन्छ भन्ने कुरा पेमालाई आफ्नो पालु (बाबु) ले भनेको कारण उसको मनमा जहिल्यै पनि दावा रहन्थ्यो । सगरमाथा चढ्नु एक अत्यन्त्यै भयानक, जटिल र जोखिमपूर्ण काम भएकोले सगरमाथा चढ्ने व्यक्तिमा नै उसको परिवारको भविष्य निर्भर हुन्छ भन्ने सत्य कुरालाई पनि यस उपन्यासमा चित्रण गरिएको छ । सगरमाथा चढ्नेहरूको भरिया बन्ने भनेको धेरै कठिन र जोखिमपूर्ण भएकाले सगरमाथाबाट फर्किए पछि खुशी भएको प्रसङ्गले रोजी रोटीका लागि दोस्रो विकल्प नभएपछि भरिया बन्न बाध्य भएको शेर्पा जातिहरूको निरीह

अवस्थालाई उपन्यासमा जीवन्त प्रस्तुत गरिएको छ । शेर्पा जातिले आफ्नो जीवननिर्वाहका लागि जिन्दगीलाई उच्च जोखिममा राखी कष्टपूर्ण र महत्त्वपूर्ण कर्म गरिरहेको प्रसङ्गलाई उपन्यासमा चित्रण गर्दै ती शेर्पा जातिको अदम्य साहस र महत्त्वपूर्ण योगदानलाई उपन्यासमा उजागर गरिएको छ । हिमाल चढ्न गाह्रो हुन्छ । हिमाल चढ्दा कुनै एउटा व्यक्ति हिमालको खर्पसहरूमा भासियो भने उसको परिवारको आशा, विश्वास, भरोसा र भविष्यहरू सबै गुम्ने यथार्थलाई पनि उपन्यासमा प्रतिविम्बन गरिएको छ । यति गाह्रो काम हुँदाहुँदै पनि शेर्पा जातिले यस श्रमलाई आत्मसात् गरी नेपाललाई विश्वमा चिनाउन सफल भएका छन् भन्ने यथार्थलाई पनि उपन्यासमा प्रकट गरिएको छ । वास्तवमा माथि भनिएको उपन्यांश छिरिङले भनेको सन्दर्भ हो । छिरिङले भनेको उक्त सन्दर्भबाट शेर्पाहरूले हिमाल चढ्ने कठिनतालाई राम्रोसँग बोध गरेको तर उनीहरूसँग केही विकल्प नभए पछि उक्त जोखिमपूर्ण काम गर्न बाध्य बनिरहेको उनीहरूको नियतिलाई पनि उपन्यांशमा चित्रित सन्दर्भले प्रस्ट पारेको छ ।

सगरमाथा आरोहण गर्न सजिलो छैन । शेर्पा जातिको सहयोगबिना कुनै पनि आरोहीले सफलता प्राप्त गर्न सक्दैनन् । सफल आरोहणका लागि शेर्पाहरू भरिया बनिदिनु पर्छ । सगरमाथा चढ्दा उठेको रोयल्टीले सरकारले विलासिताको आवश्यकतालाई पूर्ति गर्ने गर्छ । तर ती रोयल्टी उठानमा प्रमुख भूमिका निर्वाह गर्ने शेर्पाहरूलाई भने बेवास्ता गरिएको अवस्था रहेको छ । उनीहरूलाई राज्यले बेवास्ता गरेकै कारण आफ्नो जीवननिर्वाहका लागि यस्तो जोखिमपूर्ण काम गर्न बाध्य बनेका छन् । हिमाल चढ्दा हजारौँ शेर्पाहरू मर्न बाध्य हुन्छन् । जसको कारण ती मृतकहरूको परिवारले जिन्दगीभर दुःख पाउँछन् । उनीहरूको आशा, भरोसा, विश्वास र भविष्य गुम्छ । शेर्पा जातिले हिमाल चढ्नु पर्छ भन्ने भाष्यकै कारण अर्को पेसालाई आत्मसात् गरेका हुँदैनन् । आफ्नै पूर्खाले गरिल्याएको पुरानो पेसालाई आत्मसात् गर्न पुग्छन् । अन्ततः अकालमा आफ्नो ज्यान गुमाउन बाध्य भएका छन् । जसको कारण उनीहरूको बालबच्चा, परिवारले अनेकौँ दुःख कष्ट भोग्न विवश बनेका छन् । उनीहरूको सीमान्तीकृत अवस्थामा सुधार आउन सकेको छैन । यस विषयमा सरकारले केही पहल गरेको देखिँदैन । यदि हिमाल चढ्दा एउटा शेर्पा मऱ्यो भने थोरै क्षतिपूर्ति स्वरूप रकम दिएजस्तो गरेर सरकार आफ्नो भूमिकाबाट पन्छिन खोजेको पाइन्छ । जसले गर्दा हजारौँ शेर्पा बालबालिकाहरूले उज्यालो देख्न पाएका छैनन् ।

जसको कारण शेर्पा समुदायमा गरिबी पुस्तान्तरण भइरहेको अवस्था रहेको छ । यस सन्दर्भलाई उपन्यासमा यसरी चित्रण गरिएको छ :

> खेन्पोले नरम आवाजमा फुर्वासित सोधे -'दावा कसको नाम हो ?'
>
> 'मेरो पालुको ।'
>
> त्यसपछि खेन्पोले हिम्मत गरे । फुर्वातिर हेरे र भने- 'यसमा कुनै नरमाइलो कथा लेखिएको छैन, फुर्वा । यसमा तिमीलाई दुःख लाग्ने कुराहरू लेखिएको छ ।'
>
> एकछिन रोकिएपछि खेन्पोले फुर्वालाई भने -'चोमोलोङ्मा चढ्दा तिम्रो पालुको हिउँपहिरोमा परेर निधन भएछ । उनीसँगै अरु शेर्पाहरू पनि मरेका रहेछन् । सरकारले मरेका शेर्पाहरूको परिवारलाई क्षतिपूर्ति दिने भएको छ । त्यही लिन तिम्री आमालाई यो चिठी आएको हो' । पृ.१४२-१४३)

फुर्वाको बाबु दावा विदेशीको भरिया बनेर सगरमाथा चढ्न गएको समयमा हिमपहिरोमा परी उसको मृत्यु हुन्छ । ऊ मरेपछि सरकारले क्षतिपूर्ति लिनका लागि उसको परिवारलाई चिठी लेखेको हुन्छ । चिठी हेरेर अबोध र अशिक्षित फुर्वा खुसी हुन्छ । त्यो चिठीमा आफ्नो पालु (बाबु) को कथा लेखेर पठाएको होला भन्ने कुरा फुर्वाको मनमा आउँछ । तर विडम्बना त्यो चिठी पढ्न सक्ने सेछेन गाउँमा कोही पनि हुँदैन । त्यसैले दावा मरेको कुरा कसैले पत्ता लगाउन सक्दैनन् । फुर्वाले उक्त चिठी बोकेर टाढाको गुम्बा चहार्छ । बल्ल एउटा गुम्बामा खेन्पो (भिक्षु) लाई चिठी पढ्न आग्रह गर्छ । फुर्वाले भिक्षुको हातमा चिठी थमाइदिएपछि कथा सुन्नको लागि उत्सुकता देखाउँछ तर परिस्थितिलाई नियतिले विपरीत बनाइदिन्छ । त्यो चिठीमा कुनै नयाँ खबर नभएर दावाको मृत्यु भएको खबर लेखिएको हुन्छ । भिक्षु एकछिन अलमलमा पर्छ । बच्चालाई छल्नु हुँदैन, सत्यता सत्यता नै हो भन्ने कुरालाई मनन गरी गम्भीर भई चिठीमा कुनै कथा नभएको बरु तिम्रो बाबु (दावा) को चोमोलुङ्मा चढ्दा मृत्यु भएको र क्षतिपूर्ति लिनलाई सरकारले बोलाएको खबर भएको कुरा बताउँछ । त्यो कुरा सुनेर फुर्वा एक्कासी धेरै दुःखी हुन्छ । उसले खेन्पोको हातबाट चिठी साथै मनभरि दुःख र पीडा लिएर आफ्नो घर फर्कन्छ ।

गाउँमा सामान्य एउटा चिठी पढ्न सक्ने कोही पनि नहुँदा आफ्नै परिवार मरेको खबर पहिचान गर्न नसक्नु भनेको वास्तवमा कति पीडादायी र निरीह अवस्था होला भन्ने

कुराको सजिलै आँकलन गर्न सकिन्छ । आफ्नै बाबु मरेको खबर लेखिएको चिठीलाई आफ्नो परिवारको कुनै व्यक्तिले पनि पढ्न नसकेको र आफ्नै गाउँमा पनि कर्मले नसकेको वास्तविकताले सेछेन गाउँको जनताहरूको निरीह चरम र सीमान्तीकृत अवस्थालाई उपन्यासले मार्मिक र हृदयस्पर्शी ढङ्गबाट खोतल्ने काम गरेको छ । जातीय हिसाबले शेर्पा जातिकै प्रतिनिधित्व गर्ने भएकाले छिरिङको परिवार, दावाको परिवार र फुर्वासहित तीनै पुस्ताले अक्षर चिन्नबाट वञ्चित भएका छन् । छिरिङले पढेर आफ्नो सन्तानलाई पनि शिक्षाको पदमार्ग देखाउने उत्कट चाहना हुँदाहुँदै पनि उसको त्यो चाहना पूरा हुन सकेन । जसको कारण शेर्पा जातिले पढ्नु हुँदैन, यदि पढ्यो भने बहुलाइन्छ भन्ने प्रभुत्वशाली गलत भाष्यले प्रमुख भूमिका खेलेको पाइन्छ । शेर्पा जाति भनेको हिमाल चढ्ने र चौरीको पछि लाग्ने जाति हो भन्ने किसिमको प्रभुत्वशाली विचारधाराबाट आम सीमान्तीकृत सेछेनबासीलाई ग्रसित पारिएको थियो । त्यसैले सेछेनबासीले अक्षर चिन्न पाएनन् । उनीहरूले पनि त्यसप्रति चासो देखाएनन् । यसरी जातीय सङ्कुचित गलत विचारधाराले ग्रसित सेछेनबासी र विशेष छिरिङको पुस्ता दावाको सन्तानले भोगेको दुःखदायी जीवन सङ्घर्षलाई उपन्यासमा जीवन्त प्रस्तुत गरिएको छ । शेर्पा जातिहरूले जीवनस्तर सुधारको लागि धेरै सङ्घर्ष गरिरहेका भए पनि राज्यशक्तिको चरम बेवास्ता र विभेदकारी प्रवृत्तिको कारण पुस्तौं पुस्ता भरिया बन्न विवश बनेकाहरूको निरीह जीवन कहानीलाई उपन्यासले प्रतिविम्बन गरेको छ । परिवर्तनप्रति चाहना हुँदाहुँदै पनि साथ र सहयोगको सट्टा शेर्पा जातिलाई निरुत्साहित गरिएको सन्दर्भबाट राज्यसत्तासँग निरन्तर सङ्घर्ष गरिरहेको अवस्थालाई उपन्यासमा चित्रण गरिएको छ । निरन्तर प्रयासको बाबजुद पनि वर्चस्वशाली संस्कृतिका माध्यमबाट सङ्घर्षशील सीमान्तीकृत शेर्पा जातिको अवस्थामा केही सुधार आउन नसकेको कारण उनीहरू सीमान्त मै रहन बाध्य बनेका छन् । त्यसैले प्रस्तुत उपन्यासमा असन्तुलित किसिमको शक्तिसम्बन्धलाई प्रभावकारी र स्वाभाविक ढङ्गमा अभिव्यक्त गरिएको छ । जसको कारण जातीय शक्तिसम्बन्धका परिप्रेक्ष्यबाट प्रस्तुत उपन्यास सफल र सबल भएको तथ्यलाई पनि विभिन्न साक्ष्यहरूले पुष्टि गरेको छ ।

## ३.४ निष्कर्ष

नयनराज पाण्डेका *उलार, लू* र *सल्लीपिर* गरी जम्मा तीनओटा उपन्यासलाई जातीय शक्तिसम्बन्धको परिप्रेक्ष्यबाट विश्लेषण गरिएको छ । उपर्युक्त उपन्यासहरूमा प्रभुत्वशाली जातिको शोषण र उत्पीडनबाट निम्नजाति, समुदाय सीमान्तीकृत बन्न बाध्य

भएका छन् । उदाहरणका लागि *उल्लार* उपन्यासमा पश्चिम तराईमा रहेका बादी जातिका महिलाहरू प्रभुत्वशाली पुरुषहरूबाट प्रताडित भएको अवस्थालाई प्रस्तुत गरिएको छ । बादी महिलाहरू वर्चस्वकारी पुरुषबाट यौन शोषित हुन बाध्य भए तापनि त्यसप्रति विद्रोही आवाज निकाल्न सकेका छैनन् । जातीय शक्तिसम्बन्धकै कारण अधिकांश सीमान्तीकृत जातिहरू समाजको पिँधमा रहन बाध्य भएका छन् । समाजमा उनीहरू जातीय लाभांशको अभावमा निरीह जीवनयापन गर्न विवश बनेका छन् । प्रभुत्वशाली जातिले आफ्नो वर्चस्वका माध्यमबाट विभिन्न किसिमको बाहानामा सीमान्तीकृत जातिलाई उत्पीडन गरिरहेका छन् । जसको कारण उनीहरूको जीवनस्तर माथि उठ्न सकेको छैन । प्रभुत्वशाली जातिको आदेश मान्न उनीहरू विवश भएका छन् । यसै गरी *सल्लीपिर* उपन्यासमा जातीय सङ्कुचित गलत विचारधाराले ग्रसित सेछेन बासी र विशेष छिरिङको पुस्तालगायत दावाको पुस्ताले भोगेको दुःखदायी जीवन सङ्घर्षलाई उपन्यासमा जीवन्त रूपमा प्रस्तुत गरिएको छ । शेर्पा जातिहरूले जीवनस्तर सुधारको लागि धेरै सङ्घर्ष गरिरहेका भए पनि राज्यशक्तिको चरम बेवास्ता र विभेदकारी प्रवृत्तिको कारण पुस्तौँ पुस्ता भरिया बन्न विवश बनेकाहरूको निरीह जीवन कहानीलाई उपन्यासले प्रतिविम्बन गरेको छ ।

समग्रमा भन्नुपर्दा नयनराज पाण्डेका उपन्यासहरूको जातीय शक्तिसम्बन्धको अध्ययनबाट उनका उपन्यासहरूमा प्रयुक्त जातीय पात्रहरू चरम सीमान्तको अवस्थामा रहेको प्रस्ट हुन्छ । उनका उपन्यासहरूमा उच्च जातिले निम्न जातिमाथि गरेको विभिन्न किसिमका विभेद र उत्पीडनको जीवन्त प्रस्तुतीकरण गरिएको छ । उपन्यासमा प्रयुक्त विभिन्न जातिगत पात्रहरू प्रभुत्वशाली जातिको शोषण र उत्पीडनबाट सीमान्त अवस्थामा रहन विवश भएका छन् । साथै उपन्यासमा प्रयुक्त विभिन्न जातिहरूबिच भइरहेको असन्तुलित किसिमको शक्तिसम्बन्धलाई अभिव्यक्त गरिएको छ ।

# चौथो परिच्छेद

# नयनराज पाण्डेका उपन्यासमा लैङ्गिक शक्तिसम्बन्धको अवस्था

## ४.१ विषयपरिचय

शक्तिसम्बन्ध विश्लेषणको महत्त्वपूर्ण आधारमध्ये लैङ्गिक सम्बन्ध पनि एक महत्त्वपूर्ण आधार हो । प्रस्तुत परिच्छेद लैङ्गिक शक्तिसम्बन्धसँग सम्बन्धित रहेको छ । नयनराज पाण्डेका उपन्यासहरूमध्ये *उलार* (२०५५), *लू* (२०६८) र *सल्लीपिर* (२०७२) लैङ्गिक शक्तिसम्बन्धको दृष्टिकोणले महत्त्वपूर्ण रहेका छन् । यी उपन्यासहरूमा लैङ्गिक हिंसा र त्यसबाट सिर्जित सांस्कृतिक विभेदलाई प्रस्तुत गरिएको पाइन्छ । यी उपन्यासहरूमा मूलतः पितृसत्तात्मक हैकम नै नारीमाथि हुने शोषण र दमनको मूल कारण रहेको पाइन्छ । लैङ्गिक विभेदकारी विचारधाराले ग्रस्त पित्तृसत्ताबाट सञ्चालित समाजमा पुरुषहरू प्रभुत्वशाली समूहमा रहेका हुन्छन् । तिनै पुरुषहरूको शोषण र दमनबाट  महिला उत्पीडित बन्न बाध्य हुन्छन् । समाजमा पितृसत्तात्मक सोचका कारण महिला तथा पुरुषको भूमिका फरक रहेको देखिन्छ । यसले गर्दा तिनीहरूको कार्य र व्यवहार पनि फरक रहेको छ । फरक भूमिका कै कारण समाजमा महिला र पुरुषको सामाजिक, आर्थिक, शैक्षिकजस्ता क्षेत्रमा समान पहुँच हुन सकेको छैन । स्रोत साधनमा असमान पहुँचकै कारण महिलाहरू पुरुषको तुलनामा शक्तिविहीन बनेका छन् भने पुरुषहरू आफ्नो वर्चस्वका कारण घरपरिवार तथा समाजमा शक्तिशाली बनेका छन् । लैङ्गिक अध्ययनका दृष्टिले पाण्डेका उपन्यासमा लैङ्गिक भूमिका र व्यवहारका कारण पात्रहरूबिच देखा परेको लैङ्गिक विभेद, शोषण, दमन, हिंसाजस्ता पक्षहरूको कारणबारे यस परिच्छेदमा अध्ययन र विश्लेषण गरिएको छ ।

## ४.२ लैङ्गिक शक्तिसम्बन्धको सैद्धान्तिक अवधारणा

लैङ्गिक अध्ययन सांस्कृतिक अध्ययनको महत्त्वपूर्ण आधार हो । लैङ्गिक सम्बन्ध लैङ्गिक अध्ययनसँग सम्बन्धित रहेको छ । लैङ्गिक सम्बन्ध महिला र पुरुषलाई समाजले निर्धारण गरेका भूमिकासँग सम्बन्धित अवधारणा हो, जसअन्तर्गत महिला र पुरुषको कार्य र व्यवहारलाई हेरिन्छ । समाजले निर्धारण गरेका भूमिकाद्वारा महिला र पुरुष दुवै बाँधिएका हुन्छन् । जसले गर्दा समाजमा लैङ्गिक विभेद, शोषण र दमन देखा परेको छ । महिला र पुरुषका बिचमा समाजले निर्धारण गरेको भूमिका नै लैङ्गिकता हो । पितृसत्तात्मक सोच र

संस्कारको प्रतिविम्बका रूपमा यसलाई लिइन्छ । लैङ्गिकता अर्थात् जेन्डर महिला र पुरुषलाई समाजले निर्धारण गरेको भूमिकासँग सम्बन्धित अवधारणा हो । यसले समाजमा महिला र पुरुषले गर्ने क्रियाकलाप र व्यवहारलाई हेर्छ । जेन्डरले महिला र पुरुषका सामाजिक सम्बन्ध र भूमिकाका बारेमा बुझाउँछ । परिवार र समाजमा महिला र पुरुषले सामाजिकीकरणको प्रक्रियाअनुसार विभिन्न भूमिकाहरू पूरा गर्छन् । उनीहरूले समाज र समाजका सङ्गठनमा गर्नुपर्ने भूमिकाहरू तोकिएको हुन्छ (ढकाल, २०७०, पृ. ३२९) । उपर्युक्त विचारअनुसार प्राकृतिक रूपमा भएको स्वाभाविक भिन्नताको सानो अन्तरलाई लिएर समाजमा महिला र पुरुषका बिचमा सामाजिक भूमिका तोकिएको हुन्छ, जुन सामाजिक निर्मितिमा आधारित हुन्छ । यही आधारमा महिलालाई कमजोर र अधिकारविहीन बनाई पुरुषसत्ताको वर्चस्व कायम गर्ने अभ्यास हुन्छ । यही अभ्यासबाट महिलालाई पुरुष सत्ताका अधीनस्थ बनाइन्छ  र लैङ्गिक विभेदको प्रक्रिया पनि प्रारम्भ हुन्छ ।

समाजमा महिला र पुरुषले निर्वाह गर्ने सामाजिक तथा सांस्कृतिक रूपमा निर्मित र हस्तान्तरित भूमिकाको अध्ययन लैङ्गिक शक्तिसम्बन्धअन्तर्गत गरिन्छ । लैङ्गिकताको अवधारणाले पितृसत्ता नै लैङ्गिक विभेदको प्रमुख कारण हो भन्ने तथ्य पहिल्याएको छ । मानव समाजमा व्यक्तिगत सम्पत्तिको अवधारणासँगसँगै पितृसत्ताको उदय भएको हो (पाण्डे, २०६९, पृ. २२२) । लैङ्गिक विभेदको वर्तमान स्थितिलाई हेर्दा पुरुष सत्ताले यसलाई विभिन्न प्रक्रियाबाट आफ्नो अधीनस्थ पारी लैङ्गिक विभेदको प्रथा प्रारम्भ भएको मानिन्छ । मातृसत्ताको विनाश विश्वमा नारी जातिका लागि ऐतिहासिक महत्त्वको पराजय थियो । अब घरभित्र पनि पुरुषले नै आफ्नो लागि आधिपत्य जमायो । नारी पदच्यूत भइन् । उनी बन्धनमा परिन् । उनी पुरुषकी वासनाकी दासी, सन्तान उत्पन्न गर्ने यन्त्रमात्र बन्न पुगिन् (वैद्य, २०७८, पृ. ७३) । प्रस्तुत विचारअनुसार आफ्नो स्थापित सत्ता र अस्तित्वदेखि नारीलाई च्यूत गरिनाले ठुलो सामाजिक असन्तुलन देखा पर्‍यो  र विश्व मानव सभ्यताकै इतिहासमा पुरुषको एकछत्र सत्ता स्थापित भई पित्तृसत्तात्मक परिवारको रूपमा प्रकट भएको पाइन्छ ।

एकै जात वा जातिभित्र पनि प्रायशः पुरुष प्रभुत्व स्थापित छ । पुरुषहरूले परिवार अनि समाजमा आफैँलाई प्रमुखता प्रदान गरेपछि नै लैङ्गिक किनारीकरण प्रारम्भ भएको हो र यसको इतिहास सायद मानव सभ्यता जत्तिकै पुरानो छ (सुब्बा र थापा, सन् २०११, पृ.१२) । यसै प्रक्रियाबाट सदियौँदेखि नै पुरुषहरूले महिलामाथि वर्चस्व कायम गरी

अधीनस्थ बनाएको पाइन्छ । लैङ्गिकता पितृसत्तात्मक सोचमा आधारित सामाजिक निर्मिति हो यसले पुरुषका तुलनामा महिलालाई कमजोर बनाएको हुन्छ । स्वास्नी मान्छे जन्मिन्छ होइन तर बनिन्छ, समग्रतः सभ्यताले यस्तो प्राणी उत्पन्न गर्छ जसलाई छोरी भनेर बताइन्छ । अर्थात् छोरा होस् या छोरी जन्मिँदा मान्छे नै जन्मेको हुन्छ तर पछि समाज ( सभ्यता) ले ऊ माथि लिङ्गभेदका अनेक नियम आचरण र प्रतिबन्धहरू लाद्दै जान्छ । अनि मान्छे हुनबाट च्यूत एउटी नारीमात्र निर्मित हुन्छ जसको हुनुलाई पुरुषको सहयोगी अर्थात् पुरुष इच्छाको पूरकमात्र मानिन्छ । यसरी समाजमा उसको भूमिका अत्यन्त किनारीय तुल्याइन्छ (उद्धृत सुब्बा र थापा, सन् २०११, पृ.१४) । प्रस्तुत विचारअनुसार लिङ्गभेदका अनेकौं अनुशासनको घेराभित्र महिलालाई पारेर पुरुषको सहयोगीका रूपमा मात्र लिइन्छ जसले गर्दा महिला भएकै नाताले उनीहरू पुरुषद्वारा उत्पीडित भई पिँधमा पुग्न बाध्य भएका हुन्छन् भन्ने सन्दर्भलाई चित्रण गरिएको छ ।

महिला पुरुषबिचको असन्तुलित शक्तिसम्बन्ध यथार्थमा पितृसत्ताकै प्रभुत्वको उपज हो । पितृसत्ता नै लैङ्गिक विभेदको मूल जरो हो, जग हो, शक्ति हो, सबै थोक हो । पितृसत्ताले महिला र पुरुषबिच विद्यमान जीव वैज्ञानिक भिन्नतालाई मूल आधार बनाई तदअनुरूपको विभेदकारी सामाजिक सांस्कृतिक परिपाटी निर्धारण गरी समाजमा महिला र पुरुषलाई एकभन्दा अर्को नितान्त भिन्न स्वभाव र भिन्न आवश्यकताको प्राणी हो भन्ने ठहऱ्याइ दिएको छ (पाण्डे, २०६९, पृ. ११) । उल्लिखित विचारअनुसार पितृसत्ताले शारीरिक बनावटको भिन्नतालाई आधार बनाएर महिला र पुरुषको फरक फरक भूमिका तोकिदिएको छ । यस सत्ताले पुरुषलाई महिलाभन्दा शक्तिशाली बनाई महिलाहरूलाई निम्न स्तरको जीवन बाँच्न बाध्य पारेको छ ।

समाजमा लैङ्गिक विभेदको अवस्था सांस्कृतिक, आर्थिक, राजनीतिक, धार्मिक साथै कानुनी व्यवस्थासम्म विद्यमान रहेको पाइन्छ । लैङ्गिक अध्ययनअन्तर्गत महिला र पुरुष दुवैको अध्ययन हुने कुरा पछिल्लो चरणमा उठेको पाइन्छ । लैङ्गिक अध्ययनकै सन्दर्भमा जुडिथ लर्बरलाई उद्धृत गर्दै रमेश भट्टराई लेख्छन् - लैङ्गिक अध्ययनको उत्पत्ति नै लिङ्गको भूमिकासम्बन्धी अवधारणाबाट भएको हो । लैङ्गिक अध्ययनमा महिला र पुरुष दुवैको अध्ययन हुने भन्दै जाति र जनजातीय समूह, सामाजिक वर्ग, धर्म, राष्ट्रियता, शिक्षा, पेसा, प्रवृत्ति, उमेर, भौतिक दक्षता जस्ता सामाजिक जीवनमा प्रभाव पार्ने सबै पक्षबाट यसको विश्लेषण गर्नुपर्छ भन्ने उनको अवधारणा रहेको छ । यसका साथै लैङ्गिक सम्बन्ध सत्ता,

पहुँच र प्राप्ति अप्राप्तिको सोपानक्रमिक जटिलतामा आधारित छ जसले गर्दा लैङ्गिक, यौनिकता तथा लैङ्गिक अध्ययनका सामाजिक सांस्कृतिक मूल्यहरू निमार्ण भएका छन् । यसका साथै नारी शरीर र पहिचानका सन्दर्भबाट पनि लैङ्गिक अध्ययनलाई हेरेको छ। यस सिद्धान्तले सामाजिक रूपमा पुरुषको अहम र आक्रमकता तथा पितृसत्तात्मक दृष्टिले नै पुरुषले महिलाको शरीर, लैङ्गिकता र संवेगमा नियन्त्रण गरेको हो (उद्धृत भट्टराई, २०७७, पृ. १२०)। लैङ्गिक अध्ययनसम्बन्धी उपर्युक्त विचारमा लैङ्गिक अध्ययन वास्तवमा महिला र पुरुषको भूमिकाको अध्ययन हो । लैङ्गिक शक्तिसम्बन्धअन्तर्गत सत्ता पहुँच र प्राप्तिको आधारमा पुरुषले महिलाको शरीर तथा लैङ्गिकतामा समेत नियन्त्रण गरेको पाइन्छ । पितृसत्तात्मक समाजमा पुरुषको वर्चस्व र प्रभुत्वका कारण महिलाहरू पुरुषको अधीनमा बस्न बाध्य हुन्छन् । पुरुषको सत्तामा पहुँच भएकोले नै महिलाहरू पुरुषको नियन्त्रणमा परी अधीनस्थ बनेको अवस्था रहेको पाइन्छ । यसरी लैङ्गिक अध्ययन महिला र पुरुषको भूमिकाको अध्ययन हो । पछिल्लो चरणमा लैङ्गिक अध्ययन नारीको मात्र नभई पुरुषको पनि अध्ययनको विषय बनेको छ। पुरुषका बारेका यो अध्ययन पितृसत्ताका कोणबाट नभई पुरुषको अवस्थाको अध्ययन हो । त्यही आधारमा पछिल्लो चरणमा पुरुष आन्दोलन र पुरुषअध्ययनप्रति नारीवादीहरूले पनि सकारात्मक दृष्टिकोणको विकास गरेका छन् जसले गर्दा यस अध्ययनबाट पुरुष र महिला आन्दोलनका बिचको द्वन्द्व कम भएको छ (उद्धृत भट्टराई, २०७७, पृ.१२२) । अहिलेको अवस्थामा महिला र पुरुषबिच लैङ्गिक समानताका विषयमा कानुनी व्यवस्थासमेत रहेको छ । जसले लैङ्गिक विभेदलाई कम गर्न सहयोग पुगेको पाइन्छ ।

उपर्युक्त विभिन्न सन्दर्भहरूबाट लैङ्गिकता भनेको महिला पुरुषबिचमा समाजले निर्धारण गरेको भूमिका हो । लैङ्गिकतालाई पितृसत्तात्मक सोच र संस्कारको प्रतिविम्बका रूपमा लिइन्छ। फरक सामाजिक मूल्य मान्यता र विचारधाराका कारण महिला र पुरुषको भूमिका पनि भिन्न प्रकृतिको रहेको छ। तसर्थ यसलाई सामाजिक विभेदको रूपमा लिइन्छ। यही विभेदका कारण नै समाजमा पुरुषका तुलनामा महिलाका भूमिकाहरू सामाजिक मूल्य मान्यताअनुसार निर्धारण गरी महिलाहरूलाई शक्तिविहीन अवस्थामा पुऱ्याइन्छ । प्रस्तुत परिच्छेदमा पाण्डेका उपन्यासमा चित्रित पात्रहरूबिचको लैङ्गिक शक्तिसम्बन्धको अवस्था कस्तो छ, महिलाहरूको पहिचानको सन्दर्भलाई कसरी स्थापित गरिएको छ र कस्तो प्रकारको शक्ति वा प्रभुत्वबाट महिलाहरूलाई आवाजविहीन र शक्तिविहीन बनाइएको छ ।

लैङ्गिक शक्तिसम्बन्ध असन्तुलित हुनुका प्रमुख कारणहरूमा लैङ्गिक विभेद, शोषण, दमन, हिंसा, अधीनस्थता जस्ता पक्षहरूका आधारमा उपन्यासको विश्लेषण गरिएको छ ।

## ४.३ नयनराज पाण्डेको उपन्यासमा लैङ्गिक शक्तिसम्बन्धको अवस्था

नयनराज पाण्डेद्वारा लिखित जम्मा सातओटा उपन्यासहरू मध्ये लैङ्गिक शक्तिसम्बन्धको कोणबाट हेर्न सकिने *उलार* (२०५५), *लू* (२०६८) र *सल्लीपिर* (२०७२) रहेका छन् । यी उपन्यासहरूमा लैङ्गिक उत्पीडन र शोषण सशक्त रूपमा प्रस्तुत भएकाले यी तीनओटा उपन्यासलाई मात्र यहाँ सोद्देश्य छनोट गरिएको छ । यसरी छनोट भएका उपन्यासका पात्रहरूबिच भएको लैङ्गिक शक्तिसम्बन्धको विश्लेषण यस खण्डमा गरिएको छ ।

### ४.३.१ *उलार* उपन्यासमा लैङ्गिक शक्तिसम्बन्धको अवस्था

*उलार* उपन्यास लैङ्गिक शक्तिसम्बन्धको दृष्टिले सशक्त उपन्यास हो । यस उपन्यासमा पश्चिम तराई क्षेत्रमा अवस्थित नेपालगञ्जको सामाजिक अवस्थालाई प्रस्तुत गरिएको छ । प्रस्तुत उपन्यासमा सामाजिक रूपमा शक्ति र सत्तालाई हातमा लिएका पुरुषको वर्चस्व र शक्तिको शोषणमा परी महिलाहरूले भोग्नुपरेको उत्पीडनलाई प्रस्तुत गरिएको छ । पितृसत्तात्मक सामाजिक संरचना र सोचका कारण महिलाहरु उत्पीडित बन्न बाध्य बनाइएको पाइन्छ । लैङ्गिक प्रतिनिधित्वका दृष्टिले उत्पीडक र उत्पीडित दुवै प्रकारका पात्रहरुको उपस्थिति रहेको छ । उपन्यासमा चित्रित असइ विष्णु, भूतपर्व इन्सपेक्टर जगतमान, प्रधानपञ्च हर्कमान, कबडिया असलमले उत्पीडक पुरुष पात्रको र द्रौपदी, कुन्ती, सावित्री, सीता, द्रौपदीकी आमा र भौजीले उत्पीडित महिलाको प्रतिनिधित्व गरेका छन् ।

सामन्तवादी पितृसत्तात्मक समाजद्वारा निर्मित लैङ्गिक र जातीय व्यवस्थाले बादी जातिका महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन आएको पाइँदैन । नेपाली समाजमा अझै पनि बादी जातिका महिलाहरूलाई उपभोग्य वस्तुको रूपमा मात्र लिने प्रचलन रहेको पाइन्छ । यस सन्दर्भलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> द्रौपदी अघिसम्म प्रेमललवालाई नै सोचेर बसिरहेकी थिई । तिन चार दिन भयो प्रेमललवा उस कहाँ नआएको । रक्सि बढी घिचेर बिरामी पो पर्‍यो कि भन्ने पनि उसले सोची र त्यस्तै व्यहोराको सोचविचार गरिरहेकै बेला असइ विष्णु आयो र गिजौल्न थाल्यो । साला फि मा दिनुपर्छ त्यो पनि दुःखाइ

> सहेर, उसले मनमनै विष्णेलाई गाली गरी । विष्णुप्रसाद आफू फटाफट नाङ्गियो र द्रौपदीमाथि पोखियो । विष्णे जानेबित्तिकै डिटोल पानीले गुप्ताङ सफा गरेर उसले आफू र अस्तव्यस्त लुगालाई ठिक पारी । भित्र अर्को कोठामा कोच्चिएको, थच्चिएको द्रौपदीको बहिरो बाउले असइ आएको चाल पायो र फिरीमा माल उडाएकोमा गइसकेको विष्णेलाई सराप्न थाल्यो । विष्णे त्यहाँ हुँदासम्म चुँइक्क बोल्दैन उसको बाउ । डराउँछ नि, त्यसैले । (पृ. ६१-६२)

उल्लिखित सन्दर्भअनुसार वर्चस्वकारी पुरुषहरूले महिलालाई यौन सन्तुष्टिको माध्यमको रूपमा उपभोग गरेको पाइन्छ । देश र जनताको सुरक्षामा खटिएका प्रहरी विष्णुले  पुलिसको वर्दी लगाएर धम्की दिएर द्रौपदीको यौनशोषण गरिहेको सत्यले यस सन्दर्भलाई प्रस्ट पारेको छ । समाजका प्रभुत्वशाली वर्गबाट निःशुल्क भोगिन बाध्य द्रौपदीले शरीरको मूल्य पाएकी छैन । असइ विष्णे, जगतमान, असलम जस्ता प्रभुत्वशाली वर्गमा रहेका व्यक्तिहरूले द्रौपदी, सावित्री जस्ता बादी जातिका महिलाहरूलाई डर र धम्कीद्वारा उनीहरूलाई उपभोग गर्छन् र द्रौपदीहरूले यस प्रकारको यौनशोषणलाई आफ्नै संस्कृति मानेर स्वीकार गर्न बाध्य भएको प्रसङ्गलाई माथिको साक्ष्यले प्रस्ट पारेको छ । जातीय र लैङ्गिक रूपमा द्रौपदी, सावित्री, कुन्तीहरू बादी जातिका महिलाहरू हुन् । परम्परागत रूपमा बादी समुदायका महिलाहरू शरीर बेचेर जीविकोपार्जन गर्न बाध्य रहेको तीतो यथार्थलाई उपन्यासमा प्रस्तुत गरिएको छ । पितृसत्तात्मक समाज व्यवस्थाको कारणले ठगिएका, अप्ठ्यारोमा परेका बादी महिलाहरूप्रति पुरुषहरूले गर्ने ज्यादतीलाई उपन्यासमा प्रस्तुत गरिएको पाइन्छ । पितृसत्तात्मक समाजमा बादी महिलाहरूको बाध्यताको फाइदा लिन खोज्ने स्वार्थी पुरुष वर्चस्वलाई उपन्यासमा प्रस्तुत गरिएको छ ।

अवचेतनमा जरा गाडेर बसेका ती मान्यताले हाम्रा दैनिक जीवनका सोच तथा व्यवहारलाई असर पारिरहेका हुन्छन् (उप्रेती, २०६८, पृ. १६८) । द्रौपदी समाजका प्रभुत्वशाली व्यक्तिहरूबाट भोगिन बाध्य भएकी छ । उसलाई निःशुल्क रूपमा भोग्नेहरूप्रति ऊ रुष्ट त हुन्छे तर तिनीहरूप्रति महिला भएकै कारणले प्रतिरोध गर्न सकेकी छैन । वर्चस्वशाली वर्गसँग प्रतिरोध गर्न नसके पनि द्रौपदीमा उनीहरूप्रति प्रतिरोधी चेतना रहेको छ भन्ने कुरा माथिको साक्ष्यले प्रस्ट पारेको छ ।

नेपालको पश्चिम क्षेत्रका दाङ र सल्यान जिल्लामा बादीहरूको बसोबास रहेको पाइन्छ । बादी समाजमा शिक्षाको अभावका कारण उनीहरू सीमान्तमा रहन बाध्य भएका छन् । उनीहरूको जीवननिवार्हका बारेमा मूलधारको राज्यसत्ताले पनि साच्न सकेको छैन । बादी समुदायमा शरीर बेचेर जीविकोपार्जन गर्ने परम्परागत प्रथा रहेको र अहिले पनि यदाकदा लुकीछिपी बादी जातिका महिलाहरू यस्तो कार्यमा संलग्न रहेको पाइन्छ । यस सन्दर्भलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> भगवान तलाउको एरिया हाम्रा लागि वर्जित ठाउँ जस्तै थियो । हामी सकेसम्म त्यो बाटो हिँड्दैनथ्यो । तर कहिलेकाहीँ फुलटेक्रातिर जानुपर्‍यो भने त्यही बाटो छोटो पर्थ्यो र हामी लाज मान्दै र टाउको निहुराउँदै हिँड्थ्यौँ । बस्, त्यही क्रममा मैले त्यतै कतै देखेको हुँ द्रौपदी जस्तो चरित्रलाई । उनीहरू त्यहाँ देहव्यापार गर्थे । भद्दा मेकअप गरेर ढोकाको सँघारमा बस्थे र ग्राहक पर्खन्थे । उनीहरूका घरका आँगनमै द्रौपदीका लाचार दाजुहरू, रोगी आमाहरू वा बूढा बाउहरू पनि पकौडा तारिरहेका देखिन्थे । द्रौपदीलाई सस्तोमा भोग्न लाइन लागेका ग्राहक टाइमपास गर्न त्यहीँ पकौडी या एक पोटी लसुनको सितनसित भट्टीटोलको फोहर डिस्टिलरीमा बनेको दारु खान्थे । (पृ. ५-६)

प्रस्तुत सन्दर्भअनुसार नेपालगञ्ज क्षेत्र बादी जातिहरूको बसोबास रहेको स्थान हो । त्यस टोलमा द्रौपदी र अन्य बादी महिलाहरू देहव्यापार गरेर जीवन धान्ने हुनाले त्यस क्षेत्रलाई रेडलाइट एरियाको रूपमा हेरिन्थ्यो । त्यस ठाउँमा अन्य जातिका महिला पुरुष जान हिच्किचाउँथे । त्यहाँ जाने व्यक्तिहरूलाई समाजले नराम्रो दृष्टिकोण हेर्ने प्रचलन रहेको पाइन्छ । यौन व्यवसाय गरेर नै परिवार धान्न विवश भएका द्रौपदी, सावित्रीहरू भद्दा मेकअप गरेर ग्राहक कुरेर बस्ने गर्थे । बादी महिला भएकै हुनाले विभिन्न समुदायका पुरुषहरूद्वारा सस्तोमा भोगिन उनीहरू बाध्य रहेको कुरा उपन्यासमा प्रस्तुत गरिएको छ । बादी समुदायका पुरुषहरू भने ससानो काम गरे पनि परिवारलाई पाल्ने जिम्मा भने महिलाहरूको रहेको देखिन्छ । बादी महिला भएकै नाताले द्रौपदीहरू पुरुषद्वारा प्रताडित भएका छन् भने देह व्यापार गर्ने हुनाले द्रौपदीहरू समाजद्वारा बहिष्कृत पनि भएको पाइन्छ । बादी समुदायमा परम्परादेखि चलिरहेको यौन पेसाले बदिनीहरू जुनसुकै ठाउँमा पनि दुर्व्यवहार र शोषणमा परेको यसप्रकारको घटनाक्रमले पुष्टि गरेको छ- "कहिले काहीँ म

त्यस्ता द्रौपदीको समूहलाई लक्ष्मी चित्र मन्दिर नामक त्यहाँको पुरानो र थोत्रो सिनेमा हलमा देख्थेँ । उनीहरू थर्ड क्लासमा बसेर सिनेमा हेरिरहेका हुन्थे । हलमा प्रायजसो बत्ती निभिरहन्थ्यो र अवारा केटाहरू" (पृ.६) । यस सन्दर्भअनुसार द्रौपदीहरू चलचित्र हेर्न जान्थे । पैसाको अभावमा उनीहरू थर्डक्लासमा बसेर चलचित्र हेर्थे । बादी समुदायका महिला भएकै कारण त्यहाँ उपस्थित केटाहरूले उनीहरूसँग दुर्व्यवहार गर्थे । गैरबादी समुदायका महिला भएको भए उनीहरू अपहेलित हुने थिएनन् । बाध्यताले फोहर पेसामा आबद्ध हुने द्रौपदीहरू बादी समुदायका महिला भएकै कारणले पुरुषहरूद्वारा अपमानित र शोषित भएका छन् । हाम्रो समाजमा अझै पनि बादी समुदायका महिलाहरूलाई भोग्या वस्तुको रूपमा प्रयोग गर्ने हुनाले लैङ्गिक शक्तिसम्बन्ध असन्तुलित रहेको पाइन्छ ।

पितृसत्तात्मक सामाजिक संरचनाभित्र लैङ्गिक रूपमा नारीहरू यौन शोषणको सिकार बनेका हुन्छन् । पुरुषहरूको भोगवादी चिन्तनका अगाडि नारीहरू आफ्नो अस्मिता लुटिँदा पनि त्यसलाई चुपचाप सहन बाध्य हुन्छन् । द्रौपदी पुरुष भोगवादी मानसिकताले निर्माण गरेको सामाजिक संरचनामा शोषित बन्न बाध्य भएको सन्दर्भलाई उपन्यासमा यस प्रकार उल्लेख गरिएको छ- "उसको नाम द्रौपदी किन राखियो भन्नेतिर उसले कहिल्यै विचार गरिन । वास्तवमा पहिला उसको नाम द्रौपदी थिएन सीता थियो । आखिर नाममा के छ र ! मुख्य कुरो त काम नै हो । कामले ऊ रन्डी हो । बदिनी ।" (पृ. ३४) द्रौपदी उसको वास्तविक नाम होइन । आफ्नो नाम द्रौपदी किन राखियो भन्ने कुरा उसलाई थाहा छैन । खास उसको नाम सीता हो । सीताबाट उसको नाम द्रौपदी किन परिवर्तन भयो यस विषयमा उसले सोच्न सकेकी छैन । बादी महिला भएकै कारण ऊ यौन व्यवसायमा संलग्न भएकी छ । भोगिनु उसको रहर होइन बाध्यता भएको कुरा उपन्यासमा प्रस्तुत भएको छ । लैङ्गिक सन्दर्भमा  पितृसत्ता भन्नाले सामाजिक संस्था र अभ्यासका सबै प्रक्रियाहरूमा पुरुषको महिलामाथिको अधीनता तथा परम्परागत र व्यवस्थित दमन भन्ने बुझिन्छ । जहाँ समाजका हरेक एकाइमा पुरुष नै मुख्य हुन्छ र उसकै अधीन चल्छ (भट्टराई, २०७६, पृ. २६६) । पितृसत्तात्मक व्यवस्थामा पुरुषहरू वर्चस्वशाली हुन्छन् । पुरुषहरू शक्तिशाली हुँदा महिलाका हकअधिकार खोसिनुका साथै महिलाहरू दमित हुन पुग्छन् । द्रौपदीलाई पनि पुरुषहरूले यौन शोषण गरेका छन् । ऊ आफ्नो पेसालाई हेला गर्छे । घृणित कार्यमा संलग्न हुनुपर्ने बाध्यताले गर्दा द्रौपदीलाई नगरपालिकाको पिसाब घरभन्दा आफ्नो घर फोहोर लाग्छ

द्रौपदीजस्ता बदिनीहरू देह व्यापार पेसामा आबद्ध भए पनि उनीहरू भित्रैबाट सन्तुष्ट छैनन् । उनीहरूले आफ्नो बच्चालाई पहिचान दिन सकेका छैनन् । समाजमा उनीहरू घृणित र तिरस्कृत जीवन जीउन बाध्य भएका छन् । समाजमा उनीहरूले सम्मानित जीवनयापन गर्न पाएका छैनन् । जसको कारण उनीहरू निरीह जीवन जीउन बाध्य भएका छन् । उनीहरूलाई आफ्नो अवस्था राम्रोसँग बोध हुँदाहुँदै पनि त्यसको विरुद्धमा केही गर्न सक्ने अवस्थामा छैन । उनीहरूको यस्तो अवस्थालाई तल दिइएको साक्ष्यले प्रस्ट पारेको छ :

> छोरी कसबाट जन्मिई, उसलाई थाहा छैन । कहिलेकाहीँ उसलाई आफ्नी छोरीको अनुहार असई कृष्णबहादुरको जस्तो लाग्छ । कहिले असई जगतमानको जस्तो लाग्छ । कहिले भूतपूर्व प्रधानपञ्च हर्कमानको जस्तो लाग्छ । कहिले बहराइचको कबडिया असलमको जस्तो लाग्छ । कुनै निक्र्यौलमा पुग्न नसक्ने भएपछि 'कसकी छोरी' भन्ने कुरा नै उसले सोच्न छाडिसकेकी छ । छोरीलाई उसले आफ्नै पुरानो नाम दिएकी छ - सीता ! (पृ. ३४-३५) ।

प्रस्तुत सन्दर्भअनुसार बादी समुदायकी द्रौपदीले विवाह गरेकी छैन । द्रौपदीलाई समाजका उच्च वर्गका पुरुषहरूले यौन शोषण गरेका छन् । जसले गर्दा अविवाहित अवस्थामै उसले छोरीलाई जन्म दिन विवश भएकी छ । देश र जनतालाई सुरक्षा दिने असई, इन्सपेक्टर, स्थानीय निकायका अगुवा प्रधानपञ्च साथै कबडिया असलमले डर र धम्कीकै भरमा कहिले निःशुल्क रूपमा त कहिले थोरै पैसा दिएर द्रौपदीलाई उपभोग गरेका छन् । उनीहरूले द्रौपदीलाई यौन तिर्खा मेटाउने साधन मानेका छन् । धेरै जनासँग भोगिनु पर्दा गर्भ यसैको हो भनेर द्रौपदीले छोरीलाई तिम्रो बाबु यही हो भनेर पहिचान दिन सकेकी छैन । छोरी आफ्नो जस्तो जीवन बाँच्न नपरोस् भन्ने सोचेर उसले छोरीलाई आफ्नै पुरानो नाम सीता राखेको कुरा उपन्यासमा प्रस्तुत गरिएको छ । देह बेचेर नै परिवार पाल्नुपर्ने बाध्यता बादी महिलाहरूको रहेको छ । द्रौपदी र उसकी आमा देह व्यापार गरेरै घर चलाएका थिए । आमा बुढी र रोगी भए पछि सम्पूर्ण बोझ द्रौपदीमाथि थपिएको छ । आमा रोगी भएकै कारण द्रौपदीको बाउ रिसाएको यथार्थलाई उपन्यासमा यसप्रकार प्रस्तुत गरिएको छ :

> द्रौपदीकी आमा खाटमै टाँस्सिइरहन्छे । दीर्घरोगले समातेको छ । उमेर ४०-४५ को हो तर ६०-७० की बूढी देखिन्छे । खोकिरहन्छे, कनिरहन्छे ।

> उसको खोकाइ र चिच्याइले पनि ग्राहक आउने क्रम घट्न थालेको हो । स्थायी ग्राहक पनि बूढीको चिच्याइले 'सारा मजा किरकिरा हुन्छ' भनेर आउन छाड्दैछन् । त्यसैले उसको बाउ आफ्नी स्वास्नीसित सधैँ क्रुद्ध रहन्छ । 'किन मर्दिनस् राँडी' भनेर हकार्छ । (पृ.३५)

द्रौपदीकी आमा बूढी भएर ओछ्यान परेपछि द्रौपदीको बाबु पुरुष भएकै कारण आफ्नी स्वास्नीलाई घृणा गर्छ र ऊ आफ्नी स्वास्नीप्रति क्रुद्ध रहन्छ । किन मर्दिनस् राँडी भनेर स्वास्नीको मृत्यु छिटै होस् भन्ने चाहन्छ । स्वास्नीले उमेर छउन्जेल परिवारलाई पालेको कुरालाई उसले बिर्सेको छ । द्रौपदीकी आमा बुढेसकालमा यौन व्यापार गर्न नसक्दा आफ्नै लोग्नेबाट प्रताडित भएकी छ । महिला भएकै कारणले आफू अशक्त भएपछि पुरुषहरूबाट उपेक्षित हुनुपरेको पीडाजन्य अनुभूतिलाई माथि दिइएको साक्ष्यले प्रस्ट पारेको छ ।

## ४.३.२ *लू* उपन्यासमा लैङ्गिक शक्तिसम्बन्धको अवस्था

परम्परादेखि नै पित्तृसत्तात्मक नेपाली समाजमा पुरुषद्वारा महिलाहरू उत्पीडनमा परेका छन् । समाजमा महिला भएकै कारणले उनीहरू शोषण र उत्पीडनमा परेको पाइन्छ । *लू* उपन्यासमा पनि पत्थरपुरवाका महिलाहरू लैङ्गिक उत्पीडन भोग्न बाध्य भएका छन् । प्रस्तुत उपन्यासमा नुसरत, चमेली, कमला र जानकी लैङ्गिक सीमान्तीकृत पात्र हुन् । पुरुष वर्चस्वको विरुद्ध आवाज उठाउन नसकेका कारण यी नारी पात्रहरू पुरुष वर्चस्वको चरम शोषण र दमन सहन बाध्य भएका छन् । कमला र जानकी आमाछोरी हुन् । यी दुवै लैङ्गिक सीमान्तीकृत पात्र हुन् । आमाछोरी दुवै पितृसत्तात्मक संरचनाबाट पीडित भएका छन् । उनीहरूको पहुँच नभएकै कारण आफूहरूमाथि भएको उत्पीडनका विरुद्धमा पनि प्रतिरोध गर्न सकेका छैनन् । उत्पीडन सहेर बाँच्न उनीहरूको नियती बनेको छ । यस सन्दर्भलाई उपन्यासमा यसप्रकार प्रस्तुत गरिएको छ :

> एकदिन कमलाका गाईभैँसीले जङ्गलमा करौँदा र खयरका पातहरू खाएछन् । घर फर्किएपछि गाईभैँसीहरू छटपटाउन थालिहाले । कमलाले कुरो बुझिहाली । ऊ हत्तपत्त सीमापारिको बजार गई । भेटनरीमा गाईभैँसीको लागि ओखती लिन भनेर गएकी छ । जाँदा साबुत गए पनि गाउँमा ऊ मैलिएर फर्किई । ऊ गाउँ पुग्नुअघि नै भारतीय सिमानामा बसेका

> सिपाहीहरूले उसको इज्जत लुटे । बलात्कार गरे । त्यसपछि भदैया लोहारले तुरुन्त रङ्ग फेरिहाल्यो नि । उसले आफूले कमलासँग गरेका सँगै मर्ने सँगै बाँच्ने सारा वाचाबन्धन बिर्सियो । उसले कमलासँग बिहे गरेन । (पृ.५९)

उपन्यासमा प्रयुक्त यस प्रसङ्गले कमला चरम लैङ्गिक उत्पीडन भोग्न बाध्य नारी हो भन्ने कुराको पुष्टि हुन्छ । ऊ पुरुषहरूको भोगवादी प्रवृत्तिलाई सहन बाध्य भएकी छ । ऊ जनताको सुरक्षामा खटिएका भारतीय सुरक्षाकर्मीहरूबाटै बलात्कृत भएकी छ । बलात्कारपछि प्रेमी भदैया लोहारले पनि कमलालाई अस्वीकार गरेको छ । सँगै मर्ने सँगै बाँच्ने कसम खाएको प्रेमीद्वारा तिरस्कृत कमलाले चरम मानसिक तनाव भोगेकी छ । पुरुषहरूद्वारा भोगिन बाध्य भएका नारीहरूको अस्मितामा खोट देखाउने वर्चस्वशाली पुरुषहरूको दमनपूर्ण संस्कृतिले सीमान्तीकृत महिलाहरू उत्पीडनमा परेको यथार्थ अवस्थालाई माथिको साक्ष्यले प्रस्तुत गरेको छ । बलात्कार कै कारण कमलाले छोरीलाई जन्म दिई । बिहे नै नगरी छोरी जन्माएकी हुनाले कमलाले आफ्नो गाउँ छोड्न बाध्य हुनु परेको छ । महिला भएकै कारण ऊ र उसकी छोरी सामाजिक बहिष्कारमा परेको कुरा निम्नलिखित सन्दर्भबाट पुष्टि हुन्छ- "बिनाबाउकी छोरीसित प्रेम गरेकोमा विजयलालले चन्दुलाई दशबीस लात हिर्कायो । दुईचार लट्ठी पनि बजाऱ्यो .......। विजयलाल कुर्मी इलैया कहाँ आयो । उसले इलैयालाई पाँच सय रुपैँया दियो र भन्यो, "जानकी र कमलालाई गाउँबाट धपाइदे" (पृ.६१) । कमलाले भारतीय सिपाहीहरूबाट बलात्कृत भएर छोरी जानकीलाई जन्म दिएकै कारण जन्मदिने आफ्नै आमाबुबाबाट तिरस्कृत भएकी छ । त्यसपछि कमला आफ्नी छ सात महिनाकी छोरी जानकीलाई लिएर बीसवर्ष अघि पत्थरपुरवा गाउँमा आएकी थिई । महिला भएकै कारण ऊ माइतीबाट पनि उत्पीडनमा परेकी छ । कमलाकै छोरीसित शोषक विजयलाल कुर्मीको छोराले प्रेम गर्छ । यो कुरा थाहा पाएको विजयलालले इलैयालाई घुस दिएर कमला र उसकी छोरीलाई गाउँबाट भगाइदिन्छ । प्रभुत्वशाली वर्गले अनेक जालझेल गरी अधीनस्थहरूलाई विस्थापित गरेको प्रसङ्गलाई माथि दिइएको साक्ष्यले प्रस्तुत गरेको छ । कमला महिला भएकै कारण भारतीयबाट यौन उत्पीडन सहन बाध्य भएकी छ भने त्यही बलात्कारबाट जन्मेकी छोरी जानकीसित विजयलालको छोराले प्रेम गरेको हुनाले शोषक विजयलाल कुर्मी र घुसखोर इलैयाको धम्की र अत्याचारको कारण गाउँबाट विस्थापित हुनुपरेको कारण लैङ्गिक शक्तिसम्बन्ध असन्तुलित रहेको छ ।

आफ्नै समाजमा अभिजात वर्गका पुरुषहरूबाट निम्नवर्गीय महिलाहरूले यौनशोषणमा परेका छन् । वास्तवमा भन्ने हो भने सीमान्तीकृत समुदायका महिलाहरू पितृसत्ताबाट प्रताडित भएका छन् । निम्न वर्गीय र अशिक्षित महिलाहरू ज्यादा यसको मारमा परेका छन् । महिलाहरूलाई उपभोग गर्नु पुरुषहरूको अधिकार हो भन्ने पितृसत्तात्मक सोचका कारण निम्न वर्गीय महिलाहरूले आफ्नो अस्तित्व लुटिँदा पनि त्यसको विरुद्धमा आवाज उठाउन सकेका छैनन् । चेतना नभएको कारण खुलेर उनीहरूले प्रतिकार गर्न सकेका छैनन् । यदि गरिहाले पनि राज्यसत्ताले उनीहरूको उत्पीडित आवाजलाई मूलधारमा समेट्न सक्ने परिस्थिति नबनेको कारण उनीहरू झन मारमा परेका छन् । यस विमर्शलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> ऊ बोल्न पनि सकिरहेकी छैन । पूरै लाटि जस्ती भएकी छ ऊ, मानौँ बलियो हरिसन ताल्चा लागेको छ उसका ओठमा । उसको शरीरबाट मन अलग भएको छ । ऊ घरभित्रै छे । यतिखेर आफ्नो छायालाई चुपचाप आफ्नै खुट्टाको बूढी औँलाले कोट्याउँदै छे ऊ । कोठामा आफ्नो उपस्थिति आफैँलाई भारी न भारी लागिरहेको छ उसलाई आफूसित दिगमिग र घिन पनि लागिरहेको छ उसलाई । रगत लागेको उसको सुरुवाल त रजियाले उज्यालो हुनुअघि साबुन दलेर धोइदिइसकेकी थिई । तर नुसरत यतिखेर आफैँसित प्रश्न गरिरहेकी छ । उत्तरै नआउने प्रश्न, “ए नुसरत ! तेरो इज्जतमा लागेको दाग अब कुन साबुनले पखाल्छेस् ?” (पृ. ७१)

मध्यरातमा पेस्तोलसहित आएका भारतीय डाँकाहरूले अनवरको घरमा लुटपात मात्र गरेनन् उसकी छोरी नुसरतलाई बलात्कार पनि गरे । यस घटनाले अनवरको घरमा मृत्युशोक कै वातावरण छाएको छ । यस घटनाले नुसरत जिउँदो लास बनेकी छ । आफूले आफैँलाई घृणा गरेकी छ । आफ्नो इज्जतमाथि लागेको दागप्रति कुन साबुनले पखाल्छेस् भनेर आफैँसित प्रश्न गरेकी छ । नुसरतलाई थाहा छ इज्जतमा लागेको दाग पखाल्ने कुनै उपाय छैन । न त त्यस घोर अपमानित कुकार्यको उसले विरोध गर्न सकेकी छ । पुरुष वर्चस्वका अगाडि ऊ निरीह पात्र बनेकी छ । उसले प्रतिरोध गर्न सकेकी छैन । आफूमाथि अन्याय हुँदा पनि चुपचाप सहेर बस्नुपर्ने सन्दर्भलाई उपन्यासमा प्रतिविम्बन गरिएको छ । मुस्लिम नारी नुसरत बलात्कृत भएपछि उसको मानसिक अवस्था विचलित भएको छ । बलात्कार गर्ने मुख्य व्यक्ति बहराइचको ठेकेदार शम्भुराम प्रभुत्वशाली पुरुष हो । उसले

नारीहरूलाई यौन तृष्णा मेट्ने वस्तुको रूपमा लिएको छ । पितृसत्तात्मक वर्चस्वशाली सामाजिक संरचना कै कारण शम्भुरामले नारीलाई उपभोग्य वस्तुको रूपमा हेरेको छ र मुस्लिम नारी नुसरतको इज्जतसँग सहजै खेलवाड गरेको कारण शक्तिसम्बन्ध सन्तुलित नभएर असन्तुलित रहेको छ ।

पितृसत्तात्मक सामाजिक व्यवस्थाका कारण कतिपय परिवार सामाजिक बहिष्कारमा पर्छन् । त्यसको पीडा पूरा परिवारले भोग्नु पर्छ । यस सन्दर्भलाई उपन्यासमा यसप्रकार प्रस्तुत गरिएको छ:

> रजिया र अनवर टाउको निहुऱ्याएर बसेका थिए । एकदम दु:खी र उदास मुद्रामा । नुसरतको सातो गयो । एउटा अत्यासलाग्दो आशङ्काले झ्वाम्मै गाँज्यो उसलाई । तर उसले कसैसित केही सोध्न सकिन । रजियाले कमजोर आवाजमा आफैँ भनी, “तिनीहरू गए नुसरत । आसिफले तँसित निकाह नगर्ने रे । तँसित निकाह गऱ्यो भने बिरादरीमा उनीहरूको हुक्कापानी बन्द हुन्छ रे ।” (पृ.९४)

नुसरत लैङगिक दृष्टिकोणले सीमान्तीकृत पात्र हो । भारतीय डाँकाहरूसँगै आएको बहराइचको ठेकेदार शम्भुरामले नुसरतलाई बलात्कार गरेपछि विवाह गर्न तयार रहेको आसिफले अब नुसरतसँग विवाह नगर्ने घोषणा गरेको छ । बलात्कृत युवतीसँग विवाह गरे आफन्तद्वारा सामाजिक बहिष्कारमा पर्ने हुनाले नुसरतसँग विवाह गर्न अस्वीकार गरेको हो । पुरुष वर्चस्वकै कारण नुसरतले आसिफसँग कुनै कुरा बोल्नै सक्दिन । पुरुष वर्चस्वका विरुद्ध आवाज उठाउन सकेकी छैन । नुसरतमात्र होइन उसको परिवारले पनि निकाहसम्बन्धमा बोल्न सकेका छैनन् । केटा पक्षले नुसरत र आसिफबिच हुन लागेको निकाहसम्बन्ध अस्वीकृत गरेपछि केटी पक्षको भएकै कारण नुसरतका आमा बुबाले विवाहसम्बन्धमा केही बोल्न सकेका छैनन् । नुसरत पुरुषहरूको शोषण र अन्याय सहन बाध्य अधीनस्थ नारीको रूपमा उपन्यासमा प्रस्तुत भएको सन्दर्भले लैङ्गिक शक्तिसम्बन्ध असन्तुलित रहेको छ ।

उपन्यासमा चित्रित चमेली लैङ्गिक दृष्टिले पुरुषद्वारा किनारीकृत अवस्थामा पुऱ्याइएकी नारी पात्र हो । आफू नारी भएकै कारण निम्न आर्थिक अवस्थाको कारण चमेली लैङ्गिक रूपमा सीमान्तीकृत बन्न बाध्य भएको तथ्यलाई तलको साक्ष्यले यसप्रकार प्रस्तुत गरेको छ :

> चमेलीले जीवनमा कहिल्यै माया पाएकी थिइन । बाउआमाले सानैमा उसलाई सर्कसमा बेचिदिएका थिए । उसलाई त बाउआमाको अनुहार कस्तो थियो भन्ने पनि थाहा छैन । सोह्र वर्षको उमेरसम्म ऊ सर्कसमा 'खेल' देखाउँथी । जमीनदेखि पचास फिटमाथि डोरीमा झुन्डिएर थरिथरिका चटक देखाउँथी । सर्कसका बाघ र भालुहरूको बीचमा एकपाङ्ग्रे साइकल चलाउँथी । दर्शकहरू जिब्रो टोकेर उसका खेलहरू हेर्थे । ताली बजाउँथे । (पृ.११३)

उपन्यासमा प्रयुक्त यस साक्ष्यले चमेली लैङ्गिक उत्पीडन सहन विवश भएकी पात्र हो भन्ने तथ्यलाई प्रस्तुत गरेको छ । गरिबीका कारण साथै केटी भएकै कारण चमेलीका बाबुआमाले सानैमा उसलाई सर्कस मालिकलाई बेचिदिएका थिए । सर्कसमा काम गर्दा उसले निकै उत्पीडन सहनु परिरहेको छ । सर्कस मालिकले चमेलीको श्रमशोषण गर्नुका साथै यौनशोषण पनि गरेको छ । पुरुषहरूले चमेलीलाई भोग्या वस्तुका रूपमा उपभोग गरेको संवेदनशील सन्दर्भलाई उपन्यासमा प्रस्तुत गरिएको छ । आफू बेचिएपछि चमेलीले अनेकौं अत्याचार सहन बाध्य भएकी छ । ऊ महिला भएकै कारण दिनमा पुरुषहरूलाई चटक देखाएर मनोरञ्जन प्रदान गर्छे भने प्रत्येक रात मालिकको ओछ्यान बनेर लुटिन बाध्य बनेकी छ । राति दश बजेसम्म सर्कसमा खेल देखाउनु र दश बजेपछि मालिकद्वारा यौनशोषणको उत्पीडन भोग्नु चमेलीको नियति बनेको छ । नौ दश वर्षकै उमेरमा चमेलीलाई उसकै मालिकले बलात्कार गरेको छ । महिला भएकै कारण चमेलीलाई उसकै मालिकले बलात्कार गरेको छ भने आफ्नै आमाबुबाद्वारा पनि बेचिएकी हुनाले चमेली दोहोरो शोषण र उत्पीडनमा परेकी छ । पितृसत्तात्मक सामाजिक संरचनामा गरिब वर्गले छोरीलाई अर्काको घरमा जाने जात भनेर वास्तै नगरेको अवस्था देखिन्छ । पैसाको लागि छोरीलाई बेच्न सक्ने क्रूर व्यवहार चमेलीका आमाबुबाले गरेका छन् । गरिबी र चेतनाको अभावले आफ्नै परिवारद्वारा चमेली जस्ता महिलाहरू सानैमा बेचिनु परेको तीतो यथार्थलाई उपन्यासमा अभिव्यक्त गरिएको छ । महिला भएकै कारण शोषक विरुद्ध प्रतिकार गर्न सकेकी छैन जसले गर्दा चमेली पुरुष वर्चस्वका अगाडि अधीनस्थ बनेकी हुनाले लैङ्गिक शक्तिसम्बन्ध असन्तुलित किसिमको रहेको छ ।

पितृसत्तात्मक समाजमा पुरुषवादी सोचले ग्रसित व्यक्तिहरू महिलाको इज्जतमाथि खेलवाड गर्न, मजाक उडाउन पछि पर्दैनन् । सुरक्षावर्दीमा रहेका भारतीय पुलिसहरूले

सीमाक्षेत्रका नेपाली मधेसी महिलाहरूलाई मनोरञ्जनको साधनका रूपमा लिएका छन् । महिलाहरूलाई बलात्कार गर्नु, अपशब्द बोलेर इज्जतमाथि धावा बोल्नु महिलालाई मानिस नै नमान्नु र महिलाहरूसँग पशुवत् व्यवहार गर्नु आफ्नो अधिकार ठान्छन् । यस सन्दर्भलाई तल दिइएको साक्ष्यले यसप्रकार प्रस्तुत गरेको छ :

> कालो न कालो छ अमरपाल सिंह । बाक्लो न बाक्लो घोप्टे जुँगा । राताराता डरलाग्दा आँखा । कहिलेकाहीँ नीलो सुर्मा पनि लगाउँछ । छफुटे जीउ । पुट्ट उक्सिएको भुँडी । वजन सय किलो त पक्कै होला । सधैँ तीन सय र एक सय बीसको रत्नाछाप जाफरानी जर्दा मिसाएको पान चपाइरहन्छ ।
>
> "ए सलिम, तरी दिदीको रेप भयो रे, हो ?" सब-इन्सपेक्टर अमरपाल सिंहले मुखभरिको पानको पिक पचका जस्तै पिचिच्च पार्दै एकदम बेसोमती पाराले सोध्यो । ऊसँग आएका सिपाहीहरू उसको प्रश्न सुनेर मुसुमुसु हाँस्दै थिए । (पृ.१०१)

राक्षस जस्तै देखिने बर्दीधारी सब-इन्सपेक्टर अमरपालको प्रवृत्ति पनि राक्षसी नै छ । गाउँमा आउँदा गाउँलेहरूले उसलाई नमस्कार गर्नै पर्छ । नमस्कार नगरे गाली गर्नुका साथै कुटपिट पनि गर्छ । एकदिन अमरपाल पत्थरपुरवा गाउँमा आउँछ र नुसरतको भाइ सलिमको साइकल दुकानमा गएर सबैको अगाडि नुसरतको बलात्कारबारे बेसोमती पाराले सोध्छ । ऊसँग आएका सिपाहीहरू पनि उसको प्रश्न सुनेर मुसुमुसु हाँसे । अमरपालले मात्र नभएर पुलिस बर्दीमा भएका सबै पुरुषहरूले नुसरतको बेइज्जत गरे । तिनीहरूले नुसरतको इज्जतमाथि लागेको घाउमा नुनचुक छर्ने काम गर्छन् । अमरपालले नुसरतको बलात्कारबारे सोधेको प्रश्न ठाडै नारी अस्मितामाथिको प्रहार हो । उसले पनि नारीलाई मनोरञ्जन र यौन तृष्णा मेटाउने साधनको रूपमा लिएको छ । बलात्कृत नुसरत महिला भएकै कारणले सबैको नजरमा गिरेकी छ । सबैले उसको इज्जतको मजाक उडाएका छन् । त्यस घटना पश्चात नुसरत हाँस्य पात्र बन्नु परेको छ । शोषक प्रवृत्तिको अमरपालले बर्दीको दुरुपयोग गरेको छ । बर्दीकै आडमा उसले नुसरतलाई मात्र हैन सारा गाउँलेहरूलाई दु:ख दिएको छ । पीडित नारीहरूलाई न्यालयको ढोकामा पुऱ्याई उनीहरूलाई न्याय दिलाउनमा सहयोग गर्नुको सट्टा उल्टै उनीहरूको इज्जतको ख्याल नगरी खिल्ली उडाएर बासना पूर्ति गर्न चाहेको हुनाले यहाँ लैङ्गिक शक्तिसम्बन्ध असन्तुलित रहेको कुरालाई उपन्यासमा प्रयुक्त यस सन्दर्भले प्रस्ट पारेको छ ।

### ४.३.३ *सल्लीपिर* उपन्यासमा लैङ्गिक शक्तिसम्बन्धको अवस्था

लैङ्गिक शक्तिसम्बन्ध भनेको समाजमा लिङ्गका आधारमा शक्ति, अधिकार, अवसर र विभिन्न स्रोत र साधनको बाँडफाँड तथा नियन्त्रण गर्ने प्रक्रियामा देखिने द्वन्द्वलाई जनाउँछ । समाजमा महिला भएर जन्मिएकै कारण विभिन्न किसिमको नियतिहरूसँग सम्झौता गरेर बाँच्नुपर्ने बाध्यात्मक परिस्थिति सिर्जना भएको छ । महिला भएकै कारण जिन्दगीको आधा उमेर माइती घरमा दश नङ्ग्रा खियाएर काम गरे तापनि पराइ घरमा गएपछि मात्र मुक्ति मिल्छ भन्ने किसिमको कथित गलत भाष्यको दास बनिरहेका छन् । एउटा पुरुषलाई आफ्नो बाबुबाजेको सम्पत्तिमा हक दाबी गर्दै त्यही जन्मघरमा गृहस्थी बसालेर पुस्तौँपुस्ता बस्न अनुमति छ भने त्यही प्रक्रिया कुनै पनि महिलालाई पितृसत्तात्मक समाजले वर्जित गरेको छ । त्यसैले ती महिलाहरूले जस्तोसुकै अपरिचत भूगोल, अपरिचित पुरुषसँग बिनासर्त बिहे गरेर घरजम गरी आफ्नो जन्मघर छोडेर जानुपर्ने बाध्यता हुन्छ । पितृसत्तात्मक नेपाली समाजमा एउटी महिलाले जस्तोसुकै दुःख कष्ट सहँदै गए तापनि आफ्नो भाग्यको खेल हो भन्ने कथित भाष्यलाई आत्मसात् गर्दै जीवननिर्वाह गर्नुपर्ने नियति बनेको छ । त्यसकारण आफ्नो जन्मघरमा जति सुख आनन्दपूर्ण जीवन बिताउन पाए पनि त्यस दुःख र आनन्दलाई माया मारेर नयाँ परिवेशमा सङ्घर्ष गर्न जानुपर्ने नेपाली महिलाहरूको तात्कालीन अवस्थालाई उपन्यासमा स्वभाविक ढङ्गमा प्रतिविम्बन गरिएको छ । जसलाई उपन्यासमा यस प्रकार प्रस्तुत गरिएको छ :

> बिदा गर्ने बेला बेहुला पक्षका सबैलाई खादा लगाइदिइसकेपछि मन गह्रुङगो बनाएर हजुरबुबाले पेमासित भने-'अभागी कर्म लिएर आएकी रहिछस् आमाबाउ दुवैले वास्ता गरेनन् तेरो । हामीले जेजति सक्यौँ, गर्‍यौँ । गरिबै भए पनि दावा पौरखी छ । तँलाई पक्कै सुखले राख्छ । हामीसित कुनै गुनासो नराखेस् ।'
>
> नियतिसित सम्झौता गर्न जन्मजात बानी लिएर आएकी थिई पेमाले । त्यसैले गुनासो त आफूलाई बालकैमा छोडेर जाने आमासित पनि गर्न जानिन उसले । (पृ. २४)

पेमाको बाबु छिरिङ र आमा ग्याल्मोबिच पारपाचुके भएपछि पेमाको आफ्नो कोही नभएपछि मावली बाजे र बज्यै कहाँ बस्न गएकी छ । ऊ मावलीमा आइसकेपछि पनि

उसको जीवनले कुनै फड्को मार्न सक्दैन । पेमा जवान हुन्छे । ऊ जस्तै टुहुरा दावा एक दिन उसलाई माग्न आइपुग्छ । चेलीबेटी महिला भनेको अर्काको नासो हो, उसलाई माइती घरमा राख्न मिल्दैन भन्ने मनसायले उसका बाजे बज्यैले दावाको साथ लगाएर पठाउँछन् । दावा निकै पौरखी भएको कारण सुखले पाल्ने आश्वासन पनि बाजे बज्यैले दिन्छन् । त्यही आश्वासनदेखि चित्त बुझाएर कहिल्यै नचिनेको, नजानेको दावाको घर जान बाध्य हुन्छे । जन्मजात उसले कोहीसँग गुनासो गर्ने बानी नसिकेकी कारण कोहीसँग गुनासो नगरी दावाको पछिपछि जान बाध्य भएको सन्दर्भलाई उपन्यासमा चित्रण गरिएको छ । यसरी एउटी शेर्पाकी छोरी पेमा जसलाई आफ्नो आमाबाबु दुवै जनाले छोडेर गएका कारण एक्लो बनेपछि बाजे बज्यैकोमा गएर हुर्किएकी भए तापनि त्यहाँ पनि बस्न नपाई अपरिचित ठाउँमा, अपरिचित पुरुषसँग सम्झौता गरेर जान बाध्य भएको कुरालाई उपन्यासमा जीवन्त चित्रण गरिएको छ । एउटी महिलाले अनेक परिस्थितिसँग सम्झौता गरेर बाँच्नुपर्ने उनीहरूको निरीह अवस्थालाई यस उपन्यासले अभिव्यक्त गरेको छ । यसैगरी एउटी महिलाले पराइघरमा गएर जीवन गुजारा गर्न सकेको अवस्थामा मात्र छोरी चेलीले घर खान सफल भएको छ भन्ने किसिमको सामाजिक परम्परा र संस्कृतिसँग सङ्घर्ष गर्नुपर्ने महिलाहरूको लैङ्गिक अवस्था र उनीहरूको पितृसत्तासँग भएको शक्तिसम्बन्धलाई उपन्यासले यथार्थ ढङ्गबाट अभिव्यक्त गरेको छ ।

एउटी महिलाले जतिसुकै आफ्नो जन्मघरमा सुख पाए तापनि उसलाई जिन्दगीभर खुसीसाथ जन्मदिने बाबुआमासँग बस्ने अनुमति छैन । उसले आधा उमेरसम्म परिचित माइती घरमा दुःख गरे पनि सधैँभरि बस्न हकअधिकार छैन । कुनै पनि पुरुषले आफ्नो जन्मघरमा बिहे गरेर घरजम गरी बस्न पाउँछ । त्यस्तो किसिमको सामाजिक प्रावधान महिलामा भने पाइँदैन । कुनै महिलाले आफ्नो जन्मघरलाई छोडेर जानुपर्ने हुनाले उसको जीवनमा धेरै उतारचढावहरू पनि आउन सक्छ । समाजमा मारे पाप, पाले पुण्य जस्ता सामाजिक लोकोक्ति छ, त्यस लोकोक्तिलाई शिरोधार्य गरी आफ्नी छोरी चेलीलाई पराइ घरलाई सुम्पिदिए पछि मुक्त पाइन्छ भन्ने चिन्तनले ग्रस्त नेपाली समाजमा यस्तै किसिमको संस्कार चलिरहेको छ । यसरी नै पराइघर जाने सिलसिलामा धेरै महिलाहरू खराब परिवारमा, विकट भूगोलमा र खराब पुरुषसँग पर्‍यो भने उनीहरूको जिन्दगी नर्कमा परिणत भएको घटनाहरू पनि नेपाली समाजमा यत्रतत्र छन् । तर कतिपय मान्छे जीवनसाथी असल परेको खण्डमा जतिसुकै दुःख र कष्ट भए तापनि ती दुःख र कष्टसँग सङ्घर्ष गर्दै अप्ठ्यारो

परिस्थितिसँग सहकार्य गर्दै अगाडि बढेका कयौँ श्रीमान् श्रीमतीहरू पनि छन् । उनीहरूले हरेक निरीहता र नियतिसँग सङ्घर्ष गर्दै आफ्नो जीवन गुजारा गर्न तल्लीन भएका हुन्छन् । यस सन्दर्भलाई उपन्यासमा यसरी भनिएको छ :

> धेरै बेरपछि दावा आफै बोल्यो -'पेमा, हामीसित धनसम्पत्ति भनेको यही घर र अलिकति खेतबारी हो । वर्षा लाग्यो कि खर्कको खोजीमा चौरी लिएर हिँड्नु पर्छ । फेरि हिउँ पर्न थालेपछि तल झर्नुपर्छ । गोठ सार्दा सार्दा जीवन बित्छ हाम्रो । तिमी सुखमा हुर्केकी केटी । यस्तो ठाउँमा ल्याएर पाप पो गरेँ कि जस्तो लागेको छ । मैले तिमीलाई घरको काम गर्न ल्याएको हैन, माया गर्न ल्याएको हुँ । सुख दिन ल्याएको हुँ ।' (पृ.३३)

पेमा आफू महिला भएकै कारण सुख र सुन्दर गाउँलाई छोडेर बिहे गरी अपरिचित र अनकन्टार भूगोलमा दुःख गर्न पुगेको उसको बाध्यात्मक परिस्थितिलाई उपन्यासमा चित्रण गरिएको छ । दावाले आफ्नो अवस्थाको बारेमा पेमालाई भनेको कुराले पनि यो कुरालाई प्रस्ट पारेको छ । दावासँग सम्पत्तिको नाममा एउटा सानो घर र अलिकति खेतबारी मात्रै भएको कुराले ऊ निम्नवर्गमा पर्छ भन्ने कुरालाई सङ्केत गरेको छ । यसैगरी वर्षा भएपछि चौरीको पछाडि लागेर जिन्दगी बिताउनुपर्ने भएकाले दावाले सुखमा हुर्किएकी पेमालाई बिहे गरेर ल्याएकोमा गुनासो पोखेको छ । दावाको उक्त कथनले उनीहरूको बसोबास स्थल एकदमै भौगोलिक हिसाबले विकट र कठिन भएको यथार्थलाई प्रकट गरेको छ । दावाको गाउँ अत्यन्त विकट र भौगोलिक हिसाबले पनि पछाडि परेको छ । त्यहाँ बसोबास गर्ने जनताहरूले कष्टदायी जिन्दगी बिताउन बाध्य भएका छन् । यति हुँदा हुँदै पनि पेमाले यस गाउँमा सङ्घर्ष गरेर जीवन व्यतित गर्नुपर्ने उसको नियति बनेको छ । त्यस यथार्थलाई दावाले भने राम्रोसँग बोध गरेको छ । पेमा सुखमा हुर्किएकी केटीलाई यस्तो विकट गाउँमा ल्याएर दुःख गर्नुपरेकोमा दावालाई दुःख लागेको कुरा उपन्यासमा चित्रण गरिएको छ । यसरी एउटी महिलाले आफ्नो परिचित भूगोल र परिचित परिवेश, परिवारलाई त्यागेर नयाँ भूगोल, परिवेश र नयाँ परिवारसँग सम्झौता गरी नयाँ जिन्दगी सुरु गरी जीवन व्यतित गर्नुपर्ने नेपाली महिलाहरूको बाध्यात्मक परिस्थितिलाई प्रस्तुत उपन्यासले प्रतिविम्बन गरेको छ । जसले वर्चस्वशाली पितृसत्तात्मक समाजसँग महिलाले गरेको शक्तिसम्बन्धको अवस्थालाई अभिव्यक्त गर्दै उक्त शक्तिसम्बन्धको अवस्थामा महिलाहरू

निरीह भएर बाँच्नुपर्ने भएकाले असन्तुलित किसिमको शक्तिसम्बन्धलाई यहाँ उजागर गरिएको छ ।

पितृसत्तात्मक नेपाली समाजमा महिलाहरू आफ्नो जन्मघरलाई छोडेर बिरानो भूगोलमा जानुपर्दा उनीहरू नयाँ भूगोलसँग चिरपरिचत भएका हुँदैनन् । त्यतिखेर उनीहरूलाई धेरै बिरानो लाग्न सक्छ । एकातिर नयाँ परिवेश, अर्कातिर घर परिवार पनि नयाँ भइदिनाले नयाँ जीवन सुरुवातको लागि सङघर्ष गर्नुपर्ने हुन्छ । त्यो नयाँ परिवेशमा नयाँ सङ्घर्षले धेरै महिलाहरूलाई भित्रभित्रै गिजोलेको हुन्छ । यस्ता विभिन्न समस्या भए तापनि महिलाहरूले आफ्नो मनलाई सम्हालेर जीवननिर्वाह गर्नुपर्ने बाध्यात्मक परिस्थितिको सिर्जना भएको हुन्छ । यस्तो किसिमको परिस्थितिले उनीहरू दोहोरो मारमा परिरहेका हुन्छन् । यसरी कुनै पनि महिलाहरू पितृसत्तात्मक वर्चस्वकारी संस्कृतिले गर्दा फरक परिवेश, फरक भूगोलमा गई सङ्घर्षशील जीवननिर्वाह गर्नुपर्ने महिलाहरूको कठिनपूर्ण अवस्थालाई संवेदनशील ढङ्गबाट प्रतिविम्बन गरिएको छ । जसलाई उपन्यासमा यसरी लेखिएको छ :

> मध्यरातमा जब दावा निदाइसकेको हुन्थ्यो, जब वातावरण सुनसान हुन्थ्यो र चौरीका घाँटीमा छिन्द्री पनि बज्न रोकिन्थे, त्यतिबेलै पेमाको सपनामा ऊ जस्ती अर्की पेमा आउँथी र भन्थी उसलाई- 'ए पेमा, तैँले हजुरबुबा र हजुरआमासित बाल्यकाल बिताएको त्यो गाउँ कति राम्रो थियो । कति सुन्दर देखिन्थे त्यहाँबाट नागबेली परेर ओखलढुङ्गातिर लागेको तिप्लुङ डाँडाको लहर ! चाँगेथान डाँडाबाट गम्मक परेर फैलिएको लाम्जे पिके र लाम्जुरा डाँडा हुँदै दूधकुण्ड हिमालसम्म फैलिएका आँखामै नअटाउने कति राम्रा दृश्यहरू थिए त्यहाँ । गुटुमुटु परेर हिउँको सिरक ओढेर सुतिरहेको जस्तो लाग्ने खुम्जुङ हिमाल देखिन्थ्यो त्यहाँबाट । कता हराए ती सबै ?' (पृ.५४)

पेमाले खुम्बु क्षेत्रको सुन्दर र रमणीय गाउँमा आफ्नो बाजे बज्यैसँग बाल्यकाल बिताएकी थिई । पेमाले अत्यन्त विकट सेछेन गाउँमा दावासँग बिहे गरेर आएपछि अनौठो महसुस गर्न थालेकी थिई । अनकन्टार भूगोल, त्यस गाउँबाट केही पनि नदेख्ने मन नै विरक्तिने किसिमको गाउँमा पेमालाई घुलमिल हुन समय लागेको थियो । उसले बाजे बजुसँग बस्दा बिताएको सुन्दर र रमणीय गाउँ र ऊ बिहे गरेर आएकी सेछेन गाउँबिच कुनै पनि किसिमको तुलना हुनै सक्दैनथ्यो । उसलाई सपनामा अचानक अर्को पेमा आएर भनेको कुराले पनि यो सन्दर्भलाई प्रस्ट पार्दछ । उक्त सपनामा आएर बोल्ने अर्की पेमा बाजे

बजुसँग बसेको गाउँको वर्णन गरेको बाट सेछेन गाउँको भौगालिक विकटताका बारेमा झन स्पष्ट हुन आएको छ । यसरी एउटी महिलाले आफ्नो जन्मघर जति नै सुन्दर र रमाइलो भए तापनि सबै आफ्नो जन्मघरको परिवेश, भूगोल र परिवारलाई त्यागेर पराइ घर गई नयाँ जीवनको सुरुआत गर्नुपर्ने बाध्यात्मक परिस्थितिलाई यस उपन्यासले जीवन्त प्रस्तुत गरेको छ । ऊ एउटी महिला भएकै कारण पितृसत्तात्मक सामाजिक प्रचलनअनुसार आफ्नो जन्मघरलाई छाड्न बाध्य भएको यथार्थलाई यस उपन्यासले अभिव्यक्त गरेको छ । यसै गरी समाजमा महिलाले वर्चस्वकारी पितृसत्तासँग गरिरहेको शक्तिसङ्घर्षलाई उपन्यासमा चित्रण गर्दै असन्तुलित किसिमको शक्तिसङ्घर्षलाई प्रस्तुत गरिएको छ ।

नेपाली समाजमा लैङ्गिक हिंसा महिलाहरूले मात्र नभएर कतिपय पुरुषहरूले पनि भोगिरहेका छन् । महिलाहरू मात्र समाजमा पुरुषबाट प्रताडित नभएर पुरुषहरू पनि प्रताडित भएका छन् । तर महिलाहरू हिंसामा परेको, प्रताडित भएको सन्दर्भलाई चाहिँ समाजले विमर्शमा ल्याउने काम गर्दछ भने पुरुषहरू प्रताडित भएको विषयलाई भने विमर्शमा पनि ल्याइँदैन र ओझेलमा पार्ने काम गरिन्छ । यसको मुख्य कारण भनेको पितृसत्तात्मक सामाजिक परिवेश, संस्कृति र चिन्तनले गर्दा आफू उत्पीडनमा परेको विषयलाई कुनै पनि पुरुषले खुलेर अभिव्यक्त गर्न सक्दैनन् र उनीहरूको खुलेर भन्न सक्ने स्थिति बनिसकेको हुँदैन । त्यसैकारण कतिपय पुरुषहरूले आफूमाथि भएको हिंसालाई भित्रभित्र गुम्साएर राख्न बाध्य बनेका छन् । कतिपय महिलाहरूले पनि आफ्नो स्वार्थपूर्तिका लागि प्रलोभनमा पारेर कतिपय पुरुषहरूलाई जालझेलमा पारेर शोषण गरेको अवस्था पनि छ । यस्तो किसिमको महिलाहरूको गलत संस्कार र संस्कृतिले गर्दा प्रताडित बनेका पुरुषहरूको अवस्थालाई संवेदनशील ढङ्गबाट उपन्यासमा यसरी प्रतिविम्बन गरिएको छ :

> मलाई देखेर मरिहत्ते गरी यसले । यहीँ बिहे गरेँ मैले त । ससुराली यतै भयो भने पछिपछिलाई आउजाउ गर्न पनि सजिलो । तेस्रो दिन केटी बिहानै बेपत्ता भई । तेन्जी छक्क पर्‍यो । उसले आफ्नो पोको छाम्यो । घ्यु र छुर्पी बेचेर आएको सबै पैसा थियो । ऊ दौडादौड ससुराली गयो । साँझ जिउभरि निलडाम र अनुहारमा घाउ लिएर फर्कियो । बेस्मारी भकुरेछन् केटीका आफन्तले ।
>
> ऊ डिच्च हाँस्यो र भन्यो-'केटी खराब रहिछ । यसको त कामै रियु आएका शेर्पाहरूलाई लुट्नु रहेछ । मभन्दा अगाडि पनि कति जनासित बिहे

गरिसकेकी रहिछे । धन्न समयमै थाहा पाएँ । नत्र यसले त मेरो जिन्दगी नै बर्बाद गरिदिने थिई । देउताले जोगाए मलाई ।'

यसपटक कसैले पनि ऊप्रति सहानुभूति देखाएनन् । सबै उसको जिउभरिको निलडाम हेर्दै गलल्ल हाँसे । अरु हाँसेपछि भने केहीबेर तुरुक्क रोयो तेन्जी । (पृ. ७१-७२)

सेछेन गाउँका साथीसँग तेन्जी पनि तिब्तको रिपु बजारमा किनमेल गर्न भनी गएको हुन्छ । त्यहाँ तिब्बती केटीले तेन्जीलाई देखेर आफ्नो स्वार्थ पूरा गर्नका लागि तेन्जीसँग बिहेको नाटक गर्छे । सोझो तेन्जीले पनि खराब तिब्बती केटीको व्यवहारलाई पहिचान गर्न नसकेर ऊसँग विवाह बन्धनमा बाँधिन्छ । तिब्बती केटीहरूले हजारौँ सोझासाझा पुरुषहरूलाई आफ्नो व्यक्तिगत स्वार्थको लागि विभिन्न प्रलोभनमा पारी प्रयोग गरिरहेको सन्दर्भलाई तेन्जीले तिब्बती केटीका बारेमा बोलेका कुराबाट प्रस्ट भएको हुन्छ । यसरी महिलाहरूबाट तिब्बतमा गएका निम्नवर्गीय शेर्पा केटाहरू ठगिरहेको, लुटिरहेको यथार्थलाई प्रस्तुत उपन्यासमा उजागर गरिएको छ । वास्तवमा यो प्रवृत्ति तिब्बतमा मात्र नभएर नेपाली समाजमा पनि व्याप्त रहेको छ । नेपाली समाजमा पनि कैयौँ पुरुषहरू महिलाको हिंसामा परिरहेका छन् तर त्यो हिंसा खुलेर आउन सकेको छैन । कतिपय पुरुषमाथि भइरहेको हिंसालाई बाहिर ल्याउने काम गरिँदैन । यसको कारण भनेको पितृसत्तात्मक मानसिकता नै हो । यस उपन्यासमा पनि चित्रित पात्र तेन्जीले आफू चरम उत्पीडनमा परेको कुरालाई बाध्य भएर मात्र खोतलेको छ । उसको आफ्नो परिवारमा आवश्यकता परिपूर्तिको निमित्त रियुमा घ्यू र छुर्पी बेच्न गएको तेन्जीको सबै पैसा ती युवतीको फन्दामा परेर रित्तो हात परेको छ । उल्टो उसप्रति सहानुभूति दिनुको सट्टा केटीको परिवारले बेसरी कुटेर गाली गरेर फर्काएका छन् । उत्पीडनको यो चरम अवस्था हो । यसमा तेन्जी आफू सोझो भएकै कारण त्यस्तो खराब किसिमको प्रवृत्ति भएकी केटीको फन्दामा परेको छ । जसले गर्दा ऊ पराजित भएको छ । उसले जे सोचेर रियु बजार गएको थियो त्यो सोँचले पूर्णता प्राप्त गर्न सकेको छैन । यसरी नेपाली समाजमा पुरुषबाट महिलाहरू मात्र हैन, महिलाबाट पुरुषहरू पनि शोषित र उत्पीडित भइरहेका छन् भन्ने वास्तविकतालाई चित्रण गर्दै पुरुषहरू महिलाबाट प्रताडित भई पुरुषहरु हार्न पुगेकाले असमान किसिमको शक्तिसङ्घर्षको चित्रण यस उपन्यासमा गरिएको छ । यसले गर्दा लैङ्गिक सम्बन्धका हिसाबले प्रस्तुत उपन्यास शक्तिशाली र प्रभावकारी बनेको छ ।

## ४.४ निष्कर्ष

नयनराज पाण्डेका अध्ययन गरिएका चारओटा उपन्यासहरूमध्ये *उलार, लू* र *सल्लीपिर* गरी जम्मा तीनओटा उपन्यासहरूमा मात्र लैङ्गिक शक्तिसम्बन्ध सबल रूपमा अभिव्यक्त गरिएको छ । उदाहरणको लागि *सल्लीपिर* उपन्यासमा प्रयुक्त पात्र पेमा आफू महिला भएकै कारण सुख र सुन्दर गाउँलाई छोडेर बिहे गरी अपरिचित र अनकन्टार भूगोलमा दुःख गर्न पुगेको उसको बाध्यात्मक परिस्थितिलाई उपन्यासमा चित्रण गरिएको छ । पेमा सुखमा हुर्किएकी केटीलाई यस्तो विकट गाउँमा ल्याएर दुःख गर्नुपरेकोमा दावालाई दुःख लागेको कुरा उपन्यासमा  चित्रण गरिएको छ । यसरी एउटी महिलाले आफ्नो परिचित भूगोल र परिचित परिवेश, परिवारलाई त्यागेर नयाँ भूगोल, परिवेश र नयाँ परिवारसँग सम्झौता गरी नयाँ जिन्दगी सुरु गरी जीवन व्यतित गर्नुपर्ने नेपाली महिलाहरूको बाध्यात्मक परिस्थितिलाई प्रस्तुत उपन्यासले प्रतिविम्बन गरेको छ । जसले वर्चस्वशाली पितृसत्तात्मक समाजसँग महिलाले गरेको शक्तिसम्बन्धको अवस्थालाई अभिव्यक्त गर्दै उक्त शक्तिसम्बन्धको अवस्थामा महिलाहरू निरीह भएर बाँच्नुपर्ने भएकाले असन्तुलित किसिमको शक्तिसम्बन्धलाई यहाँ उजागर गरिएको छ । यसै गरी *लू* उपन्यासमा सुरक्षावर्दीमा रहेका भारतीय पुलिसहरूले सीमाक्षेत्रका नेपाली मधेसी महिलाहरूलाई मनोरञ्जनको साधनका रूपमा लिएको, महिलाहरूलाई बलात्कार गरेको, अपशब्द बोलेर इज्जतमाथि धावा बोलेको र महिलाहरूसँग पशुवत् व्यवहार गरिरहेको कुरूप यथार्थलाई प्रस्तुत गरिएको छ ।

समग्रमा भन्नुपर्दा नयनराज पाण्डेका उपन्यासहरूमा लैङ्गिक शक्तिसम्बन्धको प्रस्तुति सशक्त रहेको छ । उनका धेरैजसो उपन्यासहरूमा लैङ्गिक सीमान्तीय समुदायको प्रतिरोधी चेतना एकदमै न्यून रहेको देखाइएको छ भने केही उपन्यासमा लैङ्गिक सीमान्त पात्रको प्रतिरोधी चेतना सामान्य रहेको छ । लैङ्गिक सीमान्त समुदायले आफूहरूमाथि भएको अन्यायका विरुद्धमा सामान्य शक्तिसङ्घर्ष गर्न सके तापनि उनीहरूको शक्तिसङ्घर्षलाई मूलधारले सम्बोधन गर्न सकेको छैन त्यसैले उनीहरू लैङ्गिक परिप्रेक्ष्यबाट किनारीकृत बनेर जीवनयापन गर्न विवश भएका छन् ।

# पाँचौं परिच्छेद

# सारांश तथा निष्कर्ष

## ५.१ सारांश

*नयनराज पाण्डेका उपन्यासमा शक्तिसम्बन्ध* शीर्षकको प्रस्तुत शोधप्रबन्धको पहिलो परिच्छेदमा शोधपरिचय र यसका उपशीर्षकहरू प्रस्तुत गरिएको छ । शोधपरिचयअन्तर्गत विषयपरिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य, शोधको सीमाङ्कन, सामग्री सङ्कलन विधि, सामग्री विश्लेषणको सैद्धान्तिक ढाँचा र शोधप्रबन्धको रूपरेखा प्रस्तुत गरिएको छ । विषयपरिचयमा शोधशीर्षकको परिचयलाई प्रस्तुत गरी यसका बारेमा छोटो चर्चा गरिएको छ । शोधशीर्षक र पूर्वकार्यको अध्ययनका आधारमा शोधसमस्याको पहिचान गरिएको छ । उक्त शोध्य समस्याको पहिचानको आधारमा उद्देश्य निर्माण, सीमाङ्कन, विश्लेषणको सैद्धान्तिक ढाँचा र विधिको चयन गरिएको छ । पूर्वकार्यको अध्ययनबाट प्रमाणित शोध समस्याको महत्त्वलाई प्रस्तुत गरी यस शोधकार्यको औचित्य स्थापित गरिएको छ ।

प्रस्तुत शोधप्रबन्धको दोस्रो परिच्छेदमा वर्गीय शक्तिसम्बन्धको सैद्धान्तिक अवधारणाको बारेमा उल्लेख गरी यसैका आधारमा नयनराज पाण्डेका *नाङ्गो मान्छेको डायरी, उलार, लू* र *सल्लीपिर* गरी जम्मा चारओटा उपन्यासमा वर्गीय शक्तिसम्बन्धको अवस्थाको बारेमा विश्लेषण गरिएको छ । त्यसक्रममा उनका यी उपन्यासहरूमा वर्गीय शक्तिसम्बन्धसम्बन्धी असन्तुलित किसिमको प्रवृत्तिहरू रहेको निष्कर्ष प्राप्त भएको छ । शोधप्रबन्धको तेस्रो परिच्छेदमा जातीय शक्तिसम्बन्धको सैद्धान्तिक अवधारणाको उल्लेख गरी त्यसैका आधारमा नयनराज पाण्डेका *उलार, लू* र *सल्लीपिर* गरी जम्मा तीनओटा उपन्यासमा जातीय शक्तिसम्बन्धको विश्लेषण गरी निष्कर्ष निकालिएको छ । शोधप्रबन्धको चौथो परिच्छेदमा लैङ्गिक शक्तिसम्बन्धको सैद्धान्तिक अवधारणाको उल्लेख गरी यसैका आधारमा नयनराज पाण्डेका *उलार, लू* र *सल्लीपिर* गरी जम्मा तीनओटा उपन्यासमा लैङ्गिक शक्तिसम्बन्धको विश्लेषण गरिएको छ । यस परिच्छेदमा लैङ्गिक रूपमा सीमान्त पात्रहरूले शोषण र उत्पीडनका विरुद्धमा आवाज उठाएका छन् कि छैनन्, ती पात्रहरूको शक्तिसम्बन्धका क्रममा प्रतिरोध चेतना उत्साहजनक, सन्तोषजनक वा निराशाजनक केकस्तो रहेको छ भन्ने बारेमा अध्ययन, विश्लेषण गरी निष्कर्ष निकालिएको छ । शोधप्रबन्धको पाँचौ परिच्छेद

समग्र शोधकार्यको निष्कर्षको रूपमा रहेको छ । यस परिच्छेदमा प्रस्तुत शोधप्रबन्धका सम्पूर्ण परिच्छेदहरूको सारांश र समग्र निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ५.२ निष्कर्ष

*नयनराज पाण्डेका उपन्यासमा शक्तिसम्बन्ध* शीर्षकको प्रस्तुत शोधप्रबन्धमा शोधसमस्यामा उल्लिखित तीनओटा शोधप्रश्नहरूसँग सम्बन्धित सामग्रीको विश्लेषण दोस्रो, तेस्रो र चौथो परिच्छेदमा गरिएको छ । यस विश्लेषणबाट प्राप्त निष्कर्षलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

(१) प्रस्तुत शोधको नयनराज पाण्डेका उपन्यासमा वर्गीय शक्तिसम्बन्धको अवस्था केकस्तो रहेको छ भन्ने पहिलो शोधप्रश्नको समाधानका रूपमा प्राप्त निष्कर्ष यसप्रकार छ :

नयनराज पाण्डेद्वारा लिखित *नाङ्गो मान्छेको डायरी, उलार, लू* र *सल्लीपिर* गरी जम्मा चारओटा उपन्यासहरूलाई वर्गीय शक्तिसम्बन्धको सैद्धान्तिक आधारमा विश्लेषण गर्दा ती सबै उपन्यासमा वर्गीय शक्तिसम्बन्ध सघन रूपमा प्रस्तुत गरिएको छ भन्ने निष्कर्ष प्राप्त भएको छ । उपर्युक्त उपन्यासहरूमा प्रभुत्वशाली वर्गले गरेको शोषण र उत्पीडन सहन सीमान्तीकृत समुदायका पात्रहरू विवश भएका छन् । आर्थिक रूपमा कमजोर, गरिब, किसान तथा मजदुरहरूको अवस्था अत्यन्त दयनीय रहेको छ । सीमान्त समुदायका पात्रहरू प्रभुत्वशाली वर्ग एवम् सम्भ्रान्त वर्गबाट अत्यन्त प्रताडित भएर बाँचिरहेको कुरा प्रस्तुत उपन्यासहरूमा देखाइएको छ । यी उपन्यासमा कहार, चिडिमार, घसियारा, मुसलमान, शेर्पा बादीजस्ता मधेसी, मुस्लिम, जनजाति र दलित पात्रहरूको प्रतिनिधित्व रहेको छ । यी उपन्यासका पात्रहरू सामन्तवादी वर्णाश्रम व्यवस्थाका आडमा प्रभुत्वशाली वर्गले आफ्ना अनुकूल निर्माण गरेको जातीय विभेद सहेर बाँच्न विवश भएका छन् । पाण्डेका उपन्यासहरूमा प्रभुत्वशाली वर्गका पात्रहरूको प्रभुत्वमुनि वर्गीय रूपमा सीमान्तीकृत पात्रहरू दबिएर बाँच्न बाध्य भएका छन् । यसरी हेर्दा पाण्डेका उपन्यासमा वर्गीय शक्तिसम्बन्धको प्रस्तुति सघन रूपमा रहेको छ । उनका उपन्यासमा प्रयुक्त निम्नवर्गीय समुदायका पात्रहरू शक्तिसङ्घर्षमा सङ्घर्षरत छन् यस्तो किसिमको उनीहरूको अवस्थाले गर्दा वर्गीय शक्तिसम्बन्धको अवस्थालाई उजागर गरेको छ ।

(२) प्रस्तुत शोधप्रबन्धको नयनराज पाण्डेका उपन्यासमा जातीय शक्तिसम्बन्धको अवस्थाको चित्रण केकसरी गरिएको छ भन्ने दोस्रो शोधप्रश्नको समाधानका रूपमा निम्नलिखित निष्कर्ष प्राप्त भएको छ :

नयनराज पाण्डेका *उलार, लू* र *सल्लीपिर* गरी जम्मा तीनओटा उपन्यासमा जातीय शक्तिसम्बन्धको सघन चित्रण गरिएको छ । उपर्युक्त उपन्यासहरूमा प्रभुत्वशाली जातिको शोषण र उत्पीडनबाट निम्नजाति, समुदाय सीमान्तीकृत बन्न बाध्य भएका छन् । उदाहरणका लागि *उल्लार* उपन्यासमा पश्चिम तराईमा रहेका बादी जातिका महिलाहरू प्रभुत्वशाली पुरुषहरूबाट प्रताडित भएको अवस्थालाई प्रस्तुत गरिएको छ । बादी महिलाहरू वर्चस्वकारी पुरुषबाट यौन शोषित हुन बाध्य भए तापनि त्यसप्रति विद्रोही आवाज निकाल्न सकेका छैनन् । जातीय शक्तिसम्बन्धकै कारण अधिकांश सीमान्तीकृत जातिहरू समाजको पिँधमा रहन बाध्य भएका छन् । यसै गरी *सल्लीपिर* उपन्यासमा जातीय सङ्कुचित गलत विचारधाराले ग्रसित सेछेनबासी र विशेष छिरिङको पुस्तालगायत दावाको पुस्ताले भोगेको दुःखदायी जीवन सङ्घर्षलाई उपन्यासमा जीवन्त प्रस्तुत गरिएको छ । शेर्पा जातिहरूले जीवनस्तर सुधारको लागि धेरै सङ्घर्ष गरिरहेका भए पनि राज्यशक्तिको चरम बेवास्ता र विभेदकारी प्रवृत्तिको कारण पुस्तौँ पुस्ता भरिया बन्न विवश बनेकाहरूको निरीह जीवन भोगाइलाई उपन्यासले प्रतिविम्बन गरेको छ ।

समग्रमा भन्नुपर्दा नयनराज पाण्डेका उपन्यासहरूको जातीय शक्तिसम्बन्धको अध्ययनबाट उनका उपन्यासहरूमा प्रयुक्त जातीय पात्रहरू चरम सीमान्तको अवस्थामा रहेको प्रस्ट हुन्छ । उनका उपन्याहरूमा कथित उपल्ला जातिले निम्नजातिमाथि गरेको विभिन्न किसिमका विभेद र उत्पीडनहरूको उजागर गरिएको छ । उपन्यासमा प्रयुक्त विभिन्न जातिगत पात्रहरू प्रभुत्वशाली जातिको शोषण र उत्पीडनबाट सीमान्त अवस्थामा रहन विवश भएका छन् । साथै उपन्यासमा प्रयुक्त विभिन्न जातिहरूबिच भइरहेको असन्तुलित किसिमको शक्तिसम्बन्धलाई अभिव्यक्त गरिएको छ ।

३. प्रस्तुत शोधप्रबन्धको नयनराज पाण्डेका उपन्यासमा लैङ्गिक शक्तिसम्बन्धलाई केकसरी प्रस्तुत गरिएको छ भन्ने तेस्रो शोधप्रश्नको समाधानका रूपमा निम्नलिखित निष्कर्ष प्राप्त भएको छ :

लैङ्गिक शक्तिसम्बन्ध अभिव्यक्तिका दृष्टिले नयनराज पाण्डेका उपन्यासहरूमध्ये *उलार, लू* र *सल्लीपिर* गरी तिनओटा उपन्यास सबल रहेका छन् । पितृसत्तात्मक समाज व्यवस्थामा प्रभुत्वशाली वर्गको शोषण र उत्पीडनका विरुद्धमा यी उपन्यासमा चित्रित पात्रहरूले सशक्त प्रतिरोध गरेका छन् । ती पात्रहरूले प्रभुत्वशाली पुरुषहरूको अन्याय र अत्याचारका विरुद्धमा शक्तिसङ्घर्ष गरे तापनि उनीहरूको आवाजलाई बेवास्ता गरेको कारण नारीपात्र आवाजविहीन अवस्थामा बाँच्न विवश भएको नेपाली समाजमा विद्यमान यथार्थ कुरो देखिन आएको छ । तीमध्येका केही (उलारकी द्रौपदीलगायत) पात्रबाहेक कअधिकांश नारी पात्रहरूमा प्रतिरोधी चेतनाको विकास नै भएको छैन र तिनमा जुन मौनताको संस्कृति व्याप्त रहेको पाइन्छ, त्यसले नेपाली पितृसत्तात्मक समाजमा नारीहरू आवाजविहीन दमित अवस्थामा रहन विवश रहेको लैङ्गिक शक्तिसम्बन्धलाई देखाएको छ ।

समग्रमा हेर्दा नयनराज पाण्डेका उपन्यासहरूमा शक्तिसम्बन्धको प्रस्तुति सघन रूपले गरिएको देखिन्छ । उनका उपन्यासमा प्रभुत्वशाली वर्गले सीमान्तीकृत वर्गलाई, कथित उच्च जातिले कथित निम्न जातिलाई, पुरुषले महिलालाई विभिन्न प्रक्रियाबाट शोषण, उत्पीडन, अन्याय, अत्याचार र दमन गरी सीमान्त अवस्थामा पुऱ्याएको पाइन्छ । ती निम्नवर्गीय पात्रहरूमध्ये केही नारीपात्र आफ्नो पहिचानका लागि सङ्घर्षरत छन् भने अधिकांश नारीपात्र आवाजविहीन अवस्थामा रहेका छन् । सीमान्त समुदायका केही जाति र वर्गका पात्रहरूमा प्रतिरोधी चेतना उच्च रहेका कारण तिनमा शक्तिप्राप्तिका लागि सङ्घर्ष गर्ने प्रवृत्ति देखा परेको छ तापनि धेरैजसो पात्रहरू आवाजविहीन र अधिकारविहीन अवस्थामा बाँच्न विवश देखिन्छन् । सीमान्त समुदायका एकाध पात्रहरू आफ्नो पहिचान बनाउनका निमित्त शक्तिसङ्घर्ष गर्न सक्षम रहेका छन् । ती उपन्यासका धेरैजसो सीमान्तीकृत पात्रहरू प्रभुत्वशाली वर्ग, जाति र पितृसत्ताबाट शोषण र दमन सहेर पहिचानविहीन अवस्थामा बाँच्न बाध्य भएका छन् । यी सबै कुराहरू नेपाली समाजमा रहेको शक्तिसम्बधगत यथार्थका प्रतिविम्ब हुन् । यसै सामाजिक यथार्थको चित्रणद्वारा शक्तिसङ्घर्षका दृष्टिले नेपाली समाजमा वर्गीय, जातीय र लैङ्गिक किसिमका विभेद रहेको देखाई यस्ता विभेदको अन्त्य गर्नुपर्ने अभिप्राय नयनराज पाण्डेका उपन्यासमा परोक्ष रूपमा

व्यक्त भएको छ । पाण्डेका उपन्यासहरूलाई शक्तिसङ्घर्षको परिप्रेक्ष्यबाट विश्लेषण गर्दा उनले रचेका समग्र उपन्यासहरूमध्ये *नाङ्गो मान्छेको डायरी, लू, उलार, सल्लीपिर* जस्ता चारओटा उपन्यासहरू निकै सबल रहेको निष्कर्ष यस अध्ययनबाट प्राप्त भएको छ । उनले नेपाली समाजमा विद्यमान वर्गीय, जातीय र लैङ्गिक विभेदको असङ्गत यथार्थलाई आफ्ना उपन्यासमा कथानकीय घटनाक्रम, पात्रका कार्यव्यापार एवम् परिवेश योजनाको बुनोटका साथै विषयवस्तुगत योजनाबाट व्यक्त हुने अभिप्राय तथा उद्देश्यलाई औपन्यासिक पात्रका दृष्टिविन्दुमार्फत व्यक्त गरी कलात्मक मार्मिकता प्रदान गरेका छन् भने त्यस शक्तिसम्बन्धगत सामाजिक यथार्थको कलात्मक प्रतिविम्बन गर्ने कौशलद्वारा उनले आफ्ना उपन्यासलाई शक्तिशाली र प्रभावकारी पनि बनाएका छन् भन्ने निष्कर्ष नै यस शोधको मुख्य प्राप्ति हो ।

# सन्दर्भ सामग्रीसूची


आहुति, (२०७७). *जात वार्ता.* काठमाडौँ : बेला बुक्स ।

उप्रेती, सञ्जीव (२०६८). *सिद्धान्तका कुरा.* काठमाडौँ : अक्षर क्रियसन्स नेपाल ।

एटम, नेत्र (सन् २०२२). समसामयिक नेपाली उपन्यासको शिक्षण प्रक्रिया. इन्टरडिस्पिलनरी रिसर्च इन एजुकेसन. ७ (१).पृ. १७-३० ।

कार्की, महेश (२०७२). नयनराज पाण्डेका उपन्यासमा सबाल्टर्न. अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध. नेपाली केन्द्रीय विभाग त्रि.वि. कीर्तिपुर ।

किरण, मोहन वैद्य (२०७८). मार्क्सवादी दृष्टिमा परिचय, नारीवाद र पर्यावरण. *मार्क्सवादी सौन्दर्यचिन्तन.* सम्पा. गोपीन्द्र पौडेल र विष्णु ज्ञवाली. काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान, पृ.७३ ।

कोइराला, विमल (२०७३). सल्लीपिर उपन्यासमा अर्थ-राजनीतिक चेत. नयाँ पत्रिका दैनिक. जेठ ४ गते शनिवार.पृ.७ ।

क्षितिज, महेश (२०७१). नयनराज पाण्डेको उलार उपन्यासको सांस्कृतिक अध्ययन. *व्यावहारिक समालोचनाका केही आयाम.* काठमाडौँ : दीक्षान्त प्रकाशन. पृ. १-१३ ।

गिरी, अमर (२०७०). सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा. *भृकुटी* (सांस्कृतिक अध्ययन विशेषाङ्क). पूर्णाङ्क १९. पृ. २२ ।

गिरी, अमर (२०७५). *कवितामा वर्गद्वन्द्व.* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

गौतम, कृष्ण (२०७५). *मार्क्सवाददेखि उत्तरमार्क्सवादसम्म.* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन ।

घर्ती, दुर्गाबहादुर (२०८०). लू उपन्यासमा विडम्बना. *प्रज्ञा.* विज्ञसमीक्षित शोधपत्रिका. अङ्क १. पूर्णाङ्क १२५. पृ.३५-४७ ।

घर्ती, दुर्गाबहादुर (२०८१). *सांस्कृतिक अध्ययन.* काठमाडौँ : इन्डिगो इन्क प्रा.लि. ।

घिमिरे, विदुला (२०७८). समकालीन नेपाली उपन्यासमा सांस्कृतिक प्रभुत्व. *समकालीन नेपाली महिला समालोचना.* सम्पा. गोपीन्द्र पौडेल र बिन्दु शर्मा. काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान, पृ.२२१ ।

ढकाल, रजनी (२०७०). सांस्कृतिक अध्ययनमा लैङ्गिकता. *भृकुटी.* (सांस्कृतिक अध्ययन विशेषाङ्क). पूर्णाङ्क १९. पृ. ३२७ ।

देव, रन्जुकुमारी (२०७८). लैनसिंह बाङ्देलका उपन्यासमा शक्तिसम्बन्ध. अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध. नेपाली केन्द्रीय विभाग त्रि.वि., कीर्तिपुर ।

नेपाल, रत्नमणि (असार २०६७). नेपाली उपन्यासको बजार र प्रतिनिधि सन्दर्भ. *मधुपर्क* मासिक. अङ्क ९, पूर्णाङ्क १२५, पृ. ३० ।

पाण्डे, ज्ञानु (२०६९). *नेपाली उपान्यासमा लैङ्गिकता.* काठमाडौँ : नेपाल प्रज्ञा प्रष्तिष्ठान ।

पाण्डे, नयनराज (२०४४). *नाङ्गो मान्छेको डायरी.* काठमाडौँ : अनुभव प्रकाशन ।

पाण्डे, नयनराज (२०७२). *उलार.* (पाँचौँ संस्क.). काठमाडौँ : फाइनप्रिन्ट बुक्स ।

पाण्डे, नयनराज (२०७२). *लू.* (पाँचौँ संस्क.). काठमाडौँ : फाइनप्रिन्ट बुक्स ।

पाण्डे, नयनराज (२०७२). *सल्लीपिर.* काठमाडौँ : फाइनप्रिन्ट बुक्स ।

पाण्डेय, ताराकान्त (२०७३). *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र.* ललितपुर : साझा प्रकाशन ।

पोखरेल, गुरुप्रसाद (२०८०). वीरेकी आमा कथामा जातीय शक्तिसम्बन्ध. *वाङ्मय.* पूर्णाङ्क १९. पृ.३२ ।

भट्टराई, रमेशप्रसाद (२०७०). सैद्धान्तिक अध्ययनका मूलभूत सिद्धान्तहरू. *भृकुटी.* (सांस्कृतिक अध्ययन विशेषाङ्क). पूर्णाङ्क १९. पृ.३३८-३४४ ।

भट्टराई, रमेशप्रसाद (२०७६). लैङ्गिक समालोचना. *रत्न बृहत् नेपाली समालोचना.* (सैद्धान्तिक खण्ड). सम्पा. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम. काठमाडौँ : रत्नपुस्तक भण्डार, पृ.२५९-२७३ ।

भट्टराई, रमेशप्रसाद (२०७७). *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ.* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

राई, यसोदा (२०७९). गणतन्त्रोत्तर नेपाली कथाको समाजशास्त्रीय अध्ययन. नेपाल प्रज्ञा-प्रतिष्ठान काठमाडौँमा प्रस्तुत अनुसन्धान प्रतिवेदन ।

रेग्मी, मुरारिप्रसाद (२०६८). उलार उपन्यासको मनोवैज्ञानिक विश्लेषण. *भृकुटी* (समालोचनात्मक एवम् अनुसन्धानात्मक साहित्यिक-सांस्कृतिक त्रैमासिक). पूर्णाङ्क १३, पृ.१८-२२ ।

शर्मा, जनकलाल (२०७७). *हाम्रो समाज : एक अध्ययन* (पाँचौ संस्क). ललितपुर : साझा प्रकाशन ।

शर्मा, बिन्दु (२०६५). उलार उपन्यासको समाजपरक समालोचना. *आधारभूत नेपाली समालोचना.* काठमाडौँ : तन्नेरी प्रकाशन ।

शर्मा, विष्णुप्रसाद (अगस्ट २०, २०२०). उलार उपन्यासमा सीमान्तीयता. नेपाली समालोचना डट कम ।

श्यामल, (२०७२). सीमान्त तहका जनताको सङ्घर्षको कथा. (भूमिका). *उलार.* (पाँचौँ संस्क.) काठमाडौँ : फाइनप्रिन्ट बुक्स ।

श्रेष्ठ, तारालाल (२०६८). *शक्ति, स्रष्टा र सबाल्टर्न.* काठमाडौँ : डिस्कोर्स पब्लिकेशन ।

सुब्बा, मनप्रसाद र थापा रेमिका. (सन् २०११). *किनारा विमर्श.* दार्जीलिङ : गामा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०७२'क'). उलार उपन्यास आञ्चलिक धरातलको जिउँदो चित्र. *समसामयिक नेपाली उपन्यास.* (समालोचना). काठमाडौँ : तन्नेरी प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०७२'ख'). लू आञ्चलिक जीवनको सजीव चित्रण. *समसामयिक नेपाली उपन्यास.* (समालोचना). काठमाडौँ : तन्नेरी प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०७३). *सांस्कृतिक अध्ययन र नेपाली साहित्य.* काठमाडौँ : पाठ्यसामग्री प्रकाशन ।